# नेपालमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु विषयक अध्ययन प्रतिवेदन २०८२




महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

नेपालमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु विषयक अध्ययन प्रतिवेदन २०८२

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

# नेपालमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू विषयक अध्ययन प्रतिवेदन २०८२

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

## अध्ययन कार्यदल

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली | संयोजक |
| सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | सदस्य |
| सहन्यायाधिवक्ता श्री दीपशिखा मुनाकमी | सदस्य |
| उपन्यायाधिवक्ता श्री पोषराज खनाल | सदस्य |
| उपन्यायाधिवक्ता श्री सचित कुमार वाइवा | सदस्य |
| उपन्यायाधिवक्ता श्री रक्षा ज्ञवाली | सदस्य |
| निर्देशक श्री घनश्याम भुसाल | सदस्य |
| प्रहरी उपरीक्षक श्री श्याम बाबु ओलिया | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री सागर बराल | सदस्य सचिव |

**प्रकाशक**
**महान्यायाधिवक्ताको कार्यालय, नेपाल**
रामशाहपथ, काठमाडौं
फोनः ०१-४२०००८२६/१६
फ्याक्सः ०१-४२०००८२७
Email: info@ag.gov.np
Web: www.ag.gov.np

प्रकाशित संख्या : १००० प्रति
प्रकाशन मिति : २०८३ असार

ISSN: 2661-6130

सर्वाधिकार © : महान्यायाधिवक्ताको कार्यालय, नेपाल, २०८३

# विषय-सूची

## परिच्छेद - एक
### प्रारम्भिक


अध्ययनको पृष्ठभूमि १
अध्ययनको विषयवस्तु २
अध्ययनको उद्देश्य २
अध्ययनको सीमा २
अध्ययन विधि ३
अध्ययनको औचित्य ३
अध्ययनको रूपरेखा ३
अध्ययन संयोजन समूहको गठन ३
सन्दर्भ सामग्री अध्ययन ४


## परिच्छेद - दुई
### सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था


**२.१ नेपालको संवैधानिक, कानूनी तथा नीतिगत तथा नीतिगत आधार**
२.१.१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ १३
२.१.२. सम्पत्ति शुद्धीकरण मानिने सम्वद्ध कसूर (Predicate offence) को दायरा १८
२.१.३. सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ २०
२.१.४. पारस्परिक कानूनी सहायता ऐन, २०७० २१
२.१.५. पारस्परिक कानूनी सहायता नियमावली, २०७० २१
२.१.६. संगठित अपराध निवारण ऐन, २०७० २२
२.१.७. सुपुर्दगी ऐन, २०७० २२
२.१.८. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० २२
२.१.९. सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरू २३

२.१.१०. भ्रष्टाचार निवारण ऐन, २०५९ २५
२.११. मुलुकी अपराध संहिता, २०७४ २६
**२.२ अन्तर्राष्ट्रिय संयन्त्र (संरचना, कानून र अभ्यास)**
२.२.१. वित्तीय कारवाही कार्यदल र त्यसका सुझावहरू (Financial Action Task Force and their Recommendations) २६
२.२.२. FATF–Style Regional Bodies (FSRBs- क्षेत्रीय स्तरमा FATF मानक कार्यान्वयन र अनुगमन) २८
२.२.३. UNODC को Global Programme against Money Laundering (GPML) सदस्य राष्ट्रहरूको AML/CFT सम्बन्धी कानूनी, संस्थागत र प्राविधिक स्तरमा वृद्धि) २९
२.२.४. Egmont Group (FIU Network–FIU हरूलाई सुरक्षित, नियमित र शंकास्पद वित्तीय कारोवार सम्बन्धी सूचना आदान-प्रदान मार्फत् अन्तरराष्ट्रिय सहकार्य सुदृढ गर्न सहयोग गर्ने) ३२
२.३ अन्तरराष्ट्रिय महासन्धि ३२
२.४ संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको संकल्प ३७
२.५ Basel Committee on Banking Supervision ४०
२.६ द फाईनान्सियल क्राईमस् ईन्फोर्समेन्ट नेटवर्क (FinCEN) रेगुलेसन्स ४१
२.७ युरोपियन युनियनको सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण निर्देशिका ४२
२.८ संयुक्त राज्य अमेरिकाको Bank Secrecy Act, Anti Money Laundering Act and Patriot Act ४३
२.९ संयुक्त अधिराज्यको Proceeds of Crime Act, २००२ र Terrorism Act, २००० ४४
२.१०. भारतको Prevention of Money Laundering Act, २००२ (PMLA) ४६

## परिच्छेद - तीन
## न्यायिक दृष्टिकोण तथा सो को संक्षेप

३.१ सर्वोच्च अदालत ४८
३.२ विशेष अदालत ५४
३.३ केही विदेशी अदालतहरूबाट भएको फैसला ५५
३.४ न्यायिक दृष्टिकोणको सार संक्षेप ५६

## परिच्छेद - चार
## सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून कार्यान्वयनको अवस्था


| | | |
|---|---|---|
| ४.१ | कानूनी र नीतिगत संरचना | ६१ |
| ४.२ | संस्थागत संरचना र क्षमता | ६१ |
| ४.३ | प्रभावकारिता र नतिजा | ६५ |
| ४.४ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भएका कसूरहरू | ८९ |
| ४.५ | सम्पत्ति शुद्धीकरण सम्बन्धी अभियोजित मुद्दाको अबस्था | ९३ |
| ४.६ | अदालतबाट भएको सजायको बर्गिकरण | ९४ |
| ४.७ | अदालतबाट भएको केही फैसला | ९४ |
| ४.८ | फैसला कार्यान्वयन तथा सम्पत्ति जफत र जरिवाना असुलीको अबस्था | ९७ |
| ४.९ | चुनौती र सुधारका क्षेत्रहरू | ९८ |


## परिच्छेद - पाँच

**अभियोगपत्रको अध्ययनबाट देखिएका तथ्य तथा सो को विश्लेषण** **१००**


## परिच्छेद - छ
## निष्कर्ष र सुझाव


| | | |
|---|---|---|
| ६.१ | निष्कर्ष | १११ |
| ६.२ | सुझाव | ११२ |


## अनुसूची

**सरकारी वकील कार्यालयहरूलाई पठाइएको प्रश्नावलीको उत्तर** **११५**

# परिच्छेद - एक
# प्रारम्भिक

## १. <u>अध्ययनको पृष्ठभूमि</u>

सम्पत्ति शुद्धीकरण विश्वव्यापी सवाल (Global Concern) हो। यो विश्व अर्थतन्त्रका लागि पछिल्लो समयमा निरन्तर समस्याको रुपमा रहँदै आएको छ। यसबाट नेपाल पनि अछुतो रहन सकेको छैन। यो अपराध विभिन्न जटिल तथा बहुचक्रिय प्रकृया मार्फत राज्य संयन्त्रको दुरुपयोग गरी हुने गरेको पाइन्छ। यसले मुलुकको वित्तीय प्रणालीको स्वरुप, अस्तित्व, साख, सन्तुलन तथा विकासमा नकारात्मक असर पुऱ्याई अन्ततः समग्र विश्व वित्तीय प्रणालीमा समेत गम्भीर असर पुऱ्याउँछ। संयुक्त राष्ट्र संघको लागूऔषध तथा अपराध कार्यालय (UNODC) ले सम्पत्ति शुद्धीकरणको कसूरको कारण हरेक वर्ष विश्वव्यापी जीडीपीको करिब २% देखि ५% सम्मको रकम घट्ने आङ्कलन समेत गरेको छ।[१]

सम्पत्ति शुद्धीकरण कसूर आफैंमा सम्बद्ध कसूर (Predicate offence) होइन। यो मूल कसूरको सहउत्पादन (By product) को रूपमा रहेको सहअपराध (Secondary Offence) हो। मूल कसूरबाट आर्जित सम्पत्तिलाई लुकाउन गरिने सम्पत्ति शुद्धीकरण बहुआयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो। मूल अपराध लुकिने हुनाले सम्पत्ति शुद्धीकरणको अपराध भए पछि मूल अपराध भयो वा भएन, सो अपराध गर्ने मनसाय थियो वा थिएन भन्ने समेत विचार गरिँदैन। अपहरण, भ्रष्टाचार, आतङ्कवाद, राजस्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगत रूपमा पुनः गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चलिरहने हुँदा फौजदारी न्याय प्रणाली अवलम्बन गर्ने जुनसुकै मुलुकले पनि यसलाई फौजदारी कसूरको रूपमा समावेश गर्दै सजायको प्रावधान समेटेका छन्।




Fig: सम्पत्ति शुद्धीकरण गर्ने चक्रहरू

सम्पत्ति शुद्धीकरण कसूरलाई निवारण गर्न नेपालले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, नियमावली, २०८१, यससँग सम्बन्धित पारस्परिक कानूनी सहायता ऐन, २०७०, सपुर्दगी ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन, २०७०, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लगायतका कानूनहरु समेत जारी गरी सकेको छ। नेपालले अनुमोदन गरेको अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३, जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि,१९४९, लागू औषध विरुद्धको महासन्धि, १९८८, वित्तीय आतंकवादलाई दमन गर्ने सम्बन्धी

---

१ https://www.europol.europa.eu/crime-areas/criminal-finances-and-money-laundering#:~:text=The%20scale%20of%20money%20laundering,and%201.87%20trillion%20each%20year.

अन्तर्राष्ट्रिय महासन्धि, १९९९, पालेर्मो प्रलेख, २००० लगायतका अन्तर्राष्ट्रिय कानूनहरुको पक्ष भएसँगै नेपालले अन्तर्राष्ट्रिय दायित्व समेत बहन गर्नुपर्ने हुन्छ।यी कानूनी व्यवस्थाहरु अन्तर्गत हुने अनुसन्धान, अभियोजन तथा न्याय निरोपण सम्बन्धी कार्यहरूको प्रभावकारितामै यो अपराध नियन्त्रणको अभिभारा अडिन पुगेको पाइन्छ।

फाइनान्सियल एक्शन टास्कफोर्स (एफएटीएफ) ले नेपाललाई सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी गतिविधिमा हुने लगानी नियन्त्रणमा कदम प्रभावकारी रुपमा नचाल्ने देशहरूको सूची अर्थात् 'ग्रे लिस्ट'मा राखेको छ।यस परिप्रेक्ष्यमा हाल कार्यान्वयनमा रहेका सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनहरुको पर्याप्तता वा अपर्याप्तता, कार्यान्वयनमा देखिएका समस्या तथा सुधारका क्षेत्रहरु, अनुसन्धान तथा अभियोजन सम्बन्धी प्रावधानहरुको कार्यान्वयनको अवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा निर्देशात्मक आदेश लगायताका विषयहरुको अध्ययन अपरिहार्य भएको छ ।

## २. <u>अध्ययनको विषयवस्तु</u>

यो अध्ययन सम्पत्ति शुद्धीकरण निवारणको entire ecosystem को समग्र विश्लेषण गर्न केन्द्रित छ। मुख्य विषयवस्तुहरूमा निम्न समावेश छन्:

- सम्पत्ति शुद्धीकरण अपराधमा अनुसन्धान र अभियोजनको अवस्था, अनुभव, चुनौती र सुधारका सम्भावनाहरू।
- सूचना तथा प्रविधिको प्रयोगले सम्पत्ति शुद्धीकरण अपराधको स्वरुपमा ल्याएको परिवर्तन र यसले अनुसन्धान र यथार्थ अभियोजन (Real prosecution) गर्न ल्याएको चुनौतीहरु।
- सम्पत्ति शुद्धीकरण मुद्दाको न्यायिक दृष्टिकोण।
- सम्पत्ति शुद्धीकरण निवारण कानूनको असल अभ्यासको अध्ययन।

## ३. <u>अध्ययनको उद्देश्य</u>

प्रस्तुत अध्ययनको उद्देश्य निम्न बमोजिम रहेका छन्।

१. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून कार्यान्वयनको अवस्था, सबल पक्ष, कमजोर पक्ष, समस्या तथा चुनौतीहरूबारे विश्लेषण गर्दै सो कसूरको अनुसन्धान र अभियोजनको प्रभावकारिताको अध्ययन गर्नु।

२. सम्पत्ति शुद्धीकरण अपराधमा सूचना तथा प्रविधिको प्रयोगले ल्याएको new traits को परिस्थितिमा अनुसन्धान र अभियोजन गर्दा अनुसन्धानकर्ता र अभियोजनकर्ताले भोग्नु परेको समस्याहरुको अध्ययन गर्नु।

३. सम्पत्ति शुद्धीकरण निवारण कानूनको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत, संस्थागत तथा प्राविधिक सुधारका क्षेत्रहरू पहिचान गर्नु।

## ४. <u>अध्ययनको सीमा</u>

अध्ययनका सीमाहरू यसप्रकार रहेका छन्:-

- **भौगोलिक सीमाः** सम्पत्ति शुद्धीकरण कसूरमा अभियोजन गरिएका जिल्ला सरकारी वकील कार्यालयहरु र विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरुमा केन्द्रित रहको छ।
- **विषयगत सीमाः** अध्ययनले सम्पत्ति शुद्धीकरणको कुनै तत्व विश्लेषणमा मात्र केन्द्रीत नभएर समग्रता अध्ययन (Holistic Approach) गरिएको छ।
- **नमुना सीमाः** सबै सम्पत्ति शुद्धीकरण मुद्दाको सबै अभियोजन अध्ययन गर्न सम्भव नहुने भएकाले चयन गरिएका नमुनाको (sampling) आधारमा विश्लेषण गरिएको छ।
- **तथ्य सङ्कलनको सीमाः** अध्ययनमा उपलब्ध जानकारी, प्राप्त अभियोगपत्र, र संस्थागत सहकार्यमा आधारित तथ्याङ्क प्रयोग गरिएको छ ।

## ५. अध्ययन विधि

प्रस्तुत अध्ययन मूलतः Doctrinal र Non-doctrinal विधिबाट सम्पन्न गरिनेछ। अध्ययन विधिका साधनको रुपमा नमुना अभियोग पत्रको अध्ययन, सुझाव सङ्कलन, अन्तरक्रिया, छलफल र प्रश्नावली समेतलाई आधार लिइएको छ। संयोजन समूहले महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयबाट डाटा सङ्कलन गर्नका लागि विशेष सरकारी वकील कार्यालय, केही जिल्ला सरकारी वकील कार्यालय र उच्च सरकारी वकील कार्यालयलाई प्रश्नावली समावेश गरी समेत पत्राचार गरेको छ। यस अध्ययनमा सम्पत्ति शुद्धीकरण मुद्दामा सर्वोच्च अदालत र विशेष अदालतबाट भएका फैसला, प्रतिपादित सिद्धान्त तथा निर्देशनात्मक आदेशका साथै सान्दर्भिक लेख रचनाको समेत अध्ययन गरिएको छ।

## ६. अध्ययनको औचित्य

सम्पत्ति शुद्धीकरण कसूर गम्भीर आपराधिक, मानवीय, आर्थिक र प्रशासनिक चुनौतीका रूपमा निरन्तर विस्तार हुँदै आएको छ। यस अपराधमा सम्बद्ध कसूर समेत जोडिने र यसको स्वरूप समयानुसार जटिल, बहुआयामिक र प्राविधिक हुँदै गएकोले प्रभावकारी कानून कार्यान्यवन, अनुसन्धान र अभियोजन नै नियन्त्रणको मुख्य आधार भएको छ। यस अध्ययनले अनुसन्धानकर्ता, सरकारी वकील, सूचक निकाय, नियमनकारी निकाय तथा अन्य सरोकारवालाहरूका लागि तथ्य र प्रमाणमा आधारित नीति निर्माण, अनुसन्धान र अभियोजन क्षमता विकास तथा सम्पत्ति शुद्धीकरण नियन्त्रणका दिगो रणनीति निर्माणमा महत्त्वपूर्ण योगदान पुर्याने छ। अन्ततः प्रस्तुत अध्ययनले सम्पत्ति शुद्धीकरण कसूरको निवारणको लागि सूचक र नियमनकारी निकायलाई प्रभावकारी बनाई अनुसन्धान र अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउन राज्यको दायित्व पूरा गर्न समेत उपयोगी हुनेछ।

## ७. अध्ययनको रुपरेखा

१ परिच्छेद-एकः प्रारम्भिक
२ परिच्छेद-दुईः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्था
३ परिच्छेद-तीनः न्यायिक दृष्टिकोण तथा सोको तथा नीतिगत सार संक्षेप
४ परिच्छेद-चारः सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून कार्यान्वयनको अवस्था
५ परिच्छेद-पाँचः अभियोगपत्रको अध्ययनबाट देखिएको तथ्य तथा सोको विश्लेषण
६ परिच्छेद-छः निष्कर्ष र सुभाव
७ अनुसूचीः सरकारी वकील कार्यालयहरुलाई पठाइएको प्रश्नावलीको उत्तर

## ८. अध्ययन संयोजन समूहको गठन

यो अध्ययन समूह देहाय बमोजिम गठन भएको थियो।

| सि.नं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री लोकराज पराजुली | नायब महान्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | संयोजक |
| २ | श्री सोमकान्ता भण्डारी | सहन्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ३ | श्री दीपशिखा मुनाकमी | सहन्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ४ | श्री पोषराज खनाल | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ५ | श्री सचित कुमार वाइवा | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ६ | श्री रक्षा ज्ञवाली | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ७ | घनश्याम भुसाल | निर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सदस्य |
| ८ | श्याम बाबु ओलिया | प्र.उ. केन्द्रीय अनुसन्धान व्यूरो | सदस्य |
| ९ | श्री सागर बराल | सहायक न्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य-सचिव |

## ९. सन्दर्भ सामग्री अध्ययन (Literature Review)

### क. एशिया प्यासिफिक ग्रुप (एपीजी), तेस्रो पारस्परिक मूल्यांकन प्रतिवेदन, २०२३

यस प्रतिवेदनमा फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को एशिया प्यासिफिक ग्रुप (एपीजी)ले तेस्रो पारस्परिक मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा वित्तीय सहयोग नियन्त्रण सम्बन्धमा नेपालका विभिन्न कमजोरीहरु औंल्याएको छ। सन् २०२२ को डिसेम्बरमा एपीजीको विज्ञ समूहले नेपालको स्थलगत भ्रमण गरेर तयार पारेको यस प्रतिवेदनमा सम्पत्ति शुद्धीकरण निवारणको प्रभावकारिता मूल्यांकन गर्ने ११ वटा क्षेत्रमध्ये नेपालले सातवटामा कमजोर रेटिङ पाएको छ भने चारवटामा मध्यम रेटिङ पाएको छ। त्यस्तै प्राविधिक अनुपालनको अवस्था मूल्यांकनका ४० सिफारिस मध्ये नेपालले पाँचवटा मात्रै पूर्ण पालन गरेको देखिएको छ। त्यस्तै, १६ वटा सिफारिसको पालना अधिकांश रुपमा भएको, १६ वटाको आंशिक कार्यान्वयन भएको र तीनवटा सुझावको भने पालना नभएको सो प्रतिवेदनमा देखिएको छ ।

प्रतिवेदनमा कानून कार्यान्वयन गर्ने अधिकारी र निजी क्षेत्रमा सीमित बुझाई, नेपालको सम्भावित जोखिम तथा अपराधको आधारमा सम्पत्ति शुद्धीकरणको अनुसन्धान, अभियोजन र सजायहरु कम रहेको, गैरवित्तीय व्यवसाय र अन्य पेशाहरुमा जोखिममा आधारित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी सुपरिवेक्षण प्रणालीमा नै नभएको, आतकंवादमा वित्तीय लगानी पहिचान गर्ने क्षमता कमजोर रहेको, नेपालको बृहत् प्रतिआतकंवाद रणनीतिमा आतंकवादमा हुने वित्तीय लगानीलाई समावेश नगरिएको सहकारी, क्यासिनो र घरजग्गाको कारोबार पारदर्शी नभएको जस्ता समस्याहरु पहिचान गरिएको छ।

### ख. टेकनारायण कुँवर, सम्पत्ति शुद्धीकरण अपराध, अन्तर्राष्ट्रिय सक्रियता र नेपालको प्रयास, अ.दु.अ.आ स्मारिका, २०८०

टेकनारायण कुँवरद्वारा लिखित यस लेखले समसामयिक विश्व अर्थतन्त्रमा गम्भीर चुनौतीको रूपमा देखा परेको सम्पत्ति शुद्धीकरण (Money Laundering) अपराधको स्वरूप, प्रभाव तथा निवारणका प्रयासहरूलाई विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको छ। लेखकले सम्पत्ति शुद्धीकरणलाई कुनै एक देश, क्षेत्र वा वर्गमा सीमित नरही विश्वव्यापी रूपमा फैलिएको संगठित आर्थिक अपराधको रूपमा व्याख्या गर्दै यसले राज्यका कानूनी, वित्तीय र सुरक्षा प्रणालीलाई नै कमजोर बनाउने तथ्य औँल्याएका छन्।

लेखमा सम्पत्ति शुद्धीकरणका कारण हरेक मुलुकको वित्तीय प्रणालीको साख, सन्तुलन, अस्तित्व तथा दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पर्ने कुरा उल्लेख गरिएको छ। साथै, यस किसिमको अपराधले अन्ततः समग्र विश्व वित्तीय प्रणालीलाई समेत अस्थिर बनाउने भएकाले यस विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा संयुक्त प्रयास आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ। यस सन्दर्भमा लेखकले अन्तर्राष्ट्रिय समुदायले अपनाएका विभिन्न रणनीति, मापदण्ड तथा निगरानी संयन्त्रहरूको सान्दर्भिकता पनि स्पष्ट पारेका छन्।

लेखकले नेपालको सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारणलाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्ने आवश्यकता औँल्याएका छन्। लेखले नेपालको वित्तीय सुशासन, वित्तीय समावेशीकरण तथा कानून कार्यान्वयन संस्कृतिको कमजोरीका कारण अनौपचारिक आर्थिक क्षेत्र विस्तार हुँदै गएको छ। यसले सम्पत्ति शुद्धीकरण जस्ता संगठित आर्थिक अपराधलाई मलजल गरी रहेको विश्लेषण प्रस्तुत गरेको छ। विशेषतः अपराधजन्य कार्यबाट आर्जित रकम बैंक तथा वित्तीय संस्था मार्फत शुद्धीकरण हुने, नक्कली मुद्राको कारोबार बढ्दो चुनौतीको रूपमा देखिनु, तथा बैंकहरूले शंकास्पद ग्राहकप्रति गर्नुपर्ने सघन ग्राहक पहिचान (Enhanced Due Diligence) र वित्तीय जानकारी एकाइलाई प्रतिवेदन दिने दायित्व प्रभावकारी रूपमा पालना नगर्नु प्रमुख समस्याका रूपमा औँल्याइएको छ।

लेखले नेपाल सरकारले सम्पत्ति शुद्धीकरण निवारणका लागि पाँचवर्षे रणनीति तर्जुमा गरे पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अन्तर्राष्ट्रिय समुदायबाट नेपाल कालो सूचीमा पर्न सक्ने जोखिमतर्फ ध्यानाकर्षण गराएको छ। यस सन्दर्भमा आवश्यक कानूनी संरचनाको सुदृढीकरण, अनुसन्धान तथा अभियोजन पद्धतिको विकास, सक्षम न्यायिक निकाय र प्रभावकारी कार्यान्वयन संयन्त्रको निर्माण अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ। अन्ततः लेखकले अनुसन्धान, अभियोजन तथा न्यायिक क्षेत्रमा कार्यरत जनशक्तिलाई सम्पत्ति शुद्धीकरणका नवीन प्रविधि र शैलीबारे दक्ष बनाउन, पर्याप्त स्रोतसाधनको व्यवस्था गर्न र समन्वित कार्यदिशा अवलम्बन गर्न सकेमा मात्र सम्पत्ति शुद्धीकरण निवारण प्रभावकारी हुने तर्क प्रस्तुत गरेका छन्। यसले अनुशासित, स्वस्थ र प्रतिस्पर्धात्मक आर्थिक तथा वित्तीय प्रणाली निर्माणमा योगदान पुऱ्याउनुका साथै मुलुकमा सुशासन प्रवर्द्धनमा समेत महत्वपूर्ण भूमिका खेल्ने निष्कर्षसहित लेख समाप्त गरिएको छ।

**ग. वित्तीय कारबाही कार्यदलका ४० सिफारिसहरु**

वित्तीय कारबाही कार्यदल (FATF) ले सम्पत्ति शुद्धीकरण (Money Laundering) र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी (Terrorist Financing) नियन्त्रण गर्नका लागि ४० सिफारिसहरू (Recommendations) जारी गरेको छ, जसले विश्वव्यापी मापदण्ड तय गर्छन् । यी सिफारिसहरूमा ग्राहक पहिचान (Customer Due Diligence), जोखिममा आधारित दृष्टिकोण (Risk Based Approach), शंकास्पद कारोबार रिपोर्टिङ र अन्तर्राष्ट्रिय सहयोग जस्ता मुख्य बुँदाहरू समावेश छन्। यी ४० सिफारिसहरु उद्देश्य वित्तीय प्रणालीलाई सफा र सुरक्षित बनाउनु हो।

**FATF ४० सिफारिसहरूको तालिका**

| क्र.सं. | विषयवस्तु | मुख्य सिफारिस |
|---|---|---|
| **क. नीति तथा समन्वय** | | |
| १ | जोखिम मूल्यांकन तथा जोखिममा आधारित दृष्टिकोण | जोखिम मूल्यांकन र जोखिममा आधारित दृष्टिकोण अपनाई सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्नुपर्छ। |
| २ | राष्ट्रिय सहयोग र समन्वय | राष्ट्रिय नीति अवलम्बन गरी सम्बन्धित निकायहरूबिच समन्वय र सहकार्य सुनिश्चित गर्नुपर्छ। |
| **ख. सम्पत्ति शुद्धीकरण र जफत** | | |
| ३ | सम्पत्ति शुद्धीकरणको अपराध | सम्पत्ति शुद्धीकरणलाई भियाना र पालेर्मो महासन्धिको आधारमा अपराधको रूपमा परिभाषित गर्नुपर्छ। |
| ४ | जफत तथा अल्पकालीन उपायहरू | शुद्धीकरण गरिएको सम्पत्ति, कसूरजन्य सम्पत्ति र आतंकवादी क्रियाकलापमा प्रयोग हुने सम्पत्ति रोक्का, नियन्त्रण र जफत गर्न सक्षम हुनुपर्छ। |
| **ग. आतंकवादी क्रियाकलापमा वित्तीय लगानी र आमविनाशकारी हातहतियार** | | |
| ५ | आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराध | आतंकवादी क्रियाकलापमा वित्तीय लगानीलाई अपराधको रूपमा परिभाषित गर्नुपर्छ। |
| ६ | आतंकवाद र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित लक्षित वित्तीय कारबाही | आतंकवाद र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित लक्षित वित्तीय कारबाही प्रणाली कार्यान्वयन गर्नुपर्छ। |

| | | |
|---|---|---|
| ७ | आमविनाशकारी हातहतियारको विस्तारमा हुने लगानीसँग सम्बन्धित लक्षित वित्तीय कारबाही | आमविनाशकारी हातहतियारको विस्तारमा हुने लगानीसँग सम्बन्धित लक्षित वित्तीय कारबाही लागू गर्नुपर्छ। |
| ८ | गैरनाफामूलक संगठन | गैरनाफामूलक संगठनलाई आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको दुरुपयोगबाट बचाउन प्रभावकारी उपाय अवलम्बन गर्नुपर्छ। |
| **घ. निरोधात्मक उपाय - वित्तीय संस्थाको गोपनीयता** | | |
| ९ | वित्तीय संस्थाको गोपनीयता सम्बन्धी कानून | वित्तीय संस्थाको गोपनीयता सम्बन्धी कानूनले FATF को सिफारिस कार्यान्वयनमा रोकावट गर्नु हुँदैन। |
| **घ. निरोधात्मक उपाय - ग्राहकको पहिचान र अभिलेख संरक्षण** | | |
| १० | ग्राहकको पहिचान | वित्तीय संस्थाहरूले ग्राहकको पहिचान (Customer Due Diligence) गर्नुपर्छ र बेनामी वा काल्पनिक नाममा खाता सञ्चालन गर्न निषेध गर्नुपर्छ। |
| ११ | अभिलेख राख्ने | ग्राहक पहिचान र कारोबार सम्बन्धी सबै आवश्यक अभिलेख कम्तीमा पाँच वर्षसम्म दुरुस्त राख्नुपर्छ। |
| **घ. निरोधात्मक उपाय - विशेष ग्राहक र क्रियाकलापका लागि अतिरिक्त उपायहरू** | | |
| १२ | उच्च पदस्थ व्यक्तिहरू | उच्च पदस्थ व्यक्तिहरूको सम्बन्धमा ग्राहक पहिचानको अतिरिक्त विस्तृत उपाय अपनाउनुपर्छ। |
| १३ | कोरस्पोन्डेन्ट बैंकिङ | सीमापार कोरस्पोन्डेन्ट बैंकिङ सम्बन्धमा विस्तृत ग्राहक पहिचान उपाय लागू गर्नुपर्छ र शेल बैंकसँग सम्बन्ध राख्न निषेध गर्नुपर्छ। |
| १४ | मुद्रा वा मूल्य स्थानान्तरण सेवा | मुद्रा वा मूल्य स्थानान्तरण सेवा प्रदायकहरू इजाजतपत्र प्राप्त वा दर्ता भएको र प्रभावकारी अनुगमन प्रणालीको अधीनमा रहनुपर्छ। |
| १५ | नयाँ प्रविधिहरू | नयाँ प्रविधि, उत्पादन र वितरण संयन्त्रको सम्बन्धमा सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको जोखिम पहिचान र मूल्यांकन गर्नुपर्छ। |
| १६ | वायर ट्रान्सफर | वायर ट्रान्सफरमा आवश्यक र सही स्रोतका सूचना तथा हितग्राही सूचना समावेश गरिएको सुनिश्चित गर्नुपर्छ। |
| **घ. निरोधात्मक उपाय - निर्भरता, नियन्त्रण र वित्तीय समूह** | | |
| १६ | वायर ट्रान्सफर | वायर ट्रान्सफरमा आवश्यक र सही स्रोतका सूचना तथा हितग्राही सूचना समावेश गरिएको सुनिश्चित गर्नुपर्छ। |
| १७ | तेस्रो पक्षसँगको निर्भरता | ग्राहक पहिचान उपायका लागि तेस्रो पक्षमा निर्भर हुन सकिन्छ तर अन्तिम जिम्मेवारी वित्तीय संस्थाको हुन्छ। |
| १८ | आन्तरिक नियन्त्रण तथा विदेशी शाखा र सहायक संस्थाहरू | वित्तीय संस्थाहरूले सम्पत्ति शुद्धीकरण विरुद्धको आन्तरिक नियन्त्रण र समूहगत कार्यक्रम कार्यान्वयन गर्नुपर्छ। |
| १९ | उच्च जोखिमयुक्त राष्ट्रहरू | उच्च जोखिमयुक्त राष्ट्रका वित्तीय संस्था र व्यक्तिसँगको कारोबारमा विस्तृत ग्राहक पहिचान उपाय लागू गर्नुपर्छ। |
| **घ. निरोधात्मक उपाय - शंकास्पद कारोबारको प्रतिवेदन** | | |

| | | |
|---|---|---|
| २० | शंकास्पद कारोबारको प्रतिवेदन | रकम आपराधिक क्रियाकलापबाट प्राप्त भएको वा आतंकवादी क्रियाकलापसँग सम्बन्धित भएको शंका लागेमा वित्तीय सूचना एकाइमा प्रतिवेदन दिनुपर्छ। |
| २१ | जानकारी दिने र गोपनीयता | सद्भावनापूर्वक शंकास्पद कारोबारको जानकारी दिने व्यक्तिलाई कानूनी संरक्षण प्रदान गर्नुपर्छ र सूचना खुलासा गर्न निषेध गर्नुपर्छ। |
| **घ. निरोधात्मक उपाय - तोकिएका गैरवित्तीय पेशाकर्मी वा व्यवसायी** | | |
| २२ | गैरवित्तीय पेशाकर्मी वा व्यवसायी: ग्राहकको पहिचान | तोकिएका गैरवित्तीय पेशाकर्मी वा व्यवसायीहरू (वकील, लेखा व्यवसायी, घरजग्गा दलाल, बहुमूल्य धातु व्यापारी आदि) ले ग्राहक पहिचान र अभिलेख संरक्षण गर्नुपर्छ। |
| २३ | गैरवित्तीय पेशाकर्मी वा व्यवसायी: अन्य उपायहरू | तोकिएका गैरवित्तीय पेशाकर्मी वा व्यवसायीहरूले शंकास्पद कारोबारको प्रतिवेदन दिनुपर्छ। |
| **ङ. पारदर्शिता र कानूनी व्यक्ति वा कानूनी प्रबन्धको वास्तविक धनी** | | |
| २४ | पारदर्शिता र कानूनी व्यक्तिको वास्तविक धनी | कानूनी व्यक्तिको वास्तविक धनी र नियन्त्रण सम्बन्धी पर्याप्त, सही र सामयिक सूचना सक्षम अधिकारीहरूलाई सुलभ हुनुपर्छ। |
| २५ | पारदर्शिता र कानूनी प्रबन्धको वास्तविक धनी | कानूनी प्रबन्ध (ट्रस्ट) को ट्रस्टी र हितधिकारी सम्बन्धी पर्याप्त जानकारी सक्षम अधिकारीहरूलाई उपलब्ध हुनुपर्छ। |
| **च. सक्षम निकायको अधिकार र जिम्मेवारी तथा अन्य संस्थागत उपायहरू - नियमन र सुपरिवेक्षण** | | |
| २६ | वित्तीय संस्थाको नियमन र सुपरिवेक्षण | वित्तीय संस्थाहरू पर्याप्त नियमन र सुपरिवेक्षणको अधीनमा रहनुपर्छ र शेल बैंकको स्थापना निषेध गर्नुपर्छ। |
| २७ | सुपरिवेक्षकको अधिकार | सुपरिवेक्षकलाई निरीक्षण गर्ने अधिकार र सम्पत्ति शुद्धीकरण विरुद्धको शर्त पालना सुनिश्चित गर्ने पर्याप्त अधिकार हुनुपर्छ। |
| २८ | गैरवित्तीय पेशाकर्मी वा व्यवसायीको नियमन र सुपरिवेक्षण | तोकिएका गैरवित्तीय पेशाकर्मी वा व्यवसायीहरू प्रभावकारी नियामक र सुपरिवेक्षण प्रणालीको अधीनमा रहनुपर्छ। |
| **च. सक्षम निकायको अधिकार र जिम्मेवारी - सञ्चालन र कानून कार्यान्वयन सम्बन्धी** | | |
| २९ | वित्तीय सूचना एकाइ | शंकास्पद कारोबार प्रतिवेदन प्राप्त गरी विश्लेषण गर्ने र प्रचार प्रसार गर्ने राष्ट्रिय केन्द्रको रूपमा वित्तीय सूचना एकाइ (FIU) स्थापना गर्नुपर्छ। |
| ३० | कानून कार्यान्वयन र अनुसन्धान गर्ने अधिकारीको जिम्मेवारी | तोकिएका कानून कार्यान्वयन गर्ने अधिकारीहरूमा सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी रहनुपर्छ। |
| ३१ | कानून कार्यान्वयन र अनुसन्धान गर्ने अधिकारीको अधिकार | कानून कार्यान्वयन गर्ने अधिकारीलाई सबै आवश्यक कागजात र जानकारीमा पहुँच प्राप्त गर्ने पर्याप्त अधिकार हुनुपर्छ। |
| ३२ | नगद कुरियर | नगद कुरियरले मुद्राको सीमापार ढुवानी गर्दा उद्घोषणा गर्नुपर्ने वा विवरण खुलाउनुपर्ने प्रणाली लागू गर्नुपर्छ। |

| | | |
|---|---|---|
| **छ. सामान्य शर्तहरू** | | |
| ३३ | तथ्यांक | सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण प्रणालीको प्रभावकारिता र दक्षतासँग सम्बद्ध विस्तृत तथ्यांक अभिलेख राख्नुपर्छ। |
| ३४ | मार्ग निर्देशिका र पृष्ठपोषण | सक्षम निकायहरूले मार्गनिर्देशिका जारी गर्नुपर्छ र पृष्ठपोषण उपलब्ध गराउनु पर्छ। |
| ३५ | सजाय | शर्त पालना नगर्ने व्यक्ति वा संस्थालाई प्रभावकारी, समानुपातिक र निरुत्साहक सजायको व्यवस्था गर्नुपर्छ। |
| **ज. अन्तर्राष्ट्रिय सहयोग** | | |
| ३६ | अन्तर्राष्ट्रिय दस्तावेजहरू | भियाना, पालेर्मो, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी दमन सम्बन्धी महासन्धिको पक्ष बन्नुपर्छ। |
| ३७ | परस्पर कानूनी सहायता | सम्पत्ति शुद्धीकरण, सम्बद्ध अपराध र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको अनुसन्धान, अभियोजन र सम्बन्धित कारबाहीमा परस्पर कानूनी सहायता शीघ्रतापूर्वक उपलब्ध गराउनुपर्छ। |
| ३८ | परस्पर कानूनी सहायताः नियन्त्रण र जफत | शुद्धीकरण गरिएको सम्पत्ति, अपराधजन्य सम्पत्ति र आतंकवादी क्रियाकलापमा प्रयोग हुने सम्पत्ति पहिचान, रोक्का, नियन्त्रण र जफत गर्न विदेशी राष्ट्रबाट गरिएको अनुरोध अनुसार तत्काल कारबाही गर्नुपर्छ। |
| ३९ | सपुर्दगी | सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीका सम्बन्धमा सपुर्दगीको अनुरोधलाई अनुचित विलम्ब नगरी संरचनात्मक र प्रभावकारी किसिमले कार्यान्वयन गर्नुपर्छ। |
| ४० | अन्य किसिमका अन्तर्राष्ट्रिय सहयोग | सक्षम अधिकारीहरूले व्यापक दायराको अन्तर्राष्ट्रिय सहयोग शीघ्र, संरचनात्मक र प्रभावकारी ढंगले उपलब्ध गराउन सक्ने व्यवस्था गर्नुपर्छ। |

**घ. सुमन दाहाल, प्रभावकारी सम्पत्ति शुद्धीकरण निवारण प्रणालीः समीक्षात्मक विवेचना**

प्रस्तुत लेखले सम्पत्ति शुद्धीकरण निवारण फौजदारी कारवाहीको विषय मात्र नभएर शासकीय सुधारको औजार रहेको बताएको छ। लेखले सम्पत्ति शुद्धीकरणलाई जटिल कसूरको रूपमा चिनाउँदै यसको संरचनागत जटिलता, अपराधीहरूले कानूनी प्रकृयालाई छल गर्ने तौरतरिका (modus operandi), उन्नत प्रविधिको प्रयोग र वित्तीय प्रणालीको दुरुपयोग जस्ता पक्षहरूको विश्लेषण गरेको छ। नेपालको सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ मा २०८०।१२।३० मा भएको महत्त्वपूर्ण संशोधनको विवेचना गर्दै लेखकले अनुसन्धान संयन्त्रमा आएको विकेन्द्रीकरण र सम्बद्ध कसूरको अनुसन्धान गर्ने विभिन्न निकायहरूलाई जिम्मेवारी प्रदान गरिएको व्यवस्थालाई उल्लेख गर्नुभएको छ। यो परिवर्तन Financial Action Task Force (FATF) को coordinated approach र multi-agency cooperation को अन्तर्राष्ट्रिय मापदण्डसँग सुसंगत छ भने नेपाल प्रहरीलाई आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी अनुसन्धानको जिम्मेवारी दिइएको व्यवस्था Counter-Terrorism Financing (CTF) को अन्तर्राष्ट्रिय प्रवृत्तिसँग मेल खान्छ। लेखले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका आधारभूत पक्षहरूको व्यापक विश्लेषण गर्दै यसलाई सुशासन प्रवर्द्धनको साधनको रूपमा स्थापित गरेको छ। दाहालले वित्तीय प्रणालीको स्वच्छता,

आर्थिक क्रियाकलापहरूको पारदर्शिता, वास्तविक धनीको पहिचान (Beneficial Ownership), निकायगत समन्वय, अन्तर्राष्ट्रिय सहयोग र सहकार्य, गैरसरकारी क्षेत्रको नियमन, वित्तीय निगरानीलाई यस प्रणालीका मूलाधार बनाउनुभएको छ। यी पक्षहरू FATF Recommendations, संयुक्त राष्ट्रसंघको विरुद्ध भ्रष्टाचार महासन्धि (UNCAC) र Know Your Customer (KYC) जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूसँग पूर्णतः सुसंगत छन्।

लेखले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको अन्तर्निहित विश्वव्यापी उद्देश्यहरूमा वित्तीय स्वच्छता कायम गर्नु, सम्पत्तिको आपराधिक उपयोग निस्तेज गर्नु, शंकास्पद कारोवार र गतिविधिहरूलाई वित्तीय निगरानी हुँदै कानून कार्यान्वयन गर्ने निकायको क्षेत्राधिकारमा ल्याउनु, कसूरबाट प्राप्त सम्पत्ति जफत र फिर्ता गर्नु, Targeted Financial Sanctions मार्फत आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्नु र Risk-Based Approach अवलम्बन गरी अनुसन्धान तथा अभियोजनको संयन्त्र विकास गर्नु उल्लेख गरेको छ।लेखले हरेक मुलुकको १० वर्षमा हुने पारस्परिक मूल्यांकनको उल्लेख गर्दै Asia/Pacific Group on Money Laundering (APG) मार्फत नेपालले पनि अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्ने दबाबलाई स्वीकार गरेको छ। समग्रमा यो लेखले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई whole-of-government र public-private partnership को माध्यमबाट कार्यान्वयन गर्ने holistic दृष्टिकोण प्रस्तुत गरेको छ ।

### ङ. संजीवराज रेग्मी, सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरः अनुसन्धान र अभियोजन

यस अध्ययनले नेपालको सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र मिति २०८०।१२।३० मा भएको संशोधनको व्यापक विश्लेषण प्रस्तुत गरेको छ।लेखकद्धारा अभियोजनकर्ताले अभियोजन गर्दा सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा एकैसाथ अभियोजन निर्णय गरी मुद्दा दायर गर्न सक्ने, पहिले सम्बद्ध कसूर सम्बन्धी मुद्दा अभियोजन भैसकेकोमा सम्पत्ति शुद्धीकरणको मुद्दामा अलगै अभियोग दर्ता गर्न समेत सक्ने, साथै सम्बद्ध कसूरको अनुसन्धान हुँदा सम्पत्ति शुद्धीकरण नदेखिएको तर पछि देखिएकोमा वा तत्काल एकै साथ अनुसन्धान पूरा हुन नसकेकोमा पछि अनुसन्धान गरी सम्पत्ति शुद्धीकरणमा अलगै मुद्दा दायर गर्न सकिने उल्लेख गरी अभियोजनको नियमलाई प्रकाश पारिएको छ।साथै, लेखमा युरोपियन युनियनको छैठौं Anti-Money Laundering Directives तथा भारतको सर्वोच्च अदालतका P.Chidambaram v. Directorate of Enforcement र Vijay Madan lal v. Union of India जस्ता महत्वपूर्ण मुद्दाहरूको तुलनात्मक अध्ययन समावेश गरी अन्तर्राष्ट्रिय मान्यतासँगको समानता प्रस्तुत गरिएको छ।

यस अध्ययनले अनुसन्धान र अभियोजनको प्रकृयागत पक्षमा विशेष जोड दिएको छ।संशोधित कानूनले अनुसन्धानको जिम्मेवारी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सम्बद्ध कसूरको अनुसन्धान गर्ने निकायमा हस्तान्तरण गरेको महत्वपूर्ण परिवर्तनलाई रेखांकित गरिएको छ।न्याय परिषद, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाली सेना, प्रहरी कार्यालय, राजस्व अनुसन्धान विभाग लगायत विभिन्न १२ वटा निकायलाई अनुसन्धानको अधिकार प्रदान गरिएको व्यवस्थाको विस्तृत चर्चा गरिएको छ। लेखकले अनुसन्धान र अभियोजनको सन्दर्भमा राष्ट्रिय जोखिम मूल्याङ्कन र क्षेत्रगत जोखिम मूल्याङ्कनका आधारमा जोखिम केन्द्रित अनुसन्धान र अभियोजन अवलम्बन गर्नुपर्ने, अनुसन्धान तथा अभियोजनकारी निकायको क्षमता विकास, स्रोत साधनको व्यवस्था गर्नु पर्ने, वित्तीय जानकारी एकाइ, सूचक संस्था र नियमनकारी निकायसँगको समन्वय तथा पारस्परिक कानूनी सहायताका माध्यमबाट विदेशी मुलुकसँगको सहयोगको आवश्यकतालाई सुधारका प्रमुख विषयको रूपमा प्रस्तुत गरेको छ।

### च. Christine Jojarth, Money Laundering: Motives, Methods, Impact, and Countermeasures[२]

प्रस्तुत अध्ययनले सम्पत्ति शुद्धीकरणको अवधारणा, विधि, प्रभाव र प्रतिरोधात्मक उपायहरूको व्यापक विश्लेषण प्रस्तुत गरेको छ।लेखकले सम्पत्ति शुद्धीकरणलाई विश्वव्यापी आर्थिक समस्याको रूपमा चिनाउँदै वार्षिक रूपमा

---

२ https://www.degruyterbrill.com/document/doi/10.1515/transcript.9783839424957.17/html?lang=en&srsltid=AfmBOookFG55z4iGX-79_Ot9cvO4QQytGufJmE3mjGgewvBYjjJ1yjg9

विश्वको कुल गार्हस्थ उत्पादनको २—५ प्रतिशत अर्थात् $१.३—३.२ ट्रिलियन डलर शुद्धीकरण हुने तथ्यलाई प्रस्तुत गरेका छन्। अध्ययनले १९८० को दशकको उत्तरार्धमा मात्र अन्तर्राष्ट्रिय समुदायले यस समस्याको गम्भीरतालाई बुझ्न थालेको र संयुक्त राज्य अमेरिकाले १९८६ मा Money Laundering Control Act लागू गरी यसलाई अपराधीकरण गर्ने पहिलो देश बनेको ऐतिहासिक सन्दर्भलाई समेटेको छ।

यस अध्ययनले सम्पत्ति शुद्धीकरणको आर्थिक र राजनीतिक प्रभावको गहन विश्लेषण प्रस्तुत गरेको छ। आर्थिक पक्षमा सम्पत्ति शुद्धीकरणले अपराध नियन्त्रण कमजोर पार्ने र बजार संयन्त्रलाई विकृत गरी आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्ने तथ्यलाई रेखांकित गरेको छ। लेखकले विशेष गरी Sicily मा माफियाकोले सम्पत्ति शुद्धीकरण प्रयोगले द्वीपको आर्थिक विकासलाई कसरी अवरुद्ध गऱ्यो भन्ने Pinotti (२०१२) को विश्लेषणलाई उदाहरण सहित प्रस्तुत गरेका छन्। राजनीतिक प्रभावको सन्दर्भमा सम्पत्ति शुद्धीकरणले लोकतान्त्रिक सरकारको वैधानिकतालाई कमजोर पार्ने, राजनीतिक प्रतिस्पर्धाको अवस्थालाई अवैध रूपमा परिवर्तन गर्ने र तानाशाही शासनहरू विरुद्ध अन्तर्राष्ट्रिय प्रतिबन्धहरूको प्रभावकारितालाई कमजोर पार्ने कुरा स्पष्ट पारिएको छ। प्रतिरोधात्मक उपायहरूको सन्दर्भमा Financial Action Task Force (FATF) को स्थापना र यसको Forty Recommendations को अन्तर्राष्ट्रिय मान्यता तथा द्रुत विस्तारको विश्लेषण प्रस्तुत गरिएको छ। लेखकले यी उपायहरूको सकारात्मक पक्षका साथै विकासशील राष्ट्रहरू र उच्च जोखिम समुदाय (high risk group) मा पर्न सक्ने अनपेक्षित नकारात्मक प्रभावहरू, जस्तै, कार्यान्वयन खर्च, औपचारिक बैंकिङ्ग क्षेत्रमा पहुँचमा कठिनाई, रेमिटयान्स हस्तान्तरण लागत वृद्धि र Nauru जस्ता सानो राष्ट्रहरूको अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रूपमा विकासको सम्भावना समाप्त हुने समेतको चर्चा गरेका छन्।

**छ. Henry Saida et. al, Comparative Analysis of Criminal Laws on Money Laundering in ASEAN Countries: Between Justice and Protection, २०२४**[३]

यो लेखले तुलनात्मक कानून पद्धति प्रयोग गरी एसियान (ASEAN) देशहरू इन्डोनेसिया, मलेसिया, सिंगापुर र फिलिपिन्समा सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनी प्रावधानहरूको तुलनात्मक विश्लेषण प्रस्तुत गरेको छ। विश्वव्यापीकरणले प्राविधिक विकास र अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि ल्याएको छ तर यसले आपराधिक गतिविधिबाट आर्जित सम्पत्तिलाई वैध देखाउने कार्यलाई पनि सहज बनाएको छ। इन्डोनेसियामा सम्पत्ति शुद्धीकरण विरुद्धको कानून No. ८ of २०१० on the Prevention and Eradication of Money Laundering (UU TPPU) ले यस अपराधको रोकथाम र उन्मूलनका २६ प्रकारका अपराधहरू (जस्तै भ्रष्टाचार, लागूऔषध, मानव बेचबिखन, आतंकवादलाई सम्पत्ति शुद्धीकरणको आधार अपराध (predicate crimes) मानेको छ। इन्डोनेसियाली कानूनले सम्पत्ति शुद्धीकरण (money laundering) अपराधलाई संलग्न कार्यहरू (अपराधबाट प्राप्त सम्पत्ति राख्ने, हस्तान्तरण गर्ने, लुकाउने), उद्देश्य (उत्पत्ति लुकाउने), र सम्बद्ध अपराधका प्रकारहरूद्वारा वर्गीकरण गरी सम्पत्ति शुद्धीकरण अपराधीहरूलाई अधिकतम २० वर्षसम्म कैद र १० बिलियन जरिवानाको सजाय समेत तोकेको छ। साथै, अवैध कोषहरू प्रयोग गर्ने र प्राप्त गर्ने सम्बन्धी कार्यलाई समेत अपराधीकरण गरी वित्तीय संस्थाहरूका लागि बलियो AML संयन्त्रको परिकल्पना समेत गरेको छ ।

सिंगापुरमा सम्पत्ति शुद्धीकरण विरुद्ध AMLA २०२४ कानूनले सम्पत्ति शुद्धीकरण अपराधमा अभियोजनका लागि प्रत्यक्ष विदेशी सम्बन्ध आवश्यक नपर्ने व्यवस्था गरी र व्यक्तिले आपराधिक आम्दानी (crimial proceeds) को कारोबार गरेको भन्ने प्रमाणले मात्र अभियोजनका आधार हुन व्यवस्था रहेको, उदीयमान अपराधहरु (जस्तै गैरभौतिक मुद्रा, क्रिप्टो ) मार्फत गरिने सम्पत्ति शुद्धीकरणलाई सम्बोधन गरेको, विभिन्न वित्तीय तथा गैरवित्तीय संस्थाहरुका लागि स्पष्ट जोखिममा आधारित नियमहरू उल्लेख गरेको, विदेशमा औपचारिक अभियोगपत्र दायर हुनु अघि नै अनुसन्धानमा सहयोग गर्ने गरी पारस्परिक सहायताको व्यवस्था जस्ता नविन प्रावधानहरु राखिएको छ।

---

३ https://review-unes.com/index.php/law/article/view/1798

फिलिपिन्समा रिपब्लिक एक्ट नम्बर ९१६० ले सम्पत्ति शुद्धीकरण विरुद्धका कानूनी प्रावधानहरू समावेश गरेको छ। मलेसियाले सन् २००१ मा एन्टी-मनी लन्डरिङ ऐन (AMLA) लागू गरी सम्पत्ति शुद्धीकरण र आतंकवादमा हुने वित्तीय लगानी दुवैलाई एउटै कानूनमा उल्लेख गरिएकीकृत दृष्टिकोण अपनाएको देखिन्छ। लेख अनुसार सबै एसियान देशहरूले फाइनान्सियल एक्शन टास्क फोर्स (FATF) का सिफारिसहरू पालना गर्दै Financial intelligence Unit हरू स्थापना भएको छ। यी देशहरू बिच सूचना आदानप्रदान र कानूनी सहयोगका लागि विभिन्न समझदारी पत्रहरू (MOU) भएको तथ्य समेत प्रस्तुत गरिएको छ। लेखले प्रत्येक देशको कानूनी संरचना, कार्यान्वयन क्षमता र सजायको प्रावधानमा भिन्नताहरू रहेका देखाएको छ। अध्ययनले विश्वव्यापीकरणको युगमा अन्तर्राष्ट्रिय सहयोग र एकीकृत दृष्टिकोणको अभावमा सम्पत्ति शुद्धीकरण जस्तो अन्तर्देशीय अपराधलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न नसकिने निष्कर्ष निकालेको छ।

# परिच्छेद - दुई
# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संयन्त्रको अध्ययनमा विशेषतः अन्तर्राष्ट्रियस्तरमा कानून सरह लागू हुने मान्यता प्राप्त मानक र सम्झौताहरु पर्दछन्। त्यस्ता मानक र सम्झौताका साथै सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही अन्तर्राष्ट्रिय संयन्त्र र ती संयन्त्र अन्तर्गतका अभ्यासबाट नेपालले सिक्न सक्ने पाठ समेतलाई यस परिच्छेदमा संक्षेपमा चर्चा गरिएको छ। सम्पत्ति शुद्धीकरण प्रकृयामा राज्य संयन्त्रको दुरुपयोग गरी आपराधिक लाभलाई वित्तीय प्रणालीमा प्रवेश गराउने, आर्थिक स्थायित्वमा प्रतिकूल असर पार्ने र अन्तमा कानूनी शासनलाई कमजोर बनाउने भएकाले यसलाई निवारण गर्न पृथक र कडा कानूनी व्यवस्था आवश्यक पर्ने महसुस गरी वैश्विक रुपमा अवलम्बन गरिएका प्रावधान सहित नेपालमा पनि विभिन्न कानूनी व्यवस्थाहरु गरिएको छ। नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा हुने वित्तीय लगानीलाई निवारण गर्ने सन्दर्भमा विभिन्न नीतिगत तथा कानूनी प्रयासहरु भएका छन् । जसलाई बुँदागत रुपमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

- नेपालको संविधान
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१
- पारस्परिक कानूनी सहायता ऐन, २०७०
- पारस्परिक कानूनी सहायता नियमावली, २०७०
- संगठित अपराध निवारण ऐन, २०७०
- सपुर्दगी ऐन, २०७०
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी रणनीति तथा कार्ययोजनाहरु
- भ्रष्टाचार निवारण ऐन,२०५९
- मुलुकी अपराध संहिता,२०७४

## २.१ नेपालको संवैधानिक कानूनी तथा नीतिगत आधारः

नेपालको संविधानको धारा २५(१) ले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रदान गरी सम्पत्तिको हकलाई मौलिक हकको रुपमा संरक्षण गरेको छ। सोही धाराको उपधारा (२) ले सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना नगर्ने कुराको प्रत्याभूति गरेको छ। यद्यपि, कुनै व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन भनी उल्लेख गरिएको छ। नेपालको संवैधानिक इतिहासमा नै पहिलो पटक गैरकानूनी रुपमा आर्जन गरेको त्यस्तो सम्पत्तिको हक कानून बमोजिम राज्यले जफत गर्न सक्ने गरी संवैधानिक प्रावधान रहेको छ। अर्थात् कानून बमोजिम प्राप्त गरेको सम्पत्तिलाई

मात्र मौलिक हकले संरक्षण गरेको छ। त्यसैगरी नेपालको संविधानले कानूनको शासन, स्वच्छ प्रशासन, भ्रष्टाचारमुक्त शासकीय व्यवस्था, सार्वजनिक हितको संरक्षण, अन्तर्राष्ट्रिय दायित्वको पालना जस्ता वित्तीय सुशासनका आधारभूत मान्यतालाई समेत आत्मसात गरेको छ। संविधानको प्रस्तावना र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले आर्थिक अपराध र अवैध आर्जन नियन्त्रण र सार्वजनिक सम्पत्तिको संरक्षणलाई राज्यको दायित्वको रूपमा परिभाषित गरेको पाइन्छ। आपराधिक कृयाकलापबाट तथा सम्पत्तिको शुद्धीकरणबाट आर्जित सम्पत्तिलाई कानूनी कारबाहीको दायरा भित्र राखेको छ। यही संवैधानिक मर्म अनुसार नेपालले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विशेष कानूनको रुपमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ निर्माण गरी लागू गरेको हो।

### २.१.१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४

नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका लागि प्रमुख कानूनी आधार **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४** हो। यो ऐनको उद्देश्य अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु रहेको छ। यस ऐनले सम्पत्ति शुद्धीकरण कसूरको परिभाषा, दायरा, अनुसन्धान, अभियोजन, जफत र अन्तर्राष्ट्रिय सहकार्य लगायतका विषय र क्षेत्रमा विस्तृत व्यवस्था गरेको छ। मिति २०६४/१०/१४ देखि यो ऐन कार्यान्वयनमा आएको हो। यो ऐन नेपाल भर लागू हुने र नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने नेपाल भित्र वा नेपाल बाहिर जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुने व्यवस्था सहित विश्वव्यापी क्षेत्राधिकार कायम गरेको देखिन्छ। यो ऐन मिति २०७०।२।२३ मा संशोधन भई परिवर्तित सन्दर्भमा सम्बद्ध कसूर (Predicate Offence) बाट आर्जन गरेको सम्पत्तिलाई सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी निवारणको लागि आवश्यक निरोधात्मक व्यवस्थाहरु, नियमनकारी निकायहरु, शंकास्पद गतिविधिको सम्बन्धमा सूचना दिने सूचक संस्था लगायत वित्तीय जानकारी एकाइको समेतका प्रावधानको व्यवस्थाहरु गरेको छ। समग्रमा ऐनले नेपालमा आर्थिक अपराध, अन्तर्राष्ट्रिय आतंकवाद तथा अवैध वित्तीय प्रवाहलाई नियन्त्रण गर्ने उद्देश्य राखेको छ। यस ऐनले अन्तर्राष्ट्रिय महासन्धि, राष्ट्रिय नियमन संयन्त्र, अनुसन्धान संयन्त्र तथा न्यायिक प्रकृयालाई समेट्दै व्यापक कानूनी ढाँचा निर्माण गरेको देखिन्छ। यस अध्ययन प्रतिवेदनमा उक्त ऐनका प्रमुख कानूनी व्यवस्थाहरूको निम्नानुसार विश्लेषण गरिएको छ।

**(क) सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको परिभाषाः**

ऐनको विभिन्न स्थानमा प्रयुक्त भएका शब्द वा शब्दावलीहरुलाई परिच्छेद १ अन्तर्गत परिभाषित गरी स्पष्ट पार्ने प्रयास गरिएको छ। ऐनको दफा २ (ग) अन्तर्गत आतंककारी कार्यको परिभाषामा प्रचलित कानून बमोजिम आतंककारी कार्य सम्बन्धी कसूर मानिने कार्य सम्झनु पर्दछ भनी परिभाषित गरेको छ। प्रचलित कानूनमा आतंककारी कार्यमा वित्तीय लगानीको दमन सम्बन्धी महासन्धिले परिभाषित गरेको कार्य, गैरसैनिक व्यक्ति वा सशस्त्र द्वन्द्वका वखत शत्रुतापूर्ण कार्यमा संलग्न नभएको व्यक्तिको ज्यान लिने वा अंग भंग गर्ने अन्य कुनै कार्य, नेपाल पक्ष भएका वायुयान भित्र भएका कसूर र अन्य केही कार्य सम्बन्धी, १९६३ को टोकियो महासन्धि, आतंकवादको नियन्त्रण सम्बन्धी सन् १९८७ को सार्कस्तरीय क्षेत्रीय महासन्धि, यो ऐन प्रारम्भ भए पछि आतंककारी काम कारवाहीको विरुद्धमा नेपाल पक्ष भएको अन्य कुनै महासन्धिले आतंककारी कार्य भनि परिभाषित गरेको कार्य आतंककारी कार्य मानिनेछ भनी परिभाषा गरेको छ। यो परिभाषा गर्दा ऐनले निश्चय पनि अन्तर्राष्ट्रिय दृष्टिकोणलाई अपनाउन खोजेको छ।

त्यस्तै ऐनको दफा २(ज) ले कसूरबाट प्राप्त सम्पत्ति भन्नाले "सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर वा सम्बद्ध कसूरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेत जनाउँछ" भन्दै वृहत दृष्टिकोण अंलागी सो शब्दको परिभाषा गरेको छ ।

त्यस्तै सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी गर्ने सम्बन्धी कसूर भनी परिच्छेद २ मा व्यवस्था गरिएका सम्पत्ति शुद्धीकरण गर्न नहुने कसूर (दफा ३), आतंककारी कार्यमा वित्तीय लगानी गर्न नहुने कार्य (दफा ४) र यी दुई कार्य विदेशी मुलुक वा भूभागमा भएको अवस्थामा सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी सरह कसूर (दफा ५) मानिने परिभाषा गरेको छ। विगतका भएको परिभाषाको तुलनामा यसलाई बृहत् परिभाषा मान्न सकिन्छ ।

**(ख) सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरः**

सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरलाई ऐनले गम्भीर आर्थिक तथा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सम्बन्धित अपराधको रूपमा लिएको देखिन्छ। ऐनको दफा ३ ले सम्पत्ति शुद्धीकरण कसूरका तत्वहरूलाई विस्तृत रूपमा परिभाषित गर्दै गैरकानूनी स्रोतबाट प्राप्त सम्पत्तिको रूपान्तरण, हस्तान्तरण, प्रयोग वा धारणा मात्र होइन, त्यस्तो सम्पत्तिको वास्तविक स्रोत, स्वामित्व, अधिकार वा कारोबार लुकाउने कार्यलाई समेत कसूरको दायराभित्र समेटेको छ। यसले अपराधबाट आर्जित सम्पत्तिलाई वैधानिक देखाउने सम्पूर्ण प्रकृयालाई नियन्त्रण गर्ने उद्देश्य स्पष्ट हुन्छ।

त्यसैगरी, दफा ४ ले आतंककारी कार्यमा वित्तीय लगानीलाई प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै माध्यमबाट भए पनि निषेध गर्न व्यापक दायरा निर्धारण गरेको छ। कुनै कार्य नेपालभित्र वा विदेशमा जहाँ भए पनि, वैधानिक वा अवैधानिक जुनसुकै स्रोतबाट कोष उपलब्ध गराइए पनि र आतंककारी कार्य भएको वा नभएको अवस्थामा समेत वित्तीय सहयोग उपलब्ध गराइएको देखिएमा कसूर मानिने व्यवस्था गरिएको छ। यसबाट ऐनले केवल सम्पन्न भएको अपराध मात्र नभई सम्भावित जोखिम र भविष्यमा हुन सक्ने आतंककारी कार्यलाई समेत निवारण गर्ने पूर्वसावधानी (preventive approach) अपनाएको देखिन्छ। साथै, विश्वव्यापी क्षेत्राधिकार ग्रहण गरी विदेशी मुलुकमा भएका यस्ता कार्यलाई पनि नेपालमा अभियोजन गर्न सक्ने ऐनको व्यवस्था अन्तर्राष्ट्रिय दायित्व तथा प्रतिबद्धतासँग मेल खाने देखिन्छ।

**(ग) ग्राहकको पहिचान तथा कारोवार सम्बन्धी व्यवस्थाः**

ग्राहकको पहिचान तथा कारोबार सम्बन्धी व्यवस्था सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणको आधारस्तम्भका रूपमा रहेको देखिन्छ। ऐनको दफा ६ ले बेनामी तथा काल्पनिक नाममा कारोबार गर्न निषेध गरी वित्तीय प्रणालीमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न खोजेको छ। त्यसैगरी, दफा ७ ले शेल बैंकको स्थापना तथा सञ्चालनमा रोक लगाई नियमन बाहिरका वित्तीय संरचनाबाट हुने अवैध वित्तीय प्रवाहलाई नियन्त्रण गर्ने उद्देश्य राखेको छ।

दफा ७क, ७ख र ७ग अन्तर्गतको व्यवस्था हेर्दा ऐनले जोखिममा आधारित दृष्टिकोण (risk-based approach) अपनाएको स्पष्ट हुन्छ। उच्च जोखिमयुक्त ग्राहक, उच्चपदस्थ व्यक्ति तथा जटिल वित्तीय कारोबारमा विशेष सावधानी अपनाउन ग्राहक तथा वास्तविक धनीको पहिचान

र सम्पत्तिको स्रोतको पुष्टि गर्नु पर्ने कार्यमा जोड दिइएको छ। यसले वित्तीय संस्थाहरूलाई केवल कारोबार गर्ने माध्यम नभई सक्रिय निगरानीकर्ता (gatekeeper) को भूमिकामा स्थापित गरेको देखिन्छ। विशेष गरी उच्चपदस्थ व्यक्तिहरूसँग सम्बन्धित कारोबारमा उच्च व्यवस्थापनको स्वीकृति लिनुपर्ने, निरन्तर अनुगमन र सम्पत्तिको स्रोत पहिचान अनिवार्य गर्नुपर्ने व्यवस्थाको कारण भ्रष्टाचार, शक्ति दुरुपयोग तथा आतंककारी कार्यमा वित्तीयकरणको जोखिम न्यूनीकरणतर्फ सजग देखिन्छ।

**(घ) सूचक संस्थाको नियमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था**

सूचक संस्थाको प्रभावकारी नियमन तथा सुपरिवेक्षण बिना सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्भव नहुने ऐनले यस पक्षलाई विशेष महत्व दिएको देखिन्छ। दफा ७न अनुसार सूचक संस्थाको नियमन तथा सुपरिवेक्षण प्रचलित कानून बमोजिम स्थापित नियमनकारी निकाय मार्फत गरी नुपर्ने व्यवस्था गरी संस्थागत उत्तरदायित्व सुनिश्चित गरिएको छ। साथै, नियमनकारी निकाय नतोकिएको अवस्थामा नेपाल सरकारले वैकल्पिक व्यवस्था गर्न सक्ने प्रावधान राखी नियमनको अभाव (regulatory gap) हुन नदिने प्रयास गरिएको छ।

नियमनकारी निकायलाई जोखिम पहिचान, मूल्याङ्कन, अनुगमन तथा जोखिम व्यवस्थापन सम्बन्धी पर्याप्त अधिकार र दायित्व प्रदान गरी नुले सूचक संस्थाहरूलाई केवल कानूनी दायत्व पालना गर्ने निकाय नभई निरन्तर निगरानीको दायरामा समेत राखिनु पर्ने राख्ने उद्देश्य झल्किन्छ। दफा ७फ मा जरिवाना, कारोबार रोक्का, अनुमतिपत्र निलम्बन वा खारेज जस्ता कडा प्रशासनिक कारबाहीको व्यवस्था गरिएको छ, जसले सूचक संस्थाहरूलाई ऐनको पालना गर्न बाध्यकारी अवस्था सिर्जना गरेको छ। साथै, कारवाहीको विषयमा पुनरावेदनको व्यवस्था राखी प्राकृतिक न्यायको सिद्धान्तलाई समेत सम्बोधन गरिएको देखिन्छ।

**(ङ) राष्ट्रिय समन्वय समिति तथा वित्तीय जानकारी एकाइ सम्बन्धी व्यवस्थाः**

ऐनको दफा ७ भ ले समन्वय समितिको गठन गरी सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर निवारणका लागि बहु-निकायगत (multi-agency) समन्वयको अवधारणा अपनाएको देखिन्छ। अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा गठन हुने यस समितिमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्र बैंक, नेपाल प्रहरी तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उच्च तहका पदाधिकारीहरूको सहभागिता सुनिश्चित गरिएको छ। यसबाट सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीयकरणलाई आर्थिक तथा वित्तीय संयन्त्र सुरक्षा संयन्त्र तथा कूटनीतिक र प्रशासनिक सबै निकाय, संयन्त्र र दृष्टिकोणबाट सम्बोधन गर्ने उद्देश्य रखेको स्पष्ट हुन्छ। साथै, वित्तीय जानकारी एकाइको प्रमुखले समितिको सचिवको रूपमा कार्य गर्ने तथा वित्तीय जानकारी एकाइले समितिको सचिवालयको रूपमा काम गर्ने व्यवस्था गरी नीति निर्माण र सूचनाको प्रवाहबिच संस्थागत समन्वय कायम गरिएको देखिन्छ।

त्यसैगरी, ऐनको दफा ७ भ को उपदफा (४) ले राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गर्दै यस समितिलाई नीति-निर्माण तथा रणनीतिक निकायका रूपमा स्थापित गरेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा  वित्तीय लगानी निवारणका लागि आवश्यक नीति तयार गर्ने, राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कनको सहजीकरण र समन्वय गर्ने, जोखिम व्यवस्थापन तथा न्यूनीकरणका लागि उपयुक्त नीतिगत व्यवस्था गर्ने वा गराउने,

तथा नेपाल सरकारले गरेका निर्णय कार्यान्वयन गर्ने वा गराउने दायित्व समितिलाई दिइएको छ। साथै, नेपाल सदस्य रहेका अन्तर्राष्ट्रिय संघ-संस्थाले तय गरेका मापदण्ड तथा नीतिहरू आवश्यकता अनुसार कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था राखी ऐनले अन्तर्राष्ट्रिय दायित्व र राष्ट्रिय नीति बिच सन्तुलन कायम गर्न खोजेको देखिन्छ।

अर्कोतर्फ, ऐनको दफा ९ ले वित्तीय जानकारी एकाइको स्थापना गरी सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणको सूचनात्मक र विश्लेषणात्मक आधारलाई सुदृढ गरेको छ। राष्ट्र बैंकभित्र कार्यात्मक रूपमा स्वायत्त तथा स्वतन्त्र एकाइको रूपमा स्थापना गरिएको वित्तीय जानकारी एकाइलाई शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन तथा अन्य आवश्यक सूचना प्राप्त गर्ने, ती सूचनाको विश्लेषण गर्ने र विश्लेषणको निष्कर्ष सम्बन्धित निकायमा प्रवाह गर्ने अधिकार प्रदान गरिएको छ। यसले वित्तीय जानकारी एकाइलाई केवल सूचना सङ्कलन गर्ने निकाय नभई रणनीतिक विश्लेषण गर्ने केन्द्र (financial intelligence hub) को रूपमा स्थापित गरेको देखिन्छ।

वित्तीय जानकारी एकाइको काम, कर्तव्य र अधिकार हेर्दा ऐनले जोखिम पहिचान र प्रारम्भिक अनुसन्धानको आधार तयार गर्ने जिम्मेवारी यस एकाइलाई दिएको स्पष्ट हुन्छ। निर्धारित सीमा भन्दा बढीका कारोबार, शङ्कास्पद कारोबार, मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण लगायतका सूचनाको विश्लेषण गरी यदि सम्पत्ति शुद्धीकरण वा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको शङ्का उत्पन्न भएमा त्यस्तो विश्लेषणको निष्कर्ष सम्बन्धित कसूरको अनुसन्धान गर्ने निकायमा प्रवाह गर्ने व्यवस्था गरिएको छ। यसबाट अनुसन्धान र अभियोजन प्रकृयामा तथ्यमा आधारित निर्णय लिन सहयोग पुग्ने देखिन्छ।

समग्रमा, राष्ट्रिय समन्वय समिति र वित्तीय जानकारी एकाइ सम्बन्धी व्यवस्था ऐनको निरोधात्मक, समन्वयात्मक र सूचनामूलक संरचनाको मेरुदण्डका रूपमा देखिन्छ। यी संयन्त्रहरूले नीति निर्माण, जोखिम मूल्याङ्कन, सूचना विश्लेषण र अन्तर-निकाय सहकार्यलाई एकीकृत गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणलाई प्रभावकारी बनाउने लक्ष्य लिएको देखिन्छ। जुन अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको संस्थागत संरचना मान्न सकिन्छ।

**(च) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः**

ऐनले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना र सञ्चालन निरोधात्मक, अनुसन्धानात्मक र अन्तर्राष्ट्रिय समन्वयात्मक दृष्टिकोणलाई समान रूपले आत्मसात् गरेको देखिन्छ। विभागमा उच्चस्तरीय नेतृत्व, विशेषज्ञ कर्मचारीको व्यवस्था, अन्तर्राष्ट्रिय सूचना आदानप्रदानको अधिकार र गोपनीयता सुनिश्चित गर्ने प्रावधानले यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी अनुसन्धानात्मक निकायको रूपमा प्रस्तुत गरेको छ। यसले ऐनको निरोधात्मक प्रवृत्ति र नियमनात्मक संरचनासँग सहकार्य गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी नियन्त्रणको समग्र रणनीतिमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

**(छ) सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धानः**

सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान सम्बन्धमा ऐनले सूचनाको प्राप्ति, प्रारम्भिक जाँच, अनुसन्धान अधिकृतको भूमिका, रोक्का तथा मुद्दा दायर गर्ने प्रकृया सहित व्यापक ढाँचामा व्यवस्थित गरेको देखिन्छ।

### १. सूचना प्राप्ति र प्रारम्भिक जाँच

ऐनले कुनै व्यक्तिले सम्पत्ति शुद्धीकरण वा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गरेको, गर्न लागेको वा गरी रहेको कुराको जानकारी, उजुरी वा निवेदन विभाग समक्ष लिखित वा मौखिक रूपमा दिन सक्ने अधिकार दिएको छ। विभागले मौखिक सूचनालाई पनि लिखित रूप दिनु अनिवार्य रहेको छ। उजुरीकर्ता गोप्य रहन चाहेमा सङ्केतको माध्यमबाट गोपनीयता सुनिश्चित गर्नुपर्ने प्रावधान राखेको छ।

प्रारम्भिक जाँचबुझको प्रकृया वित्तीय जानकारी एकाइको विश्लेषणको निष्कर्ष प्राप्तिसँग सम्बन्धित छ। अधिकार प्राप्त अधिकारीले सूचनाको प्रकृति अनुसार उपयुक्त अधिकृत खटाउने वा आफ्नै निगरानीमा प्रारम्भिक जाँच गराउन सक्ने अधिकार राख्छन्। यसले अनुसन्धान प्रकृया प्रारम्भदेखि नै सत्यापन र प्राथमिक मूल्याङ्कन सुनिश्चित गर्दछ।

### २. अनुसन्धान अधिकृतको नियुक्ति र अधिकार

दफा १५ अनुसार, यदि प्रारम्भिक जाँचबुझबाट मनासिव आधार देखियो भने अनुसन्धान गर्ने निकायको प्रमुखले आफैं वा अन्य अधिकृतलाई अनुसन्धान अधिकृतको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था छ। यसमा अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाको अधिकृतलाई पनि समावेश गर्न सकिने प्रावधानले विभागलाई अनुसन्धान कार्यमा लचकता र संसाधन प्रयोगको सुविधा दिएको छ।

दफा १६ अनुसार, अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित कागजात, अभिलेख, साधन तथा व्यक्ति नियन्त्रणमा लिन, आवश्यक परेको अवस्थामा पक्राउ र बयान लिने अधिकार राख्छ। अनुसन्धानमा आदेश पालना नगर्ने व्यक्तिलाई अनुसन्धान गर्ने कार्यालयको प्रमुखले रु. ५ लाख रुपैंयासम्म जरिवाना गर्न सक्ने प्रावधानले कानूनी अनुपालन सुनिश्चित गर्दछ।

### ३. रोक्का र नियन्त्रण

ऐनको दफा १८ ले अनुसन्धान अधिकृतलाई स्पष्ट प्रमाण वा मनासिव आधार भएको सम्पत्ति वा साधन रोक्का राख्ने वा नियन्त्रणमा लिन अनुमति दिएको छ। यसले सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी रोक्न पूर्वनिरोधात्मक कदमको कानूनी आधार तयार गर्दछ।

### ४. मुद्दा दायर गर्ने प्रकृया

दफा २२ अनुसार, अनुसन्धान समाप्त भएपछि अनुसन्धान अधिकृतले मिसिल र प्रमाण सहित सरकारी वकील समक्ष मुद्दा दायर गर्न प्रस्ताव गर्ने व्यवस्था छ। नेपाल सरकारको निर्णय अनुसार तोकिएको अदालतमा मुद्दा दायर गर्ने प्रावधानले न्यायिक प्रकृया र कानूनी स्थायित्व सुनिश्चित गर्दछ।

दफा २३ र २४ अनुसार, यस कसूरमा हदम्याद लागू नहुने र मुद्दा सरकार वादी हुने व्यवस्था छ। यसले अनुसन्धानलाई लामो समयसम्म प्रभावकारी राख्न र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानीरोक्न सहयोग पुऱ्याउँछ।

### ५. प्रमाणको भार र जफत

दफा २८ अनुसार, सम्पत्तिको स्रोत प्रमाणित गर्ने जिम्मेवारी प्रतिवादीमा रहेको छ। आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वाभाविक जीवनयापन गरेको देखिएमा वा आफ्नो हैसियत भन्दा बढी कसैलाई दान दातव्य, उपहार, सापटी, चन्दा वा बकस

दिइएको वा कारोवार गरेको प्रमाणित भएमा प्रतिवादीले सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने व्यवस्था छ। प्रमाणित गर्न नसकेमा उक्त सम्पत्ति जफत हुने प्रावधानले ऐनलाई निरोधात्मक र दण्डात्मक अधिकार पर्याप्त मात्रामा दिएको छ।

दफा २९ अनुसार, अन्य सम्बद्ध कानून बमोजिम मुद्दा नचल्दा वा चले पनि, यसै आधारमा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा चलाउन बाधा नपर्ने व्यवस्था ऐनले गरेको छ। यसले अनुसन्धान र मुद्दा दायर गर्ने प्रकृयामा कानूनी अवरोधको न्यूनीकरण सुनिश्चित गरेको छ।

**(छ) दण्ड सजाय सम्बन्धी व्यवस्थाः**

शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ७ को दफा ३० देखि ३४ ख सम्म सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरलाई गम्भीर आर्थिक अपराधका रूपमा वर्गीकृत गर्दै कानूनले कडा दण्ड—सजायको व्यवस्था गरेको देखिन्छ। सम्पत्ति शुद्धीकरणको कसूर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिबाना तथा दुई वर्षदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिएको छ। जसले यसप्रकारका अपराधप्रति राज्यको शुन्य सहनशीलताको नीति प्रतिबिम्बित गर्दछ। यसका साथै, यस्तो कसूरको षड्यन्त्र गर्ने व्यक्तिलाई पूरा सजाय र मतियार, दुरुत्साहनकर्ता तथा सहयोगीलाई आधा सजाय हुने व्यवस्था गरी अपराधको सम्पूर्ण सञ्जाललाई कानूनी दायरामा ल्याउने प्रयास गरिएको छ।

यसैगरी, आतङ्ककारी कार्यमा वित्तीय लगानीलाई अझ गम्भीर अपराधका रूपमा लिई कडा सजायको प्रावधान गरिएको छ। बिगो खुलेको अवस्थामा बिगोको पाँच गुणासम्म जरिबाना तथा बिगो नखुलेको अवस्थामा पाँच करोड रुपैंयासम्म जरिबाना र कसूरको गाम्भीर्यता हेरी सात वर्षदेखि बीस वर्षसम्म कैद सजायको व्यवस्था हुनु आतङ्ककारी गतिविधिको वित्तीय स्रोत निस्तेज पार्ने उद्देश्यसँग तादात्म्यता राख्दछ। यस्तो व्यवस्था अन्तर्राष्ट्रिय दायित्व, विशेषतः FATF का सिफारिसहरूसँग समेत सुसङ्गत देखिन्छ।

यस कानूनको अर्को महत्वपूर्ण पक्ष भनेको कानूनी व्यक्ति, कानूनी प्रबन्ध तथा संस्थागत संरचनालाई समेत दण्डनीय बनाइएको व्यवस्था हो। कानूनी व्यक्ति वा कानूनी प्रबन्धको प्रयोग गरी सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर भएको अवस्थामा सम्बन्धित व्यक्ति, पदाधिकारी वा कर्मचारीलाई व्यक्तिगत रूपमा सजाय हुने प्रावधानले "कर्पोरेट भेल" को दुरुपयोग रोक्ने कानूनी आधार प्रदान गर्दछ। साथै, कानूनी प्रबन्ध अन्तर्गत कसूरमा संलग्न व्यक्ति वा पदाधिकारीको पहिचान हुन नसकेको अवस्थामा प्रमुख भई कामकाज गर्ने व्यक्तिलाई जिम्मेवार ठहर गर्ने व्यवस्था गरिएको छ, जसले संस्थागत उत्तरदायित्व र सुशासनको सिद्धान्तलाई बलियो बनाउने अपेक्षा गर्न सकिन्छ।

### २.१.२. सम्पत्ति शुद्धीकरण मानिने सम्बद्ध कसूर (Predicate offence) को दायरा

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची १ मा ऐनको दफा २ को खण्ड (श) सँग सम्बन्धित सम्बद्ध कसूर सम्बन्धित व्यवस्था गरेको छ ।

**१. प्रचलित कानून अन्तर्गतको देहायको कुनै कसूरः**

(क) सङ्गठित आपराधिक समूह र गैरकानूनी वा धुत्याइपूर्वकको असुली (र्‍याकेटरिङ्ग) मा सहभागी हुने सम्बन्धी,

(ख) विध्वंसात्मक कार्य लगायत आतङ्कवाद सम्बन्धी,

(ग) जुनसुकै प्रकारको मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी,

(घ) बाल यौन शोषण लगायत जुनसुकै प्रकारको यौन शोषण सम्बन्धी,

(ङ) लागू औषध तथा मनोद्विपक पदार्थको गैरकानूनी ओसारपसार सम्बन्धी,

(च) हातहतियार खरखजानाको गैरकानूनी ओसारपसार सम्बन्धी,

(छ) चोरी गरिएको वा अन्य वस्तुको गैरकानूनी ओसारपसार सम्बन्धी,

(ज) भ्रष्टाचार तथा घुस सम्बन्धी,

(झ) ठगी सम्बन्धी,

(ञ) कीर्ते सम्बन्धी,

(ट) खोटा सिक्का वा मुद्रा सम्बन्धी,

(ठ) नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानूनी प्रतिलिपि वा चोरी (पाइरेसी अफ प्रोडक्टस्) सम्बन्धी,

(ड) वातावरण सम्बन्धी,

(ढ) ज्यान लिने तथा अङ्गभङ्ग सम्बन्धी,

(ण) अपहरण, गैरकानूनी थुना वा शरीर बन्धक सम्बन्धी,

(त) चोरी वा डकैती सम्बन्धी,

(थ) तस्करी (भन्सार, अन्तशुल्क तथा कर सहित) सम्बन्धी,

(द) कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी,

(ध) आपराधिक लाभ (एक्स्टर्सन) सम्बन्धी,

(न) सामुद्रिक डकैती (पाइरेसी)सम्बन्धी,

(प) धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी,

(फ) प्राचीन स्मारक संरक्षण सम्बन्धी,

(ब) वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी,

(भ) मुद्रा, बैङ्किङ्ग, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी,

(म) कालोबजार, उपभोक्ता संरक्षण, प्रतिष्पर्धा वा आपूर्ति सम्बन्धी,

(य) निर्वाचन सम्बन्धी,

(र) सञ्चार, प्रसारण, विज्ञापन सम्बन्धी,

(ल) यातायात व्यवसाय, शिक्षा, स्वास्थ्य, औषधी वा वैदेशिक रोजगार ठगी सम्बन्धी,

(व) फर्म, साझेदारी, कम्पनी वा संघ संस्था सम्बन्धी,

(श) घर, जग्गा र सम्पत्ति सम्बन्धी,

(ष) चिठ्ठा, जुवा वा चन्दा सम्बन्धी,

(स) नगरिकता, अध्यागमन वा राहदानी सम्बन्धी,

**२. ऐनको दफा ४ बमोजिमको आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर,**

**३. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य कुनै कसूर,वा**

**४. प्रकरण (१), (२) वा (३) बमोजिम कसूर मानिने कुनै कार्य विदेशमा भए गरेको र त्यस्तो कार्य सम्बन्धित मुलुकको कानून बमोजिम समेत अपराध मानिने रहेछ भने त्यस्तो कसूर।**

**अनुसूची १ को प्रकरण ३ को अधिकारलाई प्रयोग गरी नेपाल सरकारले मिति २०८१।०९।१८ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायका कसूरलाई सम्बद्ध कसूरको रूपमा तोकेको छ।**

(क) मानव तस्करी सम्बन्धी,

(ख) हुन्डी सम्बन्धी,

(ग) अभौतिक (भर्चुअल) मुद्रा प्रयोग सम्बन्धी,

(घ) अनुचित लेनदेन सम्बन्धी,

(ङ) खेलमा मिलेमतो तथा अनियमितता सम्बन्धी,

(च) अनुमतिपत्र नलिई क्यासिनो सञ्चालन सम्बन्धी ।

माथि प्रस्तुत गरिएका प्रचलित कानून अन्तर्गतका कसूरहरु विभिन्न क्षेत्रका दर्जनौ कानूनी व्यवस्था अन्तर्गत प्रयोगमा रहेका छन्।त्यसैले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको सम्बन्धमा नेपालको मूल कानून संविधान, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, संगठित अपराध निवारण ऐन, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, सपुर्दगी ऐन, पारस्परिक कानूनी सहायत सम्बन्धी ऐन तथा नियमहरु, मुलुकी फौजदारी संहिता, कर तथा भन्सार सम्बन्धी ऐन नियमहरु, भ्रष्टाचार निवारण ऐन तथा नियमहरु लगायतका दर्जनौ ऐन कानूनहरु पर्दछन्।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ का व्यवस्थाहरु

- तस्करी (भन्सार, अन्तःशुल्क तथा करसहित) सम्बन्धी, कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी, धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी, मुद्रा, बैङ्किङ, वित्तीय, विदेशी विनिमय, विनिमेय अधिकारपत्र र बिमा सम्बन्धी सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरणको सूचना भए सम्पत्ति शुद्धीकरण विभागमा उजुरी दिनु पर्ने ।
- दफा २२(१) मा रहेका "सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "विभागको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरू राखिएको
- दफा २२ (२) मा "विभागले गरेको अनुसन्धानबाट मुद्दा चल्ने देखिएमा सरकारी वकीलले विशेष अदालतमा मुद्दा दायर गर्नेछ" भन्ने प्रतिबन्धात्मक वाक्यांश थपिएको ।
- मूल ऐनको दफा २९ (१) पछि देहायको उपदफा (१क) थपिएको - "(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले अनुसन्धान गर्दा आफ्नो क्षेत्राधिकारको कुनै सम्बद्ध कसूरमा मुद्दा चलेको अवस्था नदेखिएकोमा सो सम्बन्धी सम्बद्ध कसूरको समेत मागदावी लिई अभियोजनको राय प्रस्ताव गर्न बाधा पर्ने छैन।"

### २.१.३ सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४६ ले प्रदान गरेको अधिकारको प्रयोग गरिनेपाल सरकारले ऐनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ मिति २०८१/०७/१५ मा जारी गरेको हो। विस्तृत प्रकृयागत व्यवस्था समेटिएको यस नियमावलीमा १० परिच्छेद, १०२ नियम तथा १२ अनुसूची रहेका छन्, जसले ऐनको कार्यान्वयनलाई व्यावहारिक तहमा स्पष्ट मार्गदर्शन प्रदान गर्दछ।

नियमावलीको मुख्य योगदान अनुसन्धान प्रकृया, सूचना सङ्कलन, सम्पत्ति रोक्का, नियन्त्रण तथा जफत सम्बन्धी कार्यविधिलाई स्पष्ट र क्रमबद्ध रूपमा परिभाषित गर्नु हो। साथै, विभिन्न निकाय बिच समन्वय संयन्त्र सम्बन्धी प्रकृयागत विषयहरूलाई नियमावली मार्फत संस्थागत गर्ने प्रयास गरिएको देखिन्छ, जसले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी विरुद्धको बहु-निकायगत (multi-agency) दृष्टिकोणलाई बलियो बनाउने अपेक्षा गर्न सकिन्छ।

यद्यपि, नियमावलीले अनुसन्धान निकाय र अभियोजन निकाय बिचको समन्वयलाई औपचारिक रूपमा स्थापित गर्न खोजे पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण देखिन्छ। संस्थागत क्षमता, प्राविधिक दक्षता, सूचना आदानप्रदानको गति तथा अन्तर—निकायगत विश्वासको अभावजस्ता पक्षहरूले नियमावलीको अपेक्षित प्रभाव सीमित बनाइरहेको विश्लेषण गर्न सकिन्छ। यस सन्दर्भमा, नियमावलीको उद्देश्यअनुसार परिणाम हासिल गर्न थप संस्थागत सुदृढीकरण, क्षमता विकास र कार्यान्वयन अनुगमन आवश्यक देखिन्छ।

### २.१.४ पारस्परिक कानूनी सहायता ऐन, २०७०

सम्पत्ति शुद्धीकरणको प्रकृति प्रायः अन्तरदेशीय हुने भएकाले यसप्रकारका अपराधको प्रभावकारी अनुसन्धान र अभियोजनका लागि अन्तर्राष्ट्रिय सहकार्य अनिवार्य मानिन्छ। यही सन्दर्भमा पारस्परिक कानूनी सहायता ऐन, २०७० ले नेपाललाई अन्य राष्ट्रहरूसँग प्रमाण सङ्कलन, सम्पत्ति पहिचान, रोक्का तथा जफतसम्बन्धी कार्यमा सहकार्य गर्न आवश्यक कानूनी आधार प्रदान गरेको छ।

यस ऐनको कार्यान्वयनले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान र अभियोजनलाई केवल राष्ट्रिय सीमाभित्र सीमित नराखी अन्तर्राष्ट्रिय आयाममा विस्तार गरेको देखिन्छ। विशेषतः विदेशमा लुकाइएका वा स्थानान्तरण गरिएका सम्पत्तिको पहिचान र जफतमा सहकार्यको स्पष्ट व्यवस्था हुनु कानून कार्यान्वयन निकायका लागि महत्वपूर्ण आधार प्रदान गरेको छ।

यसरी, पारस्परिक कानूनी सहायता ऐन, २०७० ले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी विरुद्धको कानूनी तथा संस्थागत संयन्त्रलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुदृढ बनाउँदै नेपालका अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयनमा उल्लेखनीय योगदान पुऱ्याएको छ।

### २.१.५. पारस्परिक कानूनी सहायता नियमावली, २०७०

पारस्परिक कानूनी सहायता नियमावली, २०७० ले सीमापार प्रकृतिका सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान, अभियोजन र सम्पत्ति जफतलाई प्रभावकारी बनाउने सन्दर्भमा महत्वपूर्ण सहायक भूमिका निर्वाह गरेको देखिन्छ। यस नियमावलीले विदेशी राज्यसँग आपराधिक अनुसन्धानका क्रममा प्रमाण संकलन, बयान लिने, कागजात र अभिलेख प्राप्त गर्ने, अभियुक्तको पहिचान, खोजतलास, सम्पत्ति रोक्का, नियन्त्रण तथा जफत सम्बन्धी सहयोग आदान-प्रदान गर्ने प्रकृयालाई स्पष्ट र संस्थागत बनाएको छ। सम्पत्ति शुद्धीकरण प्रायः अन्तर्राष्ट्रिय वित्तीय प्रणाली, बैंकिङ्ग च्यानल र बहुराष्ट्रिय कारोबारसँग जोडिने भएकाले यस्ता कसूरमा प्रमाण तथा कसूरजन्य सम्पत्ति विदेशमा लुकाइएको सन्दर्भमा पारस्परिक कानूनी सहायता नियमावलीले नेपाल सरकारलाई अन्तर्राष्ट्रिय दायित्व अनुसार सहयोग माग्ने र प्रदान गर्ने वैधानिक आधार उपलब्ध गराएको छ। साथै, FATF का सिफारिस र अन्तर्राष्ट्रिय मापदण्डसँग नेपालको अनुपालनलाई सुदृढ गरेको छ। यसरी, यस नियमावलीले घरेलु अनुसन्धान संयन्त्रको सीमा पार गर्दै अन्तर्राष्ट्रिय सहयोग मार्फत सम्पत्ति शुद्धीकरण निवारणको प्रभावकारिता अभिवृद्धि गर्न योगदान पुऱ्याएको छ।

### २.१.६. संगठित अपराध निवारण ऐन, २०७०

संगठित अपराध र सम्पत्ति शुद्धीकरण बिच घनिष्ठ तथा परस्पर आश्रित सम्बन्ध रहेको सन्दर्भमा संगठित अपराध निवारण ऐन, २०७० को महत्व विशेष देखिन्छ। संगठित आपराधिक समूहद्वारा गरिने अवैध गतिविधिबाट आर्जित सम्पत्तिलाई वैध स्वरूप दिन सम्पत्ति शुद्धीकरणको प्रयोग हुने भएकाले यी दुई प्रकारका अपराधहरू प्रायः एक-अर्कासँग गाँसिएका हुन्छन्।

यस ऐनले संगठित रूपमा गरिने आपराधिक क्रियाकलापको परिभाषा, त्यस्ता अपराधको अनुसन्धान तथा अभियोजनका लागि विशेष प्रकृया, र अपराधबाट आर्जित सम्पत्तिको पहिचान, नियन्त्रण तथा जफत सम्बन्धी व्यवस्था गरेको छ। यस्ता प्रावधानहरूले अवैध स्रोतबाट आर्जित सम्पत्तिलाई अपराधीहरूबाट अलग गरी राज्यको नियन्त्रणमा ल्याउने कानूनी आधार प्रदान गर्दछन्।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ सँग सहकार्यात्मक रूपमा कार्यान्वयन हुँदा संगठित अपराध निवारण ऐन, २०७० ले "प्रिडिकेट अफेन्स" को पहिचान, प्रमाण सङ्कलन तथा अभियोजन प्रकृयालाई थप प्रभावकारी बनाउने भूमिका निर्वाह गर्दछ। यसरी, यो ऐनले संगठित अपराधको आर्थिक आधार कमजोर पार्दै सम्पत्ति शुद्धीकरण विरुद्धको समग्र कानूनी संरचनालाई सुदृढ बनाएको विश्लेषण गर्न सकिन्छ।

तथापि, व्यावहारिक तहमा बहुनिकायगत समन्वय, स्रोतसाधनको अभाव तथा अनुसन्धान क्षमताको सीमितताका कारण अपेक्षित परिणाम हासिल गर्न चुनौती देखिनु यस ऐनको कार्यान्वयन सम्बन्धी प्रमुख पक्षका रूपमा देखिन्छ। यसैले, यी कानूनी व्यवस्थाहरूको समुचित र प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता अभिवृद्धि र स्पष्ट कार्यविधि आवश्यक देखिन्छ।

### २.१.७. सपुर्दगी ऐन, २०७०

सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा संलग्न व्यक्तिहरू प्रायः अभियोजनबाट बच्न विदेशी मुलुकमा आश्रय लिने प्रवृत्ति देखिने भएकाले सपुर्दगी सम्बन्धी कानूनी व्यवस्था विशेष महत्वको मानिन्छ। यस सन्दर्भमा सपुर्दगी (Extradition) ऐन तथा द्विपक्षीय वा बहुपक्षीय सन्धिहरूले विदेशमा रहेका अभियुक्तलाई नेपालमा ल्याई अनुसन्धान र अभियोजन गर्ने स्पष्ट कानूनी आधार प्रदान गरेका छन्।

सपुर्दगीको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुँदा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा संलग्न व्यक्तिहरूले भौगोलिक सीमाको आडमा दण्डबाट उम्किने सम्भावना न्यून हुँदै जान्छ। यसले दण्डहीनताको अन्त्य गर्दै कानूनको शासन र उत्तरदायित्वको सिद्धान्तलाई सुदृढ बनाउने भूमिका निर्वाह गर्दछ।

यसैगरी, पारस्परिक कानूनी सहायता ऐन, २०७० तथा सम्पत्ति शुद्धीकरण निवारण ऐनसँग संयोजनमा सपुर्दगी सम्बन्धी व्यवस्था कार्यान्वयन हुँदा अन्तरदेशीय सम्पत्ति शुद्धीकरण अपराधको अनुसन्धान र अभियोजन थप प्रभावकारी बन्ने अपेक्षा गर्न सकिन्छ। तथापि, व्यावहारिक तहमा द्विपक्षीय सन्धिको अभाव, "डुअल क्रिमिनालिटी" को सर्त, तथा प्रकृयागत ढिलाइले सपुर्दगी प्रकृया जटिल बन्ने चुनौती देखिन्छ। यसैले, सपुर्दगी सम्बन्धी कानूनी संयन्त्रलाई अझ प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय सहकार्य र कुटनीतिक समन्वयलाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### २.१.८. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० ले अपराधबाट आर्जित सम्पत्ति तथा अपराधमा प्रयोग भएका साधनको पहिचान, रोक्का, नियन्त्रण र अन्ततः जफत सम्बन्धी विशेष कानूनी व्यवस्था गरेको छ। सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा आर्थिक लाभ नै प्रमुख प्रेरक

तत्त्व हुने भएकाले अपराधीलाई अवैध रूपमा आर्जित सम्पत्तिबाट वञ्चित गर्नु नै प्रभावकारी निवारणको मुख्य उपाय मानिन्छ।

यस ऐनले "अपराधबाट लाभ नहुने अवस्था सिर्जना गर्ने" (crime should not pay) सिद्धान्तलाई संस्थागत रूपमा कार्यान्वयन गर्ने कानूनी आधार प्रदान गरेको देखिन्छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ सँग समन्वयमा यसको प्रयोग हुँदा प्रिडिकेट अफेन्सबाट आर्जित सम्पत्तिको समयमै रोक्का तथा जफत सम्भव भई अपराधीहरूको आर्थिक सञ्जाल कमजोर पार्न सहयोग पुग्दछ।

यद्यपि, व्यावहारिक तहमा सम्पत्ति पहिचानको जटिलता, अन्तरदेशीय सम्पत्तिको ट्रेसिङ, प्रकृयागत ढिलाई तथा न्यायिक निर्णयमा लाग्ने समयका कारण ऐनको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। त्यसैले, यस ऐनको उद्देश्य अनुरूप परिणाम हासिल गर्न अनुसन्धान निकायको प्राविधिक क्षमता अभिवृद्धि, अन्तरनिकायगत समन्वय सुदृढीकरण र छिटो निर्णय प्रणालीको विकास आवश्यक रहेको विश्लेषण गर्न सकिन्छ।

### २.१.९. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरु

क. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६८-२०७३)

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६८-२०७३) ले नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि आवश्यक कानूनी र संस्थागत आधार निर्माणमा केन्द्रित भूमिका निर्वाह गरेको देखिन्छ। यस रणनीतिले मुख्यतः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयनलाई सुदृढ बनाउने, वित्तीय जानकारी एकाइ (FIU) को संस्थागत विकास तथा क्षमता अभिवृद्धि गर्ने तथा सम्बन्धित निकायहरू बिच समन्वयको प्रारम्भिक ढाँचा विकास गर्ने कार्य सम्पन्न गऱ्यो। यस अवधिमा AML/CFT प्रणालीको आधारभूत संरचना स्थापना भई भविष्यका सुधारका लागि सुरुवात भएको मानिन्छ।

ख. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६८-२०७३), पुरक कार्ययोजना, २०७७ समेत

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) पुरक कार्ययोजना, २०७७ समेतले जोखिममा आधारित दृष्टिकोणलाई व्यवहारमा उतार्ने उद्देश्यसहित अघि बढेको देखिन्छ। वि.सं. २०७६ मा सम्पन्न राष्ट्रिय जोखिम मूल्यांकन तथा वि.सं. २०७८ मा सम्पन्न स्वमूल्यांकनबाट पहिचान गरिएका उच्च जोखिमयुक्त क्षेत्र, कारोबार र निकायहरूलाई सम्बोधन गर्ने यस रणनीतिको मुख्य लक्ष्य थियो। यस क्रममा नियमनकारी निकाय, सूचक संस्था तथा कानून कार्यान्वयन निकायहरूको क्षमता अभिवृद्धि, जोखिम मूल्यांकन र व्यवस्थापन प्रणालीको विकास, तथा शंकास्पद कारोबार प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ उल्लेखनीय प्रयास गरिएको पाइन्छ।

ग. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२—२०८५/०८६)

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२—२०८५/०८६) ले नेपालमा AML/CFT प्रणालीलाई नीतिगत तहमा मार्गदर्शन गर्ने केन्द्रीय दस्तावेजका रूपमा भूमिका निर्वाह गरेको छ। यस रणनीतिले जोखिममा आधारित दृष्टिकोण (risk-based approach) अवलम्बन गर्दै सम्पत्ति

शुद्धीकरण र आतङ्ककारी वित्तीय लगानी निवारणका प्रमुख प्राथमिकता, लक्ष्य, कार्ययोजना तथा सम्बन्धित निकायहरूको जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरेको देखिन्छ। यो रणनीति तथा कार्ययोजनाले निम्नानुसारको मुख्य ३ रणनीतिहरु अवलम्वन गरेको छ।

१. सम्बद्ध कसूरको अनुसन्धानसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको तत्व पहिचान गर्ने तथा अनुसन्धान सम्बन्धी सूचना आदानप्रदान गर्ने कार्यविधिगत व्यवस्था गर्नेः

यस रणनीतिले सम्पत्ति शुद्धीकरण कसूरलाई सम्बद्ध (Predicate) कसूरको सहायक अपराधका रूपमा मात्र नभई स्वतन्त्र र जटिल आर्थिक अपराधका रूपमा पहिचान गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने लक्ष्य लिएको छ। सम्बद्ध कसूरको अनुसन्धानकै क्रममा सम्पत्ति शुद्धीकरणका तत्वहरू (आयको स्रोत, तहगत लेनदेन, सम्पत्ति लुकाउने वा वैध देखाउने प्रयास) समयमै पहिचान गर्न सकिने कार्यविधिगत स्पष्टता विकास गर्नु यसको केन्द्रीय उद्देश्य हो। साथै अनुसन्धानमा संलग्न निकायहरू जस्तै राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वित्तीय सूचना एकाइ (FIU) लगायत बिच सूचनाको प्रभावकारी, सुरक्षित र समयोचित आदानप्रदान सुनिश्चित गर्न मानकीकृत कार्यविधि तयार गर्ने व्यवस्था गरिएको छ। यसले दोहोरो अनुसन्धान, सूचनाको अभाव र समन्वयहीनताका कारण हुने अनुसन्धान कमजोरी न्यूनीकरण गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी अभियोजनको गुणस्तर र सफलता दर अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

२. उच्च जोखिमयुक्त सम्बद्ध कसूरको अनुसन्धानसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान हुने सबल संस्थागत व्यवस्था गर्नेः

यो रणनीति जोखिममा आधारित दृष्टिकोण (Risk-Based Approach) लाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्ने उद्देश्यले उच्च जोखिमयुक्त सम्बद्ध कसूर जस्तै भ्रष्टाचार, संगठित अपराध, कर छली, मानव बेचबिखन, अवैध सुन तथा विदेशी मुद्रा कारोबार आदिसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण अनुसन्धानलाई प्राथमिकतामा राख्दछ। यस अन्तर्गत अनुसन्धान, अभियोजन र विश्लेषणमा संलग्न निकायहरूको संस्थागत क्षमता सुदृढीकरण, विशेषीकृत एकाइको विकास, दक्ष जनशक्ति व्यवस्थापन तथा प्रविधिमा आधारित अनुसन्धान प्रणालीको विस्तारमा जोड दिइएको छ। साथै अन्तर-निकाय समन्वय संयन्त्रलाई औपचारिक र कार्यात्मक बनाउँदै उच्च जोखिमयुक्त क्षेत्रबाट उत्पन्न हुने अवैध सम्पत्तिको पहिचान, ट्रेसिङ र प्रमाण संकलन प्रकृयालाई प्रभावकारी बनाउने लक्ष्य लिइएको छ। यस रणनीतिले अनुसन्धान प्रकृयालाई परिणाममुखी बनाउदै सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको विश्वसनीयता र प्रभावकारिता अभिवृद्धि गर्ने अपेक्षा राखेको छ।

३. कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत र असुल उपर सम्बन्धी मार्ग दर्शन बनाई लागू गर्नेः

यस रणनीतिले अपराधबाट लाभ लिन नदिने भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्न कसूरजन्य सम्पत्तिको रोक्का, नियन्त्रण, जफत र असुल उपर प्रकृयालाई स्पष्ट, एकरूप र प्रभावकारी बनाउने लक्ष्य राखेको छ। अनुसन्धानको प्रारम्भिक चरणदेखि नै अवैध रूपमा आर्जित सम्पत्तिको पहिचान, अस्थायी रोक्का तथा अन्तरिम नियन्त्रण गर्ने कानूनी र कार्यविधिगत मार्गदर्शन विकास गर्ने व्यवस्था यस रणनीतिको प्रमुख पक्ष हो। साथै अन्तिम फैसला पछि जफत भएको सम्पत्तिको व्यवस्थापन, उपयोग तथा राज्यकोषमा

प्रभावकारी रूपमा स्थानान्तरण गर्ने संयन्त्रलाई सुदृढीकरण गर्ने लक्ष्य लिइएको छ। यसले अनुसन्धान र अभियोजनलाई मात्र नभई सम्पत्ति पुनःप्राप्ति (Asset Recovery) को परिणामलाई पनि सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको केन्द्रीय सूचकका रूपमा स्थापित गर्दै अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रणाली विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ।

समग्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२—२०८५/०८६) ले कानूनी, संस्थागत र कार्यान्वयनगत सुधारलाई एकीकृत रूपमा अघि बढाउने उद्देश्य राखेको छ। विशेषतः कानूनी संरचनाको सुदृढीकरण, अनुसन्धान तथा अभियोजन क्षमताको अभिवृद्धि, अन्तर-निकायगत समन्वय, सूचना प्रवाहको प्रभावकारिता तथा निजी क्षेत्रको अनुपालन क्षमता सुधारजस्ता पक्षलाई रणनीतिक प्राथमिकताका रूपमा समेटिएको छ।

यस दस्तावेजको अर्को महत्वपूर्ण पक्ष भनेको FATF का सिफारिसहरू तथा Asia/Pacific Group (APG) को पारस्परिक मूल्यांकनसँग नेपालको प्रतिबद्धता र सुधारको दिशालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्नु हो। रणनीतिमा समेटिएका कार्ययोजनाहरूले नेपाललाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप अनुपालन सुनिश्चित गर्दै संभावित कमजोरीहरू सम्बोधन गर्ने रोडम्याप प्रदान गरेको विश्लेषण गर्न सकिन्छ।

यद्यपि, रणनीति तथा कार्ययोजनाको प्रभावकारिता यसको कार्यान्वयनमा निर्भर रहने भएकाले पर्याप्त स्रोतसाधनको व्यवस्था, स्पष्ट अनुगमन तथा मूल्यांकन संयन्त्र, र सम्बन्धित निकायहरूको निरन्तर प्रतिबद्धता अपरिहार्य देखिन्छ। यी पक्षहरू सुदृढ गर्न सकिएमा राष्ट्रिय रणनीतिले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी वित्तीय लगानी निवारणको समग्र प्रणालीलाई दीर्घकालीन रूपमा सुदृढ बनाउने अपेक्षा गर्न सकिन्छ।

### २.१.१०. भ्रष्टाचार निवारण ऐन, २०५९

भ्रष्टाचारलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको प्रमुख *Predicate Offence* का रूपमा स्वीकार गरिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को भूमिका विशेष महत्वको देखिन्छ। सार्वजनिक पदको दुरुपयोग, घुस—रिसवत, गैरकानूनी लाभ तथा अवैध आर्जन जस्ता भ्रष्टाचारजन्य गतिविधिबाट आर्जित सम्पत्तिलाई वैध देखाउने प्रयास नै सम्पत्ति शुद्धीकरणको मूल आधार बन्ने भएकाले यी दुई अपराधबिच प्रत्यक्ष तथा संरचनात्मक सम्बन्ध रहेको पाइन्छ।

यस ऐनले भ्रष्टाचारबाट आर्जित अवैध सम्पत्तिको अनुसन्धान, नियन्त्रण र अभियोजनका लागि स्पष्ट कानूनी आधार प्रदान गरेको छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गत दर्ता तथा कारबाही भएका मुद्दाबाट उत्पन्न सम्पत्तिको स्रोत, प्रयोग र स्थानान्तरणको विश्लेषण गर्दा सम्पत्ति शुद्धीकरणका तत्त्वहरू उजागर हुने सम्भावना उच्च रहन्छ। यसकारण, यस्ता केसहरूमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ सँगको समन्वित प्रयोग अपरिहार्य देखिन्छ।

विशेषतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान तथा अभियोजन निकाय र सम्पत्ति शुद्धीकरण सम्बन्धी निकाय बिचको समन्वयले भ्रष्टाचारजन्य अवैध आर्जनलाई केवल व्यक्तिगत कसूरको रूपमा मात्र नभई संगठित आर्थिक अपराधका रूपमा सम्बोधन गर्न सहयोग पुऱ्याउन सक्छ। तथापि, व्यावहारिक रुपमा अधिकारक्षेत्रको स्पष्टता, सूचना आदानप्रदानको प्रभावकारिता र समानान्तर अभियोजन सम्बन्धी जटिलताका कारण अपेक्षित परिणाम हासिल गर्न चुनौती देखिन्छ।

यसैले, भ्रष्टाचार निवारण ऐन र सम्पत्ति शुद्धीकरण निवारण ऐनबिच स्पष्ट कार्यगत समन्वय, संयुक्त अनुसन्धानको अभ्यास तथा नीतिगत स्पष्टता आवश्यक रहेको विश्लेषण गर्न सकिन्छ। यसप्रकारको समन्वित दृष्टिकोणले भ्रष्टाचार र त्यसबाट उत्पन्न सम्पत्ति शुद्धीकरणलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

**२.१.११. मुलुकी अपराध संहिता, २०७४**

मुलुकी फौजदारी संहिता, २०७४ ले नेपालमा फौजदारी न्याय प्रणालीको आधारभूत ढाँचा प्रदान गर्दै सम्पत्ति शुद्धीकरण निवारण ऐनको प्रभावकारी कार्यान्वयनमा पूरक तथा सहायक भूमिका निर्वाह गर्दछ। यस संहिताले फौजदारी कसूरको सामान्य सिद्धान्त, आपराधिक दायित्व, सह-अपराध, आपराधिक लाभ, र दण्ड निर्धारण सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ, जुन सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धान र अभियोजनमा प्रत्यक्ष रूपमा लागू हुने गर्दछ।

संहिताले अपराधबाट आर्जित लाभ, फाइदा वा सम्पत्तिलाई आपराधिक लाभको रूपमा स्वीकार गर्दै अवैध आर्जनलाई संरक्षण नगर्ने सिद्धान्त अवलम्बन गरेको छ। अपराध लुकाउने, प्रमाण नष्ट गर्ने वा अपराधबाट प्राप्त सम्पत्ति प्रयोग वा हस्तान्तरण गर्ने कार्यलाई दण्डनीय ठहर गरेकोले सम्पत्ति शुद्धीकरण कसूरलाई सहअपराध (Secondary Offence) का रूपमा अभियोजन गर्ने कानूनी आधार प्रदान भएको छ।

त्यसैगरी, संहितामा व्यवस्था गरिएका ठगी, जालसाजी, कीर्ते, विश्वासघात, सार्वजनिक सम्पत्ति दुरुपयोग, संगठित आपराधिक गतिविधि तथा राज्यको आर्थिक हितमा क्षति पुऱ्याउने कसूरहरू व्यवहारमा सम्पत्ति शुद्धीकरणका प्रमुख *Predicate Offence* का रूपमा देखा पर्ने गरेका छन्। यी प्रावधानहरूले मूल कसूरको पहिचान र अभियोजनलाई सुदृढ बनाउँदै सम्पत्ति शुद्धीकरण ऐनसँग अन्तरसम्बन्ध कायम गर्ने प्रभाव राख्दछन्।

दण्ड निर्धारणका सन्दर्भमा संहिताले समानुपातिकता, अपराधको गम्भीरता र बहु—कसूरको अवस्थामा सजाय निर्धारणका सिद्धान्तहरू प्रतिपादन गरेको छ। यी सिद्धान्तहरू सम्पत्ति शुद्धीकरण निवारण ऐन अन्तर्गत सजाय निर्धारण गर्दा पूरक रूपमा प्रयोग हुने गर्छन्। यसरी, मुलुकी फौजदारी संहिता सामान्य कानून (General Law) का रूपमा र सम्पत्ति शुद्धीकरण निवारण ऐन विशेष कानून (Special Law) का रूपमा एक अर्कालाई पूरक बनाउँदै सम्पत्ति शुद्धीकरण नियन्त्रणको कानूनी संरचनालाई पूर्णता प्रदान गरेको विश्लेषण गर्न सकिन्छ।

## २.२ अन्तर्राष्ट्रिय संयन्त्र (संरचना, कानून र अभ्यास)

**२.२.१ वित्तीय कारवाही कार्यदल र त्यसका सुझावहरु (Financial Action Task Force and their Recommendations):**

सन् १९८९ मा स्थापना भएको अन्तर-सरकारी निकाय FATF (Financial Action Task Force) ले मुख्य रुपमा सम्पत्ति शुद्धीकरण (Money Laundering), आतंककारी कार्यमा वित्तीय लगानी (Terrorist Financing) र विनाशकारी हातहतियारको निर्माणमा वित्तीय लगानी (Proliferation Financing) विरुद्ध विश्वव्यापी मानक (FATF Standards) तयार गर्ने र परिभाषित गर्ने कार्य गर्दछ। यस कार्यदलले तयार गर्ने यस्ता विश्वव्यापी मानकहरुलाई वित्तीय कारवाही कार्यदलको सिफारिस (FATF Recommendations) को नाम दिइएको छ। यस्ता सिफारिसहरुलाई अन्तर्राष्ट्रिय मानकको रुपमा अधिकांश देशले अपनाएका छन् र धेरै सिफारिसहरुलाई त्यस्ता देशहरुले आफ्नो राष्ट्रिय कानूनमा समावेश गरेका छन्। त्यसैले, FATF Recommendations लाई धेरै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय AML/CFT कानूनहरूको "मूल ढाँचा" मानिन्छ। FATF Recommendations केवल सिफारिसहरु मात्र नभई Interpretive Notes

र Guidance documents पनि हुन्।सिफारिसले राष्ट्रहरुले के गर्नु पर्छ भन्ने बताउँछ, Interpretive Notes ले ती सिफारिसहरुको प्रयोग कसरी गर्ने भन्ने स्पष्ट पार्छ र Guidance documents ले ती सिफारिस कार्यान्वयनका लागि स्पष्ट प्रयोग योग्य निर्देशनहरु प्रदान गर्दछन्।यसर्थ, FATF Recommendations मानक, ती मानकलाई अभ्यासमा लागू गराउने तरिका र विस्तृत व्याख्याको समष्टिगत रुप हो।

हालसम्म ३० भन्दा बढी सिफारिसहरुको Interpretive Notes छन्।त्यसैगरी, Guidance documents १० भन्दा बढी रहेको पाइन्छ। FATF Recommendations पहिलो पटक १९९० मा अपनाइएको थियो।यसमा जम्मा ४ पटक संशोधन गरी यो।सोमध्ये फेब्रुअरी १६, २०१२ को संशोधन मुख्य हो।यस संशोधनले आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी ९ विशेष सिफारिसहरुलाई पनि जम्मा ४० FATF Recommendations मा समाहित गर्ने कार्य गऱ्यो। यसलाई नियमित रुपमा अद्यावधिक गरिन्छ र पछिल्लो पटक अक्टोवर, २०२५ मा अद्यावधिक गरिएको छ।

साथै, FATF Methodology, प्रत्येक देशको FATF Recommendations को परिपालनाको प्रभावकारिता मूल्याङ्कन गर्ने खाका हो।यसको प्रयोग पारस्परिक मूल्याङ्कनमा गरिन्छ।पारस्परिक मूल्याङ्कन दुई पाटोमा हुन्छ।पहिलो प्राविधिक परिपालना (४० सिफारिसहरुको आधारमा) र दोस्रो प्रभावकारिता परिपालना (११ तत्काल प्रतिफलको आधारमा)। पहिलो FATF Methodology सन् २०१२ को हो र दोस्रो एवम् पछिल्लो FATF Methodology सन् २०२२ को हो।सन् २०१२ को FATF Methodology ले कानून हुनुलाई Compliant मान्थ्यो भने सन् २०२२ को FATF Methodology ले कानूनको परिपालना हुनुलाई मात्र Compliant मान्दछ।पछिल्लोले जोखिममा आधारित अभ्यास, विनाशकारी हातहतियारको निर्माणमा वित्तीय लगानी (Proliferation Financing) र Virtual Asset मा जोड दिन्छ।

नेपालको हालको मूल्याङ्कन सन् २०२२ को FATF Methodology अनुसार भई रहेको छ।**प्राविधिक परिपालना** (४० सिफारिसहरुको आधारमा गरिने मूल्याङ्कन) C/LC/PC/NC गरी ४ मूल्याङ्कन मापकमा गरिन्छ र दोस्रो **प्रभावकारिता परिपालना** (११ तत्काल प्रतिफलको आधारमा गरिने मूल्याङ्कन) High / Substantial / Moderate / Low गरी ४ मूल्याङ्कन मापकमा गरिन्छ।सम्पत्ति शुद्धीकरण सम्बन्धी वित्तीय कारवाही कार्यदलका जम्मा ४० सिफारिसहरुलाई AML/CFT को व्यापक संरचनाहरु समेट्ने गरी क्षेत्रगत हिसाबले जम्मा ७ भागमा विभाजन गरिएको छ।ती (यी सिफारिसहरु नै FATF Methodology अन्तर्गतको प्राविधिक परिपालना मापनका आधारहरु हुन्) यसप्रकार छन्:

→ सिफारिस १ देखि २ सम्म AML/CFT नीति तथा समन्वय (Policies & Coordination)
→ सिफारिस ३ देखि ४ सम्म सम्पत्ति शुद्धीकरण र जफत (Money Laundering & Confiscation)
→ सिफारिस ५ देखि ८ सम्म आतंककारी कार्यमा वित्तीय लगानी र विनाशकारी हातहतियारको निर्माणमा वित्तीय लगानी (TF & Financing of Proliferation)
→ सिफारिस ९ देखि २३ सम्म पूर्वनिरोधात्मक उपायहरू (Preventive Measures)
→ सिफारिस २४ देखि २५ सम्म पारदर्शिता र लाभ प्राप्ति स्वामित्व (Transparency & Beneficial Ownership of Legal Persons and Management)

→ सिफारिस २६ देखि ३५ सम्म सक्षम निकाय र संस्थागत व्यवस्था (Powers and Responsibilities of Competent Authorities & and Other Institutional Measures)

→ सिफारिस ३६ देखि ४० सम्म अन्तर्राष्ट्रिय सहयोग (International Cooperation)

FATF Methodology अन्तर्गतका ११ तत्काल प्रतिफल मापनका आधारहरु निम्नानुसार छन्ः

→ IO-१ः Risk & Policy Coordination
- Country ले ML/TF risk बुझेर नीति बनायो?

→ IO-२ः International Cooperation
- अन्य देशसँग प्रभावकारी सहकार्य भयो?

→ IO-३ः Supervision
- Banks/DNFBPs risk अनुसार supervised छन्?

→ IO-४ः Preventive Measures
- CDD, STR, controls व्यवहारमा लागू छन्?

→ IO-५ः Legal Persons & Arrangements
- Companies/trusts को misuse रोकियो?

→ IO-६ः Financial Intelligence
- FIU ले STR प्रयोग गरेर intelligence बनायो?

→ IO-७ः ML Investigation & Prosecution
- ML case investigate र prosecute भए?

→ IO-८ः Confiscation
- अवैध सम्पत्ति जफत भयो?

→ IO-९ः TF Investigation & Prosecution
- TF रोकथाम र कारबाही प्रभावकारी?

→ IO-१०ः TF Preventive Measures
- Terrorist funding रोक्न sanctions लागू गरी यो?

→ IO-११ः PF Preventive Measures
- WMD financing रोक्न UNSCR लागू गरी यो?

### २.२.२. FATF-Style Regional Bodies (FSRBs- क्षेत्रीयस्तरमा FATF मानक कार्यान्वयन र अनुगमन)

FATF-Style Regional Bodies (FSRBs) अन्तर्राष्ट्रिय रूपमा स्थापित क्षेत्रीय समूहहरू हुन्।जसले FATF का ४० Recommendations (AML/CFT मानकहरू) लाई आफ्ना क्षेत्रभित्र कार्यान्वयन र अनुगमन गर्न मद्दत गर्छन्। FSRBs ले FATF को Global Network अन्तर्गत काम गर्छन् र आफ्ना-आफ्ना क्षेत्रका देशहरूमा FATF Recommendations (AML/CFT मानक) को कार्यान्वयन र प्रवर्द्धन गर्नु, सदस्य राष्ट्रहरूलाई कानून, नीतिगत र संस्थागत

सुधारमा प्राविधिक सहायता उपलब्ध गराउनु, पारस्परिक मूल्याङ्कन (peer review) मार्फत् सदस्य राष्ट्रहरूको क्षमता र परिपालनाको स्तर मूल्यांकन गर्नु यसका मुख्य उद्देश्यहरु हुन्।

FSRBs को मूल्याङ्कन पश्चात् सदस्य राष्ट्रहरुको FATF का ४० Recommendations परिपालना सम्बन्धी निर्णय (Compliant, Grey list, Black List) गर्ने कार्य FATF ले गर्दछ। FATF को निर्णय अनुसार आवश्यक follow up/ monitoring गर्ने कार्य पनि FSRBs ले गर्दछ। FSRB हरू विशेष गरी विश्वभर २००+ सरकारहरू र २०+ अन्तर्राष्ट्रिय संस्थाहरूलाई समेट्ने Global Network को हिस्सा बन्ने गर्छन्, जसले FATF Standards को विश्वव्यापी कार्यान्वयन सुनिश्चित गर्छ। वर्तमानमा जम्मा ९ वटा FATF-Style Regional Bodies (FSRBs) छन्। ती यसप्रकार छन्:

→ APG — Asia/Pacific Group on Money Laundering
→ CFATF / GAFIC- Caribbean Financial Action Task Force
→ EAG- Eurasian Group on Combating Money Laundering and Financing of Terrorism
→ ESAAMLG- Eastern and Southern Africa Anti-Money Laundering Group
→ GIABA- Inter-Governmental Action Group against Money Laundering in West Africa
→ GAFILAT- Financial Action Task Force of Latin America
→ MENAFATF -Middle East and North Africa Financial Action Task Force
→ MONEYVAL- Committee of Experts on the Evaluation of Anti-Money Laundering Measures (Europe)
→ GAtBAC- Central African Anti-Money Laundering Group

यी ९ FSRBs मध्ये सबैभन्दा ठूलो FSRB, APG — Asia/Pacific Group on Money Laundering हो। यसको स्थापना सन् १९९७ मा बैङ्कक, थाइल्याण्डमा भएको थियो र यसमा हाल जम्मा ४२ सदस्यहरु रहेका छन्। यसका १२ सदस्य राष्ट्रहरु FATF को पनि सदस्य रहेका छन्। FSRB (APG) का प्रमुख कार्यहरु यसप्रकार छन्:

→ Mutual Evaluation Programme- सदस्य राष्ट्रहरूको AML/CFT प्रणाली FATF Standards अनुसार मूल्यांकन गर्ने।
→ प्राविधिक सहायता र प्रशिक्षण-कानून, नीतिगत सुधार र कार्यान्वयन क्षमता वृद्धि गर्ने,
→ रिपोर्टिङ्ग र अनुसन्धानमा मार्गदर्शन- शङ्कास्पद लेनदेन रिपोर्टिङ्ग, FIU स्थापना जस्ता विषयमा सहायता गर्ने,
→ क्षेत्रीय विश्लेषण- क्षेत्रीय AML/CFT ट्रेन्ड र समस्याहरू अध्ययन गर्ने।

नेपाल सन् २००३ देखि APG को पूर्ण सदस्य हो। APG, FSRB भएकाले यसले FATF Recommendations को क्षेत्रीय कार्यान्वयन, मूल्याङ्कन र क्षमता विकासमा काम गर्छ। APG को सदस्य भएर नेपाल FATF Global Network को हिस्सा बनेको छ। नेपाल APG को सदस्य राष्ट्रको रूपमा FATF Recommendations को क्षेत्रीय कार्यान्वयन, पारस्परिक मूल्याङ्कन (Mutual Evaluation), राष्ट्रिय जोखिम मूल्याङ्कन तथा क्षमता विकास प्रकृयामा सक्रिय रूपमा संलग्न रहेको देखिन्छ। APG सदस्यताले नेपाललाई आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणाली सुधार गर्न, अन्तर्राष्ट्रिय मानक अनुरूप कानूनी संरचना विकास गर्न तथा विश्वव्यापी वित्तीय प्रणालीमा विश्वसनीयता कायम राख्न सहयोग गरेको छ। APG सदस्यता नेपालका लागि केवल

औपचारिक सदस्यता होइन। यो AML/CFT सुधार, अन्तर्राष्ट्रिय सहकार्य र आर्थिक विश्वसनीयताको मेरुदण्ड हो। APG अन्तर्गत नेपाल निम्न प्रकृयाहरूमा संलग्न हुने गरेको छः

(क) Mutual Evaluation (पारस्परिक मूल्याङ्कन): Mutual Evaluation भनेको APG ले सदस्य देशको कानूनी व्यवस्था, संस्थागत संरचना, AML/CFT को व्यावहारिक कार्यान्वयनलाई FATF Recommendations (R१—R४०) का आधारमा मूल्याङ्कन गर्ने प्रकृया हो। नेपालले आफ्नो कानून, नियम, नीति र तथ्याङ्क APG लाई पेश गर्छ, APG को मूल्याङ्कन टोलीले नेपाल भ्रमण गरी सरोकारवाला निकायसँग छलफल गर्छ, अन्तिम Mutual Evaluation Report (MER) सार्वजनिक हुन्छ। यो प्रतिवेदनले नेपालको FATF Recommendations परिपालना Compliant / Partially Compliant / Non-Compliant गरी तीन ग्रेडमा गर्दछ।

(ख) Follow-up Process (पश्चात् अनुगमन) Mutual Evaluation पछि नेपालले सुधार गर्नुपर्ने कमजोरीहरूका लागि Action Plan बनाउँछ, निश्चित अवधिमा Progress Report APG लाई बुझाउँछ, कानून संशोधन, संस्थागत सुधार र कार्यान्वयनको प्रमाण पेश गर्छ। यसले नेपाललाई Grey List जोखिमबाट जोगिन सहयोग पुऱ्याउँछ।

(ग) राष्ट्रिय जोखिम मूल्याङ्कन (National Risk Assessment — NRA): APG को मार्गदर्शनमा नेपालले सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको राष्ट्रिय जोखिम पहिचान गर्छ, बैंक, वित्तीय संस्था, DNFBPs, NPOs, सीमा जोखिम आदिको विश्लेषण गर्छ। NRA ले Risk-Based Approach (R१) कार्यान्वयन, नीति निर्माण र स्रोत परिचालनमा प्रत्यक्ष प्रभाव पार्छ।

(घ) APG Plenary र Working Group मा सहभागिता: नेपाल APG का वार्षिक Plenary Meeting मा सहभागी हुन्छ, Typologies, Risk Assessment, Mutual Evaluation Working Group मा संलग्न हुन्छ, अन्य देशका अनुभव र उत्कृष्ट अभ्यास सिक्छ। यसले नेपालको नीति र अनुसन्धान क्षमता बलियो बनाउँछ।

(ङ) क्षमता विकास र तालिम: APG मार्फत् नेपालका FIU, DMLI, प्रहरी, अनुसन्धान अधिकारी, अभियोजक, न्यायाधीश, नियामक निकायले **AML/CFT तालिम, कार्यशाला र प्राविधिक सहयोग** पाउँछन्।

APG सदस्यताबाट नेपालले निम्न बमोजिम प्रत्यक्ष लाभ प्राप्त गर्दछः

→ अन्तर्राष्ट्रिय विश्वसनीयता
- अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीमा नेपालको विश्वास कायम रहन्छ,
- Correspondent Banking सम्बन्ध सुरक्षित हुन्छ।

→ कानूनी र संस्थागत सुधार
- सम्पत्ति शुद्धीकरण (निवारण) ऐन तथा नियम समयानुकूल सुधार,
- FIU (DMLI) को क्षमता विस्तार।

→ अन्तर्राष्ट्रिय सहकार्य
- अन्य देशसँग सूचना आदानप्रदान
- अनुसन्धान र सम्पत्ति जफतमा सहयोग

### २.२.३. UNODC को Global Programme against Money Laundering (GPML- सदस्य राष्ट्रहरूको AML/CFT सम्बन्धी कानूनी, संस्थागत र प्राविधिक स्तरमा वृद्धि):

लागू औषध अपराध, आतंकवाद र भ्रष्टाचार विरुद्ध कार्य गर्ने संयुक्त राष्ट्र संघको एक महत्वपूर्ण निकाय UNODC को Proceeds of Crime and the financing of Terrorism अन्तर्गत चल्ने एक विशेष कार्यक्रम Global Programme against Money Laundering (GPML) हो। UNODC GPML ले SDG लक्ष्य १६.४-अवैध आर्थिक प्रवाह कम गर्नु-जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू पूरा गर्न सहयोग गर्छ। यस कार्यक्रमले सदस्य राष्ट्रहरूलाई AML/CFT क्षमता निर्माण र सुधारका लागि प्राविधिक सहायता उपलब्ध गराउँदछ।यस कार्यक्रमका प्रमुख लक्ष्यहरू यसप्रकार छन्

- → कानूनी र नियामक फ्रेमवर्क विकास- सदस्य राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय मानक (जस्तै FATF Standards) को अनुरूप कानून बनाउन सहयोग गर्ने,
- → संस्थागत क्षमता विकास- FIU, कानूनी, न्यायिक तथा वित्तीय निकायहरूको क्षमता वृद्धि गर्ने,
- → प्राविधिक प्रशिक्षण र उपकरणहरू- AML/CFT कानून, नीति र प्रकृयाहरू सम्बन्धमा उत्कृष्ट अभ्यासको जानकारी दिने र आवश्यक उपकरण उपलब्ध गराउने,
- → राष्ट्रिय समन्वय र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन-सदस्य राष्ट्रहरूबिच सूचना आदानप्रदान, तालिम र सहयोगको सञ्जाल विस्तार।

UNODC को *Global Programme against Money Laundering (GPML)* अन्तर्गत नेपाललाई प्रदान गरिएको सहयोग र सो अनुरुप नेपालका गतिविधिहरूलाई तालिकामा प्रस्तुत गरिएको छ।

| Year / Period | UNODC-Led Support / Event | Outcome / Practice in Nepal | Key Learnings / Value | FATF Relevance (Methodology) |
|---|---|---|---|---|
| २०१४ | **goAML software installed at FIU-Nepal** with UNODC support (free software + expert support)** | FIU-Nepal installed *goAML* for centralised STR/transaction reporting and analysis. Software integrates multiple AML/CFT data analysis functions. | • FIU automation & quality data intake<br>• Better intelligence generation | IO१, IO४ |
| ~२०१४–२०१७ | **UNODC goAML implementation assistance** (UNODC staff support for operation) | Banks and financial institutions gradually linked to FIU/ goAML system. | • Practical capacity in reporting flow and systems integration | IO१, IO४ |
| २०२५ (Mar) | **Interaction Program on goAML Operational Guidelines** with UNODC delegates, FIU and stakeholders | Stakeholders including reporting entities discussed updated operational guidelines to enhance compliance and reporting standards. | • Knowledge sharing on *goAML* use & compliance | IO४, R.१७ |
| (Ongoing / Continuous) | **FIU capacity building & awareness efforts** supported by UNODC tools and global guidance | FIU conducts training, awareness programs; goAML updates and engagement with reporting entities. | • Skill development for AML/CFT analysis and reporting | IO१, IO४, IO७/८ |
| **Multiyear (Contextual)** | UNODC GPML supplies AML tools, technical support and links with global intelligence exchange | FIU shares intel with LEAs and establishes exchange links(Egmont Links), | • Cross-border cooperation capacity | IO४, IO७ |

| | | | | |
|---|---|---|---|---|
| | norms (e.g., Egmont/secure platforms implied through FIU functions) | aligning with international standards. | | |

**२.२.४. Egmont Group (FIU Network-FIU हरूलाई सुरक्षित, नियमित र शंकास्पद वित्तीय कारोवार सम्बन्धी सूचना आदानप्रदान मार्फत् अन्तर्राष्ट्रिय सहकार्य सुदृढ गर्न सहयोग गर्ने):**

Egmont Group of Financial Intelligence Units एक अन्तर्राष्ट्रियFIU नेटवर्क हो। यसको स्थापना सन् १९९५ मा ब्रसेल्सको Egmont Palace मा भएको थियो। यसको मुख्य उद्देश्य FIU हरूबिच विश्वासपूर्ण, सुरक्षित र नियमित सूचना आदानप्रदान र सहकार्य गर्नु हो। यसले FIU हरूको AML/CFT क्षमता मूल्यांकन, AML/CTF जोखिम मूल्यांकन र जानकारी आदानप्रदान सशक्त बनाउन सहयोग गर्दै विश्वव्यापी रूपमा वित्तीय दुरुपयोग रोक्न मद्दत गर्छ। यस समूहभित्रको FIU हरु प्रत्येक देशको लागि शङ्कास्पद वित्तीय कारोवार र लेनदेन प्रतिवेदन प्राप्त गर्ने, आवश्यकतानुसार अनुसन्धान वा कानून प्रवर्तन निकायलाई सूचना पठाउने महत्वपूर्ण निकाय हो। यसप्रकारका निकायहरुको सञ्जालको रुपमा कार्य गर्ने Egmont Group का प्रमुख उद्देश्य यसप्रकार छन्:

- → FIUs बिच Egmont Secure Web (ESW) मार्फत् STRs, CTRs, suspicious transaction intelligence र case-related सूचना सुरक्षित तवरले आदानप्रदान गर्ने,
- → AML/CFT investigation र intelligence क्षमता strengthen गर्ने,
- → International AML/CFT standard (FATF ४० Recommendations) को पालन सुनिश्चित गर्ने।

नेपाल **Financial Intelligence Unit (FIU-Nepal)** मार्फत् **Egmont Group** सँग सम्बन्ध राख्छ। नेपाल FIU associate member हो, जसले secure platform मार्फत् अन्य FIUs सँग intelligence साझा गर्न सक्छ। नेपाललाई यस समूहबाट Cross-border financial investigation, STR/CTR related intelligence sharing र Regional / global AML/CFT cooperation मा सहयोग मिलेको छ। यसरी FATF को IO ४ (Financial Intelligence), R.२९, R.४० (international cooperation) सँग यस समूहको सदस्यता सम्बन्धित छ।

**२.३ अन्तर्राष्ट्रिय महासन्धिः**

**(अ) <u>अभियना महासन्धि, १९८८ (United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic substances, १९८८)</u>:** यस महासन्धिको मुख्य उद्देश्यको रुपमा अवैध लागूपदार्थ र मानसिक प्रभाव पार्ने पदार्थ (psychotropic substances) को अवैध कारोबार नियन्त्रण गर्नु र सम्पत्ति शुद्धीकरण (Money Laundering) रोकथाम मार्फत अपराधी वित्तीय लाभ दुरुपयोग हुन नदिनु हो। यस महासन्धिले अवैध लागू पदार्थ कारोबार रोक्न, Money Laundering अपराध परिभाषित गर्न, र अन्तर्राष्ट्रिय AML/CFT सहयोग स्थापित गर्न आधार तयार गरेको छ। यसमा रहेका AML/CFT सम्बन्धी प्रमुख प्रावधानहरु यसप्रकार छन्:

- → Money Laundering अपराधको परिभाषा (Article ३ & ५)

- "Illicitly generated proceeds" अर्थात् अवैध आम्दानीलाई वैध देखाउने वा वित्तीय प्रणालीमा प्रवेश गराउने कार्यलाई अपराध मानिएको छ।

→ कानूनी दायित्व (Article ७ & १२)

- राज्यहरूले आफ्नो क्षेत्राधिकारमा अवैध सम्पत्तिको नियन्त्रण, जफत, र रिपोर्टिङ लागू गर्नुपर्ने।
- बैंक, वित्तीय संस्था र अन्य आर्थिक संस्थाहरूले संदिग्ध लेनदेन (suspicious transaction) रिपोर्ट गर्ने दायित्व राख्नुपर्ने।

→ अन्तर्राष्ट्रिय सहयोग (Article ९ & ११)

- अनुसन्धान, जानकारी आदान प्रदान र सहकार्य मार्फत् अन्तर्राष्ट्रियस्तरमा AML/CFT लागू गर्न सहयोग।
- ट्रान्सनेशनल अपराध नियन्त्रण गर्न कानूनी, प्रशासनिक र वित्तीय संस्थाहरूको समन्वय।

→ सजाय र जफत (Article ५, ६ & १२)

- Money laundering सम्बन्धी अपराधमा दण्ड, जरिवाना र सम्पत्ति जफत गर्न प्रावधान।
- राज्यहरूले सजायको न्यूनतम सीमा र कानूनी प्रकृया सुनिश्चित गर्नुपर्ने।

नेपालले भियना महासन्धि,१९८८ का प्रावधानहरुलाई निम्नानुसार आफ्नो AML/CFT सम्बन्धी संयन्त्रमा समेटेको छ।

| **भियना महासन्धि Provision** | **नेपालमा Implementation / कानूनी आधार** | **नोट / प्रभाव** |
|---|---|---|
| Illicit drug trafficking criminalization | Narcotic Drugs Control Act, १९७६ (as amended)<br>Criminalizes production, sale, trafficking, possession | Confiscation, punishment, licensing of drugs |
| Money laundering related to drug proceeds | Money Laundering Prevention Act, २०६४ (२००८)<br>Punishes laundering of illicit assets, including drug proceeds | FIU-Nepal monitors, STR/CTR reporting from banks & FIs |
| Control of precursor chemicals | Narcotic Drugs Control Act + Department of Drug Control notifications | License required for import/export/use of precursor chemicals |
| International cooperation / extradition / asset seizure | Mutual Legal Assistance Act, १९९३ + Nepal÷s MoUs with countries & FIU international links | Allows cooperation with foreign law enforcement and FIUs (Egmont, APG) |

(अ) **पालेर्मो महासन्धि ,२००० (United Nations Convention against Transnational Organized Crime, २०००)**:

→ **Article ६- कसूरबाट आर्जित सम्पत्तिको शुद्धीकरणलाई अपराधीकरण गर्ने (Criminalization of Money Laundering)**: गम्भीर अपराधबाट प्राप्त आम्दानीलाई रूपान्तरण गर्ने, लुकाउने, स्वामित्व वा स्रोत लुकाउने कार्यलाई अपराध घोषणा गर्नुपर्ने, सहभागी, सहकार्य वा प्रयास (attempt) समेत अपराध मानिने।

→ **Article ७ — सम्पत्ति शुद्धीकरण विरुद्धका उपायहरू (Measures to Combat Money Laundering)**: बैंक तथा गैर—बैंक वित्तीय संस्थामा नियमन र सुपरिवेक्षण, **Customer Due**

**Diligence (KYC)**, रेकर्ड राख्ने र **Suspicious Transaction Reporting (STR)** को व्यवस्था, राष्ट्रिय समन्वय संयन्त्र र सूचना आदानप्रदानलाई प्रोत्साहन।

→ **Article १२ — जफत र बरामद (Confiscation and Seizure)**: अपराधबाट प्राप्त आम्दानी, सम्पत्ति, उपकरण तथा सम्पत्ति जफत/बरामद गर्न कानूनी व्यवस्था, सम्पत्ति पहिचान, ट्रेसिङ, फ्रिजिङ तथा बरामदको अधिकार।

→ **Article १३ — जफतका लागि अन्तर्राष्ट्रिय सहकार्य (International Cooperation for Purposes of Confiscation)**: अन्य राज्यको अनुरोधमा सम्पत्ति जफत गर्न सहयोग, सीमा पार अपराधबाट आर्जित आम्दानी नियन्त्रणमा सहकार्य।

→ **Article १४ — जफत गरिएको सम्पत्तिको व्यवस्थापन (Disposal of Confiscated Proceeds of Crime)**: जफत सम्पत्तिको उपयोग वा बाँडफाँडबारे राज्यहरूबिच सहमति, पीडित क्षतिपूर्ति वा अन्तर्राष्ट्रिय सहकार्यका लागि प्रयोग गर्न सकिने।

→ **Article १८ — आपसी कानूनी सहायता (Mutual Legal Assistance — MLA)**: सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा सहयोग, प्रमाण संकलन, बैंक रेकर्ड, सूचना आदानप्रदान।

→ **Article १९ — संयुक्त अनुसन्धान (Joint Investigations)**: सीमा पार संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा संयुक्त अनुसन्धान टोली गठन।

→ **Article २७ — कानून कार्यान्वयन सहकार्य (Law Enforcement Cooperation)**: सूचना आदानप्रदान, तालिम, प्राविधिक सहयोग।

यस महासन्धिको महत्व यसप्रकार रहेको छः

→ Transnational Organized Crime रोक्न आधारः संगठित अपराधले उत्पन्न गरेको अवैध सम्पत्तिको प्रवाह नियन्त्रण।

→ International AML Standards: FATF, UNODC, र अन्य अन्तर्राष्ट्रिय AML/CFT मानकसँग सँगसँगै काम गर्न आधार।

→ राज्यहरूको कानूनी दायित्वः सदस्य राष्ट्रले Money Laundering अपराध कानूनीकरण, सजाय, जफत, र रिपोर्टिङ सुनिश्चित गर्नुपर्ने।

→ सहकार्यमा सजिलोः राष्ट्रहरूबिच सूचना आदान-प्रदान र न्यायिक सहयोगको माध्यमले अवैध सम्पत्ति रोकथाम प्रभावकारी हुन्छ।

नेपालले पालेर्मो महासन्धि, २००० लाई निम्नानुसार कानूनी संरचनामा समेटेको छः

| **UNTOC Provision** | **नेपालको कानून** | **मुख्य व्यवस्था** |
|---|---|---|
| Criminalization of organized crime & related acts | Muluki Criminal Code (२०१७, Sec २—३, Sec २७८—२८९) + Criminal Code (as amended) | Organized crime, gang activities, smuggling, human trafficking, cybercrime समेटिएको |
| Trafficking in persons / illegal migration | Human Trafficking and Transportation (Control) Act, २००७ | Victim protection, prosecution, rehabilitation mechanisms |
| Money laundering of criminal proceeds | Money Laundering Prevention Act, २०६४ (२००८) | Criminalizes laundering of proceeds from organized |

| | | |
|---|---|---|
| | | crime, drug trafficking, corruption |
| Trafficking in firearms / smuggling | Arms and Ammunition Act, २०१९ + Customs Act | Prevents illegal arms trafficking, enforces licensing and seizure |
| International cooperation / MLA / extradition | Mutual Legal Assistance Act, १९९३ + MoUs + FIU international links (Egmont/APG) | Cooperation with foreign states, intelligence sharing, joint investigations |

(इ) **<u>आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी महासन्धि, १९९९ (The International Convention for the Suppression of the Financing of Terrorism, १९९९):</u>** यस महासन्धिले AML/CFT को terrorist financing पक्षलाई कानूनी, प्रशासनिक र अन्तर्राष्ट्रिय सहकार्यको माध्यमबाट नियन्त्रण गर्ने आधार तयार गरेको छ। यसले PMLA, भियना महासन्धि (१९८८) र पालेर्मो महासन्धि (२000) सँग पूरक सम्बन्ध राख्छ। यस महासन्धिको मुख्य उद्देश्यको रुपमा आतङ्ककारी कार्यमा वित्तीय लगानी (Terrorist Financing) रोक्नु, आतंकवादी गतिविधिहरूका लागि सम्पत्ति संकलन, हस्तान्तरण वा प्रयोग गर्ने व्यक्ति वा संस्था विरुद्ध कारबाही सुनिश्चित गर्नु र अन्तर्राष्ट्रिय सहयोग र सदस्य राष्ट्रहरूमा कानूनी, प्रशासनिक र वित्तीय उपाय लागू गर्नु रहेका छन्। यसमा रहेका प्रमुख प्रावधानहरु यसप्रकार छन्:

→ Article २(Terrorist Financing को अपराधीकरण): कुनै व्यक्तिले आतङ्ककारी गतिविधि सञ्चालन गर्न, योजना बनाउन वा वित्त पोषण गर्न पैसा प्रदान गरे/सञ्चालन गरे त्यसलाई अपराध मान्ने, स्रोत वैध वा अवैध हुन सक्ने भए पनि, आतङ्ककारी कार्यमा प्रयोग हुने सम्पत्ति वा सम्पत्ति अपराधको दायरामा आउँछ।

→ Article ८ (बैंक, वित्तीय संस्थाहरू, बीमा कम्पनी र अन्य वित्तीय सेवा प्रदायकहरूलाई उत्तरदायी बनाउने): संदिग्ध लेनदेन (Suspicious Transaction Report — STR) रिपोर्ट गर्न बाध्य बनाउने, आतङ्कवादी वित्तीय गतिविधि पहिचान गर्ने प्रणाली लागू गर्नुपर्ने।

→ Article ७ (Asset Freezing र Confiscation): आतंकवादी गतिविधि वित्त पोषणमा प्रयोग हुने सम्पत्ति जफत / फ्रीज गर्ने अधिकार, राज्यहरूले आन्तरिक कानून अनुसार वा अन्तर्राष्ट्रिय सहकार्यमा सम्पत्ति नियन्त्रण गर्न सक्ने।

→ Articles ११—१४ (अन्तर्राष्ट्रिय सहकार्य): राष्ट्रहरूले सूचना आदानप्रदान, अनुसन्धान सहयोग, र कानूनी कारबाहीमा सहयोग गर्नुपर्ने, आतंकवादी वित्त पोषणमा संलग्न व्यक्तिको extradition (हस्तान्तरण) सजिलो बनाउन प्रावधान।

**AML/CFT को सन्दर्भमा यस महासन्धिको महत्व यसप्रकार छः**

→ Terrorist Financing रोकथामः केवल अवैध आम्दानी होइन, वैध स्रोतको सम्पत्ति पनि आतंकवादी कार्यमा प्रयोग भएमा नियन्त्रण गर्न कानूनी आधार।

→ Interconnection with AML: Money Laundering र Terrorist Financing दुवै वित्तीय अपराध, तर ICSFT ले विशेष ध्यान आतंकवादी कार्यमा लगानी/सञ्चालनमा राख्छ।

→ International Standardization:FATF को Recommendation ५, ६ र ८ अनुसार सदस्य राष्ट्रमा AML/CFT नियम लागू गर्ने आधार।

→ सहकार्यः राष्ट्रबिच सहयोग, बैंक/फाइनान्सियल संस्थाको निगरानी, र सजाय मार्फत प्रभावकारी रोकथाम।

(ई) <u>SAARC Convention on Mutual Assistance in Criminal Matters, २००८:</u> यस महासन्धिले क्षेत्रीय स्तरमा AML/CFT सहकार्य, वित्तीय अपराध नियन्त्रण, र transnational crime विरुद्ध संयुक्त प्रयासको आधार तयार गरेको छ। यस महासन्धिले अन्य माथि उल्लेखित महासन्धिहरुको पूरक रूपमा काम गर्छ। यस महासन्धिको मुख्य उद्देश्यहरुमा SAARC क्षेत्रका सदस्य राष्ट्रहरूबिच आपसी सहकार्यको माध्यमबाट आपराधिक मामिलामा सहयोग सुनिश्चित गर्नु, Money Laundering (सम्पत्ति शुद्धीकरण) र Terrorist Financing (आतङ्ककारी वित्त पोषण) जस्ता वित्तीय अपराधमा सहयोग बढाउनु र Transnational Crime र संगठित अपराध नियन्त्रणमा क्षेत्रीयस्तरको समन्वय स्थापना गर्नु रहेको छ। यसका मुख्य प्रावधानहरु यसप्रकार छन्

→ **SAARC MACM २००८ AML/CFT clauses** cover:
- Mutual Legal Assistance (Articles ५,६)
- Freezing, seizure & confiscation (Article ८)
- FIU coordination (Article १२)
- Confidentiality & technical assistance (Articles १४,१६)

→ **Nepal implementation:**
- MLA Act १९९३, Extradition Act १९९०, MLPA २००८
- Enforcement: Nepal Police, Customs, Attorney General, FIU-Nepal

→ **International Cooperation:**
- Cross-border intelligence sharing via SAARC, Egmont, APG

→ **FATF Alignment:**
- Articles ५,६,८ → IO४, R.२९, R.४०
- Investigation & prosecution → IO७/IO८

AML/CFT को सन्दर्भमा यस महासन्धिको महत्व यसप्रकार छ:

→ Region-specific cooperation: SAARC क्षेत्रका राष्ट्रहरूबिच AML/CFT कार्यान्वयनमा समन्वय र सहकार्य।

→ Financial Intelligence sharing: FIUs र law enforcement agencies बिच जानकारी आदानप्रदान।

→ Cross-border enforcement: Money laundering, terrorist financing, र अन्य transnational crime मा सामूहिक कानूनी कार्यवाही सजिलो।

→ Legal framework harmonization:सदस्य राष्ट्रहरूबिच कानूनको समानता र प्रकृया मिलाएर AML/CFT प्रभावकारिता वृद्धि।

नेपालले SAARC MACM को उद्देश्यहरू Mutual Legal Assistance framework + AML/CFT + transnational crime control मा निम्नानुसार समेटेको छ:

| **SAARC MACM Provision** | **नेपालको कानूनी संरचना** | **अभ्यास** |
|---|---|---|
| Mutual Legal Assistance (MLA) | Mutual Legal Assistance Act, १९९३ | SAARC सदस्य देशसँग अपराध अनुसन्धान, दस्तावेज, समाह्वान आदान-प्रदानमा सहकार्य |

| | | |
|---|---|---|
| Extradition / transfer of offenders | Extradition Act, १९९० | SAARC राष्ट्रबाट दोषी वा आरोपीको प्रत्यर्पण / transfer |
| Exchange of documents & evidence | Police Act, २०१२ + Department of Police SOPs | Investigation agencies बिच coordination |
| Asset freezing / confiscation | Money Laundering Prevention Act, २०६४ (२००८) | Criminal assets (proceeds of crime, drugs, corruption) मा नियन्त्रण र confiscation |

## २.४ संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको संकल्प (United Nations Security Council Resolutions):

**(क)** **<u>UNSCR १३७३ (२००१)</u>**: सन्दर्भः ९/११ आतंकवादी हमलापछि पारित संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको Resolution १३७३ (२००१) ले आतंकवाद तथा आतकंवादी क्रियाकलापमा वित्तीय लगानी (CFT) विरुद्ध बाध्यकारी व्यवस्था गरेको छ। यसका AML/CFT सम्बन्धी प्रावधानहरू तल clause / operative paragraph—wise संक्षेपमा प्रस्तुत गरिएको छः

- → Clause / Operative Paragraph १(a)- CFT को आधारभूत अपराधीकरणः आतंकवादी कार्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कोष उपलब्ध गराउने कार्यलाई अपराध घोषणा गर्नुपर्ने।
- → Clause/Operative Paragraph १(b)- Asset Freezing (Targeted Financial Sanctions): आतंकवादीहरू, उनीहरूका संगठन वा तिनको नियन्त्रणमा रहेका व्यक्तिको सम्पत्ति, कोष तथा आर्थिक स्रोत तुरुन्त फ्रिज (freeze) गर्नुपर्ने।
- → Clause/Operative Paragraph १(c)- आतकंवादी क्रियाकलापमा वित्तीय लगानी रोकथामः कुनै पनि व्यक्तिले आतंकवादीहरूलाई आर्थिक सेवा, कोष वा अन्य स्रोत उपलब्ध गराउन नपाउने सुनिश्चित गर्नुपर्ने।
- → Clause / Operative Paragraph १(d)- राष्ट्रिय नियन्त्रण र निगरानीः आफ्ना नागरिक वा भूभागबाट आतंकवादी कार्य वा वित्तपोषण हुन नदिन आवश्यक कदम चाल्नुपर्ने।
- → Clause/Operative Paragraph २(a)- आर्थिक र भौतिक समर्थन रोकथामसँग सम्बन्धितः आतंकवादी गतिविधिमा संलग्न व्यक्तिलाई सुरक्षित आश्रय नदिनु (No Safe Haven)।
- → Clause/Operative Paragraph २(b)-Financial Intelligence & Information Sharing आतंकवादी गतिविधि सम्बन्धी सूचना आदानप्रदान गर्नुपर्ने।
- → Clause/Operative Paragraph २(e)- AML/CFT Preventive Measures: आतंकवादीहरूलाई आर्थिक स्रोत, तालिम वा सहयोग प्राप्त हुन नदिन कदम चाल्ने।
- → Clause/Operative Paragraph ३(a)- CFT Legal Framework सुदृढीकरणः आतंकवाद तथा आतंकवादी वित्तपोषण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू (जस्तै १९९९ Terrorist Financing Convention) कार्यान्वयन गर्न आग्रह।
- → Clause/Operative Paragraph ३(d)- Indirect AML/CFT Control (Cross-border risk reduction): सीमा नियन्त्रण र कागजात दुरुपयोग रोक्न उपाय अपनाउने। Clause/ Operative Paragraph ४ -AML/CFT Institutional Strengthening: Resolution कार्यान्वयनका लागि सबै राज्यलाई आवश्यक कानूनी, प्रशासनिक र नियामक उपाय अपनाउन आग्रह।

**नेपालले UNSCR १३७३ लाई निम्नानुसार आत्मसात गरेको छः**

| UNSCR १३७३ को प्रावधान | नेपालको कानूनी संरचना | मुख्य व्यवस्था |
|---|---|---|
| Criminalization of terrorist financing | Terrorist and Disruptive Activities (Control and Punishment) Act, २००२ | Financing terrorism is criminalized; banks/financial institutions report suspicious transactions |
| Freeze assets of terrorists & entities | Financial Transactions and Reports Analysis Centre / FIU-Nepal + AML/CFT framework | FIU monitors, freezes, and reports transactions linked to UNSCR १२६७/१३७३ sanctioned individuals/entities |
| International cooperation / info exchange | FIU participation in Egmont Group, APG, SAARC MACM, MLAs | Cross-border cooperation, intelligence sharing, mutual legal assistance |
| Preventive measures (Banking & Financial Institutions) | AML/CFT Directives of Nepal Rastra Bank, Banks & Financial Institutions | KYC, CDD, STR/CTR reporting to FIU |
| Investigation & Prosecution | Nepal Police, Attorney General÷s Office, Department of Revenue, FIU | Investigate & prosecute terrorism financing, asset confiscation |

**(ख) <u>UNSCR १२६७ (१९९९)</u>:**

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको Resolution १२६७ (१९९९) CFT— केन्द्रित प्रस्ताव हो। यस प्रस्तावले आतंकवादी संगठनहरूलाई आर्थिक स्रोतबाट वञ्चित गर्ने उद्देश्यले सम्पत्ति फ्रिज र वित्तीय सहयोग निषेध सम्बन्धी बाध्यकारी CFT व्यवस्था स्थापना गरेको छ। यसले तालिबान (पछि Al-Qaida/ISIL Sanctions Regime) विरुद्ध लक्षित प्रतिबन्ध (sanctions) को व्यवस्था गरेको हो। यसको मुख्य उद्देश्य Al-Qaida, Taliban जस्ता Terrorist individuals/groups को financial support रोक्नु रहेको छ। यसले आतंकवादी/आतंकवादी संगठनको सम्पत्ति फ्रिज, कोष तथा वित्तीय सेवा निषेध, लक्षित प्रतिबन्ध (Targeted Sanctions) लाई अनिवार्य बनाउँछ। यही Resolution पछि विस्तार भई Al-Qaida, ISIL (Da÷esh) सम्म लागू हुने १२६७ Sanctions Regime विकसित भयो। यो प्रस्ताव FATF Recommendation ६ (Targeted Financial Sanctions — Terrorism) को प्रमुख अन्तर्राष्ट्रिय आधार हो। यस प्रतिज्ञापत्रका मुख्य प्रावधानहरु यसप्रकार छन्:

→ Operative Paragraph १(a)-Targeted Financial Sanctions / Asset Freezing (CFT को मुख्य उपाय): तालिबानको नियन्त्रणमा रहेका कोष, वित्तीय सम्पत्ति तथा आर्थिक स्रोत फ्रिज (freeze) गर्न सबै सदस्य राष्ट्रलाई निर्देशन।

→ Operative Paragraph १(b)-आतकंवादी क्रियाकलापमा वित्तीय लगानी रोकथाम (Prohibition of Financial Support): तालिबानलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कोष, वित्तीय सेवा वा आर्थिक स्रोत उपलब्ध गराउन निषेध।

→ Operative Paragraph १(c)- Indirect CFT Measure (Support Networks नियन्त्रण): तालिबानलाई सैन्य सहयोग, तालिम वा सहायता उपलब्ध गराउन निषेध।

→ Operative Paragraph २- Domestic AML/CFT Implementation: माथिका प्रतिबन्धहरू लागू गर्न आवश्यक राष्ट्रिय कानूनी तथा प्रशासनिक उपाय अपनाउन निर्देशन।

→ Operative Paragraph ३- Institutional Mechanism for CFT Oversight: Resolution कार्यान्वयनको निगरानीका लागि Sanctions Committee (१२६७ Committee) स्थापना।

→ Operative Paragraph ४ -Monitoring, Reporting & Information Sharing: सदस्य राष्ट्रहरूले प्रतिबन्ध कार्यान्वयन सम्बन्धी सूचना र रिपोर्ट समिति समक्ष पेश गर्नुपर्ने।

**नेपालले UNSCR १२६७ (१९९९) — Taliban Sanctions/Terrorist Asset Freeze लाई निम्नानुसार आत्मसात गरेको छः**

| UNSCR १२६७ का प्रावधान | नेपालको कानूनी प्रावधान | AML/CFT Link |
|---|---|---|
| Freeze / Block Assets of Designated Individuals & Entities | FIU-Nepal monitors UNSCR १२६७ lists; freezes accounts under Money Laundering Prevention Act, २००८ | Ensures financial sanctions on terrorists, aligns with FATF R.६ & R.५ |
| Prevent Transactions & Economic Support to Designated Terrorists | Banks & FIs implement NRB AML/CFT Directives; KYC/CDD applied | STR/CTR reporting to FIU ensures suspicious TF transactions are detected |
| Report to UN & Relevant Authorities | FIU submits reports to Ministry of Finance & international partners; follows Egmont secure reporting guidelines | Compliance with UN Sanctions reporting obligations |
| Monitor & Investigate Transactions Linked to Designated Individuals / Groups | Nepal Police, Department of Revenue, Attorney General÷s Office coordinate with FIU | Investigation & prosecution of terrorism financing under Terrorist & Disruptive Activities (Control & Punishment) Act, २००२ |
| International Cooperation | FIU engages with Egmont Group, APG, SAARC MACM, bilateral MoUs | Facilitates cross-border intelligence sharing and asset tracking |

संक्षेपमा, UNSCR १२६७ को प्रावधान मध्येः Asset Freezing **of** Taliban-linked or UN-designated terrorists लाई नेपालले FIU & MLPA २००८ मा समेटेको छ। Financial Control को लागि बैङ्क तथा वित्तीय संस्थाले बाध्यकारी रुपमा KYC/CDD and AML/CFT निर्देशनको तर्जुमा र कार्यान्वयन गर्ने गरेको छ। Reporting & Intelligence को लागि नेपालको **FIU ले** UN & international partners लाई सुरक्षित reporting सुनिश्चित गरेको छ। Investigation & Prosecution को सन्दर्भमा Nepal Police & OAG ले UNSCR १२६७-listed persons सँग सम्बन्धित TF को अनुसन्धान र अभियोजन गर्दछ। International Cooperation लाई Egmont Group & APG membership ले सुनिश्चितता प्रदान गरेको छ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को यी दुई प्रस्तावबिच मुख्य भिन्नता तालिकामा प्रस्तुत गरिएको छः

| Resolution | १३७३ (२००१) **Broad AML/CFT framework for all terrorist financing** | १२६७ (१९९९) **Targeted sanctions for specific terrorists/entities** |
|---|---|---|
| Focus | Broad, post-९/११ terrorist financing | Specific individuals/entities sanctions |
| AML/CFT Implication | Member states लाई legal framework, CDD, SAR, cross-border cooperation लागू गर्न बाध्य बनाउँछ | Targeted funds freeze, transaction block, financial institution reporting |
| Identify Threat/ Target | Broad terrorist financing threats globally | Specific individuals/entities (e.g., Al-Qaida, Taliban)। |
| Legal & Regulatory Measures | • Terrorist financing criminalize गर्नु। <br>• Financial institutions मा CDD/KYC लागू गर्नु। <br>• Suspicious transaction reporting (SAR) अनिवार्य। | • Sanctioned persons/entities सँग कुनै financial transaction नगर्न directive। <br>• Travel bans र arms embargo लागू। |
| Freeze/Block Funds | • All terrorist financing channels block गर्न उपाय। | • Specific individuals/entities को funds freeze। |
| Monitoring & Reporting | • Financial institutions ले suspicious transactions report गर्ने। | Cross-border financial intelligence sharing between member states |
| Enforcement & Compliance | • Member states ले domestic laws अनुसार implement गर्ने। | • Regular updates from UN lists (especially १२६७) र monitoring |

## २.५ Basel Committee on Banking Supervision:

BCBS सन् १९७४ मा Bank for International Settlements (BIS) अन्तर्गत स्थापना गरिएको हो। यसको मुख्य उद्देश्य बैंकिङ प्रणालीको स्थायित्व, जोखिम व्यवस्थापन र प्रभावकारी सुपरिवेक्षण सुदृढ गर्नु रहेको छ। BCBS का मापदण्डहरू कानूनी रूपमा बाध्यकारी होइनन्, तर विश्वव्यापी रूपमा अपनाइने **best practices** हुन्। बैंकिङ प्रणालीलाई सम्पत्ति शुद्धीकरण र आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यमा दुरुपयोग हुनबाट जोगाउने supervisory framework विकास गर्नु र FATF Standards लाई बैंकिङ सुपरिवेक्षणमा कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्ने जस्ता यसका मुख्य कार्यहरु छन्। यसका प्रमुख दस्तावेजहरु क्रमशः Customer Due Diligence for Banks (२००१, revised २०१६), Sound management of risks related to money laundering and financing of terrorism (२०१४), Basel Core Principles for Effective Banking Supervision (AML/CFT एकीकृत) हुन्। संक्षेपमा भन्नुपर्दा, FATF, Policy & Standards setter (AML/CFT) हो भने BCBS **ले** Banking sector supervisory implementation मा जोड दिन्छ। यस**ले** FATF सिफारिसहरूलाई बैंकिङ सुपरिवेक्षणमा रूपान्तरण गर्छ। यसर्थ, यसले कानून बनाउन नभई, अन्तर्राष्ट्रिय बैङ्किङ्ग मानकहरु तयार गर्छ। (Basel I-IV, risk management, capital adequacy). यसका सदस्यहरुको रुपमा २८ क्षेत्रका केन्द्रीय बैंक/**सुपरिवेक्षण** गर्ने निकाय (प्रमुख वैश्विक वित्तीय केन्द्रहरु) रहेका छन्। यसको महत्वको रुपमा बैंकिङ

प्रणालीको प्रणालीगत जोखिम घटाउने, KYC/CDD, Risk-Based Supervision गर्ने, र सुदृढ आन्तरिक नियन्त्रण
मार्फत सम्पत्ति शुद्धीकरण र आतंकवादी कार्यमा वित्त लगानीलाई रोकथाम गर्ने रहेका छन्। BCBS को AML/CFT framework ले risk-based banking controls, continuous monitoring, reporting, र governance लाई focus गर्छ, ताकि global financial system safe र sound रहोस्। नेपाल यसको सदस्य नभए तापनि नेपाल राष्ट्र बैंकले यो मानक परिपालना गर्छ। यसका मुख्य योगदान निम्नानुसार छन्:

→ ***Customer Due Diligence (CDD/KYC)*** *:ग्राहक पहिचान, लाभग्राही स्वामी (Beneficial Owner) पहिचान, उच्च जोखिम ग्राहकमा* ***Enhanced Due Diligence (EDD)***।

→ **Risk-Based Approach (RBA):बैंकहरूले ग्राहक, उत्पादन, सेवा र भूगोलको जोखिम मूल्याङ्कन गर्नुपर्ने ,स्रोतहरू उच्च जोखिम क्षेत्रमा केन्द्रित।**

→ **Record Keeping & Monitoring:** ग्राहक र कारोबारको रेकर्ड राख्ने, असामान्य/शंकास्पद कारोबार निगरानी प्रणाली।

→ **Governance & Internal Controls:** बोर्ड र वरिष्ठ व्यवस्थापनको उत्तरदायित्व, AML/CFT नीतिहरू, आन्तरिक नियन्त्रण, स्वतन्त्र अडिट।

→ **Supervisory Cooperation:** घरेलु तथा अन्तर्राष्ट्रिय सुपरिवेक्षण निकायबिच सहकार्य ,सीमा पार बैंकिङ जोखिम नियन्त्रण।

## २.६ द फाइनान्सियल क्राइमस् इन्फोर्समेन्ट नेटवर्क (FinCEN) रेगुलेसन्स (The Financial Crimes Enforcement Network Regulations):

FinCEN, USA को Department of the Treasury अन्तर्गत काम गर्ने संस्था हो। यसको मुख्य उद्देश्य financial system लाई misuse हुनबाट रोक्नु हो।अर्थात्, money laundering, terrorist financing, र financial crimes हुनबाट रोक्नु हो। FinCEN Regulations ले AML Program स्थापना, KYC/CDD र Beneficial Ownership, SAR/CTR Reporting, Record keeping, तथा Asset Freezing र Information Sharing मार्फत् अमेरिकाको AML/CFT सम्बन्धी कानूनी र नियामक ढाँचा सुदृढ बनाउँछ। FinCEN regulations ले financial institutions लाई money laundering र terrorist financing रोक्न प्राविधिक र कानूनी framework प्रदान गर्छ। यो global AML/CFT framework (FATF standards) सँग मिल्दोजुल्दो छ। The Financial Crimes Enforcement Network (FinCEN) Regulations (मुख्यतः USA Bank Secrecy Act — BSA, ३१ CFR Chapter X अन्तर्गत) मा रहेका AML/CFT सम्बन्धी प्रमुख प्रावधानहरू निम्नानुसार प्रस्तुत गरिएको छः

→ **३१ CFR §१०१०.२१० — AML Program Requirement- Core AML Framework**

- बैंक तथा वित्तीय संस्थाले लिखित AML Program स्थापना गर्नुपर्ने।
- कार्यक्रममा समावेश हुनुपर्नेः आन्तरिक नीति, प्रकृया र नियन्त्रण, Compliance Officer नियुक्ति, कर्मचारी तालिम, स्वतन्त्र अडिट

→ **३१ CFR §१०१०.२३० — Customer Due Diligence (CDD) Rule- KYC/CDD + Beneficial Ownership Transparency**

- ग्राहकको पहिचान र Beneficial Owner पहिचान अनिवार्य।
- ग्राहकको जोखिम प्रोफाइल बुझ्ने र निरन्तर निगरानी।

→ **३१ CFR §१०१०.३११ / §१०२०.३२० — Suspicious Activity Report (SAR)- Suspicious Transaction Reporting (STR/SAR):**

- शंकास्पद कारोबार देखिएमा SAR FinCEN मा रिपोर्ट गर्नुपर्ने।

- आतंकवादी वित्तपोषण, ML, fraud, structuring आदि समेटिने।

→ **३१ CFR §१०१०.३०६ / §१०१०.३४० — Currency Transaction Report (CTR)- Large Cash Transaction Monitoring:**

- USD १०,००० भन्दा बढी नगद कारोबार भएमा CTR दर्ता।

→ ३१ CFR §१०१०.४१० — Recordkeeping Requirements- Audit Trail & Traceability:

- ग्राहक र कारोबार सम्बन्धी रेकर्ड ५ वर्षसम्म सुरक्षित राख्नुपर्ने।
- Wire transfer, monetary instruments आदिको विवरण।

→ ३१ CFR §१०१०.५२० — Special Measures (USA PATRIOT Act §३११)- Enhanced AML/CFT Measures:

- उच्च जोखिमयुक्त देश, संस्था वा कारोबार माथि Special Measures लागू गर्न सकिने।
- Correspondent banking सीमित/प्रतिबन्धित।

→ ३१ CFR §१०१०.३४० & OFAC Linkage — Asset Freezing / Blocking- CFT Targeted Financial Sanctions:

- UNSCR १२६७/१३७३ तथा OFAC सूची अनुसार
- आतंकवादी वा सूचीबद्ध व्यक्तिको सम्पत्ति freeze/block।

→ ३१ CFR §१०१०.६०५ — Information Sharing (Section ३१४)- AML/CFT Intelligence Sharing:

- ३१४(a): Law enforcement—FinCEN—Financial Institutions सूचना आदानप्रदान
- ३१४(b): Financial Institutions बिच स्वैच्छिक सूचना आदानप्रदान

→ ३१ CFR §१०२० / §१०२२ / §१०२३ Series — Sector-specific Rules- Sector-wide AML Coverage:

- बैंक, MSBs, Broker-Dealers, Insurance, Casinos आदि क्षेत्रगत AML/CFT नियम।

### २.७ युरोपियन युनियनको सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण निर्देशिका (The EU's Anti-Money Laundering and Counter-Terrorist Financing Directives):

EU AML/CFT Directives ले *risk-based approach, customer due diligence, transparency, cross-border cooperation,* र *cryptocurrency regulation* मार्फत Money Laundering र Terrorist Financing नियन्त्रण सुनिश्चित गर्छ। Money Laundering (सम्पत्ति शुद्धीकरण) र Terrorist Financing (आतङ्ककारी वित्त पोषण) रोक्ने, EU भित्रको financial system को सुरक्षा र पारदर्शिता सुनिश्चित गर्ने, सदस्य राष्ट्रहरूलाई समान नियम र न्यूनतम मानकहरू अपनाउन बाध्य पार्ने लगायतका उद्देश्य लिएको युरोपियन युनियनका मुख्य निर्देशिकाहरु निम्नानुसार रहेका छन् :

→ १st AML Directive (१९९१): बैंक र वित्तीय संस्थामा suspicious transaction reporting (STR) को प्रारम्भिक नियम।

→ २nd AML Directive (२००१): ग्राहक परिचय (Know Your Customer — KYC) र due diligence को आवश्यकता।

→ ३rd AML Directive (२००५): उच्च जोखिम ग्राहक र product monitoring मा फोकस।

→ ४th AML Directive (२०१५): Money laundering र terrorist financing जोखिमको risk-based approach अपनाउन, Ultimate Beneficial Owner (UBO) को transparency आवश्यक, Member states लाई FIU (Financial Intelligence Units) मार्फत STR collect गर्न बाध्य।

→ ५th AML Directive (२०१८): Virtual currencies (cryptocurrencies) मा निगरानी, High-risk third countries का transactions reporting।

→ ६th AML Directive (२०२१): Money laundering र terrorist financing लाई EU-wide criminal offense बनाउने, Penalties, liability, र cross-border cooperation मा सुधार।

**यो निर्देशिकाहरुमा रहेका AML/CFT सम्बन्धी मुख्य प्रावधानहरू निम्नानुसार छन्:**

→ Customer Due Diligence (CDD): बैंक, वित्तीय संस्था, र अन्य regulated entities ले ग्राहकको पहिचान र source of funds verify गर्नुपर्छ।

→ Suspicious Transaction Reporting (STR):Financial Intelligence Units (FIUs) मा शंकास्पद लेनदेन रिपोर्ट गर्नुपर्छ।

→ Risk-Based Approach:Transactions, customers, र services अनुसार जोखिम मूल्यांकन गरी monitoring।

→ Beneficial Ownership Transparency: कम्पनी र legal entities को final beneficial owner को पहिचान अनिवार्य।

→ International Cooperation: Cross-border financial crimes नियन्त्रण गर्न EU-wide र third countries सँग सहयोग।

→ Virtual Assets Regulation (५AMLD/६AMLD): Cryptocurrency र digital assets लाई AML/CFT नियम अन्तर्गत ल्याउने।

**निर्देशिकाको महत्वः**

→ EU member states मा समान AML/CFT framework: सदस्य राष्ट्रहरू बिच legal harmonization।

→ Financial system सुरक्षाः सम्पत्ति शुद्धीकरण र आतंकवादी वित्त पोषण रोक्न प्रभावकारी।

→ Transparency र accountability वृद्धिः Beneficial ownership र STR reporting मार्फत।

→ Cross-border crime रोकथामः EU-wide cooperation, FIUs, र law enforcement coordination।

## २.८ संयुक्त राज्य अमेरिकाको Bank Secrecy Act, Anti Money Laundering Act and Patriot Act:

**(क)** Bank Secrecy Act (BSA), १९७० : यस ऐनको मुख्य प्रावधानहरुमा Beneficial Ownership Transparency (कम्पनी र legal entities को final beneficial owners पहिचान अनिवार्य गरिएको, Enhanced Regulatory Authority (Financial Crimes Enforcement Network (FinCEN) लाई बढी अनुसन्धानमूलक अधिकार दिइएको, Cryptocurrency & Digital Assets (AML rules cryptocurrency transactions मा पनि लागू हुने, Stronger Penalties (Money laundering अपराधमा सजाय र जरिवाना बढाइएको) आदि रहेका छन्।

Financial institutions मा transparency सुनिश्चित गर्ने ,Money laundering र tax evasion रोक्न प्राथमिक कानूनी आधार प्रदान गर्ने मुख्य उद्देश्य रहेको यस ऐन अमेरिकाको AML संरचना को आधार मात्र नभई Financial transparency र कानून कार्यान्वयनको पहिलो कदम पनि हो।

**(ख)** Anti-Money Laundering Act (AMLA), २०२ :Money laundering विरुद्ध USA को सबैभन्दा व्यापक सुधारात्मक अभ्यासको रुपमा रहेको यस ऐनले BSA सुधार गर्दै modern financial system र virtual assets सम्म निगरानी विस्तार गर्ने कार्य गरेको छ। BSA लाई modernize गरेर वर्तमान वित्तीय प्रविधि र transnational crime अनुकूल बनाउन यसको महत्वपूर्ण भूमिका रहेको छ। यस ऐनले Corporate transparency र cryptocurrency निगरानीमा सुधार ल्याएको छ।

**(ग)** USA PATRIOT Act, २००१: यो ऐन ९/११ आतंकवादी आक्रमण पछि terrorist financing रोक्न निर्मित विशेष कानूनको रुपमा रहेको छ। विशेषतः यो ऐन AML र CFT (Counter-Terrorist Financing) सँग सम्बन्धित छ। आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोकथाम गर्न र Financial intelligence र law enforcement agency बिच coordination सुदृढ गर्न यस ऐनको महत्वपूर्ण भूमिका रहेको छ।यसका प्रमुख प्रावधानहरु निम्नानुसार छन्:

→ Customer Identification Program (CIP):
- बैंकले नयाँ ग्राहकको identity verify गर्नुपर्छ।

→ Enhanced Due Diligence (EDD):
- High-risk customers र foreign financial institutions को अतिरिक्त निगरानी।

→ Information Sharing:
- Financial institutions र law enforcement agencies बिच सार्वजनिक/गोप्य सूचना आदानप्रदान।

→ Terrorist Financing Monitoring:
- Suspicious Transaction Reports (STRs) मार्फत terrorist financing को पहिचान।

**USA का प्रमुख AML/CFT कानूनहरूलाई संक्षेपमा तालिकामा प्रस्तुत गरिएको छः**

| कानून | वर्ष | उद्देश्य | प्रमुख प्रावधान | महत्व |
|---|---|---|---|---|
| Bank Secrecy Act (BSA) | १९७० | Money laundering र tax evasion रोक्न | CTR, SAR, AML compliance | USA AML framework को आधार |
| Anti-Money Laundering Act (AMLA) | २०२० | Modernize AML, cryptocurrency निगरानी | Beneficial ownership, FinCEN powers, digital asset oversight | Corporate transparency र modern AML सुनिश्चित |
| USA PATRIOT Act | २००१ | Terrorist financing रोक्न | Customer Identification, EDD, STR, info sharing | CFT emphasis, financial intelligence सुदृढ |

**२.९ संयुक्त अधिराज्यको Proceeds of Crime Act, २००२ र Terrorism Act, २०००:**

**(क)** Proceeds of Crime Act (POCA), २००२: अवैध स्रोतबाट प्राप्त सम्पत्ति/सम्पत्ति नियन्त्रण र जफत गर्ने र Money Laundering र criminal property को व्यवस्थापन सुनिश्चित गर्ने प्रमुख्

उद्देश्य यस ऐनको रहेको छ। यसर्थ, UK मा Money Laundering रोकथामको मुख्य कानूनको रुपमा यो ऐन रहेको छ। यस ऐनले Law enforcement agency लाई criminal property नियन्त्रण र economic crime investigation को लागि अधिकार सृजना गरेको छ। यस ऐनको मुख्य प्रावधान निम्नानुसार रहेका छन्:

→ **Money Laundering अपराधको परिभाषा**

- Criminal property प्राप्त गर्ने, प्रयोग गर्ने, वा conceal गर्ने कार्यलाई अपराध ठहर।

→ **Confiscation & Forfeiture**

- अपराधीको सम्पत्ति जफत (Confiscation Order) र अदालतको आदेश अनुसार फिर्ता।

→ **Suspicious Activity Reporting (SAR)**

- Financial institutions र regulated entities लाई शंकास्पद लेनदेन रिपोर्ट गर्न बाध्य।

→ **Civil Recovery**

- Criminal prosecution बिना पनि civil court मार्फत सम्पत्ति फिर्ता गर्ने प्रकृया।

**(ख)** Terrorism Act, २००० : Terrorist acts, financing र associated activities रोक्ने र Terrorist financing विरुद्ध criminal penalties र asset freezing सुनिश्चित गर्ने प्रमुख उद्देश्य यस ऐनको रहेको पाइन्छ। यस ऐन UK मा CFT framework को आधार र Terrorist financing रोक्न financial surveillance र law enforcement coordination सुनिश्चित गर्ने आधारको रुपमा रहेको छ।यस ऐनका प्रमुख प्रावधानहरु निम्नानुसार रहेका छन्:

→ **Terrorist Financing को अपराधीकरण**

- Terrorist organizations वा individuals लाई financial support प्रदान गर्ने कार्य अपराध।

→ **Asset Freezing / Seizure**

- Terrorist financing मा प्रयोग हुने सम्पत्ति तुरुन्त जफत वा freeze गर्न अनुमति।

→ **Reporting Obligations**

- Banks, financial institutions र regulated entities लाई **Suspicious Activity Reports (SARs)** गर्न बाध्य।

→ **International Cooperation**

- Cross-border terrorist financing investigation र extradition मा सहयोग।

**UK को AML/CFT कानूनहरूलाई संक्षेपमा तालिकाबद्ध गरिएको छ:**

| कानून | वर्ष | उद्देश्य | प्रमुख प्रावधान | महत्व |
|---|---|---|---|---|
| Proceeds of Crime Act (POCA) | २००२ | Money laundering रोक्न | Money laundering अपराध, Confiscation, SAR, Civil recovery | Criminal property नियन्त्रण, AML framework को आधार |
| Terrorism Act | २००० | Terrorist financing रोक्न | Terrorist financing अपराध, Asset freezing, SAR, intl cooperation | CFT framework को आधार, cross-border surveillance |

**२.१० भारतको Prevention of Money Laundering Act, २००२ (PMLA)**: यही ऐनद्वारा भारतमा सम्पत्ति शुद्धीकरणलाई नियन्त्रण गरिन्छ। यसको मुख्य उद्देश्य अवैध आम्दानीलाई वैध जस्तो देखाउने काम रोक्नु हो। यसर्थ, अवैध स्रोतबाट प्राप्त रकम वा सम्पत्तिलाई वैध स्रोतको रुपमा प्रस्तुत गर्न रोक्नु, आर्थिक अपराध (जस्तै भ्रष्टाचार, कर चोरी, ड्रग्स कारोबार) मा संलग्न व्यक्तिहरूलाई दण्डित गर्नु र वित्तीय संस्थाहरूलाई नियमन र निगरानी मार्फत् अपराध रोक्न सहयोग गर्नु यसका प्रमुख उद्देश्यहरु हुन्। यस ऐनलाई सन् २००५, २००९ र २०१२ मा संशोधन गरी थप कडा बनाईएको छ। ठूला आर्थिक अपराध रोक्न र अन्तर्राष्ट्रिय मापदण्ड (FATF) अनुरूप भारतीय कानून अनुकूल बनाउन पनि संशोधन गरिएको थियो। यसका मुख्य प्रावधानहरु निम्नानुसार रहेका छन्:

→ **परिभाषाः**

- Money Laundering: अवैध स्रोतबाट सम्पत्ति प्राप्त गरी त्यसलाई वैध देखाउने प्रकृया।

→ **अधिकार क्षेत्रः**

- Enforcement Directorate (ED) ले PMLA अनुसार अनुसन्धान र दण्ड प्रकृया अघि बढाउँछ।

→ **अनुसन्धान र दण्डः**

- यदि कसैले अवैध सम्पत्ति राखेको पाएमा ED ले तिनीहरूको सम्पत्ति जफत (Attachment) गर्न सक्छ।
- दोषी ठहर भएमा जेल सजाय वा जरिवाना लाग्न सक्छ।

→ **रिपोर्टिङ आवश्यकताहरूः**

- बैंक, वित्तीय संस्था, र अन्य कारोबारिक संस्थाहरूले Suspicious Transaction Report (STR) र Cash Transaction Report (CTR) दर्ता गर्नु अनिवार्य छ।

**यस ऐनका सवल र दुर्वल पक्षहरुलाई निम्नानुसार रहेका छन्:**

**सबल पक्षहरुः**

→ **अवैध सम्पत्ति नियन्त्रणः**

- PMLA ले अवैध आम्दानीलाई वैध देखाउने प्रकृया रोक्न महत्वपूर्ण कानूनी आधार दिएको छ।

→ **निगरानी प्रणालीः**

- बैंक र वित्तीय संस्थाहरूले रिपोर्टिङ (STR, CTR) गर्नुपर्ने भएकाले वित्तीय लेनदेनको निगरानी बढेको छ।

→ **अन्तर्राष्ट्रिय मान्यताः**

- PMLA संशोधनले भारतलाई FATF (Financial Action Task Force) का मापदण्डमा राख्न सहयोग गरेको छ।

→ **सजायको प्रभावकारिताः**

- जफत (Attachment) र जेल सजायको प्रावधानले अपराध रोक्न प्रभावकारी संयन्त्रको रूपमा काम गर्छ।

**दुर्वल पक्षहरुः**

→ **अनुसन्धान प्रकृया ढिलोः**

- ED को अनुसन्धान प्रायः लामो समय लाग्छ, जसले गर्दा प्रारम्भिक रोकथाम कमजोर पर्न सक्छ।

→ **न्यायिक प्रकृया जटिलः**

- अदालतमा मुद्दा लम्बिने र कानूनी जटिलताका कारण सजाय तत्काल प्रभावकारी हुँदैन।

→ **आन्तरिक भ्रष्टाचार र संयन्त्रको कमीः**

- केही स्थानमा अनुसन्धान टोली र निगरानी प्रणाली कमजोर भएका कारण सम्पूर्ण प्रभावकारिता कम हुन्छ।

→ **अन्तर्राष्ट्रिय लेनदेन नियन्त्रणमा चुनौतीः**

- अन्तर्राष्ट्रिय वित्तीय प्रवाहमा अवैध पैसा सजिलै लुकाउन सकिने भएकाले पूर्ण नियन्त्रण कठिन हुन्छ।

भारतमा यस ऐनको प्रभावकारिताको विश्लेषण संक्षेपमा यसप्रकार छः

**केस दर्ता र जफत/सामग्री कारबाहीः**

- २०१४—२०२५ मा ED ले ६,३१२ वटा PMLA केस दर्ता गरेको छ, जसमा धेरै प्रकरणहरु बैंकिङ/आर्थिक फर्जीवाडासँग सम्बन्धित छन्।
- २०२४—२५ मा मात्र ED ले ७७५ नयाँ अनुसन्धान सुरू गरेको र ₹३०,०००+ करोड बराबर सम्पत्ति जफत गरेको रिपोर्ट गरिएको छ।
- विगतमा ED द्वारा आर्थिक अपराधका सम्पत्ति जफत/अट्याचमेन्ट कार्यभार अत्याधिक रहेकामा आशय आधारित मोटा आँकडा पनि देखा परेका छन्।

**न्यायिक कारबाहीः ट्रायल र सजाय** (सरकारको हालको प्रतिवेदन अनुसार)

- सन् २०१४ देखि २०२५ सम्ममा लगभग १२० व्यक्ति मात्रै दोषी ठहर (convicted) भएका छन्।

# परिच्छेद - तीन
# न्यायिक दृष्टिकोण तथा सो को सार संक्षेप

## ३.१ सर्वोच्च अदालत

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| १ | अ.दु.अ.आ वि. गणेश अर्यालसमेत नेकापः २०७१ निर्णय नंः ९१४९ | शाखा अधिकृत गणेश अर्यालले शाखा अधिकृत बनेको ६ वर्षमा (२०५९ भदौसम्म) एक करोड पाँच लाख १२ हजार ९२९ रुपैंया बराबरको चल-अचल सम्पत्ति कमाएको; १८ लाख ३५ हजार २१९ रुपैंया बराबरको मात्र स्रोत खुलेको, ८६ लाख ७७ हजार ६४० रुपैंया गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने आरोपपत्र । | संयुक्त/ सफाइ | सम्पत्ति कति आर्जन गऱ्यो भन्ने प्रयोजनका लागि तत्काल कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्यांकन गरिने हो। न कि कति थियो वा हुन सक्थ्यो होला भनी अनुमान गर्ने हो । | यो फैसला अनुसार कसैले अवैध सम्पत्ति आर्जन गऱ्यो र पछि अनुसन्धान हुँदा उसको स्वामित्वमा केही पनि देखिएन वा थोरै देखियो भने भेटिएको सम्पत्ति मात्र अनुसन्धानको दायरामा आउने देखिन्छ। अर्थात् लुकाएको सम्पत्तिको स्रोत पुष्टि गर्नु पर्ने अवस्था नदेखिने। |
| २ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग वि. अभिषेक गिरी समेत ०७९-CF-००१२ | प्रतिबादी अभिषेक गिरीको लुम्बिनी बैङ्कको आफ्नो खातामा विभिन्न मितिमा कूल रकम रु.१.१९,४५,०४८।७२ रहेको र हाल उक्त खातामा रु.३.५१२।६२ मौज्दात रहेको; निजकी श्रीमती प्रतिवादी अनिशा गिरीको पनि सोही बैङ्कमा विभिन्न मितिमा कूल रक्कम रु.१,६०,९१,०१४।०२ रहेको र हाल उक्त खातामा रु.२,०१३।३६ मौज्दात रहेको; हालसम्म कायम हुन आएको एकमुष्ट रकम रु.२,९४,४६,५८८।७२ प्रतिवादी अभिषेक गिरीले विभिन्न कसूरमा संलग्न रही कमाएको रकम सहप्रतिवादी अनिशा गिरीलाई नियन्त्रण समर्पण गरी सम्पत्ति शुद्धीकरण कसूर गरेको मुख्य आरोप । | पूर्ण / सफाइ | बिगो निर्धारण गर्दा खातामा मौज्दात रकमलाई मात्र आधार नमानी कारोबार भएको सबै नगदलाई समेट्नुपर्ने । सम्पत्ति शुद्धीकरणको कसूर निरन्तर हुने अपराध भएकाले आपराधिक क्रियाकलापबाट आर्जित आम्दानी वा लाभ वित्तीय प्रणालीमा प्रयोग हुन्जेल त्यसको आपराधिक दायित्व पनि रहिरहने । गैरकानूनी रूपमा आर्जित सम्पत्तिको दूषित स्रोत लुकाउने, चोख्याउने उद्देश्यले स्वामित्व वा नियन्त्रण समर्पण गरेकै आधारमा सम्बद्ध धनलाई सम्पत्ति शुद्धीकरणको कसूरबाट बाहेक गर्दै जाने हो भने अभियुक्तले सजिलै आफ्नो आपराधिक | यस पूर्ण इजलासको फैसलाले सर्वोच्च अदालतको निर्णय नंः ९१४९ को पुरानो नजीर उल्टाएर नयाँ सिद्धान्त प्रतिपादन गरेसँगै सम्पत्ति शुद्धीकरणका मुद्दामा खाताबाट निकालि सकिएको रकमको स्रोत समेत पुष्टि गर्नुपर्ने भएको छ। त्यसअघि खातामा मौज्दात रकमलाई मात्र बिगो कायम गर्नुपर्ने सर्वोच्च अदालतकै नजीर थियो। अर्थात् गैरकानूनी रूपमा कमाएको सम्पत्ति बेचबिखन गरी सकेको वा कसैको नाममा लुकाएको भए त्यो सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसूरमा आउँदैनथ्यो। तर अब सम्पूर्ण कारोबार नै |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | | | दायित्वबाट उन्मुक्ति पाउने ।<br>गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति तहगत संरचना बनाएर लुकाउने गरिन्छ। अवैध सम्पत्ति जस्तोसुकै अवस्थामा पुगे/रहे पनि त्यसलाई अनुसन्धानको दायरामा ल्याउनु सम्पत्ति शुद्धीकरण ऐन बनाउँदाको विधायिकी मनसाय रहेको ।<br>सम्पत्तिको मूल स्रोत नै दूषित भएपछि सोपश्चात्का कार्यहरू कदापि वैध हुन सक्दैनन् भन्ने सम्पत्ति सम्बन्धी विधिशास्त्रीय मान्यता रहेको । | अनुसन्धानको दायरामा आउने देखिन्छ । |
| ३ | सुनील जयसवालसमेत वि. ने. स ने.का.प.२०७० नि.नं.९०५४ | प्रतिवादीहरू सुनील जैसवाल र श्रवण साहबाट बरामद भएको रूपैयाँ २८,४०,०००।- को स्रोतको सम्बन्धमा स्रोत खुलेको समेत देखिन नआएकाले प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण कसूर गरेको मुख्य आरोप । | संयुक्त/ सफाइ | प्रतिवादीहरूले नेपाली रूपैयाँ बोकी हिँड्नु मात्र आफैँमा कसूरजन्य कार्य हुन सक्दैन। कसूरजन्य कार्य तबमात्र मान्न सकिन्छ जब त्यस्तो रकम गैरकानूनी रूपमा आर्जन गरेको वा कानून प्रतिकूल रूपमा लिएको वा धारण गरेको हुन्छ ।<br>रूपैयाँ सहटीको प्रयोजनका लागि धारण गरेकोसम्म कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ को दफा ४(ङ) मा उल्लेख भएअनुसार विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको उल्लङ्घन गरेको मान्न नमिल्ने। | यस मुद्दाले विदेशी विनिमय कानून उल्लङ्घन र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) दुई भिन्न कानून अन्तर्गतका दुई भिन्न अपराध हुन् भएकाले एउटा कसूरलाई अर्कोमा रूपान्तरण गर्न मिल्दैन भन्ने आशय व्यक्त गरेको छ । यसरी अदालतले कानूनको विशिष्टता (Specificity of Law) को सिद्धान्त लागू गर्दै प्रत्येक कसूरको आफ्नै स्वतन्त्र तत्त्व र परिभाषा हुने कुरालाई स्पष्ट रूपमा व्यक्त गरेको छ। |
| ४ | माधवकुमार भगत विरूद्ध ने.स. नेकाप २०७२.नि.न ९४०६ | भारतीय नागरिकहरू प्रतिवादी अशोक कारखले आफूबाट बरामद भएको रू.८,६०,०००।- तथा प्रतिवादी माधवकुमार भगतले आफूबाट बरामद भएको रू.९,५०,०००।- कसरी प्राप्त भएको सोको यकिन स्रोत खुलाउन नसकेको; दुवै | संयुक्त/ ठहर | सम्पत्ति शुद्धीकरण आफैँमा सम्बद्ध कसूर (Predicate offence) होइन अपितु मूल कसूरको सह उत्पादन (By Product) को रूपमा सहअपराध (Secondary Offence) हो। मूल कसूरलाई लुकाई छिपाई त्यसबाट आर्जित | यस फैसलाले नि.नं.९०५४ मा प्रतिपादित भएको नजिरलाई overrule गरेको देखिन्छ। यस फैसलामा Pragmatic र Anti-foundational व्याख्या भई मूल कसूर किटान नगरे पनि अस्वाभाविक सम्पत्ति देखिएमा मात्र प्रमाणको |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | प्रतिवादीले बरामदी नेपाली रूपैयाँ आफूहरुबाट बरामद भएको भन्ने तथ्यलाई स्वीकार समेत गरेकोले सम्पत्ति शुद्धीकरण कसूर गरेको मुख्य आरोप । | | सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसूर यस ऐनअन्तर्गत पर्ने । अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भन्ने प्रमाणित गर्नुपर्ने प्रमाण भार प्रतिवादीमा राखिएको हो । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नुपर्ने हुँदा वादीले यो वा त्यो आतङ्ककारी अपराधबाट आर्जित गरेको सम्पत्ति हो भनी किटान गर्नु पर्ने बाध्यता कानूनले गरेको देखिँदैन त्यस्तो आय स्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसूरको लागि पर्याप्त हुने । | भार प्रतिवादीतर्फ सर्छ भन्ने संकेत गरेको छ । |
| ५ | माधवकुमार भगत विरूद्ध ने. स.नेकाप २०७३.नि.न ९७०८ | नि.नं.९०५४ र नि.न ९४०६ मा प्रतिपादित नजिर एकअर्कामा बाभिएकाले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३ (ख) बमोजिम पूर्ण इजलासमा पेश हुने आदेश भएको । | पूर्ण | सम्पत्ति शुद्धीकरण आफैंमा सम्बद्ध कसूर नमानिने तर मूल कसूरको सह-उत्पादनको रूपमा सह अपराध मानिने । मूल कसूरबाट आर्जित सम्पत्तिलाई लुकाउन गरिने बहुआयामिक वित्तीय अपराध सम्पत्ति शुद्धीकरण रहेको । | यस फैसलाले नि.न. ९४०६ मा प्रतिपादित भएको नजिरलाई सदर गरी सम्पत्ति शुद्धीकरणलाई “Standalone Offence” को रुपमा समेत लिएको देखिन्छ । |
| ६ | दावा टासी लामा वि. ने.स नेकाप २०७२, नि.नं.९४९९ | काठमाडौंबाट दिल्ली जाने क्रममा अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंमा दावा टासी लामाको साथबाट सुटकेशभित्र यूरो १,९५,०००।— बरामद भएको; उल्लिखित मुद्राहरू बौद्धमा बस्ने चाइनिज नागरिक आङ्गजिङ्गले दिल्लीमा लाक्पा लामालाई पुऱ्याई दिनु भनेका र सोबापत नाफाको १० प्रतिशत रकम पाउने कुरा भएको; उल्लिखित बरामदी विदेशी मुद्राहरूको स्रोत नखुलेकाले प्रतिवादीलाई सम्पत्ति शुद्धीकरण कसूर गरेको मुख्य आरोप । | संयुक्त। कसूर ठहर | निकै ठूलो परिमाणको रकम कसैले बोकेको सुटकेसबाट बरामद हुन्छ र त्यसको साँचो पनि निजबाटै बरामद भएको अवस्थामा रकमको मालिक यो हो भनि यकिन वतनसमेत देखाई पहिचान गराउन नसकेको अवस्थामा जसको साथबाट बरामद भएको हो उक्त रकम विषयको सम्पूर्ण कानूनी दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी उसैमा रहन्छ । कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको | यस फैसलाले सम्पत्ति शुद्धीकरण अपराधमा प्रमाणको विपरीत भार (Reverse Burden of Proof) को सिद्धान्तलाई थप पुष्टि गरेको छ। यसैगरी यस फैसलाले रकम ओसार्ने व्यक्तिले आफूलाई जानकारी नभएको भन्न प्रतिरक्षा सम्पत्ति शुद्धीकरण कसूरमा लागू नहुने भनी Wilful Blindness को अवस्थामा पनि Courier/Mule ले अपराधिका दायित्व बहन गर्नु पर्ने समेत बताएको छ । |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | | | तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ । | |
| ७ | ने.स. वि. सरिता गिरी राईसमेत नेकापः२०७३, नि.नंः ९५४१ | प्रतिवादी निर्मल राई भन्ने निरन्जन होजाईले स्रोत नखुलेको रू. ८,६३,४७,४७४।०१ बराबरको अवैधानिक सम्पत्तिको कारोबार गरेको; निर्मल राईको श्रीमती प्रतिवादी सरिता गिरी राईले रू.४,५१,८२,३०६।०१ बराबरको स्रोत नखुलेको सम्पत्ति सञ्चित तथा कारोबार गरेको; प्रतिवादीहरू रामचन्द्र गिरी, सेति गिरी, राजु गिरी, सिता गिरीले प्रतिवादीहरू निर्मल राई र सरिता गिरीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति लुकाउने छिपाउने कार्यमा मद्दत पुऱ्याएको मुख्य आरोप । | संयुक्त केही सफाइ/ केही ठहर | प्रतिवादीले आफ्नो जीवित पतिको मृत्यु भएको भनी मृत्युदर्ता प्रमाणपत्र बनाई निजको नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई आफ्ना नजिकका नातेदार बाबु, आमा, दाजु, भाउजूका नाममा कुनै रकम नलिई तहतह हक हस्तान्तरण गरी दिएको अवस्थामा सम्पत्ति शुद्धीकरणको कसूर अपराध गरी आर्जन गरेको सम्पत्ति प्राप्त गरेको तथा निजका नामको सम्पत्ति पत्नीले आफ्ना नाममा नामसारी गरी तहतह हस्तान्तरण गरी पतिले गरेको कसूर अपराधको कार्यमा सहयोगीको भूमिका निभाएको देखिएकोले मतियार सरह सजाय हुने<br><br>विभिन्न प्रतिवादीहरूलाई ठहर वा सफाइको मुख्य आधारः<br>क. **<u>निर्मल राई भन्ने निरन्जन होजाई (मुख्य कसूरदार ठहर):</u>** निज गैह्रनेपाली नागरिक देखिएको, निजले झुठ्ठा विवरण दिई २०६३ सालमा निर्मल राईको नामबाट नेपाली नागरिकताको प्रमाणपत्रसमेत लिई | यस फैसलाले प्रतिवादीहरू सेती गिरी र रामचन्द्र गिरीलाई सफाइ दिइए पनि निजहरूको नामको सम्पत्ति जफत गर्ने निर्णय गरेको छ। तसर्थ सम्पत्ति शुद्धीकरण मुद्दामा प्रतिवादीहरू सफाइ पाएको अवस्थामा समेत निजहरूले सम्पत्तिको स्रोत देखाउन नसकेमा सम्पत्ति जफत हुन समेत सक्ने देखिन्छ। त्यसैगरी यस मुद्दाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३०(५) अन्तर्गतको कसूर गर्न उद्योग गर्ने, मद्दत गर्ने वा दुरुत्साहन दिने अवस्था के कसो हुन सक्दछ भन्ने विषयमा विस्तृत व्याख्या समेत गरेको छ । |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | | | विभिन्न फर्महरू खडा गरिकरोडौं रूपैयाँको कारोबार गरेको पाइएको।<br>ख. **प्रतिवादी सरिता गिरी राई (दुरूत्साहनकर्ता ठहर)**ः निजले आफ्ना नाममा रहेको नगद, जग्गा लगायतका सम्पत्ति आफ्नो वैध आर्जनको हो भनी देखाउन नसकेको।<br>ग. **अन्य प्रतिवादीहरू (सफाइ)**ः निजहरू आफ्नी छोरी, बहिनी तथा नन्द नाताकी प्रतिवादी सरिताको आग्रहमा निजका नामको सम्पत्ति आफ्ना नाममा नामसारीसम्म गराई लिएको सम्म मात्र देखिएको। | |
| ८ | दुलारी देवी विरूद्ध सम्पत्ति शुद्धीकरण विभाग समेत नेकाप २०७३ नि.नं.९६८० | यसमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागू हुनुपूर्व आर्जन गरेको जाय जेथा रोक्का गर्ने कार्यले रिट निवेदकको वृद्ध अवस्थामा जीवन यापनको आधार नै समाप्त भएकोले सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लागू हुनुपूर्व आर्जन भएको सम्पत्ति रोक्का राख्ने गरी विपक्षी व्युरोबाट जारी भएको पत्र एवं सो पत्रसँग सम्बद्ध निर्णय एवं अन्य पत्र तत्काल कार्यान्वयन नगर्नु नगराउनु भन्नेसमेत बेहोराको रिट निवेदन रहेको । | संयुक्त रिट खारेज | यसमा गैरकानूनी तवरले ठुलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरी उपर अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष निस्कन्छ सोहीबमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भइरहेको काम कारबाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने । | यस आदेशले सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान प्रकृयामा न्यायिक पुनरावलोकनको सीमा र अनुसन्धान निकायको स्वतन्त्रताको सिद्धान्तलाई सम्बोधन गरेको छ। अदालतले अनुसन्धान प्रकृया जारी रहेको अवस्थामा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न नमिल्ने भन्ने मान्यता राख्दा प्रकृयागत न्याय र शक्ति पृथकीकरणको सिद्धान्तलाई आधार बनाएको देखिन्छ। |
| ९ | कमलेश द्विवेदी वि. प्र.म.का.समेतनेकाप २०६७,नि.नं.८४५२) | प्रस्तुत रिट निवेदनमा अर्थ मन्त्रालयले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले अधिकार दिएको जिकिर लिई मिति २०६५।६।३ को नेपाल राजपत्रमा प्रकाशित आदेशको दफा ३४ को | संयुक्त रिट जारी | राज्यलाई कर तिरेको नाताले गैरकानूनी तवरले कमाएको सम्पत्ति हो भने त्यस्तो सम्पत्ति स्वतः Legalise हुने व्यवस्था हुन सक्तैन । | यस आदेशले सम्पत्ति शुद्धीकरण विरुद्धको कानूनी संरचनाको मूल दर्शन र उद्देश्यलाई संवैधानिक परीक्षणको माध्यमबाट स्थापित गरेको छ। सर्वोच्च अदालतले राज्यलाई कर |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | संवैधानिकता परीक्षणसँग सम्बन्धित रहेको; उक्त आदेशको दफा ३४ ले जुनसुकै स्रोतवाट आर्जन गरेको आय सम्पत्ति भए पनि २०६५ साल माघ मसान्तभित्र कर तिरेमा वैद्य सम्पत्ति हुने, कुनै पनि निकायबाट छानविन नगरिने र त्यस्तो कर तिर्ने घोषकलाई कुनै पनि ऐनबमोजिम मुद्दा चलाउन वा सजाय गर्न सकिने छैन भन्ने व्यवस्था गरिएको; उक्त व्यवस्थाले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार वा अनियमित कार्य गर्ने विरुद्ध अनुसन्धान र अभियोजन गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग र त्यस्ता मुद्दा तथा सम्पत्ति शुद्धीकरण ऐन बमोजिम मुद्दा हेर्न पाउने न्यायिक अधिकारमा हस्तक्षेप भएको; आपराधिक कार्यवाट गरेको आर्जनले वैद्यता पाएकोले उक्त आदेश बदर हुनुपर्ने रिट निवेदकको मागदावी । | | छानबीन अनुसन्धान हुन नै नपाउने हुन नसक्ने । राज्यलाई दश प्रतिशत कर तिरेकै भरमा जस्तोसुकै गैरकानूनी स्रोतबाट आर्जन गरेको सम्पत्ति वैध मानिने र कुनै कारवाही वा सजाय गर्न नपाउने हो भने उक्त समुच्चा ऐनको व्यवस्था प्रयोजनविहीन हुन पुग्ने । | तिरेको नाताले गैरकानूनी तवरले कमाएको सम्पत्ति स्वतः वैध (Legalise) हुने व्यवस्थालाई अस्वीकार गर्दै सम्पत्ति शुद्धीकरणमा राज्यले शून्य सहनशिलता नीति अपनाउनु पर्ने आशय व्यक्त गरेको छ । यसमा सर्वोच्च अदालतले कुनै पनि आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई राज्यको राजस्व प्रणाली मार्फत वैधानिकता प्रदान गर्न नसकिने स्पष्ट पारेको छ। |
| १० | रभिस तथा रबिस पाठक भन्ने रबिश चन्द्र पाठक वि. नेपाल सरकार ०७८-CR-०२३६ | प्रतिवादी छोटु भन्ने नितेश तिवारी र प्रतिवादी रबिश चन्द्र पाठक दुबैको साथबाट गरी जम्मा रु.३५,४४,००० बरामद हुन आएको; दुवै प्रतिवादीले सो रकम फरार प्रतिवादी धिरज तिवारीको रहेको भनी अनुसन्धानको क्रममा बयान गरेको; प्रतिवादीहरुलेले बरामद सम्पत्तिको स्रोत प्रमाणित गर्न नसकेकोले सम्पत्ति शुद्धीकरण कसूर गरेको मुख्य आरोप । | संयुक्त ठहर | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ ले सम्पत्ति शुद्धीकरणको कसूरलाई सह-अपराध भनी उल्लेख भएता पनि दफा २९ ले सम्पत्ति शुद्धीकरणको कसूरलाई स्वतन्त्र कसूर (standalone offense) रुपमा लिएको देखिन्छ। सम्बद्ध कसूरमा अभियोजन नभएतापनि सम्पत्ति शुद्धीकरणको कसूरमा कारबाही हुने गरी ऐनको दफा ३ ले गरेका व्यवस्था भन्दा फरक प्रावधान गरी दफा २९ बमोजिम स्वतन्त्र कसूरमा मात्रै पनि कारबाही चलाउन सक्ने गरी ऐनमा | यस फैसला मार्फत अदालतले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३ र दफा २९ बिचको स्पष्ट भिन्नतालाई व्याख्या गर्दै सम्पत्ति शुद्धीकरणलाई 'Standalone Offense' को रूपमा मान्यता दिएको छ। यस आदेशले 'Asset-Based Approach' को सिद्धान्तलाई अंगीकार गरेको छ । यो सिद्धान्त "Follow the Money (अपराधबाट उत्पन्न सम्पत्तिमा बढि ध्यान केन्द्रित गर्ने)" को मान्यतामा आधारित छ । |

| क्र.सं. | विवरण | आरोपपत्र/अभियोगपत्र/रिट निवेदनको संक्षिप्त विवरण | इजलास /फैसला | नजिर प्रतिपादित | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | | | विधायिकी मनसाय व्यक्त भएको पाइन्छ। | |

## ३.२ विशेष अदालत

| क्र.सं. | मुद्दाको नाम | मुद्दाको मुख्य दावी | फैसला | निर्णयधार | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| १. | ने.स. वि. बृजकिशोर कुमार समेत मुद्दा नंः ०७६-CR-००६४ | ९. मिति २०७६।०२।२७ भारत तर्फ मोटरसाइकल जाने क्रममा चेक जाँच गर्ने क्रममा बृजकिशोर कुमारबाट जम्मा ने.रु. ५७,७९,४९० बरामदी भएको; बृजकिशोरले बरामदी रकम अर्का प्रतिवादी विरेन्द्रप्रसाद यादवको रहेको भनी मौकामा र अदालत समक्ष वयान गरेको; प्रतिवादी विरेन्द्रप्रसाद यादवले उक्त रकम आफ्नो रहेको भनी अदालत समक्ष बयान गरेको; प्रतिवादीहरुले गैरकानूनी आर्जन गरेको बरामदित रकम रु.५७,७९,४९०/- भारतबाट नेपाल ल्याई स्रोत लुकाउने वा छल्ने तथा स्थानान्तरण समेत गरी सम्पत्ति शुद्धीकरणको कसूर गरेको भन्ने **मुख्य आरोप** । | अभियोग मागदावीबाट सफाइ, बरामद रकम जफत | दफा २९ को व्यवस्थाको आधारमा सम्पत्ति शुद्धीकरणको कसूर स्वतन्त्र कसूर (standalone offence) हो भन्न मिल्छ ।<br><br>कसूर पुष्टि हुन दाबीको सम्पत्ति "कसूरबाट प्राप्त सम्पत्ति" (Proceeds of crime) हो भन्ने पुष्टि गर्नुपर्छ। सो कसूर कानूनमा सूचीकृत कसूर नै हुनुपर्ने व्यवस्था छ। यस ऐनको दफा २ को देहाय (ज) मा कसूरबाट प्राप्त सम्पत्तिको परिभाषा बाहिर गई कसूर ठहर गर्न मनासिव देखिँदैन। यसरी अभियोजनकर्ताले दफा २९ अन्तर्गत अभियोगदाबी लिइरहँदा सो दफा बमोजिम अभियोग ठहर हुने अवस्था पनि देखाउनुपर्छ। यस दफा २९ लाई दफा ३ को व्यवस्थासँग सामञ्जस्य हुने गरी व्याख्या (Harmonious construction) गर्नुपर्छ । यस दफा २९ ले दफा ३ को व्यवस्थालाई निस्कृय तुल्याउने गरी व्याख्या गर्नुपर्छ भन्ने विधायिकी मनसाय हुन सक्दैन। | यस फैसलाले सम्बद्ध कसूर पुष्टि नभए तापनि वा सम्बद्ध कसूरमा मुद्दा नै नचलेता पनि स्वतन्त्र रुपमा सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन बाधा छैन भन्ने स्पष्ट पारेको छ। |
| २. | ने.स. वि. लाक्पा शेर्पा मुद्दा नंः ०७५-CR-०२७७ | प्रतिवादी भारतिय नागरिक लाक्पा शेर्पाले अनुसूची १(थ) सँग सम्बन्धित तस्करी (भन्सार, अन्तशुल्क तथा कर) सहित) र अनुसूची १(भ)सँग सम्बन्धित मुद्रा सम्बद्ध कसूर गरी प्रतिवादीले आर्जन गरेको नेपाली रु.४४,२१,०००/- को वैधानिक स्रोत खुलाउन नसकेको, प्रतिवादीले सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने समेत गरेको अभियोजन मागदावी, प्रतिवादीले मौका र अदालतमा रु ४४,२१,०००/- | रु४४,१६,००० जफत | प्रतिवादीले नेपाल राष्ट्र बैंकको तथा अर्थ मन्त्रालयको सूचनाको बर्खिलाप हुने गरी कानूनले तोकेको भन्दा बढी नेपाली रुपैंया लिई नेपाल आएको तथा निजले बोकेको झोलाबाट नेपाली रुपैंया रु.४४,२१,०००।- (चवालिस लाख एक्काइस हजार) बरामद भएको र सोको स्रोत पुष्टि गर्न नसकेको हुँदा यी प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची (१) (भ) बमोजिमको निषेधित कार्य गरेकोसम्म देखिन आयो। | ---- |

| क्र.सं. | मुद्दाको नाम | मुद्दाको मुख्य दावी | फैसला | निर्णयधार | टिप्पणी तथा विश्लेषण |
|---|---|---|---|---|---|
| | | क्यासिनोमा खेल खेली जितेको भन्ने बयान गरेको | | प्रतिवादीले अनुसूची १(थ) बमोजिम तस्करी सम्बन्धी निषेधित कार्य कसूर गरेको भन्ने अभियोग मागदावी पुष्टि र प्रमाणित हुन सक्ने अवस्था देखिन आएन। | |
| ३ | ने.स. वि. सागर माली भन्ने सागर सिताराम लोखण्डे समेत मुद्दा नः ०७८-CR-००३२ | प्रतिवादी सागर सिताराम लोखण्डेबाट रु ५०,००,००० र प्रतिवादी कृष्णदेव विठ्ठल अदाटेबाट बरामद भएको रु ४५,००,००० बरामद भएको; बरामद भएको रकम प्रतिवादी विलास हनुमान्त यादवले सुनचाँदी व्यवसायको आवरणमा राजश्व चुहावट समेतको सम्बद्ध कसूर गरी आर्जन गरेको भन्ने वादी दावी रहेको; सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची १(द) (कर (प्रत्यक्ष वा अप्रत्यक्ष सँग सम्बन्धित) राजश्व चुहावट समेतका सम्बद्ध कसूर गरी सम्पत्ती शुद्धीकरण गरेको भन्ने अभियोग मागदावी रहेको । | अभियोग मागदावीबाट सफाइ ।<br>बरामद रकम जफत | अशुद्ध अर्थात् गैरकानूनी रुपमा प्राप्त गरेको सम्पत्तिलाई शुद्ध धनमा रुपान्तरित गर्ने कार्य सम्पत्ति शुद्धीकरण हो र यसलाई अर्को शब्दमा मुद्रा निर्मलीकरण पनि भन्ने गरेको पाइन्छ । यसमा गैरकानूनी तवरबाट प्राप्त गरेको आयलाई कानूनी आयमा परिणत गरिन्छ। यो एउटा प्रकृया हो र यसलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनले गैरकानूनी मान्दछ ।<br><br>शुद्धीकरणको प्रारम्भ विन्दु कसूरबाट प्राप्त सम्पत्ति हो, कसूरबाट प्राप्त भएको हो भन्ने पनि पुष्टि भैसकेपछि सो सम्पत्ति सम्बद्ध कसूरबाट प्राप्त भएको हो भन्ने पनि पुष्टि हुनुपर्छ र कसूर स्थापित हुने सम्बद्ध कसूर (Predicate Offience) को विद्यमानता देखिनुपर्छ र सोही कसूरबाट उक्त सम्पत्ति आर्जन गरेको समेत देखिनुपर्छ भन्ने उल्लेखित दफा ३ को कानूनी प्रावधानको मनसाय देखिन्छ । | यस फैसलामा स्रोत नखुलेको रकम बरामद हुने तर अभियोग मागदावीमा उल्लेख भए अनुसारको कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) छलेको पुष्टि हुन नसकेको।<br><br>राजश्व चुहावट सम्बद्ध कसूरको अभियोजन नभएको अवस्थामा सम्पत्ति शुद्धीकरण गरेको वादी दावी पुष्टि नहुने यस फैसलाको मुख्य सार रहेको देखिएकोले सम्पत्ति शुद्धीकरण अभियोजनका लागि सम्बद्ध कसूरमा पनि अभियोजन हुन पर्ने देखिन्छ । |

## ३.३ केही विदेशी अदालतहरुबाट भएको फैसला

### १. **Vijay Madanlal v. Union of India** (२०२२)

यो मुद्दामा भारतको सर्वोच्च अदालतमा Prevention of Money Laundering Act, २००२ को धारा ३, ५, ८(४), १५, १७, १९ र ५० लगायतका प्रावधानहरू भारतको संविधानको धारा १४ र २१ को उल्लंघन भएको जिकिर लिई दायर गरिएको थियो। यस मुद्दाको मुख्य विवाद सम्पत्ति शुद्धीकरणको कसूर standalone offence हो वा यसको लागि predicate offence को सिद्धि अनिवार्य छ भन्ने रहेको थियो। भारतीय सर्वोच्च अदालतले सम्बद्ध कसूर ठहरे बेगर पनि सम्पत्ति शुद्धीकरणको कसूर पुष्टि हुनका लागि व्यक्तिसँग फेला परेको सम्पत्ति कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने विश्वास गर्नुपर्ने आधार हुनुपर्ने र

संकलित प्रमाणहरुले शुद्धीकरणको प्रकृयामा सामेल भएको कुरा देखाएमा मात्र स्वतन्त्र कसूर (standalone) को रुपमा कारवाही गर्न मिल्छ भनी व्याख्या गऱ्यो।

२. **United States v. Stewart (२०१७)**

यस मुद्दामा अभियुक्त Stewart ले अवैध गतिविधिबाट प्राप्त आम्दानीलाई विभिन्न बैंकिङ माध्यम, तेस्रो पक्षको नाममा खोलिएका खाताहरू तथा जटिल वित्तीय संरचनामार्फत लुकाउने र वैध देखाउने प्रयास गरेको आरोप लागेको थियो। अभियोजन पक्षले उक्त रकम predicate offence बाट उत्पन्न भएको र त्यसको स्रोत, स्वामित्व तथा नियन्त्रण लुकाउने मनसायले कारोबार गरिएको भनी अभियोजन गऱ्यो। अमेरिकी संघीय अदालतले सम्पत्ति शुद्धीकरणको कसूर ठहर्नाको लागि निम्न ४ अवयवहरु प्रमाणित गर्नु पर्ने भनी फैसला गऱ्यो ।

- प्रतिवादीले अन्तरदेशीय व्यापारको मान्यता विपरित वित्तीय कारोबार गरेको हुनुपर्ने
- कसूरबाट प्राप्त सम्पत्तिको वित्तीय कारोबार हुनुपर्ने
- प्रतिवादीलाई कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानकारी हनुपर्ने
- कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी सोको प्रकृति, स्थान, स्रोत, स्वामित्व कब्जाको रुपान्तरण गर्ने उद्देश्यले प्रतिवादीले वित्तीय कारोबार गरेको देखिनुपर्ने।

३. **Regalado Cuellar v. United States (२००८)**

यस मुद्दामा अभियुक्त Regalado Cuellar मेक्सिकोतर्फ जाँदै गर्दा गाडीभित्र लुकाइएका अमेरिकी डलरहरू (cash) सहित पक्राउ परेका थिए। उक्त रकम लागू औषध कारोबारसँग सम्बन्धित अवैध आम्दानी भएको अभियोजनको दाबी थियो। विशेष गरी अवैध रकम लुकाएर बोक्नु मात्र सम्पत्ति शुद्धीकरण ठहरिन पर्याप्त हुन्छ कि हुँदैन भन्ने प्रश्नमा यो मुद्दा केन्द्रित थियो। अमेरिकी सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरण कसूरमा दोषी ठहर गर्नका लागि यात्राको क्रममा रकम लुकाएको भन्ने मात्र पर्याप्त हुँदैन, रकमको प्रकृति, स्थान, स्रोत, स्वामित्व वा कब्जा रुपान्तरण गर्ने वा छल्ने उद्देश्यले रकम बोकी यात्रा गरिएको भन्ने पुष्टि हुनुपर्छ भन्ने व्याख्या गऱ्यो। अदालतको दृष्टिकोण अनुसार सम्पत्ति शुद्धीकरण अपराधमा दुई फरक तत्व Concealment as a method (लुकाउने तरिका) र Concealment as a purpose (लुकाउने उद्देश्य) छुट्याउन आवश्यक रहेको र सम्पत्ति शुद्धीकरण प्रमाणित गर्नका लागि दोस्रो तत्व Concealment as a purpose अनिवार्य रूपमा चाहिने देखिन्छ।

४. **R. v. Anwoi (२००८)**

England & Wales Court of Appeal (Criminal Division) ले सम्बद्ध कसूरको विद्यमानता बेगर दायर गरिएका सम्पत्ति शुद्धीकरणको मुद्दामा कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने पुष्टि गर्ने दुई उपायहरु अबलम्बन गर्नु पर्ने बताएको छ ।

- सम्पत्ति कुनै खास कार्यबाट प्राप्त गरिएको हो र सो कार्य गैरकानूनी हो।
- यस्तो परिस्थितिको विद्यमानता पुष्टि गर्नुपर्छ, जसबाट सम्पत्ति कुनै कसूरबाट नै हासिल गरिएको हो भनी अकाट्य निश्कर्ष (irresistible inference) आओस् ।

## ३.४ न्यायिक दृष्टिकोणको सार संक्षेप

सम्पत्ति शुद्धीकरण सम्बन्धमा नेपालको सर्वोच्च र विशेष अदालतले गरेका फैसलाको सार यसप्रकार रहेको देखिन्छ ।

- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को उद्देश्य अपराध जन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने रहेको छ ।
- अपहरण, भ्रष्टाचार, आतंकवाद तथा राजश्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगत रूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चली रहने हुँदा पुनः त्यस्तो

गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस्, आपराधिक कार्य रोकियोस् भनी निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन लागू भएको हो ।

- सम्पत्ति शुद्धीकरण आफैमा सम्बद्ध कसूर (Predicate Offence) होइन अपितु मूल कसूरको सह-उत्पादन (By-Product) को रूपमा सह अपराध (Secondary Offence) हो । मूल कसूरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसूर यस ऐन अन्तर्गत पर्दछ । मूल अपराध लुकिने हुनाले शुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गऱ्यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिँदैन।
- सम्पत्ति शुद्धीकरण बहुआयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो।
- कसूर ठहर भएका प्रतिवादीले काम गर्ने व्यक्तिलाई राख दिएको रकम बरामद भएकोमा, उक्त रकम काम गर्ने व्याक्तिले कहाँबाट कसरी ल्याएको हो सो कुराको जानकारी नभएको र उक्त रकमको कुनै वैधानिक स्रोत नदेखिएता पनि उक्त सबै रकम मेरो हो भनी कसूर ठहर भएका प्रतिवादीले स्वीकार गरेको अवस्थामा प्रतिवादी कायम गरिएका काम गर्ने व्याक्ति नै उक्त अवैध रकम ओसारपसार गर्ने व्यक्ति भएको कुनै तथ्य युक्त प्रमाणबाट वादी पक्षले प्रमाणित गर्नु पर्दछ।
- प्रतिबादीले कसूरमा इन्कार रही अदालत समक्ष बयान गरेको भए तापनि निजहरुको बैंक खातामा भारतका विभिन्न स्थानहरुबाट रकम जम्मा हुन आएको कुरा बैंक स्टेटमेण्टबाट देखिएकोले उक्त रकम के कुन प्रयोजनका लागि कसरी प्राप्त हुन आएको हो सो सम्बन्धमा प्रतिवादीले सो रकमको स्रोत पुष्टि गर्नुपर्दछ।
- कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्दान्त रहेको छ।
- प्रतिवादी उमेर पुगेको र आफूले गर्न लागेको कार्य अर्को व्यक्तिको बिश्वासमा गरेको हो भनी जिकिर लिँदैमा सोबाट उन्मुत्ति दिन मिल्दैन।
- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ ले अस्वाभाविक रूपमा रकम बोकी हिँड्ने व्यक्तिले आफूसँग भएको रकम के कुन स्रोतबाट आफूले प्राप्त गरेको हो भन्ने कुरा प्रमाणित गर्ने दायित्व रकम बाहक व्यक्तिलाई नै सुम्पेको छ।
- प्रतिवादीले आफुबाट बरामद भएको रकम आफ्नो नभएको र अरुबाट प्राप्त गरेको हो भनी जिकिर लिए पनि त्यसको बस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि हुनुपर्दछ।
- प्रतिवादीबाट बरामद भएको सम्पतिको बैध स्रोत नखुलेकोले उक्त रकम अंवैधानिक रुपबाट प्राप्त गरेको देखिने मान्नु पर्दछ।
- प्रतिवादीबाट बरामद भएको रकमको वैधानिक स्रोत प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादीले सम्पत्ति शुद्धीकरण  निवारण ऐन, २०६४ बमोजिम कसूर गरेको हुने मानिन्छ।
- प्रतिवादीहरुले आफ्नो मालिकको आज्ञा अनुसार रुपैंया सटहीको प्रयोजनका लागि धारण गरेको सम्म देखिदा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ४(ङ) मा उल्लेख भए अनुसार विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको उल्लंघन गरेको मान्न सम्झन मिल्दैन।
- बरामदी रकम प्रतिवादीहरुको नभएको, साथै निज प्रतिवादीले वरामदी रकम गैरकानूनी रुपमा धारण गरेको भन्ने नदेखिएको र प्रतिवादीले श्रमिकको रुपमा काम गरेको पसलको मालिकले सटही गर्न पठाएको रकम कानूनी प्रकृया अनुरुप बैंक वा इजाजत प्राप्त संस्थामा गई सटही गर्नुपूर्व नै पक्राउ गरिएको देखिँदा प्रतिवादीले मुद्रा निर्मलीकरणको कसूर गरेको मान्न मिल्दैन।
- सम्पत्ति शुद्धीकरणको अपराधमा मूलतः आफ्नो गैरकानूनी सम्पत्तिलाई शुद्धीकरण गरी वैध बनाउने उद्देश्य रहेको हुन्छ।जबसम्म सम्पत्तिको मूल स्वामीको पहिचान हुँदैन तब सम्म बाहक वा माध्यमलाई मात्र

आपराधिक संज्ञा दिन मिल्दैन। वाहक र माध्यम त केवल साधन मात्र हो, तर सो सम्पत्ति शुद्धीकरण गर्ने साध्य त मूल धनीकै मनसाय हो।

- कसैसँग आय स्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उस्ले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको पाइन्छ। कसैसँग अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनी प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ। प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नुपर्ने हुन्छ।
- बिना इजाजत विदेशी विनिमय आफ्नो साथ राखु भनेकै अपराध हो। प्रतिवादीसँग रहेको रकम विदेशी विनिमय भएको कारणबाट चलेको होइन। प्रतिवादीको हैसियतका तुलनामा अत्याधिक बढी रकम भएकोले निज विरुद्ध चलेको हो निजले उक्त रकमको स्रोत देखाउन सकेको अवस्थामा प्रस्तुत मुद्दा निज विरुद्ध चल्ने अबस्थै हुने थिएन।
- बरामदी रकम नेपाली वा भारतीय भएको अवस्थामा विदेशी विनिमय अन्तर्गत मुद्दा चल्ने अवस्था हुने थिएन। स्रोत देखाउन नसकेको अवस्थामा भने सम्पत्ति शुद्धीकरणको मुद्दा भने चल्ने नै हुन्छ। उदाहरणको लागि कसैसँग अवैध रुपमा हातहतियार हुनु एउटा अपराध हो भने त्यो हतियार प्रयोग गरिकसैको हत्या गर्दछ भने त्यो अर्को अपराध हुन्छ। त्यसैगरी विदेशी विनिमय बिना इजाजत प्रतिवादीसँग रहनु एउटा अपराध हो भने, अत्याधिक मात्रामा स्रोत देखाउन नसकिने रकम आफ्नो साथ राख्नु अर्को अपराध मानिने।
- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ ले अस्वभाविक रूपमा रकम बोकी हिड्ने व्यक्तिले आफुसँग भएको रकम के कुन स्रोतबाट आफुले प्राप्त गरेको हो भन्ने २ कुरा प्रमाणित गर्ने दायित्व रकम बाहक व्यक्तिलाई नै सुम्पेको पाइन्छ। शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ बमोजिम आफूसँग भएको रकमको स्रोत खुलाउने दायित्व रकम बाहककै हुने भन्ने व्यवस्था भएकोमा निजले आफूबाट बरामद भएको रकमको स्रोत खुलाउनु पर्दछ। आफूबाट बरामद भएको रकमको अन्य व्यक्तिको हो भनी उल्लेख गर्नेले निजलाई आफ्नो साक्षीको रूपमा अदालतमा उपस्थित गराई सो रकमको वैधता पुष्टि गराई आफ्नो जिकिरलाई प्रमाणित गराउन सक्नु पर्दछ।
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ५ अनुसार नेपाल सरकारद्वारा मिति २०५७।३ १२ मा जारी सूचनामा नेपाली र भारतीय नागरिकलाई असिमित मात्रामा सिक्का करेन्सी नोट ल्याउन लैजान पाउने गरी सूचनाले छुट दिएको भए पनि उक्त सूचनामा रकम बाहकले आफूसँग रहेको सम्पत्ति रूपैयाँको विधिवत स्रोत खुलाउन नपर्ने भनी उन्मुक्ति प्रदान गरेको छैन।
- कानूनले रूपैयाँ ल्याउने लैजाने व्यक्तिले उक्त रूपैयाँको स्रोत खुलाउन अनिवार्य गरेको अवस्थामा गैरकानूनी रूपमा आर्जन गरेको वा कानून प्रतिकूल रूपमा लिएको वा धारण गरेको प्रमाणित भएमा मात्र सम्पत्ति शुद्धीकरणको कसूर कायम हुने भन्ने सिद्धान्तसँग सहमत हुन सकिँदैन।
- प्रतिवादीका नाममा यद्यपी विभिन्न बैंकमा नगद मौजाद तथा जग्गा रहेको र निजले आफ्नो पतिको मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्र बनाई प्रतिवादीका नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई आफ्ना नजिकका नातेदर बाबु, आमा, दाजु, भाउजुका नाममा कुनै रकम नलिई तह तह हक हस्तान्तरण गरी दिएको देखिन्छ। उक्त सम्पत्ति निजले आफ्नै प्रयत्नबाट आर्जन गरेको नदेखिनुका साथै वादी नेपाल सरकारले पनि निजले सो सम्पत्ति आफैले आर्जन गरेको भनी दावी लिन सकेको समेत देखिँदैन। यसप्रकार यी पुनरावेदक प्रतिवादीले आफ्नो पतिले सम्पत्ति शुद्धीकरणको कसूर अपराध गरी आर्जन गरेको सम्पत्ति प्राप्त गरेको तथा निजका नामको सम्पत्ति आफ्ना नाममा नामसारी गरी तह तह हस्तान्तरण गरी पतिले गरेको कसूर अपराधको कार्यमा सहयोगीको भूमिका निभाएको पाइन्छ।

- सम्पत्ति वा साधन रोक्का राखेकोमा चित्त नबुझेमा तोकिएको अदालत समक्ष निवेदन दिन सकिने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै त्यसको अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्रदान गर्नुपर्ने स्थिति हुँदैन। अनुसन्धान सम्पन्न भै भएको निर्णयमा चित्त नबुझेमा निवेदकले कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिँदा गैरकानूनी रुपमा रोक्का रहेको सम्पत्ति फुकुवा गर्न रिट निवेदनको जिकिर कानूनसम्मत नहुने।
- प्रतिवादीले अदालतमा बयान गर्दा आफुबाट चाँदीका गहना र नगद बरामद भएको कुरामा सावित रही सो गहना र नगद आफ्नो नभई सह प्रतिवादीको हो भनी बयान गरे अनुरुप सहअभियुक्तको सो पोललाई आधार मानी निज प्रतिवादी उपर अभियोग दावी गरिएको अवस्था देखिन्छ। सहअभियुक्तको उक्त पोल अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट समर्थित हुनु पर्दछ। प्रतिवादीले आरोपित कसूर स्वीकार नगरी अर्को व्यक्तिलाई देखाएर सजायबाट फुर्सद लिन खोजेको देखिन्छ। वरामद भएको गहनासँग प्रतिवादीको सम्बन्ध देखिने कुनै वस्तुगत आधार देखिनुपर्ने।
- वरामद भएको ठूलो परिमाणको धनरासी उनाउ मानिस लाई दिई पठाउने कुरा समेत स्वभाविक देखिँदैन। प्रतिवादी उपरको अभियोग दावी शंकारहित तवरबाट पुष्टि भएको नदेखिएको हुँदा निजलाई केवल सहअभियुक्तको पोलको आधारमा मात्र कसूरदार ठहर गर्न मिल्ने देखिँदैन।
- नेपाली रुपैँया बोकी हिड्नु मात्र आफैमा कसूरजन्य कार्य हुँदैन। कसूर जन्य कार्य तब मात्र मान्न सकिन्छ जब त्यस्तो रकम गैरकानूनी रुपमा आर्जन गरेको वा कानून प्रतिकूल रुपमा लिएको वा धारण गरेको हुनुपर्दछ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २८ को कानूनी व्यवस्था अनुसार आफूसँग रहेको अस्वाभाविक सम्पत्तिको स्रोत उक्त सम्पत्ति बाहकले देखाउन सक्नु पर्दछ। केवल प्रतिवादीहरूको साथबाट बरामद भएको रकम मेरो हो भनी तेस्रो व्यक्तिले भन्दैमा सम्पत्तिको कानूनी स्रोत खुलेको अर्थात् वैध सम्पत्ति हो भनी प्रमाणित भएको मान्न सकिने अवस्था हुँदैन। त्यस्तो सम्पत्ति वैध हुनका लागि आर्जन वा प्राप्त गरेको कानूनी स्रोत स्पष्ट रूपमा खुलाउन सक्नु पर्दछ।
- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ मा भएको कानूनी व्यवस्था अनुसार बरामद भएको अवैध रूपैयाँ सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्य नराखी आफूले व्यापार व्यवसाय वा अन्य कुनै व्यक्ति वा स्रोतबाट प्राप्त गरेको हुँ भन्ने पक्षले वस्तुनिष्ठ प्रमाणबाट सो कुरा प्रमाणित गर्नुपर्दछ।
- प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्दछ। आयस्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसूरको लागि पर्याप्त हुने गर्दछ।
- कुनै विशेष ऐन लागू भए पश्चात् सो ऐन आउनुपूर्व नेपाल राजपत्रमा प्रकाशित सूचनाले सो विशेष ऐनको व्यवस्थालाई सीमित गर्न नसक्ने हुँदा विशेष ऐन लागू भए पश्चात् आएको ऐनमा सोही ऐन बमोजिम गर्नु पर्दछ।
- सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ को कानूनी व्यवस्था अनुसार आफूसँग भएको रकमको स्रोत खुलाउन नसकेको र सो रकम अर्कैको हो भन्ने जिकिरसम्म लिएकोमा सो भनाइलाई समेत पुष्टि गर्न नसकेको हुँदा आफ्नो साथबाट बरामद भएको रकम अर्कै व्यक्तिको हो भनी जिकिर लिएकै आधारमा निजले सफाइ पाउने भन्ने हुन सक्दैन।
- गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरी उपर अनुसन्धान भैरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष निस्कन्छ सोही बमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भैरहेको काम कारवाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

# परिच्छेद - चार
## सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून कार्यान्वयनको अवस्था

सम्बद्ध कसूरहरु, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी विरूद्ध ३ 'P' अवधारण अनुसार प्रवर्द्धनात्मक (Promotional), निरोधात्मक (Preventive) र दण्डात्मक (Punitive) नीति बनाई अघि बढेको हालको अवस्थामा नेपालका प्रचलित कानूनी व्यवस्थाहरु मध्ये विशेष गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली २०८१, भ्रष्टाचार निवारण ऐन २०५९, सपुर्दगी ऐन २०७०, पारस्परिक कानूनी सहायता ऐन २०७०, पारस्परिक कानूनी सहायता नियमावली २०७०, सङ्गठित अपराध निवारण ऐन, २०७०, बैंकिङ् कसूर तथा सजाय ऐन, २०६४, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० लगायतका विशिष्टीकृत कानूनहरू ML/TF निवारणसँग आकर्षित रहेका छन्।

प्रारम्भमा, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको क्षेत्राधिकारभित्र रहेकोमा मिति २०८०/१२/३० गते सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ मा भएको संशोधन पश्चात् सम्बद्ध कसूर अनुसन्धान गर्ने निकाय **(न्याय परिषद, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, नेपाली सेना, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बैदेशिक रोजगार विभाग, भन्सार विभाग, औषधी ब्यस्था विभाग र नेपाल धितोपत्र बोर्ड**) ले नै सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने व्यवस्था गरेको छ।यस व्यवस्थाले नेपाल प्रहरी लगायतका अनुसन्धानकारी निकायहरूलाई सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा जिम्मेवार बनाई राज्यले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा जोडेको देखिन्छ।

नेपाल सन् २०२५ फेब्रुवरी २१ मा ग्रे लिष्टमा समावेश भएपछि भने विशेष गरी कानूनी व्यवस्था बमोजिम नेपालले कानून कार्यान्वयन पक्षलाई मजबुत बनाई प्रभावकारीता वृद्धी गर्नुपर्ने देखिन्छ त्यस्तै, European Union (EU) ले सन् २०२५ जुन १३ मा High-risk third countries for money laundering and terrorist financing भनी जोखिमको सूचीमा राखेको छ। यस्ता नकरात्मक सूचीबाट बाहिरिन र अन्तराष्ट्रियस्तरमा नेपालको विश्वसनीयता कायम राख्दै आर्थिक वृद्धीका लागी रणनितिक कार्ययोजनाहरू जारी गरी राज्यका सम्पूर्ण नियामक निकाय तथा अनुसन्धानकारी निकायहरू लागि परिरहेका भएतापनि सोचअनुरुपमा प्रगति प्राप्त हुन नसकेको प्रष्ट हुन्छ।

सम्बद्ध कसूरको अनुसन्धान गर्ने सम्बन्धित निकायले नै सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने व्यवस्था अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ को अनुसुची-१ मा उल्लेख भएका ३९ वटा सम्बद्ध कसूरको समूहहरु मध्ये नेपाल प्रहरीले अनुसन्धान गर्ने करिब ३० वटा सम्बद्ध कसूरहरूमा सम्पत्ति शुद्धीकरणको समेत अनुसन्धान गर्ने जिम्मेवारी नेपाल प्रहरी एक्लैले प्राप्त गरेको छ।अपराध अनुसन्धानमा ऐतिहासिक पृष्ठभूमि बोकेको नेपाल प्रहरीले यस जिम्मेवारीलाई अवसरको रुपमा लिँदै, राज्यले अप्ठ्यारो परिस्थितिमा सुम्पिएको जिम्मेवारीलाई आत्मसाथ गरी पूरा गर्नुपर्ने देखिन्छ।यसको अलवा अन्य अनुसन्धानकारी निकायले पनि आफ्नो अधिकार क्षेत्र भित्रको सम्बद्ध कसूरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण सम्बन्धी Elements देखिएमा समानन्तर रुपमा दुबै कसूरको अनुसन्धान गर्न पर्ने हुन्छ।हालको विश्वव्यापीकरण, बढीरहेको श्रम आपर्वासनसँगै जोडिने मानब तस्करी, प्रविधिको बढ्दो प्रयोग,अभौतिक मुद्राको प्रयोग, गैरवित्तीय प्रणालीबाट हुने कारोबार,

अन्तर्देशीय अपराध, अपराधमा समाजका प्रभावशाली व्यक्तिहरुको संलग्नता जस्ता विषयहरुले सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा चुनौति थपिदिएको छ जस अनुसार यस्ता चुनौतिहरु हटाउँदै अनुसन्धानलाई बस्तुनिष्ठ, प्रमाणमुखी र नविनतम् प्रविधिको प्रयोगतर्फ केन्द्रित गर्नुपर्ने देखिन्छ।

अव मिति २०८०।१२।३० अर्थात् सम्पत्ति शुद्धीकरण (Money Laundering) सम्बन्धी नयाँ कानून संशोधन पश्चात् सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी अपराधसँग सम्बन्धित कानून कार्यान्वयनको अवस्था विश्लेषण गर्दा स्वदेशी कानूनी संयन्त्र र सो को प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध कसूर अनुसन्धान गर्ने निकायले गरेको कार्यको साथसाथै निम्न पक्षलाई पनि समेटर बिष्लेषण गर्नु पर्छ

## ४.१ कानूनी र नीतिगत संरचना (Legal & Policy Framework)

**(क) ऐन र नियमावली :** समय सापेक्ष अपराधमा आएको नयाँपनलाई अहिँकार गर्दै सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी अपराध अनुसन्धान गर्नको लागी संशोधन सहितको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन,२०६४ , ऐ.को नियमावली २०८१, पारस्परिक कानूनी सहायता ऐन,२०७०, सपुर्दगी ऐन,२०७०, सँग ठीत अपराध निवारण ऐन,२०७० कसूरजन्य सम्पत्ति तथा साधन रोक्का नियन्त्रण र जफत ऐन,२०७० लगायतको ऐन जारी भइसकेकोले कानूनी र नीतिगत संरचना प्रभावकारी रहेको देखिन्छ।

**ख) राष्ट्रिय रणनीतिः** नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन,२०६४ जारी भए पश्चात् राष्ट्रिय रणनिति तर्फ हेर्दा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी निवारण रणनिति कार्ययोजना २०६८-२०७३, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी निवारण सम्बन्धी रणनिति तथा कार्ययोजना (२०७६-२०८१) पुरक कार्ययोजना,२०७७ समेत र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना २०८१/०८२-२०८५/०८६ लगायतको राष्ट्रिय रणनिति कार्यान्बयन मा आईसकेको अवस्था देखिन्छ।

## ४.२ संस्थागत संरचना र क्षमता (Institutional Capacity)

**(क) अनुसन्धान गर्ने निकायः** सम्बद्ध कसूर अनुसन्धान गर्ने निकायहरुमा न्याय परिषद, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, नेपाली सेना, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बैदेशिक रोजगार विभाग, भन्सार विभाग, औषधी ब्यवस्था विभाग, नेपाल धितोपत्र बोर्ड र लागू औषध नियन्त्रण ब्युरोको नाम किटान गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना २०८१/०८२-२०८५/०८६ को अनुसूचीमा उल्लेख गरेको छ। यसमा उल्लेखित सम्बद्ध कसूर अनुसन्धान गर्दा सम्पत्ति शुद्धीकरणको पनि सँगसँगै अनुसन्धान गर्नुपर्ने अवस्था छ सोही अनुसार मौजुदा कानूनको मर्म र भाव बमोजिम कार्यान्बयन भई रहेको समेत देखिन्छ।

**(ख) वित्तीय जानकारी एकाइ (FIU):** वित्तीय जानकारी एकाइले नेपालमा AML/CFT को कार्यान्वयनार्थ निजी र सार्वजनिक क्षेत्रबिच सेतुको भूमिका खेल्दै वित्तीय अपराध विरुद्धको राष्ट्रिय प्रयासमा केन्द्रीय स्थान ओगटेको छ।यसले सूचक संस्थाहरू (Reporting Entities-Res) बाट STRs तथा अन्य प्रतिवेदनहरू प्राप्त गरी तिनको विश्लेषण पश्चात् आवश्यक वित्तीय जानकारी (Financial Intelligence) कानून कार्यान्वयन निकायहरू (Law Inforcement Agencies-LEAs) तथा अन्य सम्बन्धित सक्षम निकायहरूमा थप अनुसन्धानका लागि सम्प्रेषण गर्छ। वित्तीय जानकारी एकाइले STRs/Sars/TTRs को प्राप्ति, विश्लेषण र सम्प्रेषणजस्ता मुख्य कार्यहरूसँगै एकाइले समन्वय र सहकार्य सम्बन्धी महत्वपूर्ण

जिम्मेवारीहरू पनि निर्वाह गर्दछ। यसले सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली अन्तर्गत गठन गरिएका विभिन्न समितिहरुमा सहभागी हुने र केही समितिको सचिवालयको रूपमा समेत कार्य गर्दछ । साथै, FIU-Nepal ले Egmont Group को सुरक्षित प्लेटफर्म मार्फत विदेशी वित्तीय जानकारी एकाइहरूसँग सूचना आदानप्रदान गरी रहेको छ। वित्तीय जानकारी एकाइले शंकास्पद कारोबार/गतिबिधि तथा अन्य सूचना सम्बन्धमा सूचक संस्थाहरू र सक्षम निकायहरूलाई पृष्ठपोषण तथा मार्गदर्शन प्रदान गर्दछ र आवश्यकता अनुसार तालिमसमेत प्रदान गर्दछ। एकाइले गत पाँच वर्षमा २७,१५१ शंकास्पद कारोबार/गतिबिधि प्राप्ति गरेको थियो भने ६,८४१ शंकास्पद कारोबार/गतिबिधिको विश्लेषण गरी २,९४० वित्तीय सूचना (Financial Intelligence) कानून कार्यान्वयन निकायहरू तथा अन्य सम्बन्धित सक्षम निकायहरूमा थप अनुसन्धानका लागि सम्प्रेषण गरेको थियो।

(ग) **नियमनकारी निकायः** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना २०८१/०८२-२०८५/०८६ को अनुसुचीमा उल्लेख भएनुसार नियमनकारी निकायमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल वीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, भूमि व्यबस्थापन तथा अभिलेख विभाग, नेपाल कानून व्यवसायी परिषद, नेपाल नोटरी पब्लिक परिषद, नेपाल चार्टड एकाउन्टेन्ट संस्थाहरुले आफ्नो मातहतको सूचक संस्थाहरुको नियमन गरी रहेको देखिन्छ। अझ यसलाई बिस्तृतमा कुन कुन सूचक संस्थालाई कुनकुन नियमक निकायले अनुगमन गरी रहेको छ भन्ने बुझ्नलाई निम्नानुसार अझ प्रष्ट हुन सकिन्छ।

(घ) **नियमनकारी निकायको आधारमा सूचक संस्था**

१) **नेपाल राष्ट्र बैक सम्बद्ध बैक तथा वित्तीय सूचक संस्था**

- बाणिज्य बैक, विकास बैक, बित्त कम्पनी, लघुवित्त बैक, सहकारी बैंक, मुद्रा विप्रषक, मुद्रा सटहीकर्ता, भुक्तानी सेवा प्रदाक, भुक्तानी प्रणाली संचालक, कर्मचारी संचयकोष, नागरिक लगानी कोष, सार्वजनिक ऋण तथा धितोपत्रहरु, हायर पर्चेज र राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य संस्थाहरु ।

२) **नेपाल धितोपत्र बोर्डसँग सम्बद्ध सूचक संस्था तथा व्यवसायी**

- धितोपत्र दलाल ब्यबासायी, मर्चेन्ट बैकर्स, ओटिसी बजार, बस्तु कारोबार दलाल व्यवसायी, लगानी व्यवस्थापक व्यवसायी र नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त अन्य संस्थाहरु ।

३) **नेपाल बिमा प्राधिकरण सम्बद्ध सूचक संस्था**

- जीबन बीमा कम्पनी, निर्जीबन बीमा कम्पनी, बीमा ब्रोकर र नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त अन्य संस्थाहरु ।

४) **सहकारी विभाग सम्बद्ध सूचक संस्था**

- संघीयस्तरबाट नियमन हुने सहकारी संस्था, प्रदेश स्तरबाट नियमन हुने सहकारी संस्था, स्थानीय निकायबाट नियमन हुने सहकारी संस्था र सहकारी संस्थासँग वित्तीय कारोवार गर्ने सहकारी केन्द्रिय संघ

५) **आन्तरिक राजस्व विभाग सम्बद्ध सूचक संस्था तथा व्यवसायीः**

- स्बीकृत अवकास कोष, बहुमूल्य धातु र बस्तु व्यवसायी

**६) संस्कृति पर्यटन तथा नागरिक उड्‌यन मन्त्रालय सम्बद्ध सूचक संस्था**

- क्यासिनो तथा इन्टरनेट क्यासिनो व्यवसायी

**७) भूमि व्यवस्थापन तथा अभिलेख विभाग सम्बद्ध सूचक संस्था तथा व्यवसायीः**

- घर जग्गा खरिद तथा बिक्री व्यवसायी

**८) कम्पनी रजिष्टरको कार्यालय सम्बद्ध सूचक संस्थाः**

- कम्पनी तथा ट्रष्ट सेवाप्रदाक

**९) नेपाल कानून व्यवसायी सम्बद्ध सूचक संस्था तथा व्यवसायी**

- कानून व्यवसायी

**१०) चार्टड एकाउन्टेन्ट संस्था सम्बद्ध सूचक संस्था तथा व्यवसायीः**

- लेखापरीक्षण व्यवसायी, लेखा परीक्षक र लेखा व्यवसायी

**११) नेपाल नोटरी पब्लिक परिषद सम्बद्ध सूचक संस्था तथा व्यवसायीः**

- नोटरी पब्लिक

**१२ अन्य :**

- सबारी साधन खरिद बिक्री व्यवसायी, इन्भेष्टमेन्ट कम्पनी इत्यादि

**(ङ) अन्तर निकाय समन्वयः** नियामनकारी निकाय तथा अनुसन्धानकारी निकाय बिच अन्तर निकाय समन्वय गर्नको लागी Apex Body को रुपमा काम गर्ने गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन,२०६४ को परिच्छेद-३ख.मा निर्देशक र समन्वय समिति सम्बन्धी व्यवस्था गरेको छ।यसको साथसाथै सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन,२०६४ को दफाको १४क, मा सम्बद्ध कसूरमा अनुसन्धान गर्न लेखी पठाउने वा टोली गठन गर्न सक्ने व्यवस्था राखी सोही ऐनको उपदफा (३) मा प्रारम्भिक जाँचबुझ गर्दा जाँचबुझ अधिकृतले सो ऐन अन्तर्गत अनुसन्धान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने कानूनी व्यवस्था छ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अतिरिक्त दुई वा सो भन्दा वढी सम्बद्ध कसूरमा अनुसन्धान गर्नु पर्ने देखिएकोमा त्यस्तो सम्बद्ध कसूरको अनुसन्धान अधिकारी फरक फरक निकाय रहेको वा कसूरको प्रकृतिको आधारमा दुई वा सो भन्दा बढी निकाय वा सार्बजनिक संस्था समेतको सहभागितामा अनुसन्धान गर्नुपर्ने देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आवश्यकतानुसार सम्बन्धित निकाय वा सार्बजनिक निकाय वा सार्बजनिक संस्था प्रतिनिधी रहने गरी संयुक्त अनुसन्धान टोली गठन गर्ने गरी कानूनी व्यवस्था गरेकोले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अनुसन्धानकारी निकाय बिचमा अन्तर निकाय समबन्य गर्न जिम्मा दिएको देखिन्छ भने सोही अनुसार विभागले अन्तर निकाय समबन्य गरेको देखिन्छ। निर्देशक समिति र समन्बय समितिको बनाबट देहाय बमोजिमको छ।

✓ **निर्देशक समितिः** सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कामकारबाहीको प्रभावकारिताको अनुगमन तथा समीक्षा गर्न देहाय बमोजिमको निर्देशक समितिले काम गर्दै आएको छ।

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारको अर्थ मन्त्री | अध्यक्ष |
| (ख) | नेपाल सरकारको कानून मन्त्री | सदस्य |
| (ग) | महान्यायाधिवक्ता | सदस्य |

| | | |
|---|---|---|
| (घ) | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| (ङ) | गभर्नर, राष्ट्र बैङ्क | सदस्य |
| (च) | समन्वय समितिको संयोजक | सदस्य |
| (छ) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (ज) | सचिव, अर्थ मन्त्रालय | सदस्य-सचिव |

✓ **समन्वय समिति :** सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा संलग्न निकायको कार्य प्रभावकारिता अभिवृद्धि गर्नको लागि कार्यात्मक समन्वय कायम गर्न वा गराउन देहाय बमोजिमको समन्वय समितिले काम गर्दै आएको छ ।

| | | |
|---|---|---|
| (क) | सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (घ) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (च) | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरी बी निवारण मन्त्रालय | सदस्य |
| (छ) | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सदस्य |
| (ज) | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (झ) | डेपुटी गभर्नर, राष्ट्र बैङ्क | सदस्य |
| (ञ) | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| (ट) | प्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सदस्य |
| (ठ) | प्रमुख, वित्तीय जानकारी एकाइ | सदस्य-सचिव |

**च) कसूरजन्य सम्पत्ति व्यबस्थापन विभाग :** फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रण लिने र जफत गर्ने सम्बन्धमा एकीकृत तथा विशिष्टीकृत व्यबस्था गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियत्रन्‍ण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का,नियन्त्रण र जफत) नियमबली, २०७७ जारी भई कार्यान्वयन भई रहेको छ।उक्त ऐन अनुसार कसूरजन्य सम्पत्ति व्यबस्थापन विभाग स्थापना भई कार्य गर्दै आई रहेको छ।

**सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको जफत गरिएका कसूरजन्य सम्पत्ति/साधनहरुको विवरण**

**तालिका नं.१**

| सि.नं | मुद्दा | फैसला मिति | जफत मिति | जफत गरिएको सम्पत्ति | जफत ठहर भएको सम्पत्ति तथा साधनको (अनुमानित मूल्य रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७०Cr-१३४१ | २०७२।१०।११ | २०८२।०२।०४ | घरजग्गा:०-१२-०-०(रोपनी) | १,१०,००,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ०-२-३-१.३२ (रोपनी) | १५,००,०००/- | |
| | | | | घरजग्गाः०-१-० (बिघा) | ३९,३९,५५२/- | विभागको नाममा ल्याउने प्रकृयामा रहेको |

### ४.३ प्रभावकारिता र नतिजा (Effectiveness & Outcomes)

**क) अनुसन्धान र अभियोजनको संख्याः** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना २०८१/०८२-२०८५/०८६ को अनुसुचीमा उल्लेख भएनुसार न्याय परिषद, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, नेपाली सेना, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बैदेशिक रोजगार विभाग, भन्सार विभाग, औषधी ब्यस्था विभाग, नेपाल धितोपत्र बोर्ड र लागू औषध नियन्त्रण ब्युरो सम्बद्ध कसूरको अनुसन्धान गर्नेको लागि अनुसन्धानकारी निकायको रुपमा रहेको छन्। सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून कार्यान्वयनको अवस्था के कस्तो रहेको छ त भन्नको लागि माथि उल्लेख भएका अनुसन्धानकारी निकायले गरेको सम्बद्ध कसूरको अनुसन्धानसँगसँगै वा सम्बद्ध कसूरको अनुसन्धान पश्चात्  के कति सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूरहरुको अनुसन्धान र अभियोजन भयो भन्ने बारेको विष्लेषण गर्न उपयुक्त हुन्छ। मिति २०८०।१२।३० पश्चात्  संशोधित सम्पत्ति शुद्धीकरण (मनी लाउडरिङ) ऐन,२०६४ कानून अनुसार मुद्दाको अनुसन्धान पश्चात्  अभियोजन भएका मुद्दाहरुको तथ्याङ्क निम्नानुसार रहेको छ.

**१. नेपाल प्रहरी :**

नेपाल प्रहरीले सम्पत्ति शुद्धीकरण आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूरहरु कसूरमा गरेको अनुसन्धानको विवरण निम्नानुसार रहेको छ।

**तालिका नं २**

**नेपाल प्रहरीले गरेको अनुसन्धान विवरण (मुद्दा दर्ता)**

| सम्पत्ति शुद्धीकरण कसूरमा हालसम्म अदालतमा  दर्ता भएका मुद्दाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सि. नं.** | **मुद्दा दर्ता मिति** | **सम्बद्ध कसूर** | **प्रतिवादीको नाम** | **विगो रकम रु.** | **सजाय मागदाबी रकम** | **बिगो सहित जरिवाना रकम र कैद** | **मुद्दा दर्ता गरिएको अदालत** | **कै.** |
| १ | २०८१।०१।०२ | सट्टेवाजी/ बैकिङ कसूर (सम्पत्ति शुद्धीकरण) | मोबाईल नम्बर ९७४६५९०४९२, ९७४९९३७०३७, ९७६२७१४१४०, ९८६४०११६६६ प्रयोग कर्ताहरु | ९१५०८९८ | | | काठमाडौं जिल्ला अदालत | |
| २ | ३०/०१/२०८० | सट्टाबाजी (सम्पत्ती शुद्धीकरण) | १) जि. काभ्रे मण्डनदेउपुर न.पा-८ बस्ने वर्ष २४ को अनिल ढुङ्गाना (पक्राउ) । | १४१२५३९१६७ | | | जिल्ला भक्तपुर | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २) ऐ.ऐ. बस्ने रब्ष २५ को अच्युत नेपाल (फरार) ।<br>३) ऐ.ऐ. बस्ने वर्ष २८ को राबिज ठकुरी (फरार) ।<br>४) जि. काठमाण्डौ का.म.न.पा-१ बस्ने वर्ष २६ की आरती गुरुङ (फरार) | | | | अदालत, भक्तपुर । | |
| ३ | २०८२।०३।१३ | लागू औषध ट्रामाडोल क्याप्सुल, संगठित अपराध निवारण ऐन र सम्पत्ति शुद्धीकरण तथा निवारण ऐन सम्बन्धी कसूर | मोहम्मद मुन्ना अन्सारी र परिवर्तित नाम रक्सौल (क) समेत अन्य प्रतिवादीहरू राजु मिजार, रामाकान्त साह गोढ र प्रभात दाई भन्ने प्रभात साह | ४७,२२६,६३९ | | | जिल्ला अदालत, ललितपुर | |
| ४ | २०८१।०८।१२ | सट्टावाजी(सम्पत्ती शुद्धीकरण) | प्रतिवादी सुनिल राई | ५५२०८४०७१ | | | जिल्ला अदालत, ललितपुर | २०८१।०८।१२ |
| ५ | २०८१।०७।२८ | लागू औषध ट्रामाडोल(सम्पत्ती शुद्धीकरण) | कबिर लामा भन्ने उदय थिङ | १६३४३७५६ | | | जिल्ला अदालत, ललितपुर | |
| ६ | २०८२।०७।०७ | हुण्डी कारोवार गर्न नहुने कसूरबाट सम्पत्ति सुद्धीकरण तर्फ परिणत | प्रहरी प्रतिवेदन जाहेरी | १८६६९३८८ | | | काठमाडौं जिल्ला अदालत | |
| ७ | २०८१।०६।०२ | ला.औ. कारोबार र सम्पती शुद्धीकरण सम्बन्धी कसूर | वर्ष २७ को बालकृष्ण अधिकारी | २९६५३५९२१ | | | काठमाडौं जिल्ला अदालत | |
| ८ | २०८१।०४।३० | ठगी र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर | वर्ष ५१ को रामबाबु राय यादव | ३०१८१७८४ | | | जिल्ला अदालत सर्लाही | |
| ९ | २०८२।०२।११ | खोटाचलन र सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ अन्तर्गत कसूर | युनुस अन्सारी | ९०९५३७०९ | | | काठमाडौं जिल्ला अदालत | |
| १० | २०८१।११।०४ | हुण्डी सम्पती शुद्धीकरण | जेनिस कुमार साहले | ४७८४६३५ | | | धनुषा जिल्ला अदालत | |
| ११ | २०८२।०१।१५ | अनलाईन ठगी-सम्पती शुद्धीकरण | श्याम सुन्दर महरा, राम कुमार महरा,सुरज साह, नितेश कुमार साह, रोशन साह, सुधिर कुमार महत्तो र अमित साह उपर समेत | १०३२००५७५ | | | धनुषा जिल्ला अदालत | |
| १२ | २०८०।०४।२२ | सहकारी ठगी अन्तर्गत मुद्दामा थप सम्पत्ति शुद्धिकरण सम्बन्धी कसूर समेतमा अनुसन्धान भई रहेको, छुट्टै मुद्दा दर्ता नभएको | गोरखा मिडिया नेटवर्क प्रा.लि.का सञ्चालक गीतेन्द्र बाबु राई समेत | १८६७६१९५०८ | | | जिल्ला अदालत कास्कीमा | |
| १३ | २०८१।०८।१७ | सहकारी ठगी(सम्पत्ती शुद्धीकरण) | प्रतिवादी बिरेन्द्र गुरुङ समेत | ११२२८१८४४ | | | लमजुङ जिल्ला अदालत | |
| १४ | २०८०/११/०३ | संगठित रुपमा सहकारी ठगी तथा सम्पति शुद्धीकरण | गोरखा मिडिया नेटवर्क प्रा.लि.का सञ्चालक गीतेन्द्र बाबु राई समेत | ५४६८९०४० | | | रुपन्देही जिल्ला अदालत | |
| **जम्मा बिगो** | | | | **रु.४,६१,६२,६०,९३५** | | | | |

तालिका नं.२ मा उल्लेखित विवरणलाई हेर्दा, नेपाल प्रहरी जो फौजदारी कसूरको अनुसन्धान गर्ने जिम्मेवारी पाएको अनुसन्धानकारी निकायहरु मध्येको एक हो। जसले मिति २०८०।१२।३० पछिको संशोधन सहितको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन,२०६४ कानून पश्चात् १४ बटा मुद्दा सम्बन्धित जिल्ला अदालतमा सरकारी वकील मार्फत दायर गरी रु.४,६१,६२,६०,९३५ बिगो मागदाबी लिएको देखिन्छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी कसूरको अनुसन्धानमा एकरुपता ल्याउन र अनुसन्धान प्रकृयालाई सहज बनाई अनुसन्धानमा सफलता प्राप्त गर्ने उद्देश्य सहित नेपाल प्रहरी प्रधान कार्यालयले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर अनुसन्धान दिग्दर्शन, २०८२" समेत जारी गरी सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धानलाई प्राथमिकतामा राखेको छ ।

२. **राजस्व अनुसन्धान विभागः राजस्व अनुसन्धान विभागले** मिति २०८०।१२।३० अर्थात् सम्पत्ति शुद्धीकरण सम्बन्धी नयाँ कानून संशोधन पश्चात् सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूरहरु गरेको अनुसन्धानको विवरण निम्नानुसार रहेको छ।

**तालिका नं.३**

**सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको विवरणः**

| सि. नं | मुद्दा दर्ता मिति | सम्बद्ध कसूर | प्रतिवादीहरुको नाम | बिगो रकम(रु.) | बिगो सहित जरिवाना रकम(रू.)र कैद १५ वर्षसम्म | जरिवाना रु. | मुद्दा दर्ता गरिएको अदालत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८२।०९।१७ | राजश्व चुहावट | बिनोद कुमार श्रेष्ठ | १९३१८८२६९ | १९३१८८२६९ | ३८६३७६५३८ | ललितपुर जिल्ला अदालत |
| २ | २०८२।०९।१३ | विदेशी विनिमय अपचलन | नारायण पौडेल र कुसाङ लामा | २५३४७८८४२ | २५३४७८८४२ | ५०६९५७६८४ | ललितपुर जिल्ला अदालत |

तालिका नं.३ मा उल्लेखित विवरणलाई हेर्दा, राजस्व अनुसन्धान विभाग जो राजस्व चुहावट (अनुसन्धान र नियन्त्रण) र विदेशी विनिमय नियमित गर्ने ऐनले प्रायोजित कसूरको अनुसन्धान गर्ने जिम्मेवारी पाएको अनुसन्धानकारी निकायहरु मध्येको एक हो। जसले मिति २०८०।१२।३० पछिको संशोधन सहितको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन, २०६४ कानून पश्चात् जम्मा २ बटा मात्र मुद्दा सम्बन्धित जिल्ला अदालतमा सरकारी वकील मार्फत दायर गरी रु.४४,६६,६७,१११ बिगो मागदाबी लिएको देखीन्छ ।

**३) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग :** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८०।१२।३० मा प्रमाणकीकरण हुनु अघि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्ने सक्षम निकायको रुपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग रहेकोमा सो विधेयक प्रमाणीकरण भई साविकको व्यवस्था संशोधन भए पश्चात् विभिन्न १३ निकायबाट सम्पत्ति शुद्धीकरणको कसूरको अनुसन्धान हुने व्यवस्था रहेको छ। माथि कसूरको संरचनामा उल्लेख गरिए अनुसार सम्पत्ति शुद्धीकरणको कसूरको प्रारम्भिक विन्दु र पूर्वशर्त सम्बद्ध कसूर भएकाले सम्बद्ध कसूरको अभावमा अर्थात् सम्बद्ध कसूर भनी ऐनमा उल्लेख भए अनुसारका कसूरबाट प्राप्त सम्पत्तिको विद्यमानता नभएसम्म सम्पत्ति शुद्धीकरणको कसूर स्थापित नहुने भएकाले जुन निकायले शुरु अपराधमा कारवाही चलाउने अख्तियारी राख्दछ सोही निकायले नै सम्पत्ति शुद्धीकरणको कसूरको कसूरमा प्रारम्भिक जाँचबुझ र अनुसन्धान गर्ने कानूनी व्यवस्था अनुसार नै हाल कार्यन्वयनको अवस्थाम छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मिति २०८०।१२।३० अर्थात् सम्पत्ति शुद्धीकरण सम्बन्धी नयाँ कानून संशोधन पहिला सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरहरुमा गरेको अनुसन्धानको विवरण निम्नानुसार रहेको छ।

**तालिका नं. ४**

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट दर्ता भएका सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको विवरणः**

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| १ | २०६६/३/२० | मिनबहादुर घले | ३०००००।- | भन्सार, अन्तशुल्क | ३०००००।- | ३०००००।- | | Customs |
| २ | २०६७/११/२३ | WU-LIXIANG चिनीया नागरिक | ६७४५००००।- | मुद्रा बैङ्किङ | ६७४५००००।- | ६७४५००००।- | | Banking |
| ३ | २०६८/२/१६ | शान्ति तामाङ | २७०००००।- | लागूऔषध | २७०००००। | २७०००००।- | १ वर्ष | Drugs/Mule |
| ४ | २०६८/१०/६ | SILANG LUOBU चिनिया नागरिक | २२०००००।- | मुद्रासम्बन्धी | २२०००००।- | २२०००००।- | १ वर्ष | Monetary |
| ५ | २०६८/१०/२६ | LIUXUELIN चिनिया नागरिक | ४३५००००।- | बन्यजन्तु सम्बन्धी | २१२५०००।- | २००००००।- | १ वर्ष | Wildlife |
| ६ | २०६८/११/५ | निरंजन होजाई भन्ने निर्मल राई | ८६३४७४७४।०१ | नागरी ता मुद्रासम्बन्धी | १९२४४३।७२ को बैङ्क मौज्दात रु.३९३०५५२।८४ को घरजग्गा | ८६३४७४७४।०१ | ४ वर्ष | Real Estate+ Banking and Corporate |
| | | सरिता गिरी | ४५१८२३०६।- | | रु.१५९८०४०६।०१ मौज्दात, १६३१९००।- को घरजग्गा, स्कुटर र ल्यापटप | २२५९११५३।- | २ वर्ष | |
| | | राजु गिरी<br>सेती गिरी<br>रामचन्द्र गिरी<br>सीता गिरी | | | सफाइ | | | |
| ७ | २०६८/१२/१९ | धर्मवीर पासवान | २०५००२०।- | | बिगो बराबर जरिवाना, बिगो जफत र एक वर्ष कैद हुने ठहरी शुरुबाट | | | Bank |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | | | | भएको फैसला उपर सर्वोच्च अदालतबाट मिति २०७३/९/३ मा सफाइ पाउने ठहरी फैसला। | | | |
| ८ | २०६९ /२/१९ | उमेश कुमार शर्मा | | | ४०००००।- | ४०००००।- | १ | Bank, Transfer of Cash, ATM used |
| | | आदित्य कुमार शर्मा | ७८०००००।- | | ७८०००००।- | ७८०००००।- | १ | |
| | | मुकेश कुमार शर्मा | १४४३१७०० ।- | | ८४००००।- | १४४३१७१०। | २ | |
| | | प्रेक्षा शर्मा | | | सफाइ | | | |
| | | राजेश कुमार कुशवाह | ४७६०९३०।- | | सफाइ | | | |
| | | छोटेलाल महतो | ६५९०५०।- | | सफाइ | | | |
| | | कृष्ण भगवान कोइरी | ५२६२०५०।- | | सफाइ | | | |
| | | दिनानाथ महतो | ६८५४६९०।- | | सफाइ | | | |
| | | चन्द्रिका प्र कोइरी | | | सफाइ | | | |
| | | बंकाबहादुर महतो | ७२९६८५०।- | | सफाइ | | | |
| | | लक्ष्मी राउत बरही | २७२४५००।- | | सफाइ | | | |
| | | विनोद कुमार चौरसीया | २५००५००।- | | सफाइ | | | |
| | | अशोक कुमार कुशवाह | ५६२२९३०।- | | सफाइ | | | |
| | | सुरेश कुमार कुशवाह | २६१३९४०।- | | सफाइ | | | |
| ९ | २०६९ /१/२५ | जितेन्द्र कुमार | ४०३७८३१४ ।१७ | | ४५३०८०।- | ४०३७८३१४। १७ | १ वर्ष | Bank/cash/ ATM Used |
| | | ममता साह | ३३२५५९२। | बैङ्किङ | | | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | वविता कुमारी | ३००२६५१। २० | | कसूरबाट सफाइ | | | |
| | | राजपतिदेवी कलबार | २५५८४२२। ४४ | | कसूरबाट सफाइ | | | |
| | | मेघाकुमारी कलबार | २०५०५१७। ५५ | | कसूरबाट सफाइ | | | |
| | | मुकेश कुमार साह | १९२८४३८। ४६ | | कसूरबाट सफाइ | | | |
| | | अनिता कुमारी | ३१५५५५२। ६६ | | कसूरबाट सफाइ | | | |
| | | कान्तिदेवी कलबार | २३८१७०७। ६१ | | कसूरबाट सफाइ | | | |
| | | सरोजदेवी कलबार | २६०२१७१। १० | | कसूरबाट सफाइ | | | |
| | | रूपकुमारी साह | २३२६९९७। ८६ | | कसूरबाट सफाइ | | | |
| | | मनिषा साह | ११३९६४०। ५० | | कसूरबाट सफाइ | | | |
| | | ओमप्रकाश कुसवाह | ३५७३३१०। ४६ | | कसूरबाट सफाइ | | | |
| | | प्रभात कु चौरसिया | १३६७९९८। १४ | | कसूरबाट सफाइ | | | |
| | | राजकिशोर प्रसाद | १२३२५९९। ४२ | | कसूरबाट सफाइ | | | |
| | | धनन्जय गुप्ता | १३६७४७९। ०७ | | कसूरबाट सफाइ | | | |
| १० | २०६९ /२/३१ | फुर्निमा शेर्पा | ४९०००००।- | लागूऔषध | ४९०००००। - | कसूरबाट सफाइ | | Drugs |
| ११ | २०६९ /४/३ | प्रदीप कुमार रस्तोगी | २१५३३७३७ ।- | बैङ्किङ कसूर | ६३६।८५ | २१५३३७३७।- | २ वर्ष | Bank |
| १२ | २०६९ /६/१० | उत्तम महर्जन | १३३२४००८ २।- | ठगी | १२०००००० ०।- | | २ वर्ष | Revenue |
| १३ | २०६९ /९/१९ | दावा टाँसी लामा | २१८५५६०० ।- | राजस्व चुहावट | | २१८५५६००।- | २ वर्ष | Revenue |
| १४ | २०६९ /५/१५ | बाल्मिकी कुमार सोनार<br>गेलु कुमार साह<br>अमरकिशोर प्रसाद | बाल्मिकि- १५४००००<br>गेलु- १००००००<br>अमर- २५५४००० | Unkonwom cash | २५५४०००। - | २५५४०००।- | -- | cash |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| १५ | २०६८/७/३० | सुनील जैसवाल श्रवण साह | १९२००००।- ९२००००।- | Unkonwom cash | दुवै प्रतिवादीलाई बिगो बराबर जरिवाना १ वर्ष कैद र बिगो जफत हुने ठहर भएकोमा सर्वोच्च अदालतबाट सफाइ पाउने ठहरी फैसला। | विशेषको फैसला उल्टि भई सफाइ | | Trade Tax |
| १६ | २०६९/६/२९ | शेखर कुमार रुंगाटा मुकेश कुमार यादव | २२७४०००।- | राजस्व चुहावट विदेशी विनिमय र मुद्रा | २२७४०००।- | २२७४०००।- | १ वर्ष | Forex |
| १७ | २०७०/१/३० | अशोक कारख माधव कुमार भगत | १८१००००।- | Unknwon cash | १८१००००।- | ८६००००।- | १ वर्ष | Mule |
| | | | | | | ९५००००।- | १ वर्ष | |
| १८ | २०६९/११/१३ | पोपट मदन | १७२९२४३।- | | अभियोग दावी बमोजिम ठहरी फैसला। | बाँकी | | Cash |
| १९ | २०७०/२/५ | पर्शुराम बस्नेत अन्जुसिंह बस्नेत | ११६१४१९७७।- | | अभियोग दावी बाट सफाइ पाउने ठहर। | अभियोग दावीबाट सफाइ | | Bank, Corporate and realestate |
| २० | २०७०/२/५ | दिपक मनाङगे भन्ने राजिव गुरुङ र पासाङ डोमा गुरुङ | १४७३३१८०६।- | | अभियोग दावीबाट सफाइ पाउने ठहर। | | | Bank, Corporate and realestate (PEP) |
| २१ | २०७०/२/५ | चक्रे मिलन भन्ने मिलन गुरुङ र इन्दिरा घले | ७०८१७२६६।- | | सफाइ पाउने ठहर। | | | Bank, Corporate and realestate |
| २२ | २०७०/२/५ | गणेश लामा लक्ष्मी लामा | २७०१५१०५८।६० | | गणेश लामालाई रु. १४०५००००।- | १४०५००००।- | १ वर्ष | Bank, Corporate and realestate (PEP) |

| क. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | पाल्साङ लामा<br>रन्जु लामा<br>विनोद लामा<br>राकेश लामा | | | | | | |
| २३ | २०७० /२/५ | अभिषेक गिरी<br>अनिषा गिरी | २९४४६५८८।७३ | | अभियोग दावीबाट सफाइ पाउने ठहर। | | | Bank, Corporate and realestate |
| २४ | २०७० | ओमप्रकाश चौधरी | ३८८२४००।- | Unkown source cash | ३८८२४००।- | ३८८२४००।- | २ वर्ष | |
| | | विजय कुमार कुसवाह<br>रमेश कुमार अग्रवाल<br>नीलमदेवी अग्रवाल | | | सफाइ | | | Mule |
| २५ | २०७० /५/१६ | सुचेन्द्र श्रेष्ठ | ७००००००।- | Unkown source cash | ७००००००।-<br>मो.सा थान-१ | १४००००००।- | २ | Tax |
| २६ | २०७० | हरेन्द्र यादव | २१२७५००।- | राजस्व | सफाइ | | | |
| २७ | २०७१ /३/२७ | शंकरप्रसाद गुरागाई | | आतङ्ककारी कार्यमा वित्तीय लगानी | | १२७८९१५०।- | १८ महिना | Banking and Trade |
| | | शान्ति तामाङ भन्ने हेमन्त शर्मा | ५११५६६०।- | | ५११५६६०।- | २५५७८३००।- | ३ | |
| | | सुरेश अधिकारी | | | | ३७०८८००।- | १.६ | |
| | | Laishram Jiten singh | | | सफाइ | | | |
| | | RAj Singh | | | सफाइ | | | |
| | | कुमार चौहान | | | | १७५६८००।- | १.६ | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | कर्णजीत रोकाया | | | | १७५६८००।- | १.६ | |
| | | राजेश भट्टराई | | | | १७५६८००।- | १.६ | |
| | | सीता भट्टराई | | | | १७५६८००।- | १.६ | |
| | | सोमनाथ चौहान | | | सफाइ | | | |
| २८ | २०७१/४/१४ | समिर अधिकारी | ९८३०५०।६३ | बैङ्किङ कसूर (STR) | ६५०।६३ | ९८३०५०।६३ | | Banking |
| २९ | २०७२/११/१२ | रविराज श्रेष्ठ | १२४३२०४६।१४ | विदेशी विनिमय अचचलन | सफाइ | | | Forex |
| | | सोवित कार्की | | तथा राजस्व चुहावट | | | ६ महिना | |
| | | राजेश अग्रवाल | | | | | १ वर्ष | |
| | | विनोद कुमार सोनी | | | | | ६ महिना | |
| | | मुरारीलाल गोयल | | | सफाइ | | | |
| ३० | २०७३/१/२२ | सुनील अग्रवाल दीपक अग्रवाल | ५२०००००।- | | ३६६३६७२।२८ | कसूर तथा जरिवना कायम नभएको। | | Tax |
| ३१ | २०७३/२/१३ | बेचन यादव | १११३७००।- | Unkown source cash | १११३७००।- | १११३७००।- | १ वर्ष | Mule |
| | | शिव कुमार महतो | | | सफाइ | सफाइ | - | |
| ३२ | २०७३/४/१७ | बालु जगन्नाथ घाङ्गे | २१९०३७२९।७० | Unkown source cash | २१९०३७२९।७० | ४३८०७४५९। | २ वर्ष | Gold/Precious metal |
| ३३ | | प्रदीप कुमार रस्तोगी | १६८५७४०।- | विदेशी विनिमय अपचलन | - | १६८५७४०।- | १ वर्ष | Banking |
| | | श्याम मर्डि | | | | | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| ३४ | २०७४/२/२० | मनराज गुरुङ प्रमेश चौहान | ६०५९६३२६।२० ४२०२३९१ | | - | - सफाइ भएको | - | Real estate+ Corporate |
| ३५ | २०७३/१२/११ | बज्रेश कुमार जयसवाल | ४२५२७४०।- | विदेशी विनिमय अपचलन (STR) | ४२५२७४०।- | ४२५२७४०।- | १ वर्ष | Bank |
| ३६ | २०७३/८/७ | नन्द कुमार पटेल | ३५८९२५७।- | | १२९५५००।- | २५९१०००।- | २ | Bank |
| ३७ | २०७३/११/१८ | बलरामप्रसाद गुप्ता र सन्तोष कुमार साह | ७३३०५००।- | राजस्व चुहावट | ७३३०५००।- | १४६६१०००।- | २ | Gold/Precious metal |
| ३८ | २०७४/१/१४ | श्री पुजनराम मोची | ३७९८०००।- | Unkown source cash | ३७९८०००।- | ३७९८०००। | १ | Bank, Mule |
| | | शंकर सहनी | | | | ७५९६०००।- | २ | |
| ३९ | २०७४/५/२५ | रोहित भनिने दिनेश खड्का | ४२५००००।- | किर्ते | ४२५००००।- | ८५०००००।- ४ लाख असुल | २ १.१०.२६ असुल | Bank |
| ४० | २०७४/१२/१५ | **संजय कुमार साह** | **३१५९२५०३४।४६** | **भ्रष्टाचार समेत (PEPs)** | **१४२५०१७१६।३६** | **२८५००३४३२।७२** | **५** | **Bank, Realestate, Coprporate (PEP)** |
| | | रंगिला कुमारी साह | ७९२९६८१९। | Attatchment Proceeds | | | २.६ | |
| | | साधु साह सुडी | ९१७९७०८२।८० | | | | २.६ | |
| | | दुलारी देवी साह | ३५१८१८७७।२० | | | | | |
| | | रामकुमार सह | ७५१६८५७।- | | | | १.८ | |
| | | मनोज कुमार सिंह | १२७२४८४०।५० | | | | | |
| | | नीलम सिंह | ८६१८०००।- | | | | | |
| | | ओमप्रकाश यादव | ३५५८०००।- | | | | २.६ | |
| | | राममिलन राउत | ३१०००००।- | | | | २.६ | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | सुजित कुमार पाण्डे | ४२०३००।६० | | | | २.६ | |
| | | बबिता पंजियार | ४८३५०००।- | | | | | |
| | | चैतन्यराज साह | | | | | | |
| | | प्रेमराज साह | | | | | | |
| ४१ | २०७५/३/१२ | गुड्डु कुमार | ४००००००।- | Unkown source cash | ४००००००।- | ८००००००।- | २ वर्ष | Bank |
| | | रामबाबु प्रसाद जयसवाल | ४००००००।- | | सफाइ | - | - | |
| ४२ | २०७५/३/२५ | विशाल बर्मा कुद्दुस खाँ | ५००००००।- | Unkown source cash | ५००००००।- | कसूरबाट सफाइ | | Cash/Mule |
| ४३ | २०७५/४/४ | विकास भन्ने विक्रम कुमार | १००००००।- | | १००००००।- | १३३३३३३।- | १.४ | |
| ४४ | २०७५/७/८ | समसुल होदा | ५४५०००।- | आतङ्ककारी कार्यमा वित्तीय लगानी | | २७२५००००।- | १२ | Bank+ Remittance |
| | | वृजकिशोर गिरी | | | | २७२५००००।- | १२ | |
| | | मोजाहिर अंसारी | | | | | | |
| | | आशिष सिंह | | | | | | |
| | | उमेश कुमार कुर्मी | | | | | | |
| | | राजकिशोर गिरी | | | | | | |
| | | धिरज कुमार पाल | | | | | | |
| ४५ | २०७५/७/१३ | शिवरतन पोद्दार | २५५००००।- | Unkown source cash | २५५००००।- | २५५००००१।- | १ वर्ष | Tax |
| ४६ | २०७५/९/१ | तपन घोष सुमन श्रेष्ठ | ११२९१०२।२२ आधा | ठगी तथा संगठित अपराध (कायम भएको | | सफाइ पाउने ठहरी भएको। २०७७-१०-५ मा शुरु विशेष | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | | | सम्बद्ध कसूर विद्युत चोरी) | | अदालतबाट फैसला भएको। | | |
| | २०७५/११/१३ | ग्यांजो शेर्पा | १३०००००० | डाँका समेत | १३००००००।- | कसूरबाट सफाइ भई वीगो जफत | - | Forex/cash/Mule |
| | | LI XIAOFENG | १३००००००।- | | | | | |
| ४७ | २०७५/११/१३ | प्रेमा शेर्पा | ६५०००००।- | | | | | |
| ४८ | २०७६/१/११ | मधुकुमारी चौधरी<br>विनोद कुमार गुप्ता | २२९५४९२००।- | राजस्व चुहावटसम्बन्धी कसूरमा कारबाही चलेको। | ७३३२७७०८।- | १४६६५५५१४।- | जनही २ वर्ष | Tax, Real estate, Security Exchange, corporate, Customs |
| | | विरेन्द्र महतो | २२९५४९२००।- | | | सफाइ | | |
| | | हिमालयन कार्गो | | | | सफाइ | | |
| ४९ | २०७६/१/१६ | चन्द्रकान्त पौडेल र सोमई धबल | ३६४४३६०।- | Unkown source cash | ३१८५०००।- | कसूरबाट सफाइ | - | Mule/Cash |
| ५० | २०७६/२/२ | लाक्पा शेर्पा | ४४२१०००।- | Unkown source cash | ४४१६०००।- | कसूरबाट सफाइ | | Casino |
| ५१ | २०७६/२/५ | रविसचन्द्र पाठक<br>धिरज तिवारी र नितेश तिवारी | ३५४४०००।- | मुद्रा बैंकिङ | ३५४४०००।- | ७०८८०००।- | धिरज-३<br>रविस-१ | Bank/Mule |
| ५२ | २०७६/४/१९ | कमल कुमार यादव र सानु गुप्ता | २००००००।- | मुद्रा बैंकिङ | २००००००।- | ४००००००।- | ३ वर्ष | Cash/Mule |
| ५३ | २०७६/५/१ | नुरुलेन वारसी मो. जिया खान र लोकेन्द्र शाह | ४२०००००।-<br>७२७९५३०।- | ठगी | कसूर कायम नभई रकम जफत हुने ठहरी फैसला | - | - | Corporate |

| क्र.सं. | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला: जफत रू. | जरिवाना रू. | कैद | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| ५४ | २०७६/५/२० | वृज किशोर कुमार वीरेन्द्र प्रसाद यादव | ५७७९४९०।- | मुद्रा बैंकिङ | ५७७९४९०।- | कसूरबाट सफाइ | - | Cash/Mule |
| ५५ | २०७६/६/५ | बालेश्वर भन्ने बाला यादव | १८०८१३०।- | मुद्रा बैंकिङ | १८०००५०।- | २६००१००।- | २ वर्ष | Cash/Mule |
| | | रंजन दास | | | १८५००००।- | १० लाख | २ वर्ष | |
| | | प्रदीप कु. चौरसीया | ९०४०६५।- | | | ५ लाख | १ वर्ष | |
| | | बविता कुमारी | ९०४०६५।- | | | १३०००५०।- | १ वर्ष | |
| ५६ | २०७६/६/२९ | रविन्द्र यादव | २९९८०००।- | मुद्रा बैंकिङ | २९९८०००।- | - | - | Cash/Mule |
| ५७ | २०७६/७/३ | अज मतुल्लाह अन्सारी राजकुमार साह र रन्धीर साह | २५०००००।- | मुद्रा बैंकिङ | २५०००००।- | कसूरबाट सफाइ | | Cash/mule |
| ५८ | २०७६/८/८ | LYu CONKUAN | ४८१०७५१।८० | तस्करी भन्सार विदेशी विनिमय अपचलन | ३०५१५१।८० | ६१०३०२।- | २ वर्ष | Trade and Customs |
| | | LU BAOWEI | २१३२२८।७४ | | २१३१२८।- | ४२६२५६।- | २ | |
| | | MA XIAOJUN | ६५३९५००।- | | ६५४९५००।- | १३०९९०००।- | ३ वर्ष | |
| | | WU PO | ५३१८३०।३० | | ५२२८००।- | १०४५६००।- | २ वर्ष | |
| | | घले भोटे | १६०६३००।- | | | सफाइ | | |
| | | ग्यान्जे भोटे | ६४६०००।- | | | सफाइ | | |
| ५९ | २०७६/११/३० | सुरेन्द्र ठाकुर महोत्तरी | २१२२७०५।- | मुद्रा बैङ्किङ | २१२२७०५।- | कसूरबाट सफाइ | | Cash/Mule |
| ६० | २०७७/१/२ | प्रमोद कुमार जयसवाल-भारत | ४१५१६९२७५।- | मुद्रा बैङ्किङ | | ८३०३३८५५०।- | ८ वर्ष | Bank/Trade/Forex/Corporate (Misuse of banking service Demand Draft and RTGS) |
| | | विभा चौधरी | ३३३४५८००।- | | | सफाइ | | |
| | | जीवनबाबु सुवेदी | २०६४१५३७९।- | | | सफाइ | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | पप्पु ठाकुर | ३६७१४०००।- | | | ७३४२८०००।- | ५ वर्ष | |
| | | श्रीलाल प्रसाद रौनियार | १७५४०८०४८।- | | | सफाइ | | |
| ६१ | २०७७/३/४ | योगेन्द्र प्रसाद श्रेष्ठ | १७१६३३६२१३।४१ | बैङ्किङ कसूर | | | | Bank, Cooperative, Security, Realestate Corporate |
| | | गिता श्रेष्ठ | १५१८३६९४१।९५ | | | | | |
| | | गौरव श्रेष्ठ | १९६७०१९२१।- | | | | | |
| | | उत्सव श्रेष्ठ | ३८८८५४६८१।९७ | | | | | |
| | | सौरव श्रेष्ठ | २७१४६०२७१।४९ | | | | | |
| ६२ | २०७७/५/२१ | अर्जुन पौडेल | ३८१००००।- | ठगी | सफाइ | | | Bank/Cash |
| | | बालाराम खत्री | | | सफाइ | | | |
| | | | | | सफाइ | | | |
| | | शर्मिला अधिकारी | | | सफाइ | | | |
| | | रामकाजी पाण्डे | | | सफाइ | | | |
| | | सुजता पाठक | | | सफाइ | | | |
| | | निरबहादुर थापामगर | | | सफाइ | | | |
| ६३ | २०७७/६/६ | समीर राई | ९८५८९४३।- | चोरी (विदेशी) | ९०५८२४३।- | ९०५८२४३।- | १ वर्ष | Remittance+ Banking |
| | | अम्बिका राई | | | सफाइ | सफाइ | सफाइ | |
| ६४ | २०७७/६/८ | देवेन्द्र विक्रम रोका | १०५७२५५५।८९ | | ६४६६७८४।- | १४९१९९६९।३८ | १ वर्ष | |
| | | चन्द्रा रोक्का | १०५७२५५५।८९ | | Realestate, Banking | | | |
| | | गोविन्द बहादुर छन्त्याल | मतियार, आधा सजाय माग। | लागूऔषध को कारोबार बाट सम्पत्ति | | | | |
| | | मनजित घर्ति | | | | | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला |  |  | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | जफत रू. | जरिवाना रू. | कैद |  |
|  |  | नागेन्द्र थापा मगर |  | शुद्धीकरण । |  |  |  |  |
|  |  | जम्मा भोटे |  |  |  |  |  |  |
|  |  | माइला आसेङ भन्ने इन्द्रबहादुर थिङ |  |  |  |  |  |  |
| ६५ | २०७७ /६/१९ | बलराम सापकोटा | १७५२७७२६०।३८ | कर, हातहतियार, जुवा लगायत |  | सफाइ पाउने ठहर |  | Corporate, Casino, Bank, Real estate, Vehicle, |
|  |  | सृजना कक्षपति | २५८६७४४।८५ |  |  |  |  |  |
| ६६ | २०७७ /६/२९ | सदाम अन्सारी | १०९६६२५।- | मुद्रा बैङ्किङ | १०९६६२५।- | कसूरबाट सफाइ |  | Real Estate, Money mule |
|  |  | आर्किमिडिज साह |  |  |  |  |  |  |
|  |  | सहीमुद्दीन अन्सारी | मतियार |  |  |  |  |  |
| ६७ | २०७७ /९/१४ | डेविट अधिकारी | १००००००००।- | राजस्व चुहावट |  | सफाइ |  | Casino |
|  |  | संजय मुल्मी | ७६०००००।- |  |  |  |  |  |
|  |  | निश्चल आचार्य | २४०००००।- |  |  |  |  |  |
|  |  | श्रवन कुमार चौधरी | १००००००००।- |  |  |  |  |  |
|  |  | सुशीलप्रसाद यादव | सवारी साधन जफत प्रयोजनार्थ |  |  |  |  |  |
| ६८ | २०७७ /९/२० | व्यास मुनी तेली गुप्ता | ४०००००० ।- | तस्करी र राजस्व चुहावट |  | कसूरबाट सफाइ |  | Bank, Real estate |
|  |  | गौरीशंकर तेली | मतियार |  |  |  |  |  |
|  |  | जनार्दन गोसाई |  |  |  |  |  |  |
|  |  | राजेश कुमार तिवारी |  |  | ४००००००।- |  |  |  |
|  |  | रविना गुप्ता |  |  |  |  |  | Money Transfer Service/Mule |
| ६९ | २०७७ /९/२८ | सुकदेव ठाकुर | ३००२३२०।- | मुद्रा बैङ्किङ | २००२३२०।- | कसूरबाट सफाइ |  |  |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | हरेराम यादव | ३००२३२०।- | | | | | |
| | | श्रीराम मनि ट्रान्सफर | ३००२३२० | | | | | |
| ७० | २०७७/१०/२१ | **गगन भन्ने रेवतराज पुरी** | **१२१३७११७८।८६** | **लिखतसम्बन्धी कसूर** | | ४००००००० ।- | - | **PEP Real EState** |
| | | सिमा भन्ने केशावती पुरी | १२१३७२१७८।८६ | | सफाइ | | | |
| | | मनमाया पुरी | ९९०४७५०।२२ | | सफाइ | | | |
| | | देव कुमारी पुरी | ४६२४८४३।२२ | | सफाइ | | | |
| | | संगिता पुरी र कृष्ण कुमार पुरी | जफत प्रयोजनार्थ | | सफाइ | | | |
| ७१ | २०७७/११/१२ | रामबहादुर लामा | ७१२८१७२७।६७ | ठगी | कसूरबाट सफाइ | | | Vehicle, real estate, Bank |
| | | कान्छी लामा | ६९५०५००।- | | | | | |
| ७२ | २०७७/१२/१३ | पंकज जोशी | २०८८३२४२।७३ | ठगी (विदेशी) | ७७८४२।२५ | २०६३१९०५।६२ | - | Remittance, |
| ७३ | २०७७/१२/१९ | अंकित कुमार अग्रवाल | १४७८६०००।- | तस्करी एवं विदेशी विनिमय को अवैध कारोबार समेत। | | कसूरबाट सफाइ | | Forex, Bank and precious metal |
| | | सचिन कुमार अग्रवाल | २९२६२७४९।- | | १४७८६०००।- | | | |
| | | नुरुद्दिन अन्सारी | १५६८३६०४।७७ | | | | | |
| | | बैजनाथ अग्रहरी | मतियार | | | | | |
| ७४ | २०७८/१/२० | अरविन्द महतो | ४९०००००।- | मुद्रा बैङ्किङ | ४९०००००।- | कसूरबाट सफाइ | | Cash Money mule |
| | | राजकिशोर गुप्ता | | | | | | |
| | | रमेश प्रसाद कुसवाह | ४९०००००।- | | | | | |
| ७५ | २०७८/१/२७ | चन्द्रशेखर प्रसाद कलबार | २५३५०००।- | मुद्रा बैङ्किङ | २५३५०००।- | कसूरबाट सफाइ | | Cash Money mule |

| क्र.सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | संजय कुमार | | | | | | |
| | | नन्द किशोर राउत | २५३५०००।- | | | | | |
| ७६ | २०७८/८/२९ | विलास हनुमन्त यादव | ९५०००००।- | राजस्व चुहावट | ९५०००००।- | कसूरबाट सफाइ | | Cash Money mule and precious metal |
| | | सागर सिताराम लोखण्डे | ५००००००।- | | | | | |
| | | कृष्णदेव विट्ठल अदाढे | ४५०००००।- | | | | | |
| ७७ | २०७८/१०/२६ | लम्बोदर कुमार न्यौपाने | १२४४१२७५५। | ठगी | | | | Cooperative, Bank, Corporate Sector, Real estate |
| | | रामरतन उपाध्याय र इन्दिरा उपाध्याय | १२५३८०६२।- | | | | | |
| | | उपेन्द्र गौतम | २२९६७२११।- | | | | | |
| | | लबराज भट्टराई | २७९५५६००।- | | | | | |
| | | **सुर्यबहादुर के.सी.** | **२३४२१५००।-** | | | | **PEP** | |
| | | **हरिप्रसाद पाण्डे** | **२४३४९२००।** | | | | | |
| | | दिपक प्र भट्टराई | ३६५९०००।- | | | | | |
| ७८ | २०७९/३/२१ | निलेश एल सखिया भन्ने निलेश लवजी भाइ सखिया | ५८६५९०० | तस्करी समेत | | ५८६५९९०।- | २ वर्ष | Precious metal gold |
| | | राजु मुन्ना खान सदरूल अन्सारी | ५८६५९०० | | | ५८६५९९०।- | २ वर्ष | |
| | | अल्ताफ भन्ने इल्ताफ हुसेन | | | | सफाइ | | |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| ७९ | २०७९ /४/२० | श्याम परदेशी भन्ने श्यामकृष्ण शाह | ३२०९२६५८ | ठगी समेत | सफाइ | | | Real estate, Bank |
| | | मन्जु देवी | ६५६५३५५.१५ | | सफाइ | | | |
| ८० | २०७९ /४/२९ | कल्पना घलान<br><br>सानुकान्छा योन्जन | १०३५२४०।- | लागूऔषध | आंशिक ठहर भएको, फैसलाको पूर्ण पाठ आउन बाँकी | | | Drugs |
| ८१ | २०७९ /५/१६ | **इच्छाराज तामाङ** | **३३१८५९२९४२** | ठगी तथा सङ्गठित अपराध | सम्बद्ध कसूर मुद्दामा वीगो भराई जरिवाना बराबरको वीगो असुल हुने फैसलामा उल्लेख। | **१७२४४५९०९७** | **३ वर्ष** | **Bank, Cooperative, Corporate, real estate (PEP)** |
| | | सृजना शाक्य | १३०९३९५८०२ | | | १०३५४४३४८७ | १.५ वर्ष | |
| | | प्रतिक्षा तामाङ | ६४७६४२५०। | | | सफाइ | | |
| | | प्रतिष्ठा तामाङ | १८९१८६४६। | | | सफाइ | | |
| | | केशवलाल श्रेष्ठ | २६६१४५५३०। | | | २५६५८६१२४।- | १.५ वर्ष | |
| ८२ | २०७९ /६/६ | शिवनाथ यादव | ३१८९०००। | तस्करी/ मुद्दा तथा बैङ्किङ | ३१८९०००।- | ३१८९०००।- | २ वर्ष | Gold |
| | | सुभाष कुमार श्रेष्ठ | ३१८९०००। | | | ३१८९०००।- | २ वर्ष | |
| ८३ | २०७९ /७/१५ | सुरेन्द्र बहादुर सिंह | २७६७७८६५६। | विदेशी विनिमय अपचलन लगायत | | Casino and Real estate, and Corporate | | |
| | | शारदा देवी सिंह | देवानी दायित्व मात्र | | | | | |
| | | जयन्ति थापा (मतियार) | | | | | | |
| ८४ | २०७९ /१०/३ | चित्रबहादुर पुन | ८००००००। | हुण्डी समेत | ८००००००।- | कसूरबाट सफाइ | NCBC | Remittance |

| क्र. सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | ममता बुढाथोकी | देवानी दायित्व मात्र | | सफाइ | | | |
| ८५ | २०७९/१०/३ | सन्दिप कौशल देवीप्रसाद कौशल | ४५७९५८५। | राजस्व समेत | ४३०००००। - | कसूरबाट सफाइ NCBC | | Gold |
| | | तिलकराम गिरी | ३९०००००। | | | | | |
| ८६ | २०७९/११/४ | सुनिल कुमार सिंह | १५५७६५७८।८४ | हातहतियार, अपहरण तथा शरीर बन्धक समेत | ५ कित्ता जग्गा | २२६३९७०२ | ३ वर्ष | Land and Corporate, Banking |
| | | मिना कार्की | १६०८५४२०।२५ | | | ११३१९८५१।०९ | १.६ | |
| ८७ | २०८०/२/१४ | कुन्चोक लामा भन्ने कुन्जोक छिरिङ लामा | ५०६८९७२४।३० | वन्यजन्तु | बा३च ८४०८ को जीप थान-१ र शेयर ३००० थान | ६७६५३८८।७ वीगो कायम भई सोही रकम जरिवाना | १.५ वर्ष | Real estate, Corporate, Bank |
| ८८ | २०८०/३/१७ | नवीन सुवेदी | ११८७७७००। | बैङ्किङ कसूर | वीगो रु. ११८७७७०० बराबर | २६१३०९४१।६० | ३.३.३ | Baking |
| ८९ | २०८०/३/२१ | यस कुमार महर्जन | १९००००००। | लिखत कसूर | | | २ वर्ष | Real Estate, corporate and Banking (Loan Scheme used based on forged documents) **-one entity also convicted.** |
| | | मुक्तिनाथ गौतम | | | | | २ वर्ष | |
| | | उविन्द्र राज शाक्य | १९००००००। | | | | ४ वर्ष | |
| | | शोभा शाक्य | १९००००००। | | | | १ वर्ष | |
| | | अनुजमणी तिमिल्सिना | १९००००००। | | | | | |
| | | स्मृति जोशी | | | | | | |
| | | ईश्वर पोखरेल | ७५०००००० | | | | १ वर्ष | |
| | | रामप्रसाद अधिकारी | | | | | १ वर्ष | |
| | | कुशन प्रधान | मतियार | | | | १ वर्ष | |
| | | रेशमबहादुर सिलवाल | १९००००००। | | | | ४ वर्ष | |

| क्र.सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकम रू. | सम्बद्ध कसूर | फैसला | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जफत रू. | जरिवाना रू. | कैद | |
| | | मेरलायन इन्टरप्राइजेज | ७०३३६४०० । | | | | | |
| ९० | २०८० /४/१६ | अप्सरा भन्ने एलिना खत्री | २८५७३२६।६१ | मानव वेचविखन | रु. २८०५३२६ र जग्गा कि.-१ | २८५७३२६।११ | २ | Banking and real estate |
| | | अजित शाह | | | | २८५७३२६।११ | २ | |
| | | मानबहादुर तामाङ | ३५२०००।- | | | ७०४०००।- | २ | |
| ९१ | २०८० /०६/२३ | सपना मल्ल | २५०००००० ।- | वीमा/ठगी | | १४४३६०००।- | ८ वर्ष | Insurance, Banking and real estate (Third party Used) |
| | | संजिव अर्याल | ८०३६०००।- | | | १६०७२०००।- | ८ वर्ष | |
| | | छवी कुमारी खत्री | १७४६०००।- | | १ कित्ता जग्गा | | | |
| | | दिपक के.सी. | ६००००००।- | | | १२००००००।- | ८ वर्ष | |
| | | सरदार अहमद खाँ | २००००००।- | | १ कित्ता जग्गा | ४००००००।- | ८ वर्ष | |
| | | टोपबहादुर राना | मतियार | | | ७२१८०००।- | ४ वर्ष | |
| ९२ | २०८० /७/२३ | गुरुप्रसाद न्यौपाने | १९९१०२५२ ।- | धितोपत्र को भित्री कारोवार | १९९१०२५२ ।- | ३९८२०५०४।- | १ वर्ष | Corporate, real estate and Security Exchange |
| | | कुवेरमणी नेपाल | मतियार | | | सफाइ | - | |
| ९३ | २०८० /१०/२२ | मिलन लोवा | ११३५७०५९ ।- | खैरोहिरोइन | | २२७१४११८।- | ३ वर्ष | Banking |
| | | दिपक राई | ८३१०१००० ।- | | | १६६०२०००।- | ३ वर्ष | |
| | | सन्दीप राई | | | | २०५००।- | १.६ वर्ष | |
| | | केसाङ योल्मु | | | | ५७६०००।- | १.६ वर्ष | |
| | | रामकुमार लोवा | | | | ६५००००।- | १.६ वर्ष | |
| | | भीमप्रसाद लोवा | | | | सफाइ | | |
| | | राजशे श्रेष्ठ | | | | सफाइ | | |
| ९४ | | संजय रौनियार | २२६१२१२१०।- | | | | | Real estate and bank |

## तालिका नं.५

## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट दर्ता भएका सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको विवरणः

| क्र.सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकमरू. | सम्बद्ध कसूर | फैसला | | | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शुरू मिति | अन्तिम मिति | जफत रू. | जरिवाना रू. | कैद | |
| १ | २०८१/०१/०२ | मनिष भन्ने दुर्गासिंह तामाङ | ४००७२०८ | लागू औषध | २०८१/१/३१ | फैसला आउन बाँकी | | | | Land |
| २ | २०८१/२/३० | चन्द्रदीप राई | ८४७६२८८३.३० | मानव वेचविखन | विचाराधीन | | | | | Bank and land |
| ३ | २०८१/३/११ | रामेश्वार पुर्वे | ८३७९६५९ | विदेशी विनिमय | विचाराधीन | | | | | Bank |
| | | मिनादेवी साह | ८३७९६५९ | | | | | | | |
| | | विजय कुमार यादव | ८३७९६५९ | | | | | | | |
| | | मोखतार अहमद | ८३७९६५९ | | | | | | | |
| | | सन्तोष यादव | ८३७९६५९ | | | | | | | |
| ४ | २०८१/३/१८ | समीर बुढाथोकी | १८०३७२८१८ | वैंकिङ कसूर | विचाराधीन | | | | | Bank |
| ५ | २०८१/३/२१ | सिद्धि बहादुर महर्जन | ७०६०५३२४ | राजस्व चुहावट | विचाराधीन | | | | | Bank /Trade |

## विभागबाट आ.व. २०८१/८२ मा दायर भएका मुद्दाको कुल संख्या

## तालिका नं.६

| क्र.सं | मुद्दा दर्ता मिति | प्रतिवादीको नाम | बिगो रकमरू. | सम्बद्ध कसूर | फैसला | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शुरू मिति | अन्तिम मिति | जफत रू. | जरिवाना रू. | कैद |
| १ | २०८१/४/७ | श्यामसुन्दर गुसा समेत | ८५०००००।- | अपहरण | विचाराधीन | | | | Gold |
| २ | २०८१/४/८ | बाबुलाल दोङ | ९२१७२९०।- | भन्सार चोरी पैठारी | | | | | Customs and Bank |
| | | जगत लामा | ७२१७२९०।- | | | | | | |
| | | विकास योन्जन | ११७१७२९०।- | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मिङ्मा दोर्जे स्याङतान | ९२१७२९०।- | | | | | | |
| ३ | २०८१/४/२४ | रामदेव शाह तेली | ८२६६३५२९।७८ | ठगी र आपराधिक लाभ | | | | | Bank |
| | | नन्दकिशोर शाह | २९८९२६९०। | | | | | | |
| | | शिवकुमारी | ७४९१०५०।- | | | | | | |
| | | पुषा साह | १०४३०६३५। | | | | | | |
| | | अनुराधा साह | १२८९३६६।- | | | | | | |
| ४ | २०८१/४/३२ | केदारनाथ शर्मा | २२७४९२९०४१५।३ | सहकारी ठगी र संगठित अपराध | | | | | Bank, Cooperative, Trade, Tax, Corporate, Vehicle |
| | | गीता शर्मा | ५२३३३२२१४। | | | | | | |
| | | गार्डेन मार्ट समेत २१ प्रा.लिहरु | ९५९६९०९६६१। | | | | | | |
| | | तेजबहादुर तामाङ | ७१०९१८७९५। | | | | | | |
| | | सुशील बानियाँ | ५४८४५९४८।- | | | | | | |
| | | पुष्कर मल्ल | १०६३२२९०३। | | | | | | |
| | | लीलानाथ गौतम | ५४८४५९४८०२। | | | | | | |
| | | सविना न्यौपाने | १२४०००००।- | | | | | | |
| | | मन्दिप खवास | २००००००।- | | | | | | |
| ५ | २०८१/५/१२ | Feng | १२७९७०४२।३ | हुण्डी | | | | | Remittance and Bank |
| ६ | २०८१/४/८ | सूर्यमणी भण्डारी | १०१६११९१। | विदेशी विनिमयको अवैध कारोवार समेत | | | | | Forex |
| | | सन्तोग पन्थी | | | | | | | |
| | | अनिश थापा | | | | | | | |
| ७ | २०८१/४/३० | रामबाबु राय यादव र उर्मिला यादव | ३०१८१७८४।- | ठगी | | | | | Real estate and Gold |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | २०८१/६/७ | विरध्वज तामाङ | १६५०००००।- | लागूऔषध नाइट्राभे) (ट | | | | | Bank and real estate |
| ९ | २०८१/८/५ | पिन्टुकुमार शाह | २०,८४,९८,३७८.४ | जुवा | | | | | bank |
| १० | २०८१/०८/१४ | दिनेश कोइराला | २,९६,१०,१७,१४९ | ठगी | | | | | Bank, Cooperative, Trade, Tax, Corporate, Vehicle |
| | | अमृता लिम्बु | ४८,४८,३३,७७४ | | | | | | |
| | | किरणदेवी न्यौपाने | १,२०,६३,३४,१०७ | | | | | | |
| | | सिता कोइराला | १,४३,००,००० | | | | | | |
| | | दर्शन कोइराला | १५,०९,९९,६६७ | | | | | | |
| ११ | २०८१-०८-२८ | ज्ञानेन्द्रलाल प्रधान | २६,३९,७९,४६६। | | | | | | Real estate Security Exchange, Bank and Corporate **(Misusing the privilege of Civil law and ancestral property right)** |
| १२ | २०८१/०९/१९ | रेवन्त खड्का | ८,५५,२८,३७४ | ठगी, आपराधिक विश्वासघात तथा संगठित अपराध | | | | | Bank, Real estate, trade, customs |
| | | दिनेश बस्नेत | ८,५५,२८,३७४ | | | | | | |
| | | अमृत कार्की | मतियार/जफतप्रयोजन | | | | | | |
| | | राम केशव थापा क्षेत्री | २,७५,००,००० | | | | | | |
| | | ललिता थापा | मतियार/जफतप्रयोजन | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वेद प्रकाश अग्रवाल | ८,५५,२८,३७४ | | | | | | |
| | | साहेब राव पाण्डुरङ मरगले | ८,५५,२८,३७४ | | | | | | |
| | | राहुल भन्ने रेशम महरा | कसूरकोमतियार | | | | | | |
| | | दावा छिरिङ (DAWA TSERING ) | कसूरको मतियार | | | | | | |
| | | रोजन राउत | देवानी दायित्व | | | | | | |
| | | प्रेरणा थापा | देवानी दायित्व | | | | | | |
| १३ | २०८१-११-०६ | राम बहादुर बम्जन | ८,२७,५९,४८१।- | वाल यौन दुर्व्यवहार | | | | | Vehicle and Bank |
| १४ | २०८१-११-०५ | राम बहादुर खटिक | ४,१७,३६,६४.८४ | लागूऔषध | | | | | Bank |
| १५ | २०८१-११-११ | अशोक सिन्हा | ३४,२४,३१,४८०.८९ | राजश्व चुहावट | | | | | Gold, Bank, Real estate. |
| | | निवेदिका सिन्हा | १९,७३,९९,९६४ | | | | | | |
| १६ | २०८१-११-१८ | विरेन्द्र खत्री | ९२५०९९९५। | बैंकिङ कसूर | | | | | Bank |
| १७ | २०८१/१२/१३ | आकार लामा समेत २६जना | ६३२७१२२४०४।- | सुन तस्करी | | | | | Gold |
| १८ | २०८२/२/९ | अमित कुमार सहनी | १०४४४००१७। | राजश्व चुहावट | | | | | Bank + Trade |
| १९ | २०८२/३/२९ | प्रकाश सुवाल | ३३६६५१५०।- | ठगी | | | | | Corporate |

**तालिका नं. ५ र ६ मा** उल्लेखित विवरणलाई हेर्दा, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पनि अनुसन्धानकारी निकायहरु मध्येको एक हो जसले मिति २०८०।१२।३० पछिको संशोधन सहितको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) ऐन,२०६४ कानून पश्चात्  आ.व.०८०।८१ म जम्मा २ बटा मुद्दा सम्बन्धित जिल्ला अदालतमा

सरकारी वकील मार्फत दायर गरी रु. ३८,१६,४६,५२८ बिगो मागदाबी लिएकोमा आ.व.०८१।८२ मा जम्मा १९ वटा मुद्दा सम्बन्धित जिल्ला अदालतमा सरकारी वकील मार्फत दायर गरी रु.४६,०४,५६,२८,७५२ मागदाबी लिएको देखिन्छ ।

## ४.४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भएका कसूरहरु

भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ एवं अन्य प्रचलित कानूनी व्यवस्था र आयोगको काम कारवाही सम्बन्धी कार्यविधि, निर्देशिका एवं मापदण्डमा आधारित भई सदाचार, निष्पक्षता र निर्भिकताको सिद्धान्त अवलम्बन गरी कार्यसम्पादन गर्दै आएको आयोगले निम्नानुसार सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कसूरहरुको अनुसन्धान गरी मुद्दा दायर गरेको छ ।

**तालिका नं.७**

| सि.नं | मुद्दाको शीर्षक | मुद्दाको छोटकरी विवरण | मुद्दा दर्ता/ दायर मिति | प्रतिवादीको नाम र संख्या | बिगो | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घुस/रिसवत तथा सम्पत्ति शुद्धीकरण समेत | प्रतिवादीहरु तिर्थ राज भट्टराईले बालकृष्ण खड्का, दिपक भण्डारीहरू समेतबाट विभिन्न डायरीहरूमा यात्रुहरुका नामावली, गन्तव्य मुलुक, प्रस्थान मिति समेतका विवरण टिपी उल्लिखित पानाहरूमा सांकेतिक रूपमा हिसाबकिताब समेत राखी घुस रिसवत लिने एवं सोमध्ये केही घुस रिसवतको रकम अध्यागमन अधिकृतहरु बिच बाँडफाँड गर्ने, उक्त घुस रिसवतबाट प्राप्त ठूलो रकम कविता पौडेलको नाममा जग्गा कारोबारी समेत रहेका खेम प्रसाद सुवेदी मार्फत जग्गा खरिद गराइदिएको, तिर्थ राज भट्टराईले घुस रिसवत वापत प्राप्त रकम कविता पौडेल मार्फत खेम प्रसाद सुवेदीलाई दिएको, खेमप्रसाद सुवेदीले कविता पौडेलबाट पटक पटक नगदै रकम लिएको र उक्त रकम लिन जाँदा तिर्थ राज भट्टराईलाई सोधेर मात्र रकम लिन जाने गरेको, खेम प्रसाद सुवेदीलाई नगदै रकम दिँदा कविता पौडेलले आफ्नो कार्यालयमा काम गर्ने मोहन अधिकारीलाई बैङ्कबाट रकम झिक्न लगाएको र बैङ्कमा रकम रहेको स्रोत देखाउनका लागि सोनाम तामाङ्गसँग सरसल्लाह गरी जग्गाको बैना फिर्ता गरेको कागज गरेको, तिर्थ राज भट्टराईले घुस रिसवत वापत प्राप्त रकम कविता पौडेल तथा खेम प्रसाद सुवेदीमार्फत परिचालन गरे गराएको तथ्य पुष्टि भएको प्रमाण एवं आधार र कारणहरुबाट तिर्थ राज भट्टराईले प्रमुख अध्यागमन अधिकृतको रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा बदनियपूर्ण तरिकाले बाल कृष्ण खड्का, दिपक भण्डारी, राम खड्का, कविता पौडेल र खेम प्रसाद सुवेदी समेतसँग सेटिङ्ग एवं एक आपसमा | २०८२।०८।२५ | तिर्थ राज भट्टराई समेत ८ जना | प्रतिव्यक्ति रु.१,०३,७९,६००।०० | मुद्दा नं ०८२-CR-००५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | साँठगाँठ गरी २५७ (दुइ सय सन्ताउन्न) जना नेपाली यात्रुहरुलाई भिजिट भिसामा विदेश पठाउँदा बालकृष्ण खड्का, दिपक भण्डारी, राम खड्का मार्फत घुस रिसवत वापतको रकम लेनदेन गरेको तथा उक्त घुस रिसवत लेनदेनमा कृविता पौडेल र खेम प्रसाद सुवेदीले मतियारको कार्य समेत गरेको, अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख अध्यागमन अधिकृत तिर्थ राज भट्टराई प्रमुख अध्यागमन अधिकृतको जिम्मेवारी निर्वाह गरेको अवधिमा कविता पौडेलसँग ८५८ पटक, बाल कृष्ण खड्कासँग ११८ पटक, दिपक भण्डारीसँग २५३ पटक र खेम प्रसाद सुवेदीसँग ५३ पटक फोनकल तथा तिर्थ राज भट्टराईको बाल कृष्ण खड्का एवं दिपक भण्डारीसँग यात्रुहरुका नामावली टिपोट गर्ने तथा घुस रिसवत एवं उपहारहरु लिनेदिने सम्बन्धमा र निज तिर्थ राज भट्टराई र कविता पौडेल बिच घुस रिसवत बापत प्राप्त रकमको परिचालन गर्ने सम्बन्धमा पटक पटक मेसेजहरू आदानप्रदान भएको देखिएको, कविता पौडेलले आफ्नो डायरीमा खेम राज सुवेदी (खेम प्रसाद सुवेदी) ले विभिन्न समयमा रकम लिएको भनी टिपोट गरेको बेहोरा खुल्न आएबाट अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख अध्यागमन अधिकृत तिर्थ राज भट्टराई समेतले बदनियतपूर्वक सेटिङ्ग गरी २५७ (दुइ सय सन्ताउन्न) जना नेपाली यात्रुहरुलाई भिजिट भिसामा मानिस विदेश पठाउँदा बाल कृष्ण खड्का, दिपक भण्डारी, राम खड्काले घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको सम्बद्ध कसूर गरेको पुष्टि भएको र तिर्थ राज भट्टराई, कविता पौडेल र खेम प्रसाद सुवेदीले उक्त कसूरबाट प्राप्त सम्पत्ति लुकाउने/छल्ने, बदल्ने कार्य गरी गराई एवं सो कार्यमा मद्दत दुरुत्साहन, सहजीकरण, सरसल्लाह गरी निजहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ बमोजिमको कसूर गरेको वारदात पुष्टि भएको देखिएको हुँदा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन समेतको मागदावी लिइएको । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सम्पत्ति शुद्धीकरण | नागार्जुन नगरपालिकाका नगर प्रमुख मोहन बहादुर बस्नेतको उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) ले परिभाषित एवं निषेधित कसूर हुने हुँदा निज प्रतिवादी मोहन बहादुर बस्नेतलाई विगो रु. १३,१२,७३,०३२।३३ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी पाउनका साथै, सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन र सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम प्रतिवादी मोहन बहादुर बस्नेतलाई थप सजाय हुन मागदावी लिईएको।<br>प्रतिबादी उर्मिला बस्नेतले मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसूरको मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) मा परिभाषित कसूर बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा प्रतिवादी उर्मिला बस्नेतलाई रु. १३,१२,७३,०३२।३३ (अक्षरेपी तेह करोड वाह लाख त्रिहत्तर हजार बत्तीस रुपैया तेत्तीस पैसा मात्र) विगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय गरी पाउन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम माथि तालिका नं.१२ मा उल्लेखित सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन मागदावी लिईएको ।<br>पद्मा कोलोनी प्रा.ली, पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कंडेलले मुख्य कसूरदार प्रतिवादी मोहन बहादुर बस्नेतले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) कोपरिभाषित कसूरको दुरुत्साहन, मद्दत, सहजीकरण समेत गरी सोही ऐनको दफा ३ को उपदफा (२) तथा | २०८१।०९।१४ | मोहन बहादुर वस्नेत समेत ५ जना | प्रतिव्यक्ति रु.१३,१२,७३,०३२।३३(अक्षरेपी तेह करोड बाह्र लाख त्रीहत्तर हजार बत्तीस रुपैया तेत्तिस पैसा मात्र) | मुद्दा नं ०८१-CR-००४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सोही दफा ३ को उपदफा (३) को परिभाषित कसूर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु पद्मा मर्चेन्ट कम्पनी प्रा.लि., पद्मा कोलोनी प्रा.लि. तथा उक्त कम्पनीका संचालक/अध्यक्ष राजु प्रसाद कडेललाई रु.१३,१२,७३,०३२।३३ (अक्षरेपी तेह करोड बाह लाख त्रिहत्तर हजार बत्तीस रुपैया तेत्तीस पैसा मात्र) विगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२), (५), (८) बमोजिम सजाय गरी पाउन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम माथि तालिका नं.१३ मा उल्लेखित सम्पत्ति/जग्गा समेत जफत/असुल उपर गरी पाउन मागदावी लिईएको | | | | |
| ३ | सम्पत्ति शुद्धीकरण | घुस रिसवत लिई भ्रष्टाचार गरे गराएको सम्बद्ध कसूरको अनुसन्धान गर्दै जादा उक्त कसूरको अलवा प्रस्तुत मुद्दामा प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा परिभाषित एवं निषेधित कसूरजन्य वारदात कार्य समेत भए गरेको अनुसन्धानका क्रममा संकलित सवूद प्रमाण एवं कागजातबाट देखिएको। सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरलाई हेर्दा प्रतिवादी सरोज भट्टराईले लुम्बिनी विकास कोषमा निर्माण सम्बन्धी कार्य गरी रहेका निर्माण कम्पनीहरुबाट घुस रिसवत वापतको कुल रकम रु. १,८५,००,०००।- निर्माण कम्पनीहरुका खाताबाट प्राप्त गरी कसूरबाट प्राप्त सम्पत्ति बैंक तथा वित्तीय संस्थाहरुमा प्रवेश गराउने कार्य गैरकानूनी सम्पत्तिको प्राप्तिको चरण (Placement) भएकोले सम्बद्ध कसूरवाट प्राप्त सम्पत्तिको शुद्धीकरण गर्ने क्रममा कसूरवाट प्राप्त सम्पत्तिको स्रोत लुकाउने, छिपाउने प्रयोजनार्थ कारोबारमा थप जटिलता सिर्जना गर्ने मनसायले उक्त सम्पत्तिलाई बहुतहमा कारोबार गर्ने गराउने कार्य गरी सम्पत्तिको तहीकरण गरेको, बहु तहको कारोबारबाट सम्पत्तिको स्रोत तथा कारोबारमा जटिलता सृजना गरी सकेपछि कसूरवाट प्राप्त सम्पत्ति र गैरकानूनी स्रोत (Illicit Origin) को सम्बन्ध अन्त्य भएको विश्वास गरी/गराई निजी लाभका लागि कसूरबाट प्राप्त सम्पत्तिको प्रयोग गरी प्रतिवादी सरोज भट्टराईले निजको आमा प्रतिवादी जनक नन्दनी भट्टराईको नाममा जिल्ला भक्तपुर, साबिक गुण्डु गा.वि.स. वडा नं.३ हालको सूर्यविनायक न.पा. वडा नं. ७ स्थित कि.नं. १३७४ र १३७५, जग्गासमेत खरिद गरी गराई घुस रिसवत लिई लिन लगाई भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति जग्गामा रुपान्तरण | २०८१।०५।२७ | सरोज भट्टराई समेत २ जना | प्रतिव्यक्ति रु.१,८५,००,०००/- (एक करोड पचासी लाख रुपैया) | मुद्दा नं ०८१-CR-००२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हस्तारण गरेको र निजी लाभका लागि कसूरबाट प्राप्त सम्पत्तिको प्रयोग गरी प्रतिवादी सरोज भट्टराईले निजको आमा प्रतिवादी जनक नन्दनी भट्टराईको नाममा जिल्ला भक्तपुर, साबिक गुण्डु गा.वि.स. वडा नं.३ हालको सूर्य विनायक न.पा. वडा नं. ७ स्थित कि.नं. १३७४ र १३७५ का जग्गा खरिद गरेको मिसिल संलग्न कागजातबाट पुष्टि भएको हुँदा निजले घुस/रिसवत वापतको रकमवाट जग्गा खरिद गरी सम्पत्तिको एकीकरण गरेको पुष्टि भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा २९ मा भएको व्यवस्था समेत बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा जम्मा विगो रु.१,८५,००,०००।- (एक करोड पचासी लाख रुपैंया) कायम गरी उल्लिखित सम्बद्ध भ्रष्टाचार कसूर (Predicate Offence) को दावीसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा संलग्न प्रतिवादीहरू उपर कसूर तथा सजाय मागदावीसँगै बिगो असुल उपरको थप मागदावी समेत लिइएको । | | | | |

तालिका नं.७ मा उल्लेख भए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले ३ बटा मुद्दा जसमा १५ जना प्रतिवादी जसबाट रु.७७,६४,०१,९६१।६५ बराबरको बिगो मागदावी लिई सम्बन्धित अदालतमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गत मुद्दा दायर गरेको देखिन्छ।

## ४.५ सम्पत्ति शुद्धीकरण सम्बन्धी अभियोजित मुद्दाको अवस्थाः

सम्बद्ध कसूरको अनुसन्धान पश्चात् विभिन्न सम्बद्ध कसूरसँगसँगै वा सम्बद्ध कसूरको अभियोजन पश्चात् समेत गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान सम्बन्धी दायर भएका मुद्दाहरुको शीर्षकगत विवरण यसप्रकार रहेको देखिन्छः

**तालिका नं.८**

| सि.नं. | सम्बद्ध कसूर | सङ्ख्या |
|---|---|---|
| १ | मुद्रा, बैङ्किङ कसूर/हुण्डी/सट्टेबाजी/जुवा/बाल यौन दूराचार आदि | ५७ |
| २ | कर/राजस्व/भन्सार/अन्तशुल्क आदि | २६ |
| ३ | संगठित अपराध/ठगी | १८ |
| ४ | लागू औषधको कारोवार | ११ |
| ५ | बन्यजन्तु | २ |
| ६ | आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी | २ |
| ७ | तस्करी | ३ |
| ८ | चोरी/डाँका | २ |
| ९ | किर्ते/नागरिकता /लिखत/खोटाचलन सम्बन्धी | ५ |
| १० | भ्रष्टाचार | ३ |
| ११ | इन्साइडर ट्रेडिङ | १ |

| | | |
|---|---|---|
| १२ | वीमा सम्बन्धी | १ |
| १३ | अपहरण तथा शरीर बन्धक/मानव बेचबिखन | ४ |
| १४ | सहकारी ठगी सम्बन्धी | ४ |
| | **जम्मा** | **१३९** |

## ४.६ अदालतबाट भएको सजायको वर्गीकरणः

माथि तालिकामा उल्लेख भएको मुद्दामा भएको सजाय अध्ययन गर्दा निम्न प्रकारको सजाय भएको देखिन्छः

| सि नं | सजायको प्रकार | सम्बन्धित मुद्दा (उदाहरणको रुपमा) |
|---|---|---|
| १ | कैद र जरिवाना र जफत | यसलाई Conviction Based Confiscation भनिन्छ। अधिकांश मुद्दामा प्रतिवादीलाई कैद र जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ। |
| २ | कैद विनाको जरिवाना | केही मुद्दामा प्रतिवादीलाई जरिवाना मात्र भई कैद नभएको देखिन्छ। जस्तैः<br>नेपाल सरकार विरुद्ध गगन भन्ने रेवतराज पुरी<br>नेपाल सरकार विरुद्ध पंकज जोशी |
| ३ | सम्पत्ति जफत कसूरबाट उन्मुक्ति | यसलाई Non-Conviction Based Confiscation भनिन्छ। जहाँ प्रतिवादीलाई कसूरबाट उन्मुक्ति दिएर विवादको सम्पत्ति जफत मात्र गरिएको देखिन्छ। जस्तैः<br>नेपाल सरकार विरुद्ध चित्रबहादुर पुन<br>नेपाल सरकार विरुद्ध अजमतुल्लाह अन्सारी<br>नेपाल सरकार विरुद्ध विशाल बर्मा<br>नेपाल सरकार विरुद्ध संजय रौनियार |
| ४ | जेष्ठ नागरिकलाई सजायमा छुट | प्रतिवादी गुरुप्रसाद न्यौपानेलाई जेष्ठ नागरिक भएको आधारमा लागेको कैदमा जेष्ठ नागरिक ऐन २०६३ को दफा १२ बमोजिम पचास प्रतिशत छुट दिएको देखिन्छ। |
| ५ | वालवालिकालाई सजाय | हालसम्म विभागले ३ जना कानूनको विवादमा आएका बालबालिका विरुद्ध अभियोजन गरेकोमा प्रतिवादि नितेश तिवारीलाई २ महिना कैद गरिएकोमा सो सजाय स्थगन भएको देखिन्छ। |

## ४.७. अदालतबाट भएका फैसला :

नेपाल सरकार विरुद्ध गगन भन्ने रेवराज पुरी[४]

प्रतिवादीहरु गगन भन्ने रेवतराज पुरी र सिमा भन्ने केशावरी पुरीको हकमा हेर्दा, निजहरुको वैध आय रु.३,३२,५५,०९६।१४ (तीन करोड बत्तिस लाख पचपन्न हजार छयानब्वे रुपैया चौध पैसा रहेको देखिन्छ।

[४] वादी नेपाल सरकार विरुद्ध गगन भन्ने रेवतराज पुरी, मुद्दा नं. ०७७-CR-००७५, फैसला पृष्ठ ९५

निजहरुको व्यय (खर्च) रु.७,३५,८९,९९०।२८ (सात करोड पैतिस लाख उनान्नब्बे हजार नौसय नब्बे रुपैया अट्ठाईस पैसा) भएको देखिन्छ। यसरी निज प्रतिवादीहरुको वैध आय भन्दा व्यय (खर्च) रु.४,०३,३४,८९४।१४ (चार करोड तीन लाख चौतिस हजार आठ सय चौरानब्बे रुपैया चौध पैसा) बढी देखिन आएकोले निज प्रतिवादीहरुले तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ) ऐन, २०६४ को दफा ३(१) र हाल प्रचलित उक्त ऐनको दफा ३ (१) (क) बमोजिमको कसूर गरेको देखियो।

✓ **अभियोजन र सजायका अन्य विविध स्वरुपहरु**

**विदेशमा गरेको कसूर उपर अभियोजन र सजायः** विदेशमा सम्बद्ध कसूर घटित भई दायर भएका मुद्दाहरु तर्फ हेर्दा निम्न मुद्दाहरु सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरी अभियोजन भई शुरु विशेष अदालतबाट ठहर भएको देखिन्छ

- वादी नेपाल सरकार र प्रतिवादी समिर राई
- वादी नेपाल सरकार प्रतिवादी पंकज जोशी

वादी नेपाल सरकार विरुद्ध पंकज जोशी[५]

यी प्रतिवादीले वैधानिक रुपमा भिसा प्राप्त गरी संयुक्त राज्य अमेरिका प्रवेश गरेको देखिन्छ।Country of opportunity को रुपमा लिइने मुलुक USA मा रहँदा निजले Lucky Food Store, Taxas मा आफ्नो रोजगारी पेशा गरेको र University of Taxas मा अध्ययनरत रहेको देखिन्छ। यसरी शिक्षा र रोजगारी हासिल गरी आफ्नो उज्वल भविश्यका लागि विदेशिएका यी प्रतिवादीले Willis Willis भन्ने व्यक्तिलाई परेको चिठ्ठा (Lottery) को रसिद खिचेर निजलाई परेको उक्त चिठ्ठा कपटपूर्ण तरिकाले आफूले भुक्तानी लिई रकम बैंकमा राखेको देखिन्छ। केही रकम नेपाल स्थित आफ्ना आफन्तका नाउँमा पठाएको पाइन्छ। अन्ततः आफै नेपाल फर्किएर पुनः USA नफर्की आफ्ना गलत कार्यको त्रासमा बसेको देखिन्छ। निजले बैंक खातामा रहेको र नेपाल Transfer गरी अचल सम्पत्ति आर्जनमा लगाएको उक्त रकम Willis Willis को भएको तथ्य प्रमाणबाट प्रमाणित भैसकेको हुँदा यो विषय नेपाल र अमेरिका दुई देश बिचको कुटनैतिक सम्बन्धमा समेत प्रभाव पार्ने तत्व बन्न सक्छ। यद्यपि एउटा व्यक्तिले गरेको आपराधिक कार्यबाट दुई देशको दैत्य सम्बन्ध प्रभावित हुनु हुँदैन। तर यस्ता आपराधिक गतिविधिले नेपाल जस्ता मुलुकको अन्तर्राष्ट्रिय छविमा धक्का लाग्ने सम्भावना समेत रहन्छ। तसर्थ त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई अपराध प्रमाणित भएमा कानूनको कठघरामा उभ्याउनु कानूनी राज्यको उद्धेश्य रहेको हुन्छ।

✓ **कसूरबाट प्राप्त सम्पत्ति र स्रोत नखुलेको सम्पत्तिमा अवधारणागत स्पष्टताः**

वादी नेपाल सरकार प्रतिवादी व्यासमुनी गुप्ता समेत[६]

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को देहाय (ज) अनुसार कसूरबाट प्राप्त सम्पत्ति भन्नाले "सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर वा सम्बद्ध कसूरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउँछ।" यस परिभाषा अनुसार सम्पत्ति शुद्धीकरण वा सम्बद्ध कसूरबाट प्राप्त भएको सम्पत्ति मात्र "कसूरबाट प्राप्त सम्पत्ति" (Proceeds of Crime) हुने देखिन्छ।कसूरबाट प्राप्त (Proceeds of Crime) र स्रोत नखुलेको सम्पत्ति (undisclosed Property) अलग अलग विषय हुन्।यी

---

५ नेपाल सरकार वि. पंकज जोशी, मुद्दा- भ्रष्टाचार (सम्पत्ति शुद्धीकरण), मुद्दा नं. ०७७-CR-०१०३, फैसला पृष्ठ ९६

६ वादी नेपाल सरकार विरुद्ध व्यास मुनी तेलीसमेत,सम्पत्ति शुद्धीकरण, मुद्दा नं. ०७७-CR--००६५, फैसला पृष्ठ ३७

दुवै शब्दको शाब्दिक अर्थ नै फरक फरक छन्। कसूरबाट प्राप्त सम्पत्तिको परिभाषा सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ (ज) मा गरिएको छ। यसको अन्तरसम्बन्ध ऐ. ऐनको दफा ३ सँग रहेको देखिन्छ। स्रोत नखुलेको सम्पत्ति ऐ. ऐनको दफा २८ बमोजिम कारवाही हुने विषय हो। जस अनुसार सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चलाइएको ब्यक्तिको आयस्रोत अस्वाभाविक देखिएमा निजले नै त्यस्तो सम्पत्तिको स्रोत पुष्टि गर्नुपर्छ। आय स्रोत पुष्टि हुन नसकेमा ऐ दफा २८ (२) बमोजिम त्यस्तो सम्पत्ति जफत हुनेछ तर ऐ. दफा ३० बमोजिम सजाय हुन सक्दैन। यसरी विधायिकाले नै कसूरबाट प्राप्त सम्पत्ति र स्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई अलग अलग अबधारणाको रुपमा राखेको पाइन्छ। स्रोत नखुलेको सम्पत्तिलाई कसूरबाट प्राप्त सम्पत्तिको पर्यायवाचीका रुपमा लिई दफा ३ को कसूर मानेमा दफा २८ निष्प्रभावी हुने अवस्था आउँछ, जुन विधायिकी मनसाय होइन। ऐनमा रहेका विरोधाभासयुक्त प्रावधानहरु मध्ये कुनै प्रावधान निष्प्रयोजित हुने गरी अर्को प्रावधानको परिधि विस्तार हुने गरी व्याख्या गर्न मिल्दैन, बल्की दुवै प्रावधानहरु समान रुपमा प्रभावकारी हुने गरी व्याख्या गर्नुपर्दछ। तसर्थ, आफ्नो सँगसाथमा रहेको सम्पत्तिको स्रोत प्रतिवादीले पुष्टि गर्न नसकेको भन्ने आधारमा मात्र सो सम्पत्तिलाई कसूरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) भन्न मिल्दैन।

✓ **जोखिममा आधारित सजाय :**

**नेपाल सरकार विरुद्ध गगन भन्ने रेवराज पुरी**[७]: फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(क) मा कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने भन्ने र दफा १४(ख) मा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने भन्ने कानूनी व्यवस्था पनि रहेको देखिन्छ। सोही ऐनको दफा १५(१) (घ) मा कसूरदारको आचरण र विगतको कृयाकलाप पनि हेरी सजाय निर्धारण गर्नुपर्ने भन्ने देखिन्छ। उक्त ऐनको दफा १४(ङ) मा कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आवश्यक हुने भन्दा चर्को सजाय गर्दैमा मात्र दण्डको उद्देश्य परिपूर्ति हुने पनि देखिँदैन।

**नेपाल सरकार विरुद्ध लम्बोदर कुमार न्यौपाने समेत**[८]: फौजदारी मुद्दाहरूमा सजाय निर्धारण गर्दा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १३, १४, १५ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ को कानूनी व्यवस्थाहरू तथा सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, २०७५ समेतलाई मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने देखिन्छ। कसूरको गंभिरता बढी भए अधिकतम सजाय र कसूरको गंभिरता कम भए न्यूनतम सजाय अर्थात् कसूरदारको दोषको मात्राको अनुपातमा सजाय गर्नुपर्छ भन्ने दण्डको सिद्धान्त रहेको छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को खण्ड (ख) मा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने भन्ने कानूनी व्यवस्था पनि रहेको देखिन्छ। सोही ऐनको दफा १५ को खण्ड (घ) मा कसूरदारको आचरण र विगतको कृयाकलाप समेत हेरी सजाय निर्धारण गर्नुपर्ने भन्ने देखिन्छ। दफा १४ को खण्ड (ङ) मा कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने भन्ने कानूनी व्यवस्था समेत रहेको स्थितिमा कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराउने गरिकसूरको गंभीरताका आधारमा कसूरको मात्रा अनुसार आवश्यक हुने भन्दा चर्को सजाय गर्दैमा मात्र दण्डको उद्देश्य परिपूर्ति हुने पनि देखिँदैन। कसूरदार ठहरिएका प्रतिवादीको भूमिकामा रहेको देखिँदा कसूरको गम्भीरता बढ्ने दखियो।

✓ **उच्च जोखिमयुक्त सम्बद्ध कसूर भएको मुद्दामा सजायः**

---

७ वादी नेपाल सरकार विरुद्ध गगन भन्ने रेवतराज पुरी, मुद्दा नं. ०७७-CR-००७५, फैसला पृष्ठ ९७

८ *वादी नेपाल सरकार वि. प्रतिवादी लम्बोदर न्यौपाने भन्ने लम्बोदरकुमार न्यौपाने समेत, मुद्दाः सम्पत्ति शुद्धीकरण, मुद्दा नं. ०७८-CR-००४९, कसूर ठहर मितिः२०८०।१२।२५, सजाय निर्धारण मितिः २०८१।०१।१६, फैसला पृष्ठ ९७*

**वादी नेपाल सरकार प्रतिवादी विनोद गुप्ता समेत**[९]: प्रतिवादीहरु विनोदकुमार गुप्ता, मधुकुमारी चौधरीले आर्जन गरेको सम्पत्ति मध्ये रु.७,३३,२७,७०९। कसूरबाट प्राप्त सम्पत्ति (PROCEEDS OF CRIME) रहेको उच्च अदालतको फैसलाबाट पुष्टि भएको छ। सो सम्पत्तिको गैरकानूनी स्रोत (ILLICIT ORIGIN) सूचीकृत सम्बद्ध कसूरहरु (PREDICATE OFFENCE) राजश्व चुहावट र नक्कली अन्तः शूल्क सम्बन्धी कसूर रहेको भन्ने अदालतको फैसलाबाट देखिन्छ। उल्लिखित कसूरबाट प्राप्त सम्पत्ति (PROCEEDS OF CRIME) सर्वप्रथम प्रतिवादीहरु मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र हिमालयन कार्गोको नामको जनता वैंक, सिद्धार्थ बैंक, नेपाल इन्भेष्टमेण्ट वैंक लगायतका वैंकमा रहेको विभिन्न खाताहरुमा जम्मा गरेको भन्ने देखिन्छ, जसलाई सम्पत्ति शुद्धीकरणको अवधारणामा स्थापन (PLACEMENT) को कार्य भनिन्छ। तत्पश्चात सो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र छल्ने उदेश्यले सो सम्पत्ति जग्गा खरिदमा लगानी गरेको देखिन्छ। प्रतिवादी मधुकुमारी चौधरीको नाउँमा विभिन्न कित्ता जग्गा खरिद गरी केही कित्ता जग्गा आफै संचालक रहेको मंगला रियल स्टेट प्रा.लि.मा स्थानान्तरण गरेको भन्ने देखिन्छ भने केही कित्ताका जग्गा आफ्नै नाउँमा राखेको देखिन्छ। कसूरबाट प्राप्त केही सम्पत्ति एप्पल पोलिमर्स प्रा.लि.मा लगानी गरेको देखिन्छ। यसलाई सम्पत्ति शुद्धीकरणको अवधारणामा तहिकरण (LAYERING) भनिन्छ। यसरी कसूरबाट प्राप्त सम्पत्ति (PROCEEDS OF CRIME) को गैरकानूनी स्रोत (ILLICIT ORIGIN) लुकाउने र छल्ने उदेश्यले सो सम्पत्ति वैंक खाता हुँदै जग्गा र कम्पनीको शेयरमा स्थानान्तरण गर्दै सम्पत्तिको सही प्रकृति र स्वरुप रुपान्तरण (CONVERSIONS) को कार्य गरेको भन्ने देखिन्छ। तत्पश्चात प्रतिवादीहरुले उल्लिखित कम्पनीहरु र जग्गा सहज किसिमले भोग गरेको भन्ने देखिन्छ। यसरी प्रतिवादीहरुले अवैध सम्पत्तिलाई वैध सम्पत्तिमा रुपान्तरणको कार्य गरेको भन्ने देखिन्छ। उल्लेखित कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिमको कार्य रहेको देखिँदा सोही दफाको उपदफा (३) बमोजिम सम्पत्ति शुद्धीकरणको कसूर हुने देखियो। यसरी प्रतिवादीहरुले सम्बद्ध कसूरबाट प्राप्त सम्पत्ति रु.७,३३,२७,७०९। को हदसम्म वादी दावी पुग्ने देखिन आयो।

- ✓ **कानूनी व्यक्तिलाई सजायः**

**वादी नेपाल सरकार प्रतिवादी मुक्तिनाथ गौतम समेत**[१०]: यस मुद्दामा कानूनी व्यक्ति मेरलायन इन्टरप्राइजेजलाई जरिवाना रु ७ करोड ६० लाख हुने ठहरी फैसला भएको देखिन्छ भने प्रतिवादी केदारनाथ शर्मा समेत भएको सम्पत्ति शुद्धीकरण मुद्दामा २१ वटा विभिन्न कानूनी व्यक्तिलाई प्रतिवादी कायम गरी अभियोजन भएको देखिन्छ।

## ४.८. फैसला कार्यान्वयन तथा सम्पत्ति जफत जरिवाना असुलीको अवस्थाः

हालै मात्र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र विशेष अदालत काठमाडौंको समन्वयमा निम्न अन्तिम भएका फैसलाहरु कार्यान्वयन भई जफत हुने ठहरेको रकम सदस्याहा गर्ने कार्य भएको छ।

| मुद्दा | सदरस्याहा भएको रकम |
|---|---|
| नेपाल सरकार विरुद्ध पुजन राम मोची | रु ३७९८०००। |
| नेपाल सरकार विरुद्ध सुचेन्द्र श्रेष्ठ | रु ६९९९९००। |
| नेपाल सरकार विरुद्ध विशाल बर्मा | रु ५००००००। |
| नेपाल सरकार विरुद्ध अमरकिशोर प्रसाद | रु २५४००००। |

९ वादी नेपाल सरकार विरुद्ध विनोद कुमार गुप्ता समेत, सम्पत्ति शुद्धिकरण, मुद्दा नं. ०७५-CR--०२५२, फैसला पृष्ठ ९८ ।

१० नेपाल सरकार विरुद्ध मुक्तिनाथ गौतम समेत फैसला विशेष अदालत काठमाडौं र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अभिलेख ।

| | |
|---|---|
| नेपाल सरकार विरुद्ध शिवरतन पोदार | रु ५१००००० । |
| नेपाल सरकार विरुद्ध बालु जगन्नाथ घांगे | रु १०२००००० । |

सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने कानूनको प्रभावकारी कार्यान्बयनको लागी अनुसन्धानकारी निकायले औल्याएका चुनौती र यसका सुधारका क्षेत्रहरु तर्फ ध्यान दिनु पर्ने समेत देखिन्छ।

## ४.९. चुनौती र सुधारका क्षेत्रहरुः

### ४.९.१. चुनौतीहरू (Challenges)

- Digital and Financial Data Trace गर्न कठिनाई।
- अभियुक्तहरूले रकम विदेशी बैंकमा क्रिप्टोकरन्सी र हुण्डी कारोवारबाट रकमान्तरण हुँदा Trace गर्न कठिनाई।
- बैंक तथा वित्तीय संस्थाका Database मा पहुँच नहुँदा अनुसन्धान कार्यमा कठिनाई तथा ढिला।
- धेरैजसो आर्थिक लेनदेन अनलाइन माध्यमबाट हुने हुँदा कारोवारको स्रोत पत्ता लगाउन कठिन भई अनुसन्धान गर्न कठिन।
- डेटा इन्टरकनेक्टिभिटीको अभाव।
- एकीकृत सूचना प्रणाली (Integrated Investigation Platform) नभएकाले दोहोरो अनुसन्धान र सूचना प्राप्तिमा समस्या हुन्छ।
- अन्तर्राष्ट्रिय बैंकिङ नेटवर्क वा विदेशी कम्पनीहरू संलग्न रहेका कसूरको अनुसन्धानमा सम्बन्धित राष्ट्रहरूसँग प्रत्यक्ष *Mutual Legal Assistance Treaty (MLAT)* नहुँदा अनुसन्धान प्रकृया लामो हुन गई अनुसन्धानको क्रममा खोजेको Data समयमा नै प्राप्त नहुने।

### ४.९.२. सुधारका क्षेत्र

१. **Digital Forensic क्षमताको विस्तार**

- प्रत्येक प्रदेशमा *Cyber Forensic Laboratory* स्थापना गर्नु पर्ने।
- आधुनिक उपकरण Block chain Analyzer आदिको यथाशीघ्र प्रयोगमा ल्याउनुपर्ने।

२. **विशेष प्रशिक्षण कार्यक्रम**

- अनुसन्धान अधिकृत तथा सहयाकस्तरका प्रहरीकर्मचारीहरूलाई **AML/CFT, Digital Evidence Handling, Financial Investigation,** र **Block chain Analysis** सम्बन्धी दक्ष जनशक्तिको विकास गर्नु पर्ने।

३. **Foreign Data Access Framework निर्माण**

- अन्तर्राष्ट्रिय सहकार्य सहज बनाउन MLAT सुधार र Information Sharing MoU विस्तार गर्ने कार्यलाई तिव्रता दिनु पर्ने।
- FATF सदस्य राष्ट्रहरूसँग द्रुत सूचना आदानप्रदान प्रणाली बनाउने प्रणालीको विकास गर्न आवश्यक रहेको।

४. **Expert Pool / Financial Analyst Unit गठन**

- नेपाल प्रहरीभित्र रहेको आर्थिक अपराध अनुसन्धान महाशाखालाई स्रोतसाधन युक्त बनाइनु पर्ने।

## ५. अन्य सुधार एंव सुझावहरू

- Beneficial Ownership database पूर्ण कार्यान्वयनमा ल्याउनु पर्ने।
- Cooperative sector मा AML/CFT अनुगमनमा कडाई गर्नु पर्ने।
- Hawala/Hundi रोकथामका लागि Border Intelligence गर्नु पर्ने।
- Real estate मूल्यांकन प्रणाली सुधार गर्नु पर्ने।
- Dedicated Financial Crime Investigation School/Training गर्नु पर्ने।
- Digital forensics र blockchain analysis क्षमतावृद्धि गर्नु पर्ने।
- Province-level AML response unit स्थापना गर्नु पर्ने।
- Evidence Management Digitalization गर्नु पर्ने।
- Prosecutors सँग Early-stage coordination गर्नु पर्ने।
- DNFBPs(non-financial businesses like lawyers, Jewellery, accountants, casinos, and real estate agents) लाई नियमन गर्नु पर्ने।
- Integrated data system गर्नु पर्ने।

# परिच्छेद - पाँच
# अभियोगपत्रको अध्ययनबाट देखिएका तथ्य तथा सोको विश्लेषण

### ५.१ विशेष अनुसन्धान विधि




उपरोक्त तथ्याङ्क अध्ययन गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धानमा १ वटा मुद्दा मात्र विशेष अनुसन्धान विधि अवलम्बन गरेको देखिएको छ भने २४ वटा मुद्दामा विशेष अनुसन्धान विधि अवलम्बन नगरेको देखिएको छ। त्यस्तै ३ वटा मुद्दामा विशेष अनुसन्धान विधि अवलम्बन गरे-नगरेको सम्बन्धमा केही उल्लेख गरेको देखिँदैन। विशेष अनुसन्धान विधि अवलम्बन गरेको मुद्दामा कुन विधि अवलम्बन गरिएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन। विशेष अनुसन्धान विधि सबै मुद्दामा अवलम्बन गर्न आवश्यक देखिँदैन। मुद्दाको विषयवस्तुको गम्भीरता ठूलो संजाल भएका मुद्दा तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी लगायतका केही विशेष मुद्दामा आवश्यकता अनुसार यो विधि अवलम्बन गर्नु पर्ने देखिँदा अध्ययन गरिएका मुद्दाको अनुसन्धानमा विशेष अनुसन्धान विधि अपनाउनु पर्ने प्रकृतिको नदेखिएको अवस्थालाई जनाउँछ।

### ५.२ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई सूचना




प्रस्तुत चित्र अध्ययन गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको सम्बन्धमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई २० वटा मुद्दामा सूचना दिएको देखिन्छ भने ८ वटा मुद्दामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई सूचना प्रदान

गरेको देखिँदैन। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १५ को उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा अनुसन्धान गरिएको व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखेमा सो को जानकारी यथाशीघ्र विभागलाई दिनु पर्ने कानूनी प्रावधानको अक्षरस पालना गर्नु पर्नेमा सो नगरिएको हुँदा कानून कार्यान्वयनमा कमजोरी देखिन्छ।

### ५.३ अन्तरदेशीय कानूनी सहायता (MLA) को आवश्यकता




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनको सम्बन्धमा अन्तरदेशीय कानूनी सहायता (MLA) को आवश्यकता परे नपरेको सम्बन्धमा अध्ययन गर्दा २५ वटा मुद्दामा MLA को आवश्यकता नपरेको र ३ वटा मुद्दामा सो सम्बन्धमा थाहा नभएको देखिन्छ। अध्ययन गरिएका कुनै पनि मुद्दामा MLA को आवश्यकता परेको देखिँदैन। विशेषतः मुद्दामा अन्तर निहित विषयवस्तुले नै MLA को आवश्यकता निर्धारण गरेको हुन्छ। सम्पत्ति शुद्धीकरण मुद्दामा संलग्न प्रतिवादी, निजहरुको कारोवार र मुद्दाका अन्य विषयवस्तु विदेशी राष्ट्रसँग जोडिएको र सो को प्राप्तिले मुद्दाको अनुसन्धान तथा न्यायिक कारवाहीमा सहयोग पुऱ्याउने अवस्थामा MLA को आवश्यकता महसुस गरी सो को माग गर्ने गरिन्छ। जस्तैः विकल पौडेल तथा निजको श्रीमती एलिना बास्तोलाको हकमा MLA मार्फत सिंगापुर तथा अमेरिकाबाट बैङ्क स्टेटमेन्ट (Bank Statement), घर जग्गाको विवरण लगायतका विवरण माग गरिएकोमा सो को प्राप्ति भएको देखिन्छ।

### ५.४ अन्तरदेशीय कानूनी सहायता (MLA) को माग




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनको सम्बन्धमा अन्तरदेशीय कानूनी सहायता (MLA) को माग भए नभएको सम्बन्धमा अध्ययन गर्दा २२ वटा मुद्दामा MLA को माग नभएको देखिन्छ। त्यस्तै ६ वटा

मुद्दामा MLA को माग भए नभएको सम्बन्धमा केही थाहा नभएको देखिन्छ। अध्ययन गरिएका कुनै पनि मुद्दामा MLA को माग भएको देखिँदैन। विशेषतः मुद्दामा अन्तर निहित विषयवस्तुले नै MLA को आवश्यकता निर्धारण गरेको हुन्छ। सम्पत्ति शुद्धीकरण मुद्दामा संलग्न प्रतिवादी, निजहरुको कारोवार र मुद्दाका अन्य विषयवस्तु विदेशी राष्ट्रसँग जोडिएको र सो को प्रासिले मुद्दाको अनुसन्धान तथा न्यायिक कारवाहीमा सहयोग पुर्याउने अवस्थामा MLA को आवश्यकता महसुस गरी सो को माग गर्ने गरिन्छ। अध्ययन गरिएका फायलमा MLA माग गर्नु पर्ने अवस्था नदेखिएको अवस्था देखिन्छ।

### ५.५ कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको सम्बन्धमा कसूर स्थापित गर्न के-कस्तो प्रमाणको प्रयोग गरिएको थियो भन्ने सम्बन्धमा २५ वटा मुद्दामा लिखित/मौखिक प्रमाण, २ वटा मुद्दामा दशी/प्राविधिक प्रमाण र १ वषा मुद्दामा अन्य प्रमाण प्रयोग गरेको देखिन्छ।

### ५.६ सम्पत्ति/साधन रोक्का तथा नियन्त्रण




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा सम्पत्ति/साधन रोक्का तथा नियन्त्रण गरे नगरेको सम्बन्धमा, अध्ययन गरिएका २८ वटा मुद्दामा नै सम्पत्ति/साधन रोक्का तथा नियन्त्रण गरेको देखिन्छ।

## ५.७ सम्पत्ति/साधन रोक्का/नियन्त्रणको जानकारी




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा रोक्का/नियन्त्रण गरिएका सम्पत्ति/साधनको जानकारी अभियुक्तलाई दिए नदिएको सम्बन्धमा २२ वटा मुद्दामा अभियुक्तलाई सम्पत्ति/साधन रोक्काको जानकारी दिएको तथा ६ वटामा कुनै पनि जानकारी नदिइएको देखिन्छ।

## ५.८ अभियोजनको आधार र कारण खुले नखुलेको




सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको हकमा अभियोजनको आधार र कारण खुले नखुलेको सम्बन्धमा अध्ययन गर्दा २७ वटा मुद्दामा अभियोजनको आधार कारण खुलेको देखिएको र १ वटा मुद्दामा अभियोजनको आधार कारण खुलेको अवस्था नदेखिएको।

### ५.९ संयुक्त अनुसन्धान वा एकल अनुसन्धान




सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँग संयुक्त अनुसन्धान भएको वा एकल अनुसन्धान भएको सम्बन्धमा अध्ययन गर्दा २१ वटामा मुद्दामा एकल अनुसन्धान भएको देखिएको भने ७ वटा मुद्दामा सँयुक्त रुपमा अनुसन्धान भएको देखिन्छ।

### ५.१० उच्च पदस्थ व्यक्तिको संलग्नता रहे नरहेको




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा उच्च पदस्थ व्यक्तिको संलग्नता रहे नरहेको सम्बन्धमा अध्ययन गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी १८ वटा मुद्दामा उच्च पदस्थ व्यक्तिको संलग्नता नरहेको देखिएको भने ३ वटा मुद्दामा उच्च पदस्थ व्यक्तिको संलग्नता रहेको देखिएको छ। त्यस्तै ७ वटा मुद्दामा उच्च पदस्थ व्यक्तिको संलग्नता रहे नरहेको सम्बन्धमा केही व्यहोरा नखुलेको देखिन्छ ।

## ५.११ जफतको दाबी




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा अभियोजन गर्दा सम्पत्ति जफतको मागदावी लिए नलिएको सम्बन्धमा अध्ययन गर्दा २७ वटा मुद्दामा सम्पत्ति जफतको मागदावी लिईएको देखिन्छ भने १ वटा मुद्दामा सम्पत्ति जफतको मागदावी नलिइएको अवस्था छ।

## ५.१२ सिमापार करेस्पोण्डिङ्ग बैंकिङ्ग




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको सम्बन्धमा सिमापार करेस्पोण्डिङ्ग बैंकिङ्ग सम्बन्ध कायम रहे नरहेको सम्बन्धमा अध्ययन गर्दा २० वटा मुद्दामा सिमापार करेस्पोण्डिङ्ग बैंकिङ्ग सम्बन्ध कायम नरहेको र ३ वटा मुद्दामा सिमापार करेस्पोण्डिङ्ग बैंकिङ्ग सम्बन्ध कायम रहेको तथा ५ वटा मुद्दामा सो सम्बन्धमा केही व्यहोरा नखुलेको देखिन्छ।

## ५.१३ प्रतिवादीको राष्ट्रियता




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा संलग्न रहेका प्रतिवादीको राष्ट्रियताको विषयमा हेर्दा ३० जना नेपाली नागरिक र ४ जना विदेशी नागरिक रहेको देखिन्छ।

## ५.१४ आधार र कारण सहितको म्याद थप




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाका प्रतिवादीलाई हिरासतमा राख्दा आधार र कारण सहित म्याद थप भए नभएको सम्बन्धमा अध्ययन गर्दा २१ वटा मुद्दामा आधार र कारण सहित म्याद थप भएको भने २ वटा मुद्दामा आधार र कारण सहित म्याद थप नभएको देखिन्छ। त्यस्तै ५ वटा मुद्दामा आधार र कारण सहित म्याद थप भए नभएको सम्बन्धमा केही थाहा नभएको देखिन्छ।

### ५.१५ वास्तविक हिताधिकारी पहिचान




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको सम्बन्धमा वास्तविक हिताधिकारी पहिचान भए नभएको सम्बन्धमा अध्ययन गर्दा २४ वटा मुद्दामा वास्तविक हिताधिकारी पहिचान भएको तथा ४ वटा मुद्दामा वास्तविक हिताधिकारी पहिचान नभएको अवस्था छ।

### ५.१६ पटके




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको सम्बन्धमा संलग्न प्रतिवादीहरु पटके कसूरदार रहे नरहेको सम्बन्धमा अध्ययन गर्दा १६ वटा मुद्दामा पटके कसूरदार नरहेको र ६ वटा मुद्दामा पटके कसूरदार रहेको देखिन्छ। त्यस्तै ६ वटा मुद्दामा पटके कसूरदार रहे नरहेको सम्बन्धमा केही कुरा नखुलेको देखिन्छ।

### ५.१७ सम्बद्ध कसूर




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा कुन सम्बद्ध कसूरसँग आवद्ध छ भनी अध्ययन गर्दा लागू औषध र राजस्व छली पाँच (५—५) वटा मुद्दामा सम्बद्ध कसूरको रुपमा स्थापित रहेको देखिन्छ । त्यस्तै अध्ययन गरिएका ४ (चा) वटा मुद्दामा भ्रष्टाचार सम्बद्ध कसूर रहेको थियो भने ठगी र संगठित अपराध ३ (तीन) वटा, अभौतिक मुद्रा २ (दुई) वटा, सट्टाबाजी २ (दुई) वटा मुद्दामा सम्बद्ध कसूर रहेको थियो । साथै विदेशी विनियम चन्दा सम्बन्धी कसूर (१), डाँका चोरी र लागू औषध (१) हुण्डी (१), ठगी र अनुचित लेनदेन (१) बैङ्किङ्ग कसूर (१) र मानव बेचबिखन तथा ओसारपसार (१) मुद्दा समेत सम्बद्ध कसूरको रुपमा पाईएको थियो ।

### ५.१८ प्रतिवादीको पेशा




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा संलग्न प्रतिवादीको पेशाको सम्बन्धमा अध्ययन गर्दा, ९ जना प्रतिवादी व्यापार व्यवसायमा संलग्न रहेको देखिन्छ भने ४ जना प्रतिवादी राष्ट्रसेवक रहेको देखिन्छ। २ जना प्रतिवादी निर्वाचित जनप्रतिनिधि रहेको, १ जना प्रतिवादी कानून व्यवसायी र १ विद्यार्थी रहेको देखिन्छ। त्यस्तै १७ जना प्रतिवादीको पेशाको सम्बन्धमा केही कुरा उल्लेख भएको देखिँदैन।

### ५.१९ सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको समानान्तर अनुसन्धान




सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान समानान्तर रुपमा अगाडि बढे नबढेको सम्बन्धमा अध्ययन गर्दा, २४ वटा मुद्दामा सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान समानान्तर रुपमा एकैसाथ भएको देखिन्छ।त्यस्तै ३ वटा मुद्दामा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको मात्र अनुसन्धान भएको देखिन्छ भने १ वटा मुद्दामा सम्बद्ध कसूर ठहर भएपछि मात्र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान भएको अवस्था छ।

### ५.२० कसूरको सूचनाको स्रोत




सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको सूचनाको स्रोतको सम्बन्धमा अध्ययन गर्दा, ११ वटा मुद्दामा उजुरी/जाहेरीको माध्यमबाट कसूरको सूचना प्राप्त भएको देखिन्छ।त्यस्तै ६ वटा मुद्दामा सम्बद्ध कसूरको अनुसन्धानबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान गर्नु पर्ने आवश्यकता पहिचान भएको देखिन्छ।४ वटा मुद्दामा गोप्य सूचनाको माध्यमबाट कसूरको सूचना प्राप्त भएको देखिएको भने ३ वटा मुद्दामा सरकारी वकीलको निर्देशनबाट सूचना प्राप्त भएको देखिन्छ। त्यसै गरी ४ वटा मुद्दामा प्रहरी प्रतिवेदनबाट सूचना प्राप्त भएको देखिएको भने १ वटा मुद्दामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सूचना प्राप्त भएको देखिन्छ।१ वटा मुद्दामा कसूरको सूचनाको सम्बन्धमा कुनै व्यहोरा नखुलेको देखिन्छ।

## ५.२१ प्रतिवादीको उमेर




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा संलग्न रहेका प्रतिवादीको उमेरको सम्बन्धमा अध्ययन गर्दा, सबै भन्दा धेरै अर्थात् २१ जना प्रतिवादी २०-३० उमेर समूहमा रहेका भने सबैभन्दा थोरै अर्थात् ४ जना प्रतिवादी ६०-७० को उमेर समूहमा रहेको देखिन्छ। त्यस्तै १५ जना प्रतिवादी ४१-५० को उमेर समूहमा रहेका भने १० जना प्रतिवादी ३१-४० को उमेर समूहमा रहेको देखिन्छ। त्यस्तै ५ जना प्रतिवादी ५१-६० को उमेर समूहमा रहेको देखिन्छ। अतः उपरोक्त तालिका अनुसार सम्पत्ति शुद्धीकरण मुद्दामा सबै उमेर समूहका प्रतिवादीहरुको संलग्नता रहेको देखिन्छ।

## ५.२२ प्रतिवादीको लिङ्ग




सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा संलग्न रहेका प्रतिवादीको लिङ्गको विषयमा हेर्दा १८ जना प्रतिवादी महिला रहेका र ५६ जना प्रतिवादी पुरुष रहेको देखिन्छ। प्रस्तुत तथ्याङ्कले सम्पत्ति शुद्धीकरण मुद्दामा महिलाको भन्दा पुरुषको संख्या तेब्बर रुपमा धेरै देखिन्छ।

# परिच्छेद - छ
# निष्कर्ष र सुझाव

### ६.१ निष्कर्ष

सम्पत्ति शुद्धीकरण आधुनिक वित्तीय प्रणाली, सुशासन, आर्थिक स्थायित्व तथा राष्ट्रिय सुरक्षाका लागि गम्भीर चुनौतीको रूपमा देखा परेको अपराध हो। यसले मूल अपराधबाट प्राप्त अवैध सम्पत्ति वा आम्दानीलाई वैध देखाउने प्रयास मात्र नगरी वित्तीय प्रणालीको विश्वसनीयतामा आघात पुऱ्याउने, संगठित अपराध तथा भ्रष्टाचारलाई प्रोत्साहन गर्ने, राज्यको राजस्व प्रणालीलाई कमजोर बनाउने तथा समग्र आर्थिक व्यवस्थामा नकारात्मक प्रभाव पार्ने कार्य गरेको देखिन्छ। सोही कारण सम्पत्ति शुद्धीकरण विरुद्ध प्रभावकारी अनुसन्धान, अभियोजन तथा अपराधबाट आर्जित सम्पत्तिको जफत र पुनर्प्राप्तिलाई विधिको शासन, सुशासन तथा वित्तीय अखण्डताको महत्वपूर्ण सूचकका रूपमा हेर्दैं आइएको छ।

सम्पत्ति शुद्धीकरण अपराधको प्रकृति जटिल, बहुआयामिक र प्रायः सीमापार हुने भएकाले यसको सफल अनुसन्धान तथा अभियोजनका लागि सक्षम कानूनी संरचना, विशिष्टीकृत अनुसन्धान तथा अभियोजन संयन्त्र, प्रभावकारी अन्तर-निकाय समन्वय, आधुनिक प्रविधि तथा दक्ष जनशक्तिको उपलब्धता अपरिहार्य रहन्छ। परम्परागत आपराधिक अनुसन्धानका विधिहरू मात्र यसप्रकारका अपराधको प्रभावकारी नियन्त्रणका लागि पर्याप्त नहुने भएकाले वित्तीय विश्लेषण, फरेन्सिक लेखापरीक्षण, डिजिटल प्रमाणको उपयोग, अन्तर्राष्ट्रिय सहयोग तथा सम्पत्तिको खोज, रोक्का, जफत र पुनर्प्राप्ति सम्बन्धी संयन्त्रलाई समानान्तर रूपमा सुदृढ बनाइनु आवश्यक हुन्छ।

यस अध्ययनका क्रममा नमुनाका रुपमा लिइएका मुद्दाहरुलाई सूचकहरु मार्फत् विश्लेषण गर्दा, सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान र अभियोजन प्रकृयामा संलग्न निकायहरू बिच सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनी अवधारणा, अनुसन्धान र अभियोजनको उद्देश्य तथा प्रमाणको मूल्याङ्कन सम्बन्धी समान बुझाइको अभाव रहेको देखिन्छ। त्यसैगरी वित्तीय अपराध, फरेन्सिक लेखापरीक्षण, डिजिटल सम्पत्ति, भर्चुअल एसेट, जटिल वित्तीय कारोबार तथा प्रविधिमा आधारित आर्थिक अपराधहरूको अनुसन्धान र अभियोजनका लागि आवश्यक विशिष्टीकृत ज्ञान तथा सीपका कार्यक्रमहरुको आयोजना संख्यात्मक र गुणात्मक दुवै हिसाबले सन्तोषजनक छैन। सीमित प्राविधिक पूर्वाधार, आधुनिक फरेन्सिक उपकरण तथा डिजिटल विश्लेषण प्रणालीको अभाव साथै विशेषज्ञ जनशक्तिको सीमित उपलब्धताले अनुसन्धान तथा अभियोजन प्रकृयालाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ।

नेपालको अनौपचारिक तथा नगदमा आधारित अर्थतन्त्र, सीमापार वित्तीय कारोबारको बढ्दो जटिलता, अपराधको नयाँ प्रविधिमैत्री स्वरूप, अनुसन्धान र अभियोजन गर्ने निकायहरूको उच्च कार्यबोझ र सीमित स्रोतसाधनले पनि सम्पत्ति शुद्धीकरण विरुद्धको कारवाहीलाई कठिन बनाएको छ। साथै, राजनीतिक संक्रमण वा अस्थिरताको प्रभाव तथा कतिपय अवस्थामा हुन सक्ने राजनीतिक हस्तक्षेपले अनुसन्धान, अभियोजन तथा न्यायिक प्रकृयाको निष्पक्षता, निरन्तरता र प्रभावकारितामा असर पार्ने सम्भावना रहन्छ। यस्ता परिस्थितिले सम्पत्ति शुद्धीकरण विरुद्धको संस्थागत हैसियत, इच्छाशक्ति र आत्मविश्वास अझ सुदृढ, समन्वयात्मक र व्यावसायिक हुनुपर्ने आवश्यकता देखिन्छ।

सम्पत्ति शुद्धीकरण अपराध बहुसरोकारवाला तथा बहुक्षेत्रीय प्रकृतिको अपराध भएकाले यसको नियन्त्रण, अनुसन्धान र अभियोजनलाई कुनै एक निकायको जिम्मेवारीका रूपमा मात्र हेरिनु हुँदैन। यद्यपि, सम्बन्धित निकायहरू बिच

सहकार्यको अभ्यास हुने गरेको देखिए तापनि समग्र प्रणालीको प्रभावकारिताका लागि स्पष्ट संस्थागत नेतृत्व, साझा उत्तरदायित्व तथा परिणाममुखी समन्वय संयन्त्रको आवश्यकता हुन्छ। विशेषतः नीति निर्माण, अनुसन्धान, अभियोजन, सम्पत्ति जफत तथा अन्तर-निकाय सूचना आदानप्रदानका प्रकृयालाई अझ बढी एकीकृत र समन्वयात्मक बनाउनु आवश्यक देखिन्छ।

सम्पत्ति शुद्धीकरण अभियोजन प्रणालीलाई थप प्रभावकारी, व्यावसायिक तथा परिणाममुखी बनाउन विशिष्टीकृत अभियोजन संरचनाको विकास, वित्तीय तथा डिजिटल फरेन्सिक विशेषज्ञहरूको उपलब्धता, आधुनिक अनुसन्धान तथा विश्लेषण प्रविधिको प्रयोग, अनुसन्धान र अभियोजन बिचको संस्थागत समन्वयको सुदृढीकरण तथा निरन्तर क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक छ। साथै, अभियोजन प्रकृयाको स्वतन्त्रता, निष्पक्षता र व्यावसायिकतालाई थप सुदृढ गर्दै सम्पत्ति शुद्धीकरणलाई आर्थिक सुशासन तथा राष्ट्रिय हितसँग प्रत्यक्ष रूपमा जोडिएको गम्भीर अपराधका रूपमा अनुसन्धान, अभियोजन र निरुपण आवश्यक छ। यही नै FATF ले अपेक्षा गरेको प्रभावकारी सम्पत्ति शुद्धीकरण निवारण संरचना (effective AML regime) को आधार पनि हो। तसर्थ, यी पक्षहरूको प्रभावकारी कार्यान्वयनबाट सम्पत्ति शुद्धीकरण तथा सम्बद्ध आर्थिक अपराधहरूको अनुसन्धान, अभियोजन तथा अपराधबाट आर्जित सम्पत्तिको जफत र पुनर्प्राप्तिमा उल्लेखनीय सुधार गर्न सकिने देखिन्छ।

## ६.२ सुझाव

यस अध्ययनका क्रममा सङ्कलित तथ्याङ्क, कानूनको विश्लेषण तथा सन्दर्भ सामग्री अध्ययन समेतका आधारमा देखिएका तथ्यगत अवस्थालाई हेर्दा निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ ।

### नीतिगत सुधार

→ सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित सम्पूर्ण कानूनलाई FATF का ४० वटा सिफारिसहरूसँग पूर्ण रूपमा अनुकूल बनाउने।

→ डिजिटल सम्पत्ति, क्रिप्टोकरेन्सी, डिजिटल मुद्रा र अनलाइन वित्तीय अपराधलाई सम्बोधन गर्न विशिष्टीकृत कानून बनाउने, भर्चुअल प्लेटफम र fintech सम्बन्धी स्पष्ट कानूनी र नियामकीय ढाँचा विकास गर्नु पर्ने ।

→ अपराधबाट आर्जित सम्पत्ति रोक्का र जफत गर्ने कानूनी प्रकृयालाई सरल र छिटोछरितो बनाउने, रोक्का, नियन्त्रण र जफतका लागि मानकसहित मापदण्ड स्थापना गर्ने।

→ राजनीतिक रूपमा उच्च पदस्थ व्यक्ति (PEPs) को सम्पत्ति निगरानी गर्ने छुट्टै कानूनी व्यवस्था गर्ने।

→ लेखापरीक्षक, कानून व्यवयाय, क्यासिनो जस्ता गैह्रवित्तीय क्षेत्रलाई समेत शंकास्पद कारोबार रिपोर्ट गर्नका लागि कानूनी रुपमा व्यवस्था गर्ने।

→ विदेशी मुलुकहरूसँग पारस्परिक कानूनी सहायता (MLA) र सपुर्दगी सम्बन्धमा द्विपक्षीय सन्धिहरू गरी सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धान र अभियोजनमा अन्तरदेशीय सहयोग प्रवर्द्धन गर्ने।

→ राष्ट्रिय जोखिम मूल्याङ्कनलाई अनुसन्धानको व्यावहारिक उपकरणका रूपमा प्रयोग गरी FIU, राष्ट्र बैङ्क र अनुसन्धान निकायबिच जोखिमका सूचक (risk indicators) साझा गरी क्षेत्रगत विशेष अनुसन्धान र अभियोजन रणनीति विकास गर्ने।

→ "विशिष्टिकृत अनुसन्धान, सामान्यीकृत अभियोजन" को नीतिबाट "विशिष्टिकृत अनुसन्धान, विशिष्टिकृत अभियोजन" मा जाने।

→ वित्तीय प्रणालीको AI based निगरानी र जोखिम मूल्याङ्कन प्रणाली स्थापना गर्ने।

**अनुसन्धान र अभियोजनमा गर्नुपर्ने सुधारह**

- → सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान र अभियोजन प्रकृयामा संलग्न निकायहरू बिच सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनी अवधारणा, अनुसन्धान र अभियोजनको उद्देश्य तथा प्रमाणको मूल्याङ्कन सम्बन्धमा समान बुझाइ विकास गर्नु पर्ने,
- → सम्पत्ति शुद्धीकरण अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउनका लागि प्रारम्भिक रुपमा तयार भएका निम्न मस्यौदालाई अन्तिम रूप दिई कार्यान्वयनमा लाने ।
  - सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरणको कसूरको समानान्तर वा संयुक्त अनुसन्धान, विशेष अनुसन्धान पद्धतिको प्रयोग सम्बन्धी मस्यौदा
  - कसूरजन्य सम्पत्ति तथा साधन (पहिचान, रोक्का, नियन्त्रण र जफत) सम्बन्धी एकीकृत मार्गदर्शनको प्रारम्भिक मस्यौदा
  - सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) सम्बन्धी कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी मार्गदर्शनको प्रारम्भिक मस्यौदा
  - जोखिममा आधारित AML Handbook for Investigator and Prosecution (वित्तीय उपकरण र कारोबारको प्रयोग समेत) को प्रारम्भिक मस्यौदा
- → सम्पत्ति शुद्धीकरण अनुसन्धानलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरी अन्तर्गत छुट्टै अपराध अनुसन्धान समूह स्थापना गर्ने तथा सो समूहभित्र वित्तीय, संगठित, सम्पत्ति शुद्धीकरण लगायतका विशिष्टीकृत व्यूरो वा एकाइ स्थापना गर्ने।
- → शंकास्पद कारोबारहरू पत्ता लगाउन आधुनिक सफ्टवेयर र डेटा विश्लेषण औजारहरू प्रयोग गर्ने, डिजिटल फरेन्सिक ल्याब स्थापना, वित्तीय डाटा एनालिटिक्स प्रणाली विकास र कृत्रिम बुद्धिमत्तामा आधारित उपकरणको प्रयोग गरी डिजिटल सम्पत्ति शुद्धीकरणको अनुसन्धान र अभियोजन गर्नुपर्ने ।
- → सम्पत्ति शुद्धीकरण मुद्दामा वस्तुपरक बिगो निर्धारणका लागि सामान्य सिद्धान्तहरु सहितको सैद्धान्तिक आधार, बिगो निर्धारण गर्दा लिनु पर्ने आधारहरु, बिगो निर्धारण गर्दा अनुसन्धानकर्ता र अभियोजनकर्ताले अवलम्बन गर्नु पर्ने प्रकृया समेत निक्यौंल गरी विशिष्टीकृत निर्देशिका बनाउने।
- → सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान अधिकृत तोकिए पछि निजले प्रारम्भिक योजना (अनुसन्धान मार्गचित्र) बनाई अनुसन्धान थाल्नु पर्ने, सरकारी वकील तोकिए पछि समेत प्रारम्भिक योजना (अभियोजन मार्गचित्र) बनाई अनुसन्धान अधिकृतलाई सहयोग गर्ने परिपाटिको विकास गर्ने।
- → सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धान र अभियोजनमा देखिने अन्यौलता निरुपण र सहजताको लागि संस्थागत संयन्त्र निर्माण गर्ने।
- → महान्यायाधिवक्ताको कार्यालयले सम्पत्ति शुद्धीकरण कसूर जोडिएका मुद्दाका नमुना अभियोगपत्रको छुट्टै रेकर्ड राखी सार्वजनिक गर्ने, सम्पत्ति शुद्धीकरण कसूर जोडिएका मुद्दामा सरकारी वकीलबाट भएको असल अभ्यासको पहिचान गरी महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित हुने बुलेटिन तथा कार्यालयको वेभसाइटमा समेत सार्वजनिक गर्ने।
- → सम्पत्ति शुद्धीकरण कसूर जोडिएका मुद्दाको वस्तुपरक र प्रमाणमा आधारित अभियोजन भए / नभएको हेर्नको लागि अभियोजन परीक्षणको क्रममा प्राथमिकता दिने, महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरुको अनुगमन तथा निरीक्षणको क्रममा सम्पत्ति शुद्धीकरण कसूर जोडिएका मुद्दाको अनुसन्धान र अभियोजनमा जोखिममा आधारित पद्धति अवलम्बन भए / नभएको समेत हेर्नु पर्ने।
- → अवैध वित्तीय च्यानल, हुन्डी नेटवर्क र डिजिटल बेटिङ एपहरूको अनुसन्धानमा तीव्रता दिन एगमन्ट ग्रुप (Egmont Group) जस्ता अन्तर्राष्ट्रिय निकायहरूसँग FIU ले प्राप्त गर्ने वित्तीय सूचना अनुसन्धान र अभियोजनकर्तालाई सहज रुपमा उपलव्ध गराउन डिजिटल प्लेटफर्म बनाउनु पर्ने।

→ "Follow the money" सिद्धान्तलाई अनुसन्धान र अभियोजनको मूल आधार बनाउँदै अनुसन्धानकर्ता र अभियोजनकर्तालाई वित्तीय विश्लेषण, बैङ्किङ संरचना र डिजिटल ट्रेल बुझ्ने गरी क्षमता विकास गर्नु पर्ने।

→ सम्पत्ति शुद्धीकरण अनुसन्धानमा विशेष अनुसन्धान विधि (कन्ट्रोल डेलिभरी, अन्डरकभर) र अभियोजन सौदावाजी प्रयोग गर्नका लागि प्राथमिकता दिने।

→ अनुसन्धानको परम्परागत दृष्टिकोणलाई परिवर्तन गरी financial intelligence-driven model Evidence based and fact based मोडल तर्फ रूपान्तरण गर्नु पर्ने।

→ अनुसन्धान अधिकृतहरू र अभियोजनकर्तालाई फरेन्सिक एकाउन्टिङ र डिजिटल बैंकिङ सम्बन्धी विशेष तालिम दिने, महान्यायाधिवक्ताको कार्यालयमा Forensic accounting unit स्थापना गर्ने।

→ अनुसन्धानकारी निकाय र अभियोजनकारी निकाय बिचको समन्वयलाई प्रभावकारी बनाउँदै स्पष्ट भूमिका विभाजन र सूचना आदानप्रदान प्रोटोकल विकास गर्ने, संयुक्त अनुसन्धान टोलीको कानूनी आधार विस्तार गरी एकीकृत अनुसन्धान प्रणालीको परिपाटी विकास गर्ने, FIU र अनुसन्धान निकाय बिच सूचना आदान-प्रदान डिजिटल प्रणाली मार्फत् द्रूत र सुरक्षित बनाउने।

→ पारस्परिक कानूनी सहायता र सपुर्दगी प्रकृयालाई सरल, छरितो र प्राविधिक रूपमा दक्ष बनाउन FATF नेटवर्कको अधिकतम उपयोग गर्ने।

→ ICRG को Action Plan मा प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन हुन नसकेको सन्दर्भलाई औंल्याइएको हुँदा अभियोजकर्ताको निर्देशन र सहयोगमा नै अनुसन्धान प्रभावकारी हुने व्यवहारगत तथ्यको परिप्रेक्ष्यमा सो प्रबन्ध मिलाउनु पर्ने ।

→ उल्लिखित विशेष संरचनाले निम्नानुसारका कार्यहरू सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेः

- अनुसन्धानलाई आवश्यक निर्देशन प्रदान गर्ने तथा अभियोजनलाई प्रभावकारी बनाउन सम्बन्धित अभियोजन निकायहरूसँग नियमित समन्वय र सहकार्य गर्ने ।
- अनुसन्धान, अभियोजन र न्यायनिरूपण सम्बन्धी सम्पूर्ण अभिलेखहरू व्यवस्थित र अद्यावधिक राख्नको लागि केन्द्रीय सूची (Central Inventory) निर्माण गर्ने।
- AML क्षेत्रमा समन्वय र सहकार्यका अवसरहरू पहिचान गर्दै आवश्यक निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्ने, सो को कार्यान्वयन सुनिश्चित गर्ने,
- AML Reporting का लागि Lead Agency को रूपमा सम्पूर्ण सरोकारवाला निकायहरूको Sectoral Risk Assessment को मार्गदर्शनमा सक्रिय भूमिका निर्वाह गर्ने ।
- राष्ट्रिय जोखिम मूल्याङ्कन (National Risk Assessment) मा महान्यायाधिवक्ताको कार्यालयले केन्द्रीय भूमिकाको निर्वाह गर्दै नेपालको तर्फबाट अन्तर्राष्ट्रिय AML Reporting मा Lead Representation गर्ने।

# अनुसूची
# केही सरकारी वकील कार्यालयहरूलाई पठाइएको प्रश्नावलीको उत्तर

## जिल्ला सरकारी वकील कार्यालय, कास्की

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८२-C१-०७६६ |
| अभियोगपत्र दायर मिति | २०८२।११।१२ |
| प्रतिवादी संख्या | ८ |
| मूल कसूर | लागू औषध सम्बन्धी कसूर टापेंटाडोल |
| वर्तमान अवस्था | अभियोगपत्र दायर भएको |

### २. कसूर, कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| सम्बद्ध कसूर | लागू औषध सम्बन्धी कसूर |
| सूचनाको स्रोत | उजुरी । जाहेरी, सरकारी वकीलको निर्देशनबाट |
| प्रारम्भिक जाँचबुझबाट भए | लागू औषध सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा |
| सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| संयुक्त / एकल अनुसन्धान | एकल अनुसन्धान भएको |
| हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको | भएको |
| विशेष अनुसन्धान विधि | नगरेको |
| सम्पत्ति शुद्धीकरण विभागलाई सूचना | दिएको |
| वास्तविक हिताधिकारी पहिचान | भएको |
| MLA को आवश्यकता | नपरेको |
| MLA को माग | माग नभएको |

| | |
|---|---|
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | माग नभएको |

## ४. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | E-SEWA को कार्यालय, प्रभु बैंक, NMB बैंक, khalti wallet को कार्यालय, Citizens बैंक को कार्यालय, कम्पनी रजिस्ट्रारको कार्यालय, मालपोत कार्यालय, मुक्तिनाथ विकास बैङ्क नेपाल राष्ट्र बैंक, मालपोत, मुक्तिनाथ विकास बैंक, मञ्जुश्री फाइनान्स, NIMB बैंक, बिमा प्रधिकरण , औषधी व्यवस्था विभाग, यातायात व्यवस्था विभाग, NEPSE, आन्तरिक राजश्व विभाग, गरी मा विकास बैंक, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, सानिमा बैंक, प्राइम बैंक, निमा बैंक |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | प्रतिवादी घैटे भन्ने सुजिप शाक्यले लागू औषधको कसूरबाट प्राप्त सम्पत्तिलाई लुकाउने, बदल्ने र धारण (Placement, Layering and Integration) गरेको देखिएको |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, मौखिक |
| **सम्पत्ति । साधन रोक्का** | गरिएको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिइएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ८ जना |
| **लिङ्ग / उमेर** | (२०-३०)- ६ जना, (३१-४०)-१ जना, (५१-६०)- १ जना, सम्पत्ति शुद्धीकरण तर्फ-१ जना उमेर (२६ वर्ष) |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | व्यवसायी |
| **उच्च पदस्थ** | नभएको |
| **दाबी गरिएको विगो रकम** | रु ७७,९०९.४३ |
| **विगो निर्धारण विधि** | बैंक र ईसेवा खाताहरूमा देखिएको नगद |
| **जफतको दाबी** | लिइएको |

| | |
|---|---|
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार र कारण** | खुलेको |
| **सिमापार करोस्पन्डिङ बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | बैंक तथा Digital Wallet रहेको रकमहरू |

## १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | ०८१-C१-०४३५ |
| **अभियोगपत्र दायर मिति** | २०८१।०९।०७ |
| **प्रतिवादी संख्या** | ४४ |
| **मूल कसूर** | सहकारी ठगी र संगठित अपराध |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

## २. कसूर, कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | संगठित आपराधिक समूह र गैरकानूनी वा धुर्त्याइपूर्वक असूली (र्याकेटिङ्ग)मा सहभागी हुने, सहकारी ठगी र संगठित अपराध |
| **सूचनाको स्रोत** | उजुरी।जाहेरी, सरकारी वकीलको निर्देशनबाट |
| **प्रारम्भिक जाँचबुझबाट भए** | सहकारी ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | एकल अनुसन्धान |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | नगरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | दिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | माग नगरिएको |

| | |
|---|---|
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | माग नगरिएको |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | विभिन्न बैंक तथा वित्तिय संस्थाहरू, आन्तरिक राजस्व कार्यालयहरु, कम्पनी रजिस्ट्रारको कार्यालय, आन्तरिक राजस्व विभाग, नेचर नेष्ट प्रा.लि. गोर्खा ग्रुप मल्टि इन्भेष्टमेण्ड प्रा.लि, जि.बि. ग्रुप अफ कम्पनिज लि. समेत, मालपोत का., यातायात व्यवस्था विभाग, राहदानी विभाग, अध्यागमन विभाग, बिमा प्राधिकरण, अ.दु.अ.आ, घरिमा विकास बैंक |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | सहकारी संस्थाको बचत रकम अपचलन गरी विभिन्न सम्पत्तिहरूमा लगानी गर्ने गरेको |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, दशी, प्रविधिजन्य |
| **सम्पत्ति । साधन रोक्का** | जारिरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिइरेको |

## ४. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ४४ (सम्पत्ति शुद्धीकरणतर्फ १२ जना |
| **लिङ्ग / उमेर** | ३ पुरुष, १ महिला १, ८ कानूनी व्यक्ति |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | व्यवसाय, व्यापारी |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु २,६५,७८,६०,४५२.४७ |
| **विगो निर्धारण विधि** | प्रतिवादीको स्वामित्वमा रहेको चल-अचल सम्पत्ति प्रतिवादीहरुले सहकारीबाट पचलन गरेको रकम |
| **जफतको दाबी** | लिइएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार र कारण** | खुलाइएको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |

| | |
|---|---|
| **Proceed of crime को स्वरूप** | बैंकमा रहेको रकम, सेयर तथा घरजग्गा |

## विशेष सरकारी वकील कार्यालय, काठमाडौं

**मुद्दा नं: ०८२-CR-०१०३**

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | **०८२-CR-०१०३ (अ.दु.अ.आ.ले विशेष अदालतमा दायर गरेको )** |
| **अभियोगपत्र दायर मिति** | २०८२।१२।०१ |
| **प्रतिवादी संख्या** | ४ |
| **मूल कसूर** | घुस । रिसवत |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

### २. कसूर, कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | भ्रष्टाचार |
| **सूचनाको स्रोत** | उजुरी।जाहेरी |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ------ |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकै साथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | एकल अनुसन्धान |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | ------ |
| **विशेष अनुसन्धान विधि** | नगरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | नदिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | माग नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | ___ |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुर, स्थानीय निकाय, जिल्ला प्रहरी कार्यालय, अ.दु.अ.आ. को Digital Forensic Unit, कम्पनी रजिष्ट्रारको कार्यालय, राजस्व अनुसन्धान विभाग, नेपाल क्लियरिङ हाउस लि. निजी कम्पनीहरु समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | Banking Transaction सम्बन्धी Bank Statements तथा Cheque, जग्गा खरिद बिक्री सम्बन्धी राजिनामा, लिखतहरु, परीक्षण प्रतिवेदन समेत |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, दशी, प्रविधिजन्य |
| **सम्पत्ति । साधन रोक्का** | रोक्का गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | जानकारी नदिएको |

## ४. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ४ (कम्पनी-१) |
| **लिङ्ग र उमेर** | पुरुष-३, वर्ष (५२, ४० र ५१) |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | राष्ट्रसेवक कर्मचारी । कम्पनीको Managing Director । होटल व्यवसायी |
| **उच्च पदस्थ** | महानिर्देशक |
| **दाबी गरिएको बिगो रकम** | रु ७०,००,०००, रु २०,००,००० र रु ५०,००,००० |
| **बिगो निर्धारण विधि** | घुस।रिसवत बापतको रकम, जग्गा खरिद-बिक्रिको रकम, प्रतिवादीको कसूरमा देखिएको भूमिका तथा संलग्नता |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार र कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | घुस रिसवत बापतको रकम, जग्गा खरिद वापतको रकम |

## मुद्दा नं. ०८१-CR-००४४

### १ मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | मुद्दा नं. ०८१-CR-००४४ ( अ.दु.अ.आ.ले विशेष अदालतमा दायर गरेको ) |
| अभियोगपत्र दायर मिति | २०८१।०९।१४ |
| प्रतिवादी संख्या | ४ |
| मूल कसूर | घुस।रिसवत |
| वर्तमान अवस्था | फैसला भएको |

### २ कसूर, कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| सम्बद्ध कसूर | भ्रष्टाचार |
| सूचनाको स्रोत | उजुरी।जाहेरी |
| प्रारम्भिक जाँचबुझबाट भए | ------ |
| सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकै साथ अनुसन्धान भएको |
| संयुक्त र एकल अनुसन्धान | एकल अनुसन्धान |
| हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको | ------ |
| विशेष अनुसन्धान विधि | नगरेको |
| सम्पत्ति शुद्धीकरण विभागलाई सूचना | नदिएको |
| वास्तविक हिताधिकारी पहिचान | भएको |
| MLA को आवश्यकता | नपरेको |
| MLA को माग | माग नभएको |
| MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको | ___ |

| ३ प्रमाण सङ्कलन र विश्लेषण | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, निजी कम्पनीहरु, स्थानीय निकाय, मालपोत कार्यालय, विभिन्न सरकारी निकायहरु समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | Banking Transaction सम्बन्धी Bank Statements, जग्गा खरिद विक्री सम्बन्धी राजिनामा लिखतहरु समेत |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित |
| **सम्पत्ति । साधन रोक्का** | रोक्का गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | जानकारी नदिएको |

| ४ अभियोजन तथा अभियोगपत्र | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ४ |
| **लिङ्ग / उमेर** | महिला-१ (५८ वर्ष) , पुरुष-२ (६२।५५ वर्ष) र कम्पनी-१ |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | महिला-जग्गा खरिद विक्रिको काम, पुरुष- व्यापार र निर्वाचित नगर प्रमुख |
| **उच्च पदस्थ** | नगर प्रमुख |
| **दाबी गरिएको विगो रकम** | रु १३,१२,७३,०३२.३३ |
| **विगो निर्धारण विधि** | घुस।रिसवत बापत प्राप्त रकम, जग्गा खरिद-विक्रिको रकम |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | घुस रिसवत बापतको रकम, जग्गा समेत |

## मुद्दा नं. ०८२-CR-००५३

## १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | **०८२-CR-००५३ अ.दु.अ.आ ले विशेष अदालतमा दायर गरेको** |
| **अभियोगपत्र दायर मिति** | २०८२.०८.२५ |
| **प्रतिवादी संख्या** | ३ |
| **मूल कसूर** | घुस।रिसवत |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

## २. कसूर र कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | भ्रष्टाचार |
| **सूचनाको स्रोत** | घुस।रिसवत मुद्दा अनुसन्धान गर्ने क्रममा देखिएको |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ------ |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकै साथ अनुसन्धान भएको |
| **संयुक्त र एकल अनुसन्धान** | एकल अनुसन्धान |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | ------ |
| **विशेष अनुसन्धान विधि** | नगरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | नदिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | माग नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | ___ |

| ३. प्रमाण सङ्कलन र विश्लेषण | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | नेपाल दुरसञ्चार कम्पनी लि., Ncell Axita Ltd, अध्यागमन विभाग, TIA, निजी कम्पनीहरु, नेपाल वायुसेवा निगम, कम्पनी रजिष्टारको कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुर, भूमि व्यवस्था तथा अभिलेख विभाग, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, , केन्द्रीय अनुसन्धान ब्युरो समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | Banking Transaction सम्बन्धी Bank Statements, जग्गा खरिद विक्री सम्बन्धी राजिनामा लिखतहरु, बरामदी डायरी तथा चेक, SMS समेत |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, दशी, प्रविधिजन्य |
| **सम्पत्ति । साधन रोक्का** | रोक्का गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | जानकारी नदिएको |

| ४. अभियोजन तथा अभियोगपत्र | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ३ |
| **लिङ्ग र उमेर** | महिला-१ (४२ वर्ष) , पुरुष-२ (४८।६९ वर्ष) |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | निजी कलेज, ल्याब सहायक, राष्ट्र सेवक कर्मचारी, जग्गा कारोबारी |
| **उच्च पदस्थ** | सहसचिव |
| **दाबी गरिएको विगो रकम** | रु १,०३,७९,६०० |
| **विगो निर्धारण विधि** | घुस।रिसवत बापत प्राप्त गरेको रकम, उक्त रकम मध्येबाट बढे बढाएको रकमलाई बिगो कायम गरिएको |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |

| | |
|---|---|
| **Proceed of crime को स्वरूप** | प्रतिवादीहरुले मिलोमतोमा ट्राभल्स कम्पनीको सेटिङमा बदनियतपूर्वक भिजिट भिसामा मानिसहरुलाई विदेश पठाए वापत रु  १,०३,७९,६०० रकम घुस।रिसवत लिई उक्त रकमलाई शुद्धीकरणको चरण बमोजिम कसूर गरी उक्त रकमबाट सम्पत्ती बढे बढाएको । |

## मुद्दा नं. ०८२-CR-००२२

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | **०८२-CR-००२२ अ.दु.अ.आ ले विशेष अदालतमा दायर गरेको** |
| **अभियोगपत्र दायर मिति** | २०८१.०५.२८ |
| **प्रतिवादी संख्या** | २ |
| **मूल कसूर** | घुस।रिसवत |
| **वर्तमान अवस्था** | मुलतवी राख्ने |

### २. कसूर र कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | भ्रष्टाचार |
| **सूचनाको स्रोत** | घुस।रिसवत मुद्दा अनुसन्धान गर्ने क्रममा देखिएको |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ------ |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकै साथ अनुसन्धान भएको |
| **संयुक्त र एकल अनुसन्धान** | एकल अनुसन्धान |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | ------ |
| **विशेष अनुसन्धान विधि** | नगरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | नदिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | माग नभएको |

| | |
|---|---|
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | —— |

| ३. प्रमाण सङ्कलन र विश्लेषण | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | लुम्बिनी विकास कोष, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुर समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | Banking Transaction सम्बन्धी Bank Statements तथा Voucher, जग्गा खरिद विक्री सम्बन्धी राजिनामा लिखतहरु समेत |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित |
| **सम्पत्ति । साधन रोक्का** | रोक्का गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | जानकारी नदिएको |

| ४. अभियोजन तथा अभियोगपत्र | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | २ |
| **लिङ्ग / उमेर** | महिला-१ (७० वर्ष) , पुरुष-१ (४८ वर्ष) |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | महिलाः जनकपुर चुरोट कारखानाको अवकाश प्राप्त कर्मचारी, पुरुषः वरिष्ट इन्जिनियर (राष्ट्रसेवक) |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु १,२५,००,००० |
| **विगो निर्धारण विधि** | घुस।रिसवत बापतको रकम, जग्गा खरिद-बिक्रिको रकम |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | घुस।रिसवत बापतको रकम |

## मुद्दा नं. ०८२-FJ-०११४

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८२-FJ-०११४ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान भई विशेष सरकारी वकील कार्यालयबाट अभियोजन भएको |
| अभियोगपत्र दायर मिति | २०८२.०८.२८ |
| प्रतिवादी संख्या | २ |
| मूल कसूर | बैकिङ्ग कसूर |
| वर्तमान अवस्था | अभियोग पत्र दायर भएको |

### २. कसूर र कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| सम्बद्ध कसूर | बैकिङ्ग कसूर |
| सूचनाको स्रोत | सरकारी वकीलको निर्देशनबाट |
| प्रारम्भिक जाँचबुझबाट भए | ------ |
| सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे। नबढेको | सम्बद्ध कसूर ठहर भए पछि  सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भएको |
| संयुक्त / एकल अनुसन्धान | एकल अनुसन्धान |
| हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको। नभएको | भएको |
| विशेष अनुसन्धान विधि | नगरेको |
| सम्पत्ति शुद्धीकरण विभागलाई सूचना | दिएको |
| वास्तविक हिताधिकारी पहिचान | भएको |
| MLA को आवश्यकता | नपरेको |
| MLA को माग | माग नभएको |
| MLA को मागमा कस्तो प्रकारको  सहायता माग भएको | ___ |

| ३. प्रमाण सङ्कलन र विश्लेषण | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, विभिन्न भूमि सुधार तथा मालपोत कार्यालयहरु, आन्तरिक राजश्व विभाग र कार्यालय, कम्पनी रजिष्टारको कार्यालय, स्थानिय तहको कार्यालय, कर्जा सूचना केन्द्र, धितो वोर्ड, ऋण असुली न्यायाधिकरण, नेपाल क्लियरिङ हाउस लि. समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | Banking Transaction सम्बन्धी Bank Statements तथा Voucher, घरजग्गा खरिद विक्री सम्बन्धी राजिनामा लिखतहरु, Integrated Tax System को अभिलेख समेत |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित |
| **सम्पत्ति । साधन रोक्का** | रोक्का गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | जानकारी दिएको |

| ४. अभियोजन तथा अभियोगपत्र | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | २ |
| **लिङ्ग / उमेर** | पुरुष-१ (५१ वर्ष) कम्पनी-१ |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | कानून व्यवसायी |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु २,५५,९०,००० |
| **विगो निर्धारण विधि** | Predicate Offence गरी प्राप्त गरेको रकम, उक्त रकम मध्येबाट घरजग्गा खरिद गरी बिक्रि समेत गरी बढे बढाएको रकमलाई विगो कायम गरिएको |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |

| | |
|---|---|
| **Proceed of crime को स्वरूप** | प्रतिवादी, सम्बन्धित बैङ्का कर्मचारीहरु तथा धितो मूल्याङ्कनकर्ता समेतको मिलोमतोमा बैंकिङ्ग प्रकृया पूरा नगरी । बैंकिङ्ग प्रकृया विपरीत धितोको रुपमा कमसल जग्गा राखी प्रतिवादीको नाममा रहेको कम्पनीमा बदनियतपूर्वक रु २,५०,००,००० कर्जा प्रवाह भएको । |

## जिल्ला सरकारी वकील कार्यालय, धनुषा

### मुद्दा नं. ०८१-C१ -०६९३

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | ०८१-C१ -०६९३ |
| **अभियोगपत्र दायर मिति** | २०८२.०३.१२ |
| **प्रतिवादी संख्या** | ३४ |
| **मूल कसूर** | ठगी २४९ (१)(२), संगठित अपराध #(१),(२),(३), नागरिकता २१० |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

### २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | संगठित आपराधिक समूह र गैरकानूनी वा धुर्त्याइपूर्वक असूली (र्‍याकेटिङ्ग)मा सहभागी हुने, सहकारी ठगी र संगठित अपराध |
| **सूचनाको स्रोत** | उजुरी।जाहेरी |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ---- |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | एकल अनुसन्धान |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | ---- |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | नदिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |

| | |
|---|---|
| **MLA को माग** | माग नगरिएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | ---- |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | वित्तिय संस्था, जिल्ला प्रशासन कार्यालय, e-walet, राष्ट्रिय पंजीकरण विभाग, नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व कार्यालय, यातायात कार्यालय, स्थानिय निकाय समेत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | कसूरजन्य कामबाट आर्जन गरेको सम्पत्ति |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित र प्राविधिजन्य |
| **सम्पत्ति । साधन रोक्का** | गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिइएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | ३४, सम्पत्ति शुद्धीकरण तर्फ ५ जना |
| **लिङ्ग / उमेर** | महिलाः०, पुरुषः ५ (२३, २२, २३, २१, १९) वर्ष |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | विधार्थी |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु ३,५९,१८,०४८।५७ |
| **विगो निर्धारण विधि** | कारोवार भएको रकम |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | रहेको |
| **Proceed of crime को स्वरूप** | ---- |

## मुद्दा नं. ०८१-C१ -०६१०

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८१-C१ -०६१० |
| अभियोगपत्र दायर मिति | २०८१.०३.२० |
| प्रतिवादी संख्या | ०५ |
| मूल कसूर | सम्पत्ति शुद्धीकरण |
| वर्तमान अवस्था | २०८२।११।१३ मा फैसला भएको |

### २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| सम्बद्ध कसूर | राजस्व छली |
| सूचनाको स्रोत | उजुरी।जाहेरी |
| प्रारम्भिक जाँचबुझबाट भए | ---- |
| सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| संयुक्त / एकल अनुसन्धान | संयुक्त अनुसन्धान भएको |
| हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको | भएको |
| विशेष अनुसन्धान विधि | ---- |
| सम्पत्ति शुद्धीकरण विभागलाई सूचना | दिएको |
| वास्तविक हिताधिकारी पहिचान | नभएको |
| MLA को आवश्यकता | नपरेको |
| MLA को माग | माग नभएको |
| MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको | ---- |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| सूचना माग गरेका निकायहरू | वित्तिय संस्था नेपाल राष्ट्र बैंक । |
| सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार | स्रोत नखुलेको रकम बरामद भएको (८३,७९,६५९.७५) |
| कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण | दशी र प्राविधिजन्य |
| सम्पत्ति । साधन रोक्का | गरेको |
| रोक्काको जानकारी अभियुक्तलाई | दिइएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| प्रति मुद्दा प्रतिवादी संख्या | ५ |
| लिङ्ग / उमेर | महिलाः१ (४६ वर्ष), पुरुषः ४ (६५, ४८, ४२) वर्ष |
| राष्ट्रियता | नेपाली ४, भारतिय-१ |
| पटके | नखुलेको |
| पेशा | व्यापार |
| उच्च पदस्थ | नरहेको |
| दाबी गरिएको विगो रकम | रु ८३,७९,६५९ |
| विगो निर्धारण विधि | कारोवार रकम |
| जफतको दाबी | लिएको |
| सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण | खुलेको |
| सिमापार करोस्पण्डिङ्ग बैंकिङ | रहेको |
| Proceed of crime को स्वरूप | ---- |

## मुद्दा नं. ०८१-C१ -०४७३

## १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८१-C१ -०४७३ |
| अभियोगपत्र दायर मिति | २०८१.११.२८ |
| प्रतिवादी संख्या | ०२ |

| | |
|---|---|
| **मूल कसूर** | हुन्डी र सम्पत्ति शुद्धीकरण (१२५(क) |
| **वर्तमान अवस्था** | २०८२।०९।२१ मा फैसला भएको |

## २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | राजस्व छली |
| **सूचनाको स्रोत** | उजुरी।जाहेरी |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ---- |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | एकल अनुसन्धान भएको |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | ---- |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | नदिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | नभएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | माग नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | ---- |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | वित्तिय संस्था, आन्तरिक राजस्व कार्यालय, घरेलु उद्योग, नेपाल राष्ट्र बैंक, IME Remittance, भूमिसुधार |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | स्रोत नखुलेको रकम बरामद भएको (रु ४७,८४,६३५) |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | दशी र प्रविधिजन्य |
| **सम्पत्ति । साधन रोक्का** | गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिइएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| प्रति मुद्दा प्रतिवादी संख्या | २ |
| लिङ्ग / उमेर | पुरुषः २ (२८, ३५) वर्ष |
| राष्ट्रियता | नेपाली |
| पटके | नरहेको |
| पेशा | व्यापार |
| उच्च पदस्थ | नरहेको |
| दाबी गरिएको विगो रकम | रु ४७,८४,३६५ |
| विगो निर्धारण विधि | बरामदी रकम |
| जफतको दाबी | लिएको |
| सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण | खुलेको |
| सिमापार करोस्पण्डिङ्ग बैंकिङ | रहेको |
| Proceed of crime को स्वरूप | ---- |

## जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही

### मुद्दा नं. ०८१-C१ -०५३३

## १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८१-C१ -०५३३ |
| अभियोगपत्र दायर मिति | २०८१.१०.०६ |
| प्रतिवादी संख्या | १ |
| मूल कसूर | सहकारी ठगी |
| वर्तमान अवस्था | अभियोगपत्र दायर भएको |

## २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| सम्बद्ध कसूर | सहकारी ठगी |
| सूचनाको स्रोत | उजुरी। जाहेरी |

| | |
|---|---|
| प्रारम्भिक जाँचबुझबाट भए | ---- |
| सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| संयुक्त / एकल अनुसन्धान | एकल अनुसन्धान भएको |
| हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको | ----- |
| विशेष अनुसन्धान विधि | नगरेको |
| सम्पत्ति शुद्धीकरण विभागलाई सूचना | नदिएको |
| वास्तविक हिताधिकारी पहिचान | भएको |
| MLA को आवश्यकता | --- |
| MLA को माग | --- |
| MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको | ---- |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| सूचना माग गरेका निकायहरू | बैंक तथा वित्तिय संस्थाहरु, मालपोत कार्यालय |
| सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार | प्रतिवादीले सहकारीबाट आर्जित सम्पत्ति अन्यत्र लगानी गरेको देखिएको आधार |
| कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण | अन्य |
| सम्पत्ति । साधन रोक्का | गरेको |
| रोक्काको जानकारी अभियुक्तलाई | प्रतिवादी हालसम्म फरार रहेकोले जानकारी नभएको |

## ४. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| प्रति मुद्दा प्रतिवादी संख्या | १ |
| लिङ्ग / उमेर | ३२ वर्ष |
| राष्ट्रियता | नेपाली |
| पटके | नरहेको |
| पेशा | व्यवसाय |

| | |
|---|---|
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु ५४६८९०४० |
| **विगो निर्धारण विधि** | सहकारीबाट ठगी गरेको रकमको आधारमा |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | ---- |
| **Proceed of crime को स्वरूप** | विभिन्न सहकारीबाट रकम निकाली रकम नतिरेको |

## जिल्ला सरकारी वकील कार्यालय, सर्लाही

### मुद्दा नं. ०८१-C१ -००४२

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | ०८१-C१ -००४२ |
| **अभियोगपत्र दायर मिति** | २०८१.४.३० |
| **प्रतिवादी संख्या** | २ |
| **मूल कसूर** | ठगी र अनुचित लेनदेन |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

### २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | राजस्व छली, ठगी र अनुचित लेनदेन |
| **सूचनाको स्रोत** | उजुरी । जाहेरी |
| **प्रारम्भिक जाँचबुझबाट भए** | भएको |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | संयुक्त अनुसन्धान भएको |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | नगरेको |

| | |
|---|---|
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | दिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | भएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | माग नभएको |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | नेपाल राष्ट्र बैंक साथै अन्य बैंक तथा वित्तीय संस्थाहरु, भूमि सुधार तथा मालपोत कार्यालय, वडा कार्यालय लगायत |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | गैरकानूनी रुपमा आय आर्जन गरेको देखिएको |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, मौखिक, दशी |
| **सम्पत्ति । साधन रोक्का** | गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | २ |
| **लिङ्ग / उमेर** | महिलाको ४६, पुरुषको ५६ |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | नरहेको |
| **पेशा** | कृषि |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको विगो रकम** | रु ३,६२,८१,६०८ जग्गा विगहाः ०-१७-१८ । ०-१८-१३.५ |
| **विगो निर्धारण विधि** | आर्जित सम्पत्तिहरु वैध आयले खरिद गर्ने सामर्थ नरहेको । कानून बमोजिम नेपाल सरकारलाई कर राजस्व बुझाएको नदेखिएको । |
| **जफतको दाबी** | लिएको । जग्गा जफत |

| | |
|---|---|
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | जाहेरवालाहरुले ठगी र अनुचित लेनदेन गरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको साथै उक्त सम्पत्तिहरु आफ्नो आफन्तको नाममा नामसारी गरेको । |

## मुद्दा नं. ०८१-C१ -०३४७

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | ०८१-C१ -०३४७ |
| **अभियोगपत्र दायर मिति** | २०८१.११.०५ |
| **प्रतिवादी संख्या** | १ |
| **मूल कसूर** | यौन सन्तुष्टि प्राप्त गर्ने तथा बाल यौन शोषण । विदेशी विनिमय चन्दा सम्बन्धी कसूर |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

### २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | राजस्व छली, विदेशी विनिमय चन्दा सम्बन्धी कसूर |
| **सूचनाको स्रोत** | CIB को प्रतिवेदन |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ---- |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | संयुक्त अनुसन्धान भएको |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | नगरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | दिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | नभएको |
| **MLA को आवश्यकता** | नपरेको |

| | |
|---|---|
| **MLA को माग** | नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | माग नभएको |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| **सूचना माग गरेका निकायहरू** | भौतिक पर्वाधार तथा यातायात मन्त्रालय, नेपाल धितो पत्र वोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल राष्ट्र बैंक लगायत अन्य थुप्रै सरकारी तथा गैरसरकारी संस्था |
| **सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार** | विदेशी विनिमय अपचलन गरेको, चन्दा सम्बन्धी कसूर गरी गैरकानूनी रुपमा आय आर्जन गरेको |
| **कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण** | लिखित, मौखिक, दशी |
| **सम्पत्ति । साधन रोक्का** | गरेको |
| **रोक्काको जानकारी अभियुक्तलाई** | दिएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| **प्रति मुद्दा प्रतिवादी संख्या** | १ |
| **लिङ्ग / उमेर** | ३४ वर्ष |
| **राष्ट्रियता** | नेपाली |
| **पटके** | रहेको |
| **पेशा** | ----- |
| **उच्च पदस्थ** | नरहेको |
| **दाबी गरिएको बिगो रकम** | रु ८,२७,५९,४८१, जग्गाहरु समेत |
| **बिगो निर्धारण विधि** | कानूनी स्रोत विनाको रकम जग्गा भएको |
| **जफतको दाबी** | लिएको |
| **सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण** | खुलेको |
| **सिमापार करोस्पण्डिङ्ग बैंकिङ** | नरहेको |
| **Proceed of crime को स्वरूप** | गैरकानूनी रुपमा चन्दा संकलन गरेको |

## जिल्ला सरकारी वकील कार्यालय, लमजुङ

### मुद्दा नं. ०८१-C१ -००५६

### १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| **मुद्दा नं.** | ०८१-C१ -००५६ |
| **अभियोगपत्र दायर मिति** | २०८१.११.११ |
| **प्रतिवादी संख्या** | ३ |
| **मूल कसूर** | सहकारी ठगी |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

### २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | सहकारी ठगी |
| **सूचनाको स्रोत** | सहकारी ठगीमा अनुसन्धान गर्दै जाँदा |
| **प्रारम्भिक जाँचबुझबाट भए** | ---- |
| **सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको समान्तर अनुसन्धान अगाडी बढे।नबढेको** | सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूर एकैसाथ अनुसन्धान भएको |
| **संयुक्त / एकल अनुसन्धान** | एकल अनुसन्धान भएको |
| **हिरासत राख्दा आधार कारण सहित म्याद थप भएको।नभएको** | भएको |
| **विशेष अनुसन्धान विधि** | अवलम्बन गरेको |
| **सम्पत्ति शुद्धीकरण विभागलाई सूचना** | दिएको |
| **वास्तविक हिताधिकारी पहिचान** | नभएको |
| **MLA को आवश्यकता** | नपरेको |
| **MLA को माग** | नभएको |
| **MLA को मागमा कस्तो प्रकारको सहायता माग भएको** | माग नभएको |

## ३. प्रमाण सङ्कलन र विश्लेषण

| | |
|---|---|
| सूचना माग गरेका निकायहरू | नेपाल राष्ट्र बैंक , विभिन्न बैंकहरु, मालपोत कार्यालयहरु, धितो पत्र बोर्ड, वित्तिय संस्थाहरु |
| सम्बद्ध कसूर र शुद्धीकरण गरिएको सम्पत्तीबिचको सम्बन्धको आधार | सहकारी ठगीबाट प्राप्त रकमले जग्गा जमिन खरिद, शेयर, बैंक मौज्दात गरेको आधार |
| कसूर स्थापित गर्न प्रयोग गरिएको प्रमाण | लिखित |
| सम्पत्ति । साधन रोक्का | गरेको |
| रोक्काको जानकारी अभियुक्तलाई | दिएको |

## ५. अभियोजन तथा अभियोगपत्र

| | |
|---|---|
| प्रति मुद्दा प्रतिवादी संख्या | ३ जना (मुद्दा १) |
| लिङ्ग / उमेर | महिला- २ वर्ष (५८, ४३), पुरुष-१ वर्ष-२८ (कर्मचारी) |
| राष्ट्रियता | नेपाली |
| पटके | नदेखिएको |
| पेशा | सहकारी कर्मचारी-१, कृषि-१, वडा सदस्य-१ |
| उच्च पदस्थ | नरहेको |
| दाबी गरिएको विगो रकम | १०,७२,३१,६२५.७३ |
| विगो निर्धारण विधि | ----- |
| जफतको दाबी | लिएको |
| सम्पत्ति शुद्धीकरण कसूरको हकमा अभियोजनको आधार / कारण | खुलेको |
| सिमापार करोस्पण्डिङ्ग बैंकिङ | नरहेको |
| Proceed of crime को स्वरूप | संगठित |

## जिल्ला सरकारी वकील कार्यालय, भक्तपुर

### मुद्दा नं. ०८१-C१ -१०७२

## १. मुद्दाको सामान्य विवरण

| | |
|---|---|
| मुद्दा नं. | ०८१-C१ -१०६२ |
| अभियोगपत्र दायर मिति | ०८२.०३.२९ |

| | |
|---|---|
| **प्रतिवादी संख्या** | १ |
| **मूल कसूर** | ठगी |
| **वर्तमान अवस्था** | अभियोगपत्र दायर भएको |

## २. कसूर कानूनी आधार / अनुसन्धान प्रकृया

| | |
|---|---|
| **सम्बद्ध कसूर** | ठगी |
| **सूचनाको स्रोत** | **सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग** |
